२०७०

# आजको दिशाबोध



# आजको दिशाबोध

**वर्ष १०, अंक ७, २०७० असार १४**

**प्रकाशक**

**मदन भण्डारी फाउण्डेशन**

अनामनगर, काठमाडौं



## मदन भण्डारी फाउण्डेशनको कार्यसमिति

| | |
|---|---|
| अध्यक्ष | **विद्यादेवी भण्डारी** |
| उपाध्यक्ष | **गुरूप्रसाद बराल** |
| महा-सचिव | **हिक्मत कार्की** |
| सचिव | **भेषराज अधिकारी** |
| कोषाध्यक्ष | **चिन्तामणि भट्टराई** |
| सदस्य | **छविलाल विश्वकर्मा** |
| सदस्य | **कृष्णगोपाल श्रेष्ठ** |
| सदस्य | **देवराज घिमिरे** |
| सदस्य | **सोमनाथ प्यासी** |
| सदस्य | **गणेश तिमिल्सिना** |
| सदस्य | **मोहनसिंह राठौर** |
| सदस्य | **चैतन्य शर्मा** |
| सदस्य | **चिरञ्जिवी शर्मा** |
| सदस्य | **रमेश सिलवाल** |
| सदस्य | **नरेन्द्रराज पोखरेल** |
| सदस्य | **डोरमणि पौडेल** |
| सदस्य | **युवराज बास्कोटा 'यज्ञ'** |
| सदस्य | **कृपासुर शेर्पा** |
| सदस्य | **मेनका पोखरेल** |
| सदस्य | **उषाकिरण भण्डारी** |
| सदस्य | **दामोदर अर्याल** |
| सदस्य | **रामहरि खनाल** |
| सदस्य | **जीवछ शाह** |
| सदस्य | **प्रेमसागर चापागाईं** |
| सदस्य | **अमर श्रेष्ठ** |
| सदस्य | **दामोदर भण्डारी** |
| सदस्य | **शंकरप्रसाद भण्डारी** |
| सदस्य | **विपिन निरौला** |

**सम्पादक मण्डल**

भेषराज अधिकारी

युवराज बास्कोटा 'यज्ञ'

चिन्तामणि भट्टराई




**मुद्रण**

प्रिन्टिङ्ग सोलुशन

डिल्लीबजार, काठमाडौं

फोन : ४४१२५१६


## विषय-सूची


सम्पादकीय ... २

अध्यक्षीय मन्तव्य... - ***विद्यादेवी भण्डारी*** ... ४

समकालीन विश्व परिस्थिति र ... - ***मदनकुमार भण्डारी*** ... ७

भड्काव होइन, सही बाटोमा अघि बढौं - ***के.पी. शर्मा ओली*** ... १३

पुष्पलालका बाह्र आयाम - ***मोदनाथ प्रश्रित*** ... २४

राज्यको पुनसंरचना, सङ्घीयता र ... - ***शंकर पोखरेल*** ... २८

जनताको बहुदलीय जनवादी संस्कृति र ... - ***प्रदीप ज्ञवाली*** ... ३३

जनताको बहुदलीय जनवादका दार्शनिक मान्यता - ***वेदुराम भुषाल*** ... ४२

जबजका आर्थिक रूपान्तरणका आधारहरू - ***पुष्प कँडेल*** ... ५१

जबजको विकासक्रममा सङ्गठनात्मक ... - ***गुरूप्रसाद बराल*** ... ५७

राज्यले मदन भण्डारीलाई सम्मान दिनुपर्छ - ***डोरमणि पौडेल*** ... ६६

नेतृत्व विकासबारे जननेता मदन भण्डारी - ***खगेन्द्र चुँडाल*** ... ६९

नेपाल विकासको सम्भावना तथा दिशा - ***सुनिल पोखरेल*** ... ७५

वैज्ञानिक-जनवादी शिक्षा प्रणालीका ... - ***भेषराज अधिकारी*** ... ८१

जनताको बहुदलीय जनवादी कार्यक्रम र ... ***युवराज बास्कोटा 'यज्ञ'*** ... ८७

जिल्ला एकाइहरू ... ९२

पछाडि फर्केर हेर्दा ... ९३

गतिविधिहरू ... ९५

# सम्पादकीय

'मदन स्मारिका विशेषाङ्क' को रूपमा प्रकाशित हुँदै आएको मदन भण्डारी फाउण्डेशको वार्षिक प्रकाशन– आजको दिशाबोध, यस अङ्कदेखि सामाग्रिक विविधता सहित 'आजको दिशाबोध' नामाङ्करण संस्करणमा प्रकाशन हुन लाग्दैछ ।

मदन भण्डारी फाउण्डेशनको मुखपत्रको रूपमा प्रकाशित यो प्रकाशनजस्तो जटील एवं महत्वपूर्ण कार्यमार्फत जननेता मदनकुमार भण्डारीको अगुवाईमा प्रतिपादित नेपाली कम्युनिष्ट आन्दोलनको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादको सामयिकता, सान्दर्भिकता, औचित्यता, अपरिहार्यता र प्रयोगका पछिल्ला दिनहरूमा पुष्टि हुँदै आएको यसको अनिवार्य सत्यतालाई सर्वव्यापी तुल्याउनु हो ।

नेकपा (एमाले) ले आफ्नो सैद्धान्तिक–बैचारिक आधार एवं मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गरीसकेको यस राजनीतिक विधाको राजनीतिक एवं सङ्गठनात्मक क्षेत्रहरूमा प्रयोग, निर्माणपूर्वको अनिवार्य शर्त, समग्र अवस्था, समकालिन नेपाली समाज, नेपाली राजनीतिका अन्यान्य धार र यसको नेतृत्व गर्ने राजनीतिक चिन्तक एवं व्यक्तित्वहरू, यस समाज निर्माणमा तिनले पुऱ्याएको योगदानजस्ता कुरालाई समेट्ने प्रयत्नका साथ यसले नयाँ संस्करणको नयाँ रूप एवं आकार लिन पुगेको छ । यो प्रकाशन र प्रकाशित कार्यको नयाँ फड्को पनि हो । एउटा नयाँपन झल्कने यसको थप एउटा नयाँ उपलब्धी हो र विशेषता पनि हो ।

सोभियत मोडललगायत विश्व कम्युनिष्ट आन्दोलनले धक्का खाइरहेको बेला नेपालमा कम्युनिष्ट पार्टीकै झण्डामुनि अपार जनलहर सिर्जना गर्दै अत्यन्तै लोकप्रियता आर्जन गर्नु, मार्क्सवादको परम्परागत अनुसरणको विकल्पमा यसको सिर्जनात्मक प्रयोगका रूपमा नेपाली कम्युनिष्ट आन्दोलनको मार्गदर्शक सिद्धान्त– जनताको बहुदलीय जनवाद प्रतिपादन गर्नु र प्रतिपादित सिद्धान्तलाई स्थापित गराउन लागीरहेको सन्दर्भमा 'नेपालमा कार्ल मार्क्स जीवित छन्' भनेर चिनिन पुगेका मदनकुमार भण्डारीको राजनीतिक व्यक्तित्वबाट साम्राज्यवादी तागत पनि त्रसित थियो । यसैले यसपटक प्रकाशित यस अङ्कमा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) द्वारा कोलकात्तामा आयोजित 'समकालीन विश्व परिस्थिति र मार्क्सवादको सार्थकता' विषयक अन्तर्राष्ट्रिय सङ्गोष्ठिमा जननेता मदनकुमार भण्डारीले राख्नुभएको कार्यपत्रलाई हामीले प्राथमिक महत्व दिएर राखेका छौं ।

जन्मसिद्ध लादिएको राजतन्त्रात्मक शासन व्यवस्था खेप्दै आएका नेपाली जनताका लागि संविधानसभा चिरप्रतिक्षित राजनीतिक विषय थियो । शान्तिपूर्ण जनआन्दोलनको बलमा संविधानसभाका लागि अनुकूल राजनीतिक माहौल पैदा भयो । बिभिन्न वर्ग, तह र तप्काका जनताको मिश्रित मतसहित संविधानसभाको निर्वाचन हुनु आफैमा युगिन उपलब्धी थियो । तर, निर्वाचनपछि गठित संविधानसभा र यसको क्रियाशीलता जनअपेक्षा विपरित भयो । फलतः उपलब्धीलाई संस्थागत गर्न सकिएन । यसले नेपाली समाजमा एउटा फरक अवस्था सिर्जना गरेको छ । यस्तो बेलामा परिवर्तित नेपालको राजनीतिक वस्तुस्थितिलाई कसरी ग्रहण गर्ने ?, यसलाई कसरी संस्थागत गर्ने ?, नेपाली समाजको चरित्रलाई कसरी बुझ्ने ?, हाम्रा (लोकतान्त्रिक शक्ति) सामु उपस्थिति चुनौतिहरू के–के हुन् ? यसलाई कसरी चिन्ने र चिर्दै अघिबढ्नेजस्ता सामयिक र वस्तुगत राजनीतिक सन्दर्भमा स्थापित मूल्य–मान्यतामाथि भ्रम छर्ने, प्रायोजित मनशायका साथ भ्रामक प्रचारबाजी गर्ने र छलकपटपूर्ण बहस–छलफल गर्ने अभ्यास भइरहेका बेला सारगर्भित, सटीक र चोटिलो विश्लेषणात्मक सामग्रीको रूपमा जननेताको सहयात्री एवं बिचार निर्माणिकालका सहकर्मी, जनताको बहुदलीय जनवादको प्रष्ट व्याख्यता नेता केपी शर्मा ओली र नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक नेता– पुष्पलालको बहुआयमिक पक्षको उजागर गर्न उहाँकै समकालिन सहयोद्धा वरिष्ठ प्रगतिशील साहित्यकार मोदनाथ प्रश्रितलाई प्रस्तुत गरेका छौं ।

नेपाली समाजको समग्र चरित्र र जनवादी संस्कृति निर्माणतर्फको यात्रा, राष्ट्रिय राजनीतिमा आजको बहस र व्यवस्थापन, जनताको बहुदलीय जनवाद निर्माणसँग अन्तरसम्बन्धित यसको दार्शनिक पक्ष, जनताको बहुदलीय जनवादद्वारा निर्देशित सङ्गठनात्मक जीवनको क्षेत्र, आत्मनिर्भरमुखी नेपाली समाजको अर्थतन्त्र निर्माणमा जोड, जनताको बहुदलीय जनवादले चाहेको नेपालको शिक्षा नीति, पर्यावरण सन्तुलन एवं उचित वातावरण निर्माण एवं समग्र विकासजस्ता आधारभूत क्षेत्रको प्रतिनिधित्व गर्ने महत्वपूर्ण सामग्रीहरू समावेश गरेका छौं ।

नयाँ संस्करणको यो अङ्कमा सामग्री सम्योजनको हिसावले हामीलाई सहयोग पुऱ्याउने नेकपा (एमाले) का नेतागण, बिभिन्न क्षेत्रका प्रतिनिधिमूलक सामग्री तयार गर्ने लेखक–चिन्तकहरू र भाषागत शुद्धाशुद्धिमा ध्यान दिएर महत्वपूर्ण सहयोग पुऱ्याउने निरूजा फुयाँल र पुष्प राई र मुद्रणको कार्यसँग सम्बद्ध सबैप्रति हार्दिक धन्यवाद ! ■

**–*सम्पादक मण्डल***

# अध्यक्षीय मन्तव्य...



✍ विद्यादेवी भण्डारी*

नेपालको लोकतान्त्रिक, बामपन्थी एवं कम्युनिष्ट आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउने समकालिन नेपाली राजनीतिका शिखर व्यक्तित्व जननेता मदनकुमार भण्डारीको राजनीतिक–बैचारिक–सैद्धान्तिक एवं सङ्गठनात्मक क्षेत्रको योगदानलाई चीरस्थायी तुल्याउन, यसलाई सङ्गठित वा सङ्ग्रहित गर्न र आमकार्यकर्ता पङ्क्तिमाझ स्थापित बिचारको प्रवाहलाई निरन्तर कायम राख्न गठित मदन भण्डारी फाउण्डेशनले 'मदन स्मारिका बिशेषाङ्क' का नाममा आजको दिशाबोध प्रकाशन गर्दै आएको एक दशक–यात्रा पुरा भएको छ । यही बैचारिक जगमा उभिएर यसबीचमा छवटा अङ्कहरू प्रकाशन भएका छन् ।

पुरा भएको यो दशक–यात्रासम्म आइपुग्दा यसका आफ्नैखाले अनुभवहरू त छन् नै । यो सँगसँगै फाउण्डेशनले आर्जन गरेका उपलब्धीहरूको वस्तुपरक समिक्षा गर्दै यसको व्यवस्थित दस्तावेजीकरण हुन/गर्न र प्रकाशनलगायत फाउण्डेशनका समग्र गतिविधिलाई सामयिक तथा प्रभावकारी पार्नु जरूरी छ भन्ने कुरामा हामी सजग छौं ।

राजनीतिक एवं सङ्गठनात्मक जिम्मेवारीका अतिरिक्त भाषा–कला–साहित्य–संस्कृति–सिर्जना आदिको क्षेत्रमा अभूतपूर्व ज्ञानक्षमतासहित विकसित राजनीतिक व्यक्तित्व हो– मदन भण्डारी । उहाँ र उहाँको प्रत्यक्ष बैचारिक नेतृत्वको अभावमा बितेका झण्डै द्वि–दशक यो लामो राजनीतिक यात्रामा नेपाली राजनीतिले व्यहोरेका महत्वपूर्ण कालखण्डहरूलाई जननेताका बिचारसँग सापेक्षिक अध्ययन गर्दा मदन भण्डारी सर्वत्र मानव हितका पक्षमा क्रियाशील सर्वव्यापी मूल्य–मान्यता हो, बिचार हो, राजनीतिक औजार हो र यसलाई सार्थक तुल्याउने सङ्गठनात्मक आधार हो भन्ने कुरा घटनाक्रमले पुष्टि गरेका छन् । मदन भण्डारी, नेपालको राष्ट्रवादी बाम प्रजातान्त्रिक आन्दोलन, नेकपा (एमाले) र जनताको बहुदलीय जनवादी क्रान्ति परस्परमा पर्याय बनेका छन् । यस्तो अवस्थामा मदन भण्डारीलाई एकाङ्गी भएर नेकपा (एमाले) को नेता– महासचिवको रूपमा मात्र बुझ्ने, संयुक्त बाममोर्चाको प्रखर नेता– प्रवक्ताको रूपमा मात्र बुझ्ने, नेपाली कम्युनिष्ट आन्दोलनको हकमा यसका नविन दार्शनिक चिन्तक/मार्क्सवादी शिल्पकारी व्याख्यताका रूपमा मात्र बुझ्ने वा कम्युनिष्ट पार्टी जीवनका नयाँ उर्जाको रूपमा मात्र बुझने र उहाँको अगुवाईमा प्रतिपादित नेपाली कम्युनिष्ट आन्दोलनको सैद्धान्तिक–बैचारिक

* *अध्यक्ष, मदन भण्डारी फाउण्डेशन तथा नेकपा (एमाले) केन्द्रीय कमिटीका उपाध्यक्ष हुनुहुन्छ ।*

आधार– जनताको बहुदलीय जनवादी क्रान्तिका कैयौं आयामहरूमाथि नै प्रहार गर्ने वा यसको सामयिकताका नाममा अनावश्यक र मनगढन्ते व्याख्या विश्लेषण गर्ने काम कहींकतैबाट किमार्थ गर्नु हुँदैन । यसो गर्नु हिमाललाई अगुल्टाले झोस्नुसरह मात्र हुन्छ । यो उर्जालाई बरू जबजको समृद्धिका लागि सबै क्रियाशील, सचेत र जागरूक बन्नु पर्दछ ।

विगतवर्षका प्रकाशनहरूमा फाउण्डेशनले आफ्ना कार्यलयीय एवं दैनन्दिनका गतिविधिहरू-मार्फत् र 'मदन स्मारिका' प्रकाशनमार्फत् गठित संविधानसभाबाट लोकतान्त्रिक संविधान बनाउने/पाउने, जनआन्दोलन ०६२/६३ का युगिन उपलब्धीहरूलाई संस्थागत गर्ने, नेपाली समाजमा व्याप्त विभेद र यही कारणले उत्पन्न द्वन्द्व व्यवस्थापन गर्ने र यसैको आलोकमा नेपालको आफ्नो बिशिष्ट क्षमताको पहिचान र परिचालन गर्दै घोषित समृद्ध नेपाल निर्माणको अभियानमा सम्पूर्ण शक्तिलाई प्रयोग गर्ने आशा एवं विश्वासमा आफ्नो पङ्क्तिलाई यसका लागि तम्तयार रहन उद्घोष गऱ्यो ।

मदनको अविश्रान्त बैचारिक योगदानको जगमा उठेको राष्ट्रवादी लोकतान्त्रिक कम्युनिष्ट शक्तिको विकल्पमा खडा गरिएको माओवादीको सङ्गठित उग्रबामपन्थता, उसको लोकतान्त्रिक संस्कारयुक्त राजनीतिक सहयात्रामा विश्वसनियातको अभाव, हर्दम सत्ताकेन्द्रीत अभ्यासहरूको घीनलाग्दो प्रयोग, यसका लागि संविधानसभाभित्र अनुचित चलखेल, राष्ट्र र राष्ट्रियताको सवालमा रहँदै आएको भ्रमपूर्ण अपवित्र गठजोड, जातिय राज्य निर्माणका लागि परस्पर मोलमोलाई आदिका कारण संविधानसभाका लागि निर्धारित समयलाई तन्काएर ४–४ वर्षसम्म पुऱ्याउँदासमेत संविधान बनेन । संविधानसभाको सक्रियताको सन्दर्भमा बिभिन्न जोडकोणका साथ हामीले यति गऱ्यौं र उति गऱ्यौं भनेर जसकसैले जे भने पनि यसको औपचारिक दस्तावेजीकरण हुन सकेन । नेपाली जनताले संविधान पाएनन् । बरू, अकारणीय ढङ्गले संविधानसभालाई औचित्यहिन बनाउने, यहाँ पहिचान गरिएका आधारभूत विषयवस्तुलाई समेत महत्वहिन सावित गराउने, संविधानसभासँग अन्तरनिहित आजको राजनीतिक आवश्यकता र ऐतिहासिक जनआन्दोलनद्वारा अग्रसरित राजनीतिक मूल्य–मान्यता समेतलाई तुहाउने काम गरियो ।

अहिले पुनः २०७० मंसिर ४ गतेका लागि दोस्रो संविधानसभा निर्वाचनको मिति तोकिएको छ । आम रूपमा मान्य नीति/विधि सार्वजनिक भइसकेको छ । यो सँगसँगै नेपाली माटोमा यहाँको आवश्यकता अनुसार नेपाली चेतनाले सुसङ्गठित एवं विकसित राजनीतिक दलहरू परीक्षाको घडिमा उत्रेका छन् । संविधानसभा निर्वाचनको लागि तरङ्गित आजको माहौलमा नेकपा (एमाले) लगायतका मुख्य राजनीतिक दलहरू पुनः सहकार्यमा सङ्लग्न छन् । उच्चस्तरमा राजनीतिक हिस्सेदारी, समझदारी र परस्पर विश्वसनियताको आधार खोजिरहेका छन् । यता, ठीक यही बेला विगतमा कुनै पृष्ठभूमि नदेखिने, एकाबेलामा राजनीतिक जनाधार गुमाएका, राजनीतिक चरित्र नभएका, कुनै दर्शन, नीति, सिद्धान्त र ठोस कार्यक्रम बिनाका, लोकतान्त्रिक संस्कार नभएकाहरू र बाह्य चासोमा आफ्नो भविष्य देख्ने कतिपय असङ्गत ढङ्गले सङ्गठित शक्तिहरू नेपालकै विविधता दर्शाउने– भाषा, जात, धर्म, संस्कार–संस्कृति, सम्प्रदाय आदिका नाममा मुलुकलाई खण्डित गर्ने मनशायका साथ क्रियाशील छन् ।

बिघठित संविधानसभाबाटै सार्वभौम जनताको सर्वोच्ततासहितको संविधान चाहने र यसको पक्षमा अधिकतम् प्रयास गर्ने राजनीतिक दल– नेकपा (एमाले)लगायत र सामाजिक सद्भाव एवं धार्मिक सहिष्णुवतालाई खल्बल्याउँदै देशलाई खण्डित गर्न चाहने एमाओवादीलगायतका राजनीतिक दलहरूबीच, संविधानसभा दोस्रो निर्वाचनको विद्यमान सहज वातावरण निर्माण गर्न केन्द्रभागमा रहेर भूमिका खेल्ने नेकपा (एमाले) र अन्य राजनीतिक दलहरूबीच, ऐतिहासिक राजनीतिक पृष्ठभूमि, मूल्य–मान्यता र

आफ्नै माटो सुहाउँदो क्रान्तिकारी कार्यक्रम बोकेको नेकपा (एमाले) र बिभिन्न नाममा प्रकट हुँदै प्रायोजित स्वार्थले भरिएका व्यक्ति–समूह र तिनलाई प्रश्रय दिने राजनीतिक दलहरूबीचको अन्तर छुट्याउन आवश्यकता छ । दोस्रो संविधानसभा निर्वाचनको तयारीमा जुटेका यस बेलामा विगत संविधानसभादेखि आजसम्मको नेपाली राजनीति र यसको आन्तरिक एवं बाह्य पक्षको गम्भीर समिक्षा हुन र यसबाट गहन शिक्षा लिन जरूरी छ । यसको अर्थ, यसपटक पनि विगतमा जस्तो संविधानसभाको संरचना पुनरावृत्ति नहोस्, शब्दाडम्बरको आवरणभित्र सजिएका सुन्दर महल खडा गर्न वा डर–धाँक–धम्कीबाट प्रभावित भई कुनै जनमत प्रकट हुन नपाओस् र जनमतको भयङ्कर ठूलो दुरूपयोग नहोस् भनेर सचेत हुन जरूरी छ ।

नेपालको सामाजिक–आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने राजनीतिक शक्तिहरूको उच्चसम्मान गर्दै सवल, स्वधिन र समृद्ध राष्ट्रनिर्माणका लागि एकाकार गराउन आधा जनसङ्ख्याको प्रतिनिधित्व गर्ने महिला हक अधिकार, सामाजिक जीवनका हिसावले बिभिन्न प्रकारको विभेद खेपिरहेका भिन्न–भिन्न जाति, समुदायहरूको अधिकार, साँस्कृतिक एवं भाषिक विभेद, अल्पसङ्ख्यक जाति र फरक क्षमता भएका नागरिकहरूको अधिकारलाई सुनिश्चित तुल्याउन रणनीतिक पहलकदमी लिनुपर्छ ।

कथित जनयुद्धले आक्रान्त बनेको बेला मुलुकलाई क्रियाशील जीवन प्रदान गर्ने, विप्रेषण (Remittance) मार्फत मुलुकको अर्थतन्त्र धान्ने, सामाजिक शिल्पकारी क्षमता अभिबृद्धिमार्फत समाजको रूपान्तरणमा भूमिका खेल्ने देशबाहिरिएको लाखौं प्रवासी नेपाली समुदायको जनमत लिने, तिनको नैसर्गिक हकअधिकार प्रत्याभूतिको सुनिश्चितताका लागि पहलकदमी लिने, यस समुदायमा रहेको पूँजि–प्रविधि र प्राविधिक जनशक्तिलाई योजनाबद्ध स्वदेश स्थानान्तरण गर्ने र यस समुदायले व्यहोरेका समस्या दीगो समाधानका पक्षमा दीर्घकालिन योजना बनाएर अघिबढ्न आवश्यकता छ ।

नेपाली राजनीतिक क्षितिजमा यो दृश्य देखिइरहँदा हामी एउटा सहज ठहरावबाट उच्चसतर्कताका साथ अघिबढ्न खोजिरहेका बेला हामीमाथि आइपरेको प्राकृतिक प्रकोपले हामीलाई थप एउटा विषयमा सोच्न बाध्य बनाएको छ । छिमेक उत्तराखण्ड र नेपालका कतिपय भू–भागहरू खासगरी सुदूरपश्चिमलगायतका क्षेत्रमा प्रारम्भिक मानसुनको तीब्रताले ठूलो जनधनको अपूरणीय क्षति भएको छ । संरक्षित भौतिक सम्पदा तहसनहस भएका छन् । जनाधारका महत्वपूर्ण क्षेत्रहरू र भौतिक संरचनाहरू विनास भएका छन् । यहाँको जीवनस्तर सम्पूर्ण हिसावले प्रभावित भएको छ । तिनको उद्धार, बचाव र पुनः व्यवस्थापनमा राज्यको विषयगत गम्भीरताका साथ ध्यान पुग्न जरूरी छ । हामी यस प्रकोपबाट जीवन गुमाएकाहरूप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजन एवं सम्बन्धित क्षेत्रबासीप्रति समवेदना तथा सहानुभूति प्रकट गर्दछौं ।

प्राकृतिक पर्यावरणीय सन्तुलन बिग्रदै जाँदा हुने यस्ता विस्मयकारी घटनाको दीगो रोकथाम त पर्यावरण बचाउनु, बनाउनु र मानव सभ्यतालाई पर्यावरणसँगै क्रियाशील तुल्याउनु नै हो । यसतर्फ आजैबाट हामीले सङ्गठित रूपमा सोच्न र तदनुरूप आ–आफ्नो क्षेत्रमा गृहकार्य गर्दै अघिबढ्न जरूरी भएको छ । प्राकृतिक पर्यावरण सन्तुलन बिना जीवाणुहरूको हित सम्भव छैन । जनताको बहुदलीय जनवादले सम्पूर्ण मानव हितको पक्षमा विषयवस्तुलाई अग्रसर गराइरहँदा पर्यावरण सन्तुलनतर्फ पनि हाम्रो ध्यान जानुपर्ने कुरालाई निर्देश गरेको छ ।

*विद्यादेवी भण्डारी*
*अध्यक्ष*

# समकालीन विश्व परिस्थिति र मार्क्सवादको सार्थकता



✍ मदनकुमार भण्डारी*

*(२०५० वैशाख २३-२५ (मई ५-७, १९९३) मा भारतको कोलकातामा आयोजित अन्तर्राष्ट्रिय सेमिनारमा प्रस्तुत विचार)*

समाजवादी व्यवस्था (सोभियत र पूर्वी युरोपमा- अनु.) को पतन भएपछि विश्वमा केही नयाँ परिस्थिति सिर्जना भएको छ र यसले विश्व राजनीतिमा दूरगामी प्रभाव पारेको छ। यद्यपि अमेरिकी साम्राज्यवाद अहिले विश्वमा एक्लो महाशक्तिको रूपमा देखिएको छ, पूर्व सोभियत सङ्घ र पूर्वी युरोपेली देशमा घटेका घटनाहरू, पुँजीवादी परस्त र गरिबविरोधी नीतिका विरुद्धमा उठिरहेको शोषित तथा उत्पीडित जनसमुदायको विरोधले मार्क्सवादको पुनरुत्थान अवश्यम्भावी छ भन्ने कुरा देखाएको छ। पुँजीवादी राष्ट्रहरूबीच रहेको अन्तर्विरोध र अमेरिकाको खस्किँदो आर्थिक स्थितिले गर्दा निकट भविष्यमै बहुध्रुवीय विश्वको सम्भावनालाई सङ्केत गरेको छ। सोभियत सङ्घ र पूर्वी युरोपमा समाजवादी व्यवस्थाको पतनपश्चात् पश्चिममा पुँजीवादी राष्ट्रहरूले मार्क्सवादको सान्दर्भिकताका विरुद्धमा ज्यादै ठूलो राजनीतिक अफवाह फैलाए पनि द्वन्द्वात्मक भौतिकवाद र इतिहासको वैज्ञानिक व्याख्यामा आधारित मार्क्सवादी दर्शन मर्न सक्दैन र शोषणमा आधारित पुँजीवादी, सामन्तवादी व्यवस्था भएका मुलुकहरूमा छिट्टै नै मार्क्सवाद लोकप्रिय हुनेछ भन्ने महसुस गरिँदै छ। पूर्व सोभियत सङ्घ र पूर्वी युरोपमा स्वतन्त्र गणराज्यहरूको स्थापना भए यता घटेका घटनाहरूले के देखाएका छन् भने मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पुँजीवादीहरूले आशा गरेजस्तो पुँजीवादी व्यवस्था समाजवादको विकल्प हुन सक्दैन।

विभिन्न मुलुकहरूमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुनर्परिभाषा गर्नु जरुरी छ। जसले मानव जातिको स्वाधीनता, मुक्ति र प्रगतिका निम्ति, सामाजिक शोषण समाप्तिका निम्ति, उत्पादन शक्तिका विकासका निम्ति मार्क्सवादको अर्को कुनै विकल्प छैन भन्ने कुरा प्रमाणित गरोस् र यसको शाश्वत जीवनको प्रत्याभूति गरोस्। केही समाजवादी राष्ट्रहरूले गरेको मार्क्सवादको नयाँ प्रयोगले पनि के देखाएको छ भने समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त तरिकाले लागू गर्नका लागि नयाँ चिन्तनको आवश्यकता छ। मार्क्सवाद पुँजीवादी व्यवस्थासँग प्रतिस्पर्धा गर्नका लागि पर्याप्त रूपमा सक्षम हुनुपर्छ। आम रूपमा मानव जातिकै मुक्ति, समृद्धि र खास गरी शोषित पीडित जनताको मुक्ति र समृद्धिका निम्ति मार्क्सवादको सार्वभौमिक सिद्धान्त विकसित भएको हो। मार्क्सवाद आफ्नो जन्मकालदेखि नै वर्गीय स्थिति र सामाजिक अन्तर्विरोधहरूबीच उत्पादक शक्तिको विकासको सुनिश्चितताका लागि केन्द्रित हुने कुरामा आधारित छ।

मार्क्सवाद एउटा वैज्ञानिक सिद्धान्त भएकाले यसले सोभियत सङ्घ र पूर्वी युरोपमा समाजवादी व्यवस्थाको

* जननेता मदनकुमार भण्डारी तत्कालिन नेकपा (एमाले) का महासचिव हुनुहुन्थ्यो।

पतन हुनुमा के कारणहरू जिम्मेवार छन् भन्ने कुराको समग्र विश्लेषण गर्न सक्नुपर्छ । ती देशहरूमा राज्यले आमजनताका व्यापक सामाजिक हकका निम्ति राष्ट्रिय आयको वितरणको कार्यक्रम सञ्चालन गरेको भए पनि त्यहाँ के कारणले व्यापक जनअसन्तोष उत्पन्न भयो भन्ने कुराको हामीले जबाफ दिन सक्नुपर्छ । मेरो विचारमा यस्तो राजनीतिक र आर्थिक व्यवस्था, जहाँ विचार अभिव्यक्तिको स्वतन्त्रता, प्रजातान्त्रिक उपयोग, उत्पादक शक्तिहरूको समुचित परिचालन, प्राविधिक विकासको माध्यमबाट उत्पादक शक्तिका लागि अनुकूल वातावरण सिर्जना गरी उत्पादकत्व वृद्धि गर्ने र जनसमर्थनको परीक्षा गर्ने जस्ता कुरालाई आत्मसात् गर्ने सवालमा निश्चित कमजोरीहरू रहन गए । यसले स्वाभाविक रूपमा मार्क्सवादी चिन्तनमा नयाँ दिशा प्रदान गर्ने कुराको माग गर्दछ । यस प्रक्रियामा एउटा मार्क्सवादीले पुँजीवादी मुलुकमा घटिरहेका राजनीतिक, आर्थिक घटनाहरू समाजवादी व्यवस्थाका आन्तरिक कमजोरीहरू र स्वयं पुँजीवादी मुलुकहरूबीच देखा परेका आन्तरिक अन्तर्विरोधहरूको सावधानीपूर्वक जाँच र विश्लेषण गर्नुपर्छ । पुँजीवादी देशहरूले इतिहासका विभिन्न चरणहरूमा देखा परेका आर्थिक सङ्कट र सामाजिक र राजनीतिक समस्याहरूलाई एक निश्चित हदसम्म समाधान गर्दै पुँजीवाद नै आर्थिक रूपमा उन्नत, औद्योगिक रूपमा विकसित र राजनीतिक रूपमा प्रजातान्त्रिक व्यवस्था रहेको छ भन्ने देखाउन कसरी सफलता पाएको छ भनेर पनि सावधानीका साथ निरीक्षण गर्न आवश्यक छ । सोभियत सङ्घमा समाजवादको पतनपछि पुँजीवादी देशहरूबीचको अन्तर्विरोध झन् चर्केको छ । यी पुँजीवादी व्यवस्थामा आन्तरिक दोषहरू जसले आर्थिक मन्दी, बढ्दो बेरोजगारी, जनताबीचको असमानता, केही व्यक्तिहरूको हातमा आयको केन्द्रीकरण, श्रमिक वर्गको शोषण, नयाँ बजार प्राप्तिका लागि आपसी प्रतिस्पर्धा र विकासशील मुलुकहरूमाथि एक वा अर्को ढङ्गले गर्ने शोषण पुँजीवादका आंशिक अभिव्यक्तिहरू हुन् । पुँजीवादी देशहरूले विश्वमा आफ्नो आधिपत्य कायम रहिरहोस् भन्नका निम्ति, रुस र पूर्वी युरोपलाई बचाउनका निम्ति व्यापक प्रयत्न गरिरहेका छन् । अहिले के भइरहेको छ भने अमेरिकाद्वारा नेतृत्व गरिरहेका पुँजीवादी मुलुकहरू रुस र पूर्वी युरोपमा जबरजस्ती पुँजीवादी व्यवस्था लागू गर्ने र विकासशील देशहरूमाथि बजार अर्थतन्त्र लागू गर्ने तथा लोककल्याणका निम्ति सरकारले दिने अनुदान बन्द गर्नुपर्ने जस्ता कडा सर्तहरू पनि राख्न खोजिरहेका छन् । यसले गर्दा यी मुलुकहरूमा एकाधिकारी पुँजीपति वर्ग तीव्र गतिमा उदय भइरहेको छ, जो विदेशी एकाधिकार र बहुराष्ट्रिय निगमसँग नयाँ संश्रय कायम गर्न खोजिरहेका छन् । यस्तो समकालीन स्थितिमा वर्तमान विश्वमा मार्क्सवादको सान्दर्भिकता र समृद्धिका सम्बन्धमा म आफ्ना विचारहरूको व्याख्या प्रस्तुत गर्न चाहन्छु ।

एकपल्ट सोभियत सङ्घ विश्वका शोषित जनता तथा लामो युद्धपश्चात् उपनिवेशबाट मुक्त भएका मुलुकहरूको आशाको केन्द्र मानिन्थ्यो । समाजवादी व्यवस्था अपनाएकोले मात्र हैन, बरु १९५० को दशकको सुरुमा पुँजीवादी मुलुकले कहिल्यै नगरेका आर्थिक उपलब्धि गरेकाले सोभियत सङ्घ तिनीहरूको आशाको केन्द्र ठानिएको हो । समाजमा आयको न्यायिक वितरण तीव्र आर्थिक प्रगतिसँगै भइरहेको थियो । तर खास गरी ख्रुश्चेभ तथा ब्रेजनेभ अवधिमा केही व्यक्तिहरूमा शक्ति केन्द्रीयकरण हुनु, अति नोकरशाहीकरण हुनु, जनताबाट पार्टी अलग रहनु, भिन्न मतलाई दबाउनु, कृषि तथा औद्योगिक उत्पादकत्व न्यूनस्तरको हुनु र प्राविधिक पछौटेपन आदिले गर्दा सोभियत समाजवादी नमुना समाजका विभिन्न खेमाका जनताबीच अलोकप्रिय हुन पुग्यो । संयुक्त राज्य अमेरिकाको विश्वमा आर्थिक दबदबाले गर्दा पश्चिममा प्रचार पनि त्यसै व्यवस्थाको बदनाम गर्न त्यत्तिकै सहायक भएको कुरा सत्य हो । तर समकालीन प्राविधिक विकास तथा जीवनस्तरको वृद्धि वास्तवमा पूर्वी युरोप तथा सोभियत सङ्घका दाँजोमा निकै द्रुत गतिको रह्यो । १९३० को मन्दीपछि पुँजीवादी मुलुकले सामाजिक न्याय तथा कल्याणकारी कार्यक्रमबिना गरिबी तथा श्रमिक वर्गको बढ्दो अशान्तिलाई थाम्न सकिँदैन र पुँजीवादी व्यवस्थाको निरन्तर सङ्कटलाई न्यून पार्न सकिन्न भन्ने गहन पाठ सिक्यो भन्ने कुरा हामीले मान्नुपर्छ । यसले पुँजीवादी मुलुकको अस्थिरता शान्त पार्न र अभाव पीडितहरूको क्रयशक्ति तथा जीवनस्तर खस्कनबाट केही हदसम्म भए पनि मद्दत पुऱ्यायो । सोभियत सङ्घ तथा पूर्वी युरोपमा सोभियत ढाँचाका त्रुटीहरूलाई सच्याउन पूर्व सचेतना अपनाउने काम पनि गरिएन र समाजवादी मुलुकहरूलाई पनि लाभदायक हुने पुँजीवादी व्यवस्थाका केही तत्त्वहरूलाई प्रयोग गर्ने प्रयास पनि गरिएन ।

मार्क्सवादले समाजमा भएका मानव उपलब्धिहरू

विश्वभरका जनताको साझा सम्पत्ति माने पनि त्यस बखत प्रबल रहेको रूढिवादी मार्क्सवादीले पुँजीवादी मुलुकका मानवजातिले गरेका उपलब्धिलाई समेत स्वीकार गरेन । त्यसैले जुनसुकै प्राविधिक विकास पुँजीवादी मुलुकले गरे पनि त्यसलाई साम्यवादी देशभित्र भित्र्याइएन । केही पार्टी नेताहरू तथा कार्यकर्ताहरूका साथसाथै नोकरशाहहरूले मात्र सरकारी यन्त्र सञ्चालन गर्ने तथा शक्ति उपयोग गर्ने व्यवस्थालाई प्रोत्साहन दिइयो । वितरण प्रणाली निष्पक्ष वा न्यायपूर्ण तथा सामाजिक कल्याणकारी कार्यक्रम ठूलो परिमाणमा लागू गर्दागर्दै पनि पार्टीभित्र प्रजातान्त्रिक अभ्यासको कमी तथा जनता र नेताबीच अन्तरक्रियाको कमीले भ्रष्टाचारलाई संस्थागत गरायो । यसले जनताबीच व्यापक असन्तुष्टि पैदा गऱ्यो र प्रयोगमा रहेको समाजवादको नमुनालाई अनाकर्षण बनायो । विरोधी विचारलाई दबाउने तथा विभिन्न श्रेणीका मेहनती जनतालाई प्रोत्साहित गर्ने क्षमताको कमीले यस्तो अवस्था सिर्जना गऱ्यो, जहाँ उत्पादकत्व तथा कार्यक्षमतामा वृद्धि गर्न प्रबन्धक तथा कामदारहरूलाई प्रोत्साहित गरेन । सोभियत सङ्घमा परीक्षणको अवस्थामा रहेको मार्क्सवादी सिद्धान्तलाई सफलता र असफलताको मूल्यांकन एवं व्यावहारिक अनुभवको आधारमा विभिन्न क्षेत्रमा निरन्तर सुधार र परिमार्जनको प्रक्रिया अनुरूप लिनुपर्ने थियो । यसको विपरीत चीनले १९७९ देखि सुधार तथा खुलापनको नीति अपनायो । फलस्वरूप चिनियाँ विकासको गतिले पश्चिम मुलुकले बेलाबखत अरु विकासशील राष्ट्रहरूका लागि नमुना मान्दै आएका एसियाका कथित नवऔद्योगिक अर्थतन्त्रलाई उछिन्यो । त्यसभन्दा बढी चिनियाँ वितरण प्रणाली विश्वका विकासशील राष्ट्रहरूको दाँजोमा सबभन्दा उत्तम देखिन्छ । त्यसैले मार्क्सवाद विश्वमा असफल भएको होइन, बरु सोभियत नमुना मात्र असफल भएको हो भन्ने कुरा यी दुई विपरीत दृश्यहरूले स्पष्ट पार्छन् ।

**प्रिय कमरेडहरू,**

रुसमा जबरजस्ती पुँजीवादी व्यवस्था लागू गरेपछि त्यहाँको समाजमा के भइरहेको छ भन्ने सम्बन्धमा केही चर्चा गरौं । रुसमा अहिले वार्षिक मुद्रास्फिती दर हजार प्रतिशतभन्दा बढी पुगेको छ । १९८० सम्म डलरको भन्दा बढी मूल्य भएको अहिले घट्दै झन्डै एक डलर बराबर आठ सय रुबलमा झरेको छ । पुँजीवादमा रूपान्तर प्रक्रिया सुरु भएपछि प्रबन्धकहरू तथा राष्ट्रिय उद्योगमा पहुँच भएकाहरू नै ती उद्योगमा नियन्त्रण तथा अधिकार जमाउन सफल भए । राष्ट्रिय उद्योग, कृषि तथा स्रोतहरूको नियन्त्रणमा देखिएको यस्तो अराजकताले मुठीभरका व्यक्तिहरूलाई रातारात धनी बनायो भने बहुसङ्ख्यक जनतालाई अत्यन्त कठिन अवस्थामा रहन बाध्य तुल्यायो । आर्थिक सहायता तथा अन्य कल्याणकारी नीति र कार्यक्रम हटाएर चुलिएको बेरोजगारी समस्याले रसियाली बहुसङ्ख्यक जनताको जीवन अति कष्टकर भएको छ । पश्चिमाहरूको धाप पाएका नेताहरूको बढ्दो अलोकप्रिय स्थिति र तिनीहरू तथा जनताबीच बढ्ने मुठभेडले पश्चिमाहरूलाई निकै चिन्तित तुल्याएको छ । यल्तसिन सरकारको पतन रोक्न हालै सात राष्ट्रको समूहले रुसलाई एक खरब डलर प्रदान गर्ने वचन दिएको छ । जसरी विदेशी सहयोग तथा ऋणको वितरण एवं उपयोग विधि पुँजीवादी धारमा नै प्रवाहित भएको हुन्छ । तथाकथित पुँजीवादी परिवर्तन प्रक्रियाले नराम्ररी आक्रान्त, सामान्य तथा गरिब जनतालाई यसबाट कुनै लाभ हुँदैन भन्ने कुरा अनुभवले देखाएको छ । पश्चिमाको प्रशस्त आर्थिक सहयोगबाट यल्तसिनलाई जनमत सङ्ग्रहमा विजय प्राप्त गराए पनि झिनो जनसहभागिता तथा अन्य कुराहरूले जीर्ण पुँजीवादी व्यवस्थाविरुद्ध रुसी जनताको सङ्घर्षको निरन्तरतालाई प्रस्ट्याउँछ । रुस तथा पूर्वी युरोपको स्थितिले यी मुलुकहरूमा मार्क्सवाद तथा समाजवादको विश्वासमा वृद्धि भैरहेको कुरालाई दर्शाउँछ ।

पुँजीवादी मुलुकमा बढ्दो सङ्कटले पुँजीवादको सर्वोच्चता एउटा अस्थायी परिघटना मात्र हो भन्ने कुरा स्पष्ट भएको छ । संयुक्त राज्य अमेरिकालगायतका पुँजीवादी मुलुकहरूमा आर्थिक उदारता, राज्य नियन्त्रणमा रहेका संस्थानहरूको निजीकरण तथा राज्यको भूमिकालाई घटाउने जस्ता कुरामा दिइएको अनावश्यक जोडका फलस्वरूप विशेष खाले नकारात्मक स्थिति उत्पन्न भएको छ । बढ्दो आर्थिक मन्दीका कारण संयुक्त राज्य अमेरिकामा बेरोजगारी द्रुत गतिले अघि बढिरहेको छ ।

निजी क्षेत्रको बचत पनि ज्यादै न्यून रहेको छ । अमेरिका विश्वको सबभन्दा ठूलो ऋणी राष्ट्र हुनुका कारणहरूमध्ये यो पनि एक रहेको छ । यी कुराहरू यस्तो अवस्थामा घटिरहेका छन्, जुन बेला व्यापार घाटाको स्थिति अत्यन्त तीव्र गतिले वृद्धि भइरहेको छ । सन् १९९२/९३ मा जापानसितको व्यापारमा भएको

४० अरब डलर घाटाले जापान र अमेरिकाबीचको द्वन्द्वलाई बढाएको छ। युरोप तथा अमेरिकाबीचको व्यापार युद्ध GATT मा पनि चालू छ। यसको तत्काल समाधान देखिएको छैन। युरोपमा खास गरी फ्रान्समा निर्यात तथा कृषि क्षेत्रमा दिइने अनुदानको निरन्तरताले युरोप र अमेरिकाबीच गम्भीर मुठभेडको स्थिति कायम छ। सुरु भैसकेको युरोपियन एकीकरणको प्रक्रियाले एकातिर जापान र युरोपबीच तथा अर्कातर्फ अमेरिका युरोपबीच बजार कब्जा गर्ने तीव्र प्रतिस्पर्धाको कारणले द्वन्द्व अझ बढ्नु अवश्यम्भावी छ।

युरोपका अरु साना पुँजीवादी मुलुकमाथि ब्रिटेन, फ्रान्स तथा जर्मनीका बढ्दो आर्थिक दबदबा वृद्धि गर्नमा उनीहरूका विविध स्वार्थ पनि रहेका छन्। युरोपीय मुद्रा सङ्गठनमा आएको सङ्कट खास गरी गत वर्षको स्टर्लिङ पाउन्डको सङ्कट अझै सुल्झिन सकेको छैन। यस्तो लाग्छ कि मेक्सिकोमाथि अमेरिका र क्यानडाको आर्थिक आधिपत्यले गर्दा अमेरिका, क्यानडा तथा मेक्सिकोबीच स्थापित आर्थिक सङ्गठन आफ्नो उचित आकार प्राप्त गर्नुअघि नै छिन्नभिन्न हुने अवस्थामा छ। एकीकरणको बावजुद पूर्वी जर्मनीमा बढ्दो बेरोजगारी, खस्कँदो जीवनस्तर तथा बढ्दो अपराधका साथसाथै पूर्वी जर्मनी निवासीहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिने कुराले जर्मनीमा जनअसन्तोष बढ्नु अवश्यम्भावी भएको संकेत मिल्दछ। यसले जर्मनीमा आर्थिक सङ्कट ल्याउनुका साथै युरोप तथा अमेरिकामा पनि व्यापक प्रभाव पार्छ। यी परिदृश्यहरूले प्रस्ट रूपमा पुँजीवादी मुलुकमा देखिने गम्भीर सङ्कटले विकासशील मुलुकलाई दिइने अनुदान, ऋण, सहयोग र सामग्री, सामाजिक, आर्थिक क्षेत्रमा ठूलो नकारात्मक आघात पुऱ्याउँछ। यस्तै स्वतः पुँजीवादी मुलुकहरूलाई पनि तीव्र नकारात्मक प्रभाव पार्छ। दिनानुदिन बढ्दै गइरहेको यस्ता सङ्कटका शृङ्खलाहरू जम्मा हुँदै जाँदा सिङ्गो विश्वमा पार्ने असरले कस्तो ऐतिहासिक मोड लिन्छ भन्ने कुरा बोल्नु समयभन्दा अगाडि हुनेछ। तर, यो स्पष्ट छ कि यस्तो स्थितिमा पुँजीवादी व्यवस्थाले निम्त्याएको सङ्कटबाट मुक्त हुन पुनः मार्क्सवादीले अग्रगामी भूमिका खेल्नेछन्।

अमेरिकामा उल्लेखनीय किसिमले देखा परेको आर्थिक सङ्कट सँगसँगै सोभियत सङ्घ तथा पूर्वी युरोपको समाजवादी व्यवस्थाको अवसानपछि पुँजीवादी देशहरू खास गरी अमेरिका तथा सम्बद्ध राष्ट्रहरू विकासशील देशलाई उदारता, निजीकरण तथा तथाकथित बजार नियन्त्रित मूल्य व्यवस्था जस्ता पुँजीवादी व्यवस्था आरम्भ गर्न दबाब दिइरहेका छन्। विकासशील देशका कतिपय प्रतिक्रियावादी सरकारहरूले आफ्नो राष्ट्रको तत्कालीन सामाजिक, आर्थिक स्थितिको विचारै नगरी यी नीति तथा कार्यक्रमहरू लागू गर्दै छन्। तीव्र मूल्य वृद्धि त छँदैछ कृषि, सार्वजनिक उपयोगिता तथा सामाजिक सेवाको साथै सर्वसाधारणका अत्यावश्यक वस्तुहरूमा दिइने सरकारी अनुदान बन्द गरिनाले गरिब तथा निश्चित आय भएका जनताको जीवन असह्य बनेको छ। विकासशील राष्ट्रहरूमा विद्यमान विशिष्ट एकाधिकारवादी परिस्थिति र संस्थागत समस्या ख्याल नगरी आर्थिक स्थिरता, निजीकरण, निकासी प्रवर्द्धन तथा मूल्य समायोजनमा केन्द्रित भएर लागू गर्न खोजिएको कथित प्रजातान्त्रिक अधिकारको पुनः स्थापनापछि पनि विकासको फल उपभोग गर्नबाट वञ्चित तुल्याएका सर्वसाधारणको आर्थिक अधिकारको सुरक्षा गर्न आर्थिक समायोजन कार्यक्रमको साटो समाजवाद उन्मुख कल्याणकारी कार्यक्रम लागू गर्न अत्यन्त जरुरी भएको छ।

**विशिष्ट कमरेडहरू,**

आर्थिक समायोजन कार्यक्रम तथा उदारनीति विकासशील राष्ट्रका थुप्रै सरकारहरूबाट प्राथमिकता दिएको यस अवस्थामा म नेपालको आर्थिक समायोजन कार्यक्रम तथा भर्खरै लागू गरिएका तथाकथित उदारवादी तथा निजीकरण कार्यक्रमको नेपाली अनुभवलाई उल्लेख गर्न चाहन्छु।

नेपालमा सन् १९८६/८७ मा निरङ्कुश शासनकालमा आर्थिक समायोजन कार्यक्रम सुरु गरिएको थियो। प्राप्त तथ्यांकले के देखाएको छ भने सन् १९८४/८५ मा खुद चुक्ता गर्न बाँकी ऋण कुल ग्राहस्थ उत्पादनको २०.७% थियो भने १९८९/९० मा ५३ पुग्यो। आर्थिक समायोजन कार्यक्रम लागू गरिएपछि मुद्रास्फीतिको चाप बढ्ने, निर्वाह खर्चमा वृद्धि तथा चुलिंदो गरिबी समस्या नेपालमा थपिँदै गयो। सन् १९८४/८५ मा गरिबीका रेखामुनि ४३% जनता थिए। यो अवस्था सन् १९८९/९० मा ७१% सम्म पुग्यो। प्रजातान्त्रिक आन्दोलन सुरु भएको बखत मुठीभर व्यक्तिहरूले वाणिज्य, उद्योग तथा पर्यटनका मुख्य आर्थिक गतिविधि नियन्त्रण गरेका थिए। नेपालको अर्थतन्त्र थुप्रै कठिनाइहरूबाट गुज्रिरहेको थियो। वामपन्थी पार्टीहरू र नेपाली कांग्रेसको संयुक्त

आन्दोलनबाट सन् १९९० मा सफलतापूर्वक बहुदलीय व्यवस्था स्थापना भएपछि सर्वसाधारणमा ठूलो आशा पलाएको थियो। प्रत्यक्ष रूपले आमजनतालाई फाइदा पुग्ने विकासको प्रक्रियाको छिट्टै सुरुवात हुनेछ भन्ने कुरामा जनता विश्वस्त थिए। तर विडम्बना के भयो भने सत्ता सम्हालेदेखि नै नेपाली काङ्ग्रेस सरकारले पञ्चायतीपालाकै नीति र कार्यक्रमलाई नै अपनाएको मात्र हैन, त्यसभन्दा पनि बढी अमेरिकी तथा बहुपक्षीय अन्तर्राष्ट्रिय एजेन्सीहरूको धाप पाएर तथाकथित निजीकरण, उदार अर्थव्यवस्था तथा बजारमुखी व्यवस्थाको तीव्र रूपमा अनुसरण गऱ्यो। यसले मूल्य वृद्धिका साथै बेरोजगारी समस्या चुलिँदै गयो भने धनी र गरिबबीचको खाडल झन् फराकिलो हुँदै गयो। एकाधिकार पुँजीवादी वर्ग तयार गर्ने तथा नेपाली अर्थतन्त्रलाई बाह्य पुँजीवादी र राष्ट्रहरूको जनउपनिवेश बनाउने सुनियोजित प्रयास सुरु भयो। भारतले आर्थिक समायोजन कार्यक्रम लागू गरेपछि नेपालमा पनि उदारवादी प्रक्रियालाई गति दिइयो। पश्चिमा मुलुकको पूर्ण समर्थन तथा बढ्दो आर्थिक सहयोगको बाबजुद नेपाली काङ्ग्रेसको सरकार सर्वसाधारण जनतामा नैराश्यता थप्नुको साथै आर्थिक मामलामा पूर्ण असफल भएको छ। सबैजसो विकासशील देशहरूमा पश्चिमी राष्ट्र निर्देशित नीति अवलम्बन गर्दा निस्कने परिणामको निष्कर्ष निकाल्न नेपाली अनुभव नै यथेष्ट छ।

रुसी तथा पूर्वी युरोपको अनुभव, पुँजीवादी व्यवस्थामा अन्तर्निहित सङ्कट, पुँजीवादी मुलुकहरूबीच बढेको तनाव, चीनको सफलता र समायोजन कार्यक्रमको तीव्र नकारात्मक असर तथा पश्चिमा मुलुकहरूको जोडदार दबाबबाट विकासशील देशमा लागू गरिएको उदारपना तथा निजीकरण कार्यक्रमले मार्क्सवाद तथा समाजवादभन्दा उन्नत स्तरको व्यवस्था अर्को छैन भन्ने प्रमाणित गरेको छ। पुँजीवाद धनी तथा केही सुविधाभोगी वर्गहरूको हितमा अनिवार्य रूपले लागेको हुन्छ भने मार्क्सवादी समाजका गरिब, शोषित तथा निमुखाहरूको हितमा लगनशील हुन्छ भन्ने कुरा इतिहासले बताएको छ। मार्क्सवादी विचारहरूको कार्यान्वयन नहुन्जेल मुलुकमा बहुसङ्ख्यक जनताको हित सम्भव छैन। पुँजीवादी शोषण समाप्त पार्ने, गरिबी उन्मूलन गर्ने, आमूल सामाजिक परिवर्तन गर्ने तथा अन्तर्राष्ट्रिय एकाधिकारवादी पुँजीवादको शोषणको रोकथाम गर्ने ग्यारेन्टी मार्क्सवादी दर्शनले मात्र गर्न सक्छ। तर विगतमा गरिएका गल्तीहरू भविष्यमा दोहोरिन नदिन हामीले ज्यादै सतर्क हुनुपर्छ। मार्क्सवादलाई उग्रवामपन्थी तथा दक्षिणपन्थी दुवै शक्तिबाट समस्या खडा भएको छ। तिनीहरू कुनै न कुनै रूपमा मार्क्सवादलाई बदनाम गर्ने कोसिस गरिरहेका छन्। मार्क्सवाद वैज्ञानिक सिद्धान्त भएकाले यसलाई जडसूत्रको रूपमा लिनु हुँदैन भन्ने कुरा हामीले बुझ्नुपर्छ। वैज्ञानिक सिद्धान्त भएकाले यसले सिर्जनात्मक दृष्टिकोण राख्नुपर्छ जसबाट राष्ट्रको विद्यमान सामाजिक, आर्थिक अवस्थासँग यो मेल खाओस् र सिद्धान्तमा निर्देशित आधारभूत उद्देश्यलाई पनि पूरा गर्न सकोस्।

**प्रिय कमरेडहरू,**

हाम्रो पार्टीले थुप्रै समाजवादी मुलुकहरूका विगतका अनुभवका आधारमा मार्क्सवादलाई नेपाल जस्तो मुलुकमा लागू गर्न नयाँ दिशाको आवश्यकता देखेको छ। त्यसैले सन् १९९३ को जनवरी २७ देखि फेब्रुअरी २ सम्म काठमाडौंमा सम्पन्न भएको पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनले केही महत्त्वपूर्ण निर्णयहरू गरेको छ। जसले नेपालको वामपन्थी आन्दोलनमा बृहत् तथा दीर्घकालीन असर पार्नेछ। हाम्रो पार्टी महाधिवेशनले जनताको बहुदलीय जनवादको कार्यक्रमलाई अङ्गीकार गर्ने निर्णय गरेको छ। यो निर्णय ४० वर्षभन्दा बढीको हाम्रो सङ्घर्षको अनुभवको आधारमा गरिएको छ। जसमा बहुदलीय व्यवस्था स्थापना गर्न वामपन्थी शक्तिहरू निरन्तर बिनारुकावट देशमा निरङ्कुश शासनका विरुद्ध लडेका थिए। जनताको बहुदलीय व्यवस्थाको विपरीत (यद्यपि पूर्वी युरोपका केही समाजवादी राष्ट्रहरूको बहुदलीय लागू गरेको दाबी गरे पनि यथार्थमा त्यस्तो थिएन।) यसले विभिन्न राजनैतिक पार्टीका अस्तित्व र क्रियाकलापलाई अनुमति दिन्छ र कम्युनिष्ट पार्टीले पनि चुनावी प्रतिस्पर्धामा भाग लिएर मुलुकमा शासन तथा सरकार चलाउन निश्चित अवधिमा हुने चुनावमा जनमसर्थन पाउन सक्नुपर्छ। कानुनी राज्य सिद्धान्तमा आधारित जनताको बहुदलीय जनवादले मात्र हामीलाई आफ्ना गल्तीहरू सुधार्न तथा जनताबीच पार्टीको छवि सुन्दर बनाउन प्रेरणा दिन्छ भन्ने कुरामा हामी विश्वास गर्छौं। जनताको बहुदलीय जनवाद संसारभर आज प्रचलित बहुदलीय व्यवस्था होइन भन्ने कुरामा म जोड दिन चाहन्छु। जनताको बहुदलीय जनवादको विशेषता के हो भने यसले त्यस्तो बहुदलीय व्यवस्थाको स्थापना गर्छ जुन शासनको हिसाबले साम्राज्यवाद तथा सामन्तवाद

विरोधी हुन्छ। महाधिवेशन स्वीकार गरेको पार्टी कार्यक्रमका मुख्य विशेषताहरू निम्नबमोजिम छन्।

१. संविधानको सर्वोच्चता
२. बहुदलीय खुला समाज
३. शक्ति पृथकीकरण
४. मानव अधिकारको संरक्षण
५. बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था
६. आवधिक निर्वाचन
७. बहुमतको सरकार तथा संवैधानिक प्रतिपक्ष
८. कानुनी राज्य
९. जनताको प्रजातान्त्रिक व्यवस्था मजबुत पार्नु
१०. वैदेशिक पुँजी तथा प्रविधिलाई अनुमति दिनु
११. जनताको बहुदलीय जनवाद स्वीकार गर्ने जमिनदारहरूलाई क्षतिपूर्ति दिनु
१२. राष्ट्रिय हितलाई सर्वोपरि प्राथमिकताका साथ सन्तुलित तथा मर्यादित वैदेशिक नीति अपनाउनु।
१३. श्रमजीवी वर्गको नेतृत्व र जनताको प्रजातान्त्रिक र राज्य वा जनताको जनवादी अधिनायकत्व
१४. सामन्तवाद, दलाल, नोकरवादी पुँजीमाथि वर्ग तथा साम्राज्यवादविरोधी जनताको बहुदलीय जनवाद।

जनतालाई वाक् स्वतन्त्रताको अधिकार नदिईकन, संरचनात्मक आलोचनाको अवसर नदिईकन, जनतामा प्रेरक वातावरण सिर्जना गर्न तथा पूर्वी युरोप तथा सोभियत सङ्घमा गरिएका जस्तै गल्तीहरू रोक्न गाह्रो पर्छ। हर प्रकारका विरोधहरू ध्वंसात्मक हुँदैनन् भन्ने हाम्रो दृढ विश्वास छ। प्रतिस्पर्धात्मक व्यवस्थाले खास गरी वितरण प्रणालीमा नकारात्मक असर पर्ला कि भनेर हामी त्यत्तिकै सतर्क छौं। त्यसैले, हामीले यस्तो आर्थिक कार्यक्रम सोचेका छौं। जसले उत्पादक शक्तिहरूको विकास निश्चित गर्छ र समाजमा ध्रुवीकरण तथा शोषण कायम हुने छैन। हाम्रो आर्थिक कार्यक्रमले राज्यलाई नेतृत्वदायी भूमिका प्रदान गर्छ। त्यसैले निजी क्षेत्रलाई उद्योग तथा व्यापारिक क्षेत्रमा बढ्दो गतिविधि गर्ने अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्न दिन्छ।

संसारका विभिन्न भागहरूमा समाजवादका बारेमा नयाँ सोचहरू आउनुको बाबजुद पुँजीवादसँगको लामो सङ्घर्ष अनिवार्य छ। प्रतिस्पर्धा अन्य पुँजीवादी मुलुकहरूसँगको आत्तिएको संसारको एक्लो महाशक्ति अमेरिकी साम्राज्यवादले सोभियत सङ्घ, पूर्वी युरोप तथा विकासशील राष्ट्रहरूमा जसरी भए पनि पुँजीवादी व्यवस्था स्थापना गर्न तथा मजबुत बनाउन मात्र चाहेको हैन, क्यूबा, उत्तर कोरिया, भियतनाम तथा चीनमा समेत समाजवादी व्यवस्था भत्काउन भरमग्दुर कोसिस गरिरहेको छ। क्युबामा अमेरिकी साम्राज्यवादको आर्थिक नाकाबन्दीको परिणामले क्युबाली जनता अचेल निकै ठूलो आर्थिक कठिनाइ बेहोरिरहेका छन्। त्यसले उत्तर कोरियामा पनि निकै छेकेबार खडा गरिरहेको छ भने दुई कोरियाको एकीकरणमा समस्या सिर्जना गरिरहेको छ। अर्को समाजवादी मुलुकलाई बचाउने तथा विश्वका कम्युनिष्ट पार्टीहरूको हित गर्न सक्ने कुनै अन्तर्राष्ट्रिय सङ्गठन छैन। यस्तो सङ्गठनको निकट भविष्यमा सम्भावना नभएको मात्र हैन विगतका अनुभवले यो संकेत गर्छन् कि यसको अस्तित्व भए पनि वर्तमान विश्व सन्दर्भमा यो त्यति प्रासंगिक तथा लाभदायक हुँदैन। तसर्थ अन्तर्राष्ट्रिय सेमिनार, क्षेत्रीय जमघट, पार्टीहरूबीच औपचारिक सम्पर्क तथा जनताबीच नियमित सम्पर्क, वैचारिक अन्तरक्रिया, अनुभवको आदान-प्रदान, आपसी सहयोग नै विश्व कम्युनिष्ट आन्दोलनलाई मजबुत बनाउने उत्तम उपाय हुनेछ। प्योङयाङ्ग घोषणा, ल्याटिन अमेरिका तथा युरोपका कम्युनिष्ट पार्टीहरूको क्षेत्रीय जमघटले कम्युनिष्ट आन्दोलनलाई नयाँ गति प्रदान गरेको छ। भाकपा (मार्क्सवादी) ले आयोजना गरेको यो सेमिनारले पनि कम्युनिष्ट आन्दोलनको इतिहासमा नयाँ अध्याय थप्नेछ भन्ने म आशा गर्दछु।

**प्रिय कमरेडहरू,**

आफ्नो कुरा समाप्त गर्नुअघि वर्तमान राजनैतिक तथा आर्थिक घटनाका आफ्नो मूल्यांकनको आधारमा म के दोहोऱ्याउनु चाहन्छु भने समाजवादले खाएको यो धक्का अस्थायी हो र वर्ग प्रकृति तथा ऐतिहासिक विकासको परीक्षणबाट विकसित भएको समाजवादी दर्शनले अवश्य निकट भविष्यमै पुनः लोकप्रियता तथा सफलता प्राप्त गर्नेछ। मार्क्सवाद एउटा समकालीन सिद्धान्त हो। त्यसैले यो विश्वका शोषित तथा उत्पीडित जनताको मार्गदर्शक सिद्धान्त भएर रहिरहनेछ। समाजमा धनी र गरिब रहुन्जेल मार्क्सवादको औचित्य यो भूतलमा रहिरहन्छ भन्ने कुरा जनतालाई बोध गराउनु नै आज प्रत्येक सच्चा मार्क्सवादीहरूको मुख्य जिम्मेवारी रहेको छ।

धन्यवाद। ■

# भड्काव होइन, सही बाटोमा अघि बढौँ



✍ के.पी. शर्मा ओली*

हाम्रो देश यति बेला एउटा विशिष्ट सङ्क्रमणकालबाट गुज्रिरहेको छ। यो विशिष्ट सङ्क्रमणकाल यस कारणले कि हामीले लामो समयदेखि लोकतन्त्र प्राप्तिका निम्ति सङ्घर्ष गऱ्यौं र उपलब्धिहरूलाई अझैसम्म संस्थागत गर्न सकेका छैनौं। अहिले पनि हामी ती उपलब्धिहरूलाई संस्थागत गर्ने चरणमै छौं। हामी असमानता र विभेद अन्त्य गरेर सामाजिक न्याय र समतामूलक समाज स्थापनाका लागि सङ्घर्ष गर्दै आयौं। राष्ट्रिय हितहरूको रक्षा र संवर्द्धन गर्दै राष्ट्रको सम्प्रभुसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डतालाई कायम राख्न क्रियाशील रहिआएका छौं। पूर्णरूपमा स्वाधीन र स्वाभिमानी राष्ट्रको रूपमा उभ्याउन र पछौटेपन तथा गरिबी हटाएर आधुनिक, विकसित र समृद्ध राष्ट्र निर्माण गर्न नेपाली जनताले सङ्घर्षहरू चलाए र ती सङ्घर्षहरू पटक–पटक सफल पनि हुँदै आए।

सङ्घर्षका उपलब्धिहरूको रक्षा गर्ने जनताको प्रयास र तिनीहरूलाई खोस्ने विरोधी शक्तिका षड्यन्त्रका बीचमा निरन्तर सङ्घर्ष रह्यो। पटक-पटक सङ्घर्ष गर्दै त्यसलाई सफलताको बिन्दुमा पुऱ्याएर। उपलब्धिहरूको रक्षा गर्न नपाउने/नसक्ने जस्तो अवस्था आउन नपाओस् र उपलब्धिको रक्षा गर्दै तिनलाई अगाडि बढाउन सकियोस् भन्नका निम्ति सचेत रहँदै पनि आएका छौं। हामी यति बेला प्राप्त सफलता र उपलब्धिहरूलाई संस्थागत गर्ने क्रम र अभ्यासमा छौं। त्यसकारण यो विशिष्ट सङ्क्रमणकालमा छौं। हरेक परिवर्तनपछि त्यसलाई संस्थागत र सुदृढ गर्दै अगाडि बढाउन अवधि लाग्दछ। वास्तवमा त्यसलाई नै सङ्क्रमणकाल भनिन्छ। पुरानोबाट नयाँमा, पछिल्लोबाट अघिल्लोमा, अर्थात् राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जुनसुकै क्षेत्रमा होस्, अगाडि बढ्ने तहका कुरालाई हामी सङ्क्रमणकाल भन्छौं। हरेक परिवर्तनपछि विभिन्न अवधि र लम्बाइका सङ्क्रमणकाल हुन्छन्। विभिन्न प्रक्रियाबाट सङ्क्रमणकाल गुज्रिन्छ। कुनै–कुनै सङ्क्रमणकाल व्यवस्थापन गर्न असफल हुन्छ। सफल व्यवस्थापनमा सङ्क्रमणकाल समाप्त भयो भने त्यसले परिवर्तनलाई संस्थागत गर्दै अगाडि बढाउँछ र उपलब्धि दिन्छ। अघि माथि नै विशेष प्रकारको सङ्क्रमणकाल भनियो। यसकारण पनि कि सामान्य परिवर्तनपछि त सङ्क्रमणकाल आउँछ तर योचाहिँ सङ्क्रमणकाल सुरु भएर अपेक्षाकृत अवधिमा नटुङ्गिएर अनुचित र अनावश्यक लामो समय लिएर रुमल्लिएको अवस्थामा छ। यस्तो किन भयो भने वास्तविक अग्रगामी,

---

** लेखक, नेकपा (एमाले) का वरिष्ठ नेता हुनुहुन्छ।*

प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूको आन्दोलनको आयोजना, सञ्चालन र त्यसलाई सफलतामा पुऱ्याउने कुरामा जुन दृष्टिकोण, स्पष्टता, दृढता, सक्रियता र सावधानी रह्यो, त्यो कुरा आन्दोलनको सफलतापछि रहन सकेन ।

यहाँ आन्दोलनपछि सफलता भनेको ०६२/६३ को शान्तिपूर्ण ऐतिहासिक जनआन्दोलनको कुरा हो, जो नेकपा(एमाले)लगायतका सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित थियो । त्यस आन्दोलनको आयोजना, सञ्चालन र त्यसलाई सफलतासम्म पुऱ्याउने प्रश्नमा नेकपा(एमाले), नेपाली काङ्ग्रेसजस्ता प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूमा जुन दृढता र सजगता थियो, त्यसपछि उपलब्धिलाई संस्थागत गर्ने सन्दर्भमा त्यो दृढता र सजगता रहेन । जसले गर्दा आन्दोलनको उद्देश्य, सञ्चालनकर्ता, आन्दोलन सञ्चालनको नीति र आन्दोलनका लक्ष्यजस्ता कुराहरूको हेक्का नरहने गरी जनतामा पनि अलमल उत्पन्न भयो । यसमा आन्दोलनका नेतृत्वदायी शक्तिहरूमा र परिणामतः आन्दोलनकारीहरूमा असावधानी रह्यो । जसले गर्दा आन्दोलनकारी आफैंले पनि उग्रपन्थलाई अनावश्यक श्रेय दिने, हिंसावादी शाक्तिप्रति आन्दोलनको समेत श्रेय दिने कामहरू भए । अझ आफ्नो भन्दा बढी श्रेय दिने खालका बहकावयुक्त कुराहरू पनि भए ।

**माओवादीको उग्रवादी हिंसाको बाटो असफल भयो । हिंसाबाहेक परिवर्तनकारी आन्दोलन सफलै हुँदैन भन्ने हिंसावादी चिन्तन र त्यसबाट निर्देशित १० वर्षको जनयुद्धका नामको हिंसा असफल भयो । त्यो हिंसावादी चिन्तन असफल भयो र शान्तिपूर्ण जनआन्दोलनले मात्र सफलता प्राप्त गऱ्यो । तर त्यो सैद्धान्तिक विजयको अपनत्व र जितलाई पनि त्यस विचारअन्तर्गतका शक्तिहरू वा भनौं आन्दोलनका आयोजक आन्दोलनकारी शक्तिहरूले दाबी र प्रस्तुत गर्न सकेनन्**

माओवादीको उग्रवादी हिंसाको बाटो असफल भयो । हिंसाबाहेक परिवर्तनकारी आन्दोलन सफलै हुँदैन भन्ने हिंसावादी चिन्तन र त्यसबाट निर्देशित १० वर्षको जनयुद्धका नामको हिंसा असफल भयो । त्यो हिंसावादी चिन्तन असफल भयो र शान्तिपूर्ण जनआन्दोलनले मात्र सफलता प्राप्त गऱ्यो । तर त्यो सैद्धान्तिक विजयको अपनत्व र जितलाई पनि त्यस विचारअन्तर्गतका शक्तिहरू वा भनौं आन्दोलनका आयोजक आन्दोलनकारी शक्तिहरूले दाबी र प्रस्तुत गर्न सकेनन् । एकाधिकारवादको उद्देश्य बोकेर आन्दोलन होइन हिंसा गर्दै आएको माओवादीको आतङ्कतर्फ उन्मुख हिंसात्मक विचार र क्रियाकलाप असफल भयो । अलोकतान्त्रिक, एकदलीय तरिका र मूल्य–मान्यताहरू असफल भए । तर तदनुसार लोकतान्त्रिक मूल्य–मान्यता, शक्ति र व्यावहारिक रूपले आर्जन गरेको सफलतालाई वास्तविक आन्दोलनकारीहरूले स्थापित गर्न सकेनन् । त्यस आन्दोलनको समग्र वैचारिक पक्षको नेतृत्व गर्ने नेकपा (एमाले) ले अगाडि सारिरहेको जनताको बहुदलीय जनवादजस्तो सामाजिक परिवर्तन, रूपान्तरण र व्यवस्थापनको सिद्धान्त जो अत्यन्तै सही, वैज्ञानिक, आधुनिक र सामाजिक छ, जुन व्यवहारमा सफल भएको छ, त्यसको श्रेय, त्यस आन्दोलनको जस त्यस वैचारिक, सैद्धान्तिक र नीतिगत सफलताको अपनत्व नेकपा(एमाले)ले लिन सकेन । जसले गर्दा आन्दोलनपछि उपलब्धिको अपनत्व वास्तविक आन्दोलनकारीबाहेक समेतले पनि लिन खोजे । जसको कारणले उपलब्धिहरू हासिल भए र जो वास्तवमा त्यसको हकदार हो त्यो अगाडि सरेन । जसले गर्दा उपलब्धिहरू अभिभावकविहीन भए । उपलब्धिहरू अभिभावकविहीन भएपछि यथोचित संरक्षण, सम्मान, मार्गदर्शन र निर्देशन नपाउँदा ती आफैं रुमल्लिए ।

०६२/६३ को आन्दोलनका उपलब्धिहरू कुहिराको कागजस्ता भए । केही अवधिसम्म लोकतान्त्रिक शक्तिले नेतृत्व गरेझैं गरे । पुनर्स्थापित संसद्बाट केही महत्वपूर्ण निर्णयहरू पनि भए । राजतन्त्रलाई तन्त्रको रूपमा समाप्त पारेर संस्था मात्रै बाँकी राखेर राजसंस्थाका सम्पूर्ण अधिकारसमेत अधिकारका हिसाबले सम्पूर्ण प्रधानमन्त्रीमा र राजाले प्रयोग गर्ने गरेका राष्ट्रप्रमुखका अधिकारहरूसमेत प्रधानमन्त्रीलाई नै हस्तान्तरण गरियो । राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमा अरु प्रगतिशील निर्णयहरू भए । महिला र दलितका सम्बन्धमा महत्वपूर्ण निर्णयहरू भए । तर पछि क्रमशः युद्धविराम र शान्तिप्रक्रियाको बाटोबाट अगाडि बढ्ने कुरामा गम्भीर अन्योलहरू पैदा भए । कसको नेतृत्वमा यहाँसम्म आइपुगियो र कसको नेतृत्वमा जानुपर्छ भन्ने स्पष्टता रहेन ।

पराजित हिंसासँग पनि मान्छे त्रसित रहने नै

स्थिति बन्यो। पराजित हिंसालाई बढाइ–चढाइ गरी महत्व दिईकन ५ हजार लडाकुलाई ३५ हजार बनाइयो। देशका विभिन्न स्थानहरूमा सरकारी लगानीमा २८ वटा राजनीतिक क्याम्पहरू (भर्ती केन्द्रहरू) खोलेर माओवादी हिंसालाई मलजल गरियो। मानिलिऊँ– उनीहरूले देश नै कब्जा गर्ने तयारी गर्दै छन् भन्ने सन्देश दिइयो। सरकारी रासनपानीमा भर्तीकेन्द्र खोलेर तालिम केन्द्रमा तिनलाई परिणत गरेर उधुम मच्चाइयो। ती मनोवैज्ञानिक र व्यावहारिक आतङ्कका केन्द्र पनि भए। ती माओवादीको पैसा लुट्ने अखडा पनि भए। यस्तो अवस्थामा आन्दोलनका उपलब्धिहरू दिशाहीन र दाबीहीन भए। प्रगतिशील–लोकतान्त्रिक शक्तिहरू त्यस कारणले क्रमशः कमजोर र अशक्त बन्दै गए। अनि मनोबल उठेको उग्रपन्थको बिगबिगीको स्थितिमा देशले सही दिशा पाउनु सम्भव थिएन। यस्तो अवस्थामा सङ्क्रमणकाल सही दिशामा अगाडि बढ्नु र टुङ्गिनु सम्भव भएन। मुख्य रूपमा सङ्क्रमणकाल लम्बिनुको अर्थ यही हो। संविधानसभाको निर्वाचन भयो र त्यसलाई ६०१ सङ्ख्याको बहुत रङ्गीन संविधानसभा बनाइयो। सुरुमा संवैधानिक व्यवस्थाअन्तर्गत दुई वर्षको कार्यकाल भएको संविधानसभालाई कार्यकाल थप्दै लगेर चार वर्षका बनाइयो। हाम्रो भूमिका जस्तो स्पष्ट र जिम्मेवार हुनुपर्दथ्यो, त्यो हुन सकेन। उग्रपन्थी विचार सत्ताकब्जाका उद्देश्य र एकाधिकारवादी मनसाय बोकेका अत्यन्त गैरजिम्मेवार तत्त्वहरूसँग मिलेर तिनको नेतृत्वमा वा तिनको सहयोगमा सरकारमा जाने र सत्ता नै सबै हो बाँकी केही होइन भन्ने मान्यताकासाथ चल्ने खालको एउटा स्थिति रह्यो। र, सङ्क्रमणकाल जतिबेर टुङ्गिनुपर्दथ्यो, त्योभन्दा विलम्ब गरेर पनि टुङ्गिएन।

अहिले अब हामी प्रधानन्यायाधीशको नेतृत्वमा एउटा चुनावी सरकार बनाएर अघि बढ्ने अवस्थामा आइपुगेका छौं। राजनीतिक दलहरू किनारामा रहनुपर्ने अवस्था सिर्जना भएको छ। कि त माओवादीले गरेको सत्ताकब्जा मान्नु र सहेर बस्नु पर्‍यो कि त राजनीतिक दल सत्ताभन्दा बाहिर बस्ने कुरा स्वीकार गर्नुपर्‍यो। यी दुबै कुरामध्ये कुनै पनि प्रिय स्थिति होइन। तर, एकदलीय एकाधिकारवादीले सत्ताकब्जा गर्ने र चुनाव नगराउने अवस्थामा जानुभन्दा चुनावी सरकार बनाएर चुनावमा जानु चाहिं तुलनात्मक रूपमा अनुकूल कुरा हो। त्यसो भए पनि दलीय व्यवस्था र लोकतन्त्रका लागि नमिल्दो कुरा दलहरू शासन र सरकारमा छैनन्। दलभन्दा बाहिरबाट सरकार बनेको अवस्थामा हामी छौं। सत्तामा रहन र प्राप्त गर्नका लागि जे पनि गर्ने, देशभित्र जस्तासुकै असैद्धान्तिक, अराजनीतिक मित्र बनाइकन स्वार्थी अवसरवादी गठबन्धन गर्नु परे पनि कुनै कसर बाँकी नराख्ने प्रवृत्ति र बाह्य शक्तिहरूसँग पनि टाउको टेक्ने, घुँडा टेक्ने मात्र होइन, लम्पसार पर्ने प्रवृत्तिले बाह्य शक्तिहरको चलखेल र हस्तक्षेप स्वाभाविकै रूपमा असाधारण ढङ्गले बढेको अवस्था छ।

हाम्रो देशको अर्थतन्त्र अहिले मुख्यतः विप्रेषण (Remittance) मा चलेको छ। माओवादी हिंसाको कारणले हजारौं उद्योगहरू बन्द भएका छन्। ठूला, मझौला र यहाँसम्म कि सस्याना उद्योगहरू समेत बन्द भएका छन्। माओवादीले साना–साना उद्योगहरूलाई पनि पैसा असुलीकै कारणले चल्नै नदिएर बन्द गराएको छ। माओवादीका लुटपाटका अगाडि टिक्न नसकेर उद्योग र व्यापारहरू बेहाल भएका छन्। कृषिको आधुनिकीकरण र व्यावसायीकरण जसरी हुनुपर्थ्यो त्यसरी भएको छैन। कृषिमाथिको जनताको निर्भरता अलिकति बैदेशिक रोजगारीका कारणले र अलिकति स्वाभाविक रूपमा आइरहेको आधुनिकताबाट घटेको छ। बाटाघाटाको निर्माण, सेवाका कुराहरू जतिसुकै गर्दा पनि रोक्न नसकेर भैरहेको बिस्तार र त्यसबाट मान्छेहरूको शहरीकरण र हिंसाले गर्दा बढेको शहरीकरणजस्ता कुराहरूले कृषिमाथिको निर्भरतालाई अलिकति घटाउने काम गर्‍यो। अहिले पनि लगभग ७० प्रतिशतको हाराहारिमा कृषि आधारित जनसङ्ख्या छँदैछ। र, त्यो कृषि आधारित जनसङ्ख्या मूलतः हिंसाकै कारणले यस्तो बेहाल अवस्थामा छ कि जहाँ तीसौं चालिसौं लाख युवाहरू देशबाहिर छन्। बुढाबुढी,

**हाम्रो गरीबी, अविकसित र पछौटेपनको फाइदा लिएर हाम्रा पूर्वीय सभ्यताका बिरूद्धमा विदेशीहरूले छेडेको सभ्यताको लडाईं र धर्म बिस्तारका प्रयासहरूले तीव्रता लिएका छन्। ती यहाँको राजनीतिक अन्यौलतापूर्ण वातावरणको कुहिरोभित्र पसेर अराजनीतिक र असामाजिक क्रियाकलापका साथ हाम्रो समाज र त्यसका तन्तुविरोधी क्रियाकलापहरू तीब्रताका साथ सञ्चालन गरिरहेका छन्।**

महिला, कलिला बालबालिका, घरमा छन् र पुरूषविहिन स्थितिमा कृषि प्रणालीलाई धान्नु पर्ने स्थिति छ।

हाम्रो गरीबी, अविकसित र पछौटेपनको फाइदा लिएर हाम्रा पूर्वीय सभ्यताका बिरूद्धमा विदेशीहरूले छेडेको सभ्यताको लडाईं र धर्म बिस्तारका प्रयासहरूले तीब्रता लिएका छन्। ती यहाँको राजनीतिक अन्यौलतापूर्ण वातावरणको कुहिरोभित्र पसेर अराजनीतिक र असामाजिक क्रियाकलापका साथ हाम्रो समाज र त्यसका तन्तुविरोधी क्रियाकलापहरू तीब्रताका साथ सञ्चालन गरिरहेका छन्। यी कार्यहरूमा उनीहरूले मोटो रकम लगानी पनि गरिरहेका छन्। यस्तो बेलामा हामी फेरि संविधानसभामार्फत् नयाँ संविधान निर्माण गर्न चुनाव गर्ने र संविधान र निर्वाचित सरकार बनाएर सङ्क्रमणकाललाई टुङ्ग्याउँदै अगाडि बढ्ने उद्देश्यका साथ क्रियाशील छौं। यतिखेरै हामीले फालेको सामन्ती राजतन्त्र त्यसका समर्थक शुभेच्छुकहरूको सहायतामा समाजका पछाडि परेका, धार्मिक अन्धविश्वास र धर्भभिरूतामा अल्मलिएका र हिजो राजतन्त्रबाट लाभान्वित भएका तत्त्वहरू जो फेरि पुरानो अवस्था फर्काउन पाए पुनः लाभान्वित भइन्थ्यो भन्ने लाभको सपना देखेका आदि तत्त्वहरूको सहयोगमा ऊ पनि पुनर्स्थापनाका लागि आफ्ना प्रयासहरू गरिरहेको छ। अझ कतिपय माथि भनेजस्तै बाहृय तत्वहरूको उक्साहट र लगानीमा समेत यहाँका सुन्दर सामाजिक मूल्य–मान्यता, सभ्यता र संस्कृतिहरूसमेतलाई चुनौती दिदै हाम्रो देशको विशेष प्रकारको भौगोलिक लगायतका विविधतायुक्त बनावट र सामाजिक संरचना, मिश्रित बसोबासयुक्त बहुजातीयलगायतका बहुलवादी सामाजिक संरचनालाई द्वन्द्व र कलहको विषय बनाएर फाटो, विद्वेष र घृणाको खेतीजस्ता कुराहरूबाट आफ्नो दुनो सोझ्याउने सङ्कीर्ण, गैरजिम्मेवार, जनविरोधी र देशघाती काम पनि केहीले गर्न खोजिरहेका छन् र गरिरहेका छन्।

केही तत्त्वहरू यथास्थितिमा नै समाजलाई राख्न चाहन्छन्। मूलतः राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले यथावतै राख्न चाहन्छन्। राजनीतिक अधिकारको पक्षमा अलिकति सुधार गर्न र त्यसबाहेक सामाजिक प्रबन्धलाई यथावत् राख्न चाहन्छन्। यस्तो बेलामा हामी अग्रगामी सामाजिक परिवर्तन, सामाजिक न्याय र समानतासहितको समाज स्थापना गर्न चाहन्छौं। शासन र नीति निर्माणमा जनताको यथोचित सहभागिता भएको लोकतन्त्र चाहन्छौं। वास्तवमा नै गणतन्त्रात्मक लोकतन्त्र स्थापना गर्न चाहन्छौं र सुदृढ राष्ट्रिय एकताका साथ समृद्धि हासिल गर्ने प्रगतिशील सामाजिक–आर्थिक नीतिका साथ अगाडि बढ्न चाहन्छौं।

माथि नै चर्चा भैसकेको छ कि हामी यतिखेर विशिष्ट र जटिल सङ्क्रमणकालमा छौं। राजतन्त्र फालिए पनि उग्रपन्थी शक्ति क्रियाशील छ। उग्रपन्थता सैद्धान्तिक रूपमा पराजित भयो र त्यसको हिंसा असफल भएको छ। तर त्यो शक्ति अहिले पनि एउटा प्रमुख शक्तिकै रूपमा छ। हिजो संविधानसभा हुँदा त प्रमुख हैसियतको प्रमुख शक्ति नै।

यसरी एउटा प्रगतिशील, लोकतान्त्रिक, आन्दोलनकारी र अग्रगामी शक्तिले आन्दोलन गरेर प्राप्त गरेको विजयलाई निर्बाध ढङ्गले अगाडि बढाउन पाउने अवस्था छैन। किनभने यसका घाँटीमा घाँडो र खुट्टामा फाले पनि हालिएको छ। फाले हाल्ने यथास्थितिवाद र घाँडो झुन्ड्याउने उग्रवाद छ। अर्को पृथकतावाद, सङ्कीर्णतावाद र पछाडि फर्काउन खोज्ने प्रतिगामी तत्व छ। यो गएको संविधानसभा, जो आन्दोलनबाट बनेको संविधानसभा हो, त्यो जुन उद्देश्यतर्फ जानुपर्ने हो, त्यसैमा सहमत नभएकाको प्रमुख हैसियत भयो। अनि त्यो संविधानसभा प्रतिकूल संविधानसभा भएन ? आज त्यो संविधानसभा छैन। अर्को संविधानसभा बनाउँदा पनि राजनीतक शक्तिहरू को कहाँ छन् ? त्यसका पात्रहरू को छन् त ? त्यसका संवाहक मानिएका शक्ति को छन् भन्दा जसका उद्देश्य फरक–फरक, अनुपयुक्त र अनुचित छन्। त्यस्ताहरूलाई लिएर हामीले यस सङ्क्रमणकाललाई टुङ्ग्याउनु छ। त्यसकारण यो विशिष्ट सङ्क्रमणकाल भनिएको हो। सामान्यतया सङ्क्रमणकालमा के हुन्छ भने आन्दोलनकारी शक्तिले आन्दोलन गर्छ, त्यसलाई सफल बनाउँछ, त्यसको व्यवस्थापन गर्छ। तर यहाँ त

**प्रगतिशील, लोकतान्त्रिक, आन्दोलनकारी र अग्रगामी शक्तिले आन्दोलन गरेर प्राप्त गरेको विजयलाई निर्बाध ढङ्गले अगाडि बढाउन पाउने अवस्था छैन। किनभने यसका घाँटीमा घाँडो र खुट्टामा फाले पनि हालिएको छ। फाले हाल्ने यथास्थितिवाद र घाँडो झुन्ड्याउने उग्रवाद छ। अर्को पृथकतावाद, सङ्कीर्णतावाद र पछाडि फर्काउन खोज्ने प्रतिगामी तत्व छ।**

आन्दोलनकारी एकथरी भए अर्को आएर प्रमुख पार्टी बन्यो । व्यवस्थापनको मुख्य जिम्मा अराजकतावादीलाई सुम्पिइयो । अनि कसरी बन्थ्यो संविधान ! कसरी टुङ्गियोस् सङ्क्रमणकाल !!

**कम्युनिष्ट पार्टीले नै आफ्नो स्थापनासँगै राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, निरङ्कुशतन्त्रको अन्त्य र लोकतन्त्रको स्थापना, सामाजिक असमानता विभेदको अन्त्य र समतामूलक समाजको स्थापना, राष्ट्रिय हितहरूको रक्षा र संवर्द्धनजस्ता प्रश्नहरू र न्यायोचित वितरण प्रणालीसहितको आर्थिक वृद्धि र विकासजस्ता मुद्दाहरूको कुरा उठायो ।**

तत्काल मागको रूपमा नराखिए पनि ०६२/६३ को आन्दोलनको एउटा माग सामन्ती राजतन्त्रात्मक प्रणालीलाई समाप्त पार्ने र लोकतान्त्रिक गणतन्त्र स्थापित गर्ने थियो । सामन्ती निरङ्कुशतन्त्रका ठाउँमा लोकतन्त्र, राजतन्त्रका ठाउँमा गणतन्त्र, सामाजिक असमानता र विभेदको विभेदयुक्त समाजका ठाउँमा सामाजिक न्याय र समानतासहितको समाजको स्थापना, जनता शासित भएका ठाउँमा जनताको शासन, नीति निर्माणमा जनताको सहभागिताको शासन भएको व्यवस्था गएको आन्दोलनका उद्देश्यहरू थिए । त्यसरी नै राष्ट्रिय एकतालाई अनेक हिसाबले कमजोर पार्ने विचार र व्यवहारका ठाउँमा एकतालाई मजबूत पार्ने देशभक्त विचार, व्यवहार र शासन व्यवस्थाको चाहना थियो । सर्वोपरि कुरा उत्पादक शक्तिहरूको विकासमा बाधक बनेको सामन्ती राजनीतिक नेतृत्व र राजनीतिक प्रणालीलाई विस्थापित गरेर उत्पादक शक्तिहरूको विकासमा साधक प्रगतिशील अर्थनीतिका पक्षधर शक्तिहरूको शासन व्यवस्था स्थापना गर्ने । त्यस्तो राजनीतिक प्रणाली जसले उत्पादकत्व र उत्पादन वृद्धि र बिस्तार गर्न जनसहभागितामा विकासलाई अगाडि लाने र यथोचित वितरण प्रणालीलाई समेत ध्यान दिने अर्थनीतिमार्फत उत्पादक शक्तिहरूको विकास गरी समृद्धि हासिल गर्ने नै थिए । जो जनताको सहभागितामा अगाडि बढ्न सकोस् र हामी समृद्धि हासिल गर्न सकौं । वस्तुतः ०६२/६३ का आन्दोलनका उद्देश्यहरू यी थिए । त्यसको उद्देश्य एकदलीय एकाधिकारवाद लाद्ने कदापि थिएन । त्यसको उद्देश्य उग्रपन्थतालाई स्थापित गर्ने थिएन । त्यसको उद्देश्य उग्रपन्थता र अराजकतालाई बढावा दिनु थिएन । तर जुन उद्देश्यहरू थिएनन्, तिनै कुराहरू आन्दोलनपछि स्थापित भए वा गर्न खोजिए ।

हाम्रो समाजका सङ्क्रमणकालका दुई प्रकारका विशेषता छन्– एउटा आम सङ्क्रमणकाल र अर्को अहिलेको तात्कालिक सङ्क्रमणकाल । समाज परिवर्तनका अर्थात् अग्रगामी लोकतान्त्रिक परिवर्तनका प्रयासहरू राणाशासनको अन्तिम-अन्तिमकालतिर प्रारम्भ भए । २००७ सालको आन्दोलनले राणाशासनलाई विस्थापित गऱ्यो र त्यहाँबाट नेपाली समाज निरङ्कुश सामन्ती राजतन्त्रात्मक समाजबाट जनवादी गणतन्त्रात्मक लोकतान्त्रिक समाजतर्फ अगाडि बढ्यो र त्यस आन्दोलनका सफलताका सिलसिलाहरू प्रारम्भ भए । ठोस रूपमा नेपाली समाजको परिवर्तन र रूपान्तरणको प्रक्रिया ००७ सालदेखि सुरु भयो । नेपाली समाजको सङ्क्रमणकाल त्यहाँबाट सुरु भयो । तर त्यस सङ्क्रमणकाललाई उपयुक्त ढङ्गले टुङ्ग्याउन र व्यवस्थापन गर्न सकिएन । त्यसैकारण २०१७ सालमा अधिकारहरू गुमे र पुनः निर्दलीय पञ्चायती व्यवस्था नामको निरङ्कुशता लादियो ।

कम्युनिष्ट पार्टीले नै आफ्नो स्थापनासँगै राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, निरङ्कुशतन्त्रको अन्त्य र लोकतन्त्रको स्थापना, सामाजिक असमानता विभेदको अन्त्य र समतामूलक समाजको स्थापना, राष्ट्रिय हितहरूको रक्षा र संवर्द्धनजस्ता प्रश्नहरू र न्यायोचित वितरण प्रणालीसहितको आर्थिक वृद्धि र विकासजस्ता मुद्दाहरूको कुरा उठायो । त्यहींबाट ठोस रूपमा अग्रगामी सामाजिक परिवर्तनका प्रयासहरू सुरु भए । ००७ सालको आन्दोलनले एउटा उचाइ र सफलता प्राप्त गऱ्यो । तर, उपलब्धिहरूलाई संस्थागत गर्न सकिएन । किनभने उपलब्धिहरूलाई प्रगतिशील ढङ्गले संस्थागत गर्ने कम्युनिष्ट पार्टी नै २००८ साल माघबाट प्रतिबन्धित भयो । नेपाली काङ्ग्रेसले प्रतिबन्ध लगायो । २०१३ सालको वैशाखमा टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि बल्ल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध हटाइयो । आन्दोलनकारी शक्ति त यसै विभाजित भयो । प्रगतिशील आन्दोलनकारी शक्तिमाथि अथवा कम्युनिष्ट आन्दोलन र शक्तिमाथि दमन त दक्षिणपन्थी प्रतिक्रियावादी शक्तिसँग मिलेर आफूलाई प्रजातन्त्रको ठेकेदार ठान्ने र त्यतिबेला आन्दोलनको अगुवाइ

गरिरहेको काङ्ग्रेसले नै गरेको थियो । तर उसले के बुझेन भने आन्दोलनकारी शक्तिहरूबीचको एकता चाहिन्छ, अग्रगामी दिशामा मुलुकलाई लानुपर्छ र मात्रै आन्दोलनका उपलब्धिहरूलाई थेग्न सकिन्छ । प्रतिगामी शक्तिलाई पराजित गर्नका लागि अग्रगामी परिवर्तनका साथ जनतालाई समेटेर र जनतालाई साथमा लिएर हिंड्नुपर्छ भन्ने कुरा उसले बिर्सियो ।

शासनमा पुगेपछि काङ्ग्रेसको कमजोरी भयो । त्यस कमजोरीले ०१७ सालमा निरङ्कुशता लाद्न सजिलो भयो । कम्युनिष्ट पार्टीलाई त काङ्ग्रेसको दमनले नै खुम्च्याइयो र कमजोर बनायो । परिवर्तनकारी अग्रगामी लोकतान्त्रिक शक्ति कमजोर बन्यो । तर त्यसको त्यसको असर त त्यस शक्तिले भोग्नुपर्ने थिएन, किनभने प्रतिक्रियावादी शक्ति त अर्को षड्यन्त्र गर्दैथ्यो । संसद्मा काङ्ग्रेसको दुई–तिहाई भए पनि एक्लो काङ्ग्रेसलाई असफल पार्न सजिलो भयो । अहिलेको सङ्क्रमणकाल अर्थात् ०६२/६३ भन्दा यता आएको विशेष सङ्क्रमणकाल, आवधिक सङ्क्रमणकाल, जसको काँधमा अहिले नयाँ लोकतान्त्रिक संविधान दिने र आन्दोलका उपलब्धिहरूलाई संस्थागत गर्ने एवं लोकतन्त्रलाई सुदृढ गरी समाजलाई अगाडि बढाउने अभिभारा छ । एउटा समग्र नेपाली समाजको परिवर्तन, रूपान्तरण र व्यवस्थापनका निम्तिको सङ्क्रमणकाल नीतिगत रूपमा ००६ सालदेखि र ००७ सालको आन्दोलनदेखि मूर्त र व्यावहारिक रूपमा सुरु भयो र अद्यापि जारी छ । अहिलेसम्म पनि त्यो प्रक्रिया त जारी छ । अर्धसामन्ती तथा अर्धऔपनिवेशिक समाजबाट जनवादमा जाने प्रक्रिया टुङ्गिएको छैन । राजतन्त्रबाट गणतन्त्रमा जाने यही प्रक्रिया पनि टुङ्गिएको छैन । किनभने गणतन्त्रलाई संवैधानिक रूपमा अझैसम्म संस्थागत गर्न सकिएको छैन ।

अहिले पनि गणतन्त्रात्मक संरचना कस्तो हो भन्ने स्पष्ट छैन । गणतन्त्रमा शक्ति विन्यास कस्तो हो प्रस्ट छैन । गणतन्त्रमा कुन–कुन संस्थाहरू कस्ता हुन्छन् ? अहिले पनि हामी प्रधानमन्त्री र राष्ट्रपतिमा कति अधिकार राख्ने हो स्पष्ट छैनौं । अथवा राष्ट्रप्रमुखका अधिकारहरू कस्ता हुने र उसले काम कसरी गर्दछ, देखि लिएर गणतान्त्रिक प्रणालीभित्र, यो लोकतान्त्रिक प्रणालीभित्र कस्ता–कस्ता प्रशासनिक, राजकीय र अरु निकायका संरचना, राजकीय, प्रशासनिक र विकासका संरचनालगायत विभिन्न संरचनाहरू के–कस्ता हुने स्पष्ट हुन सकेका छैनौं ।

अर्धसामन्ती तथा अर्धऔपनिवेशिक सामाजिक आर्थिक संरचनाको सन्दर्भमा कुरा गर्ने हो भने हामी एउटा सामान्य आम सङ्क्रमणकालमा छौं । यो अहिलेको विशिष्ट सङ्क्रमणकाल, आम सङ्क्रमणकाल-भित्रकै कुरा हो । र, विभिन्न समयका आन्दोलन र तीनका सफलताहरूले केही परिवर्तन ल्याएको छ । ००७ सालमा आएको परिवर्तन अहिलेसम्मका परिवर्तनहरूमध्ये सबैभन्दा ठूलो र ऐतिहासिक परिवर्तन हो । त्यो परिवर्तनले जर्जर सामन्ती निरङ्कुशताबाट जहाँ स्कुल कलेज खोल्न पाइँदैनथ्यो, पढाउन पाइँदैनथ्यो र सम्पूर्ण रूपमा जनता अधिकारविहीन थिए, त्यस अन्धकार सामन्ती युगबाट नेपाललाई आधुनिक युगमा प्रवेश गरायो । ०१७ सालमा पञ्चायत आयो वा निरङ्कुशता आयो तर ०७ सालभन्दा पहिलेको जसरी आउन सक्दैनथ्यो र आएन । ००७ सालअघि निरङ्कुशतन्त्रको अन्धकार युग थियो भने ०१७ सालपछि ल्याइएको निरङ्कुशतन्त्रले निःशुल्क तथा अनिवार्य पाठशाला भनेर जोड दिनुपर्‍यो । बाटा नबनाउने होइन बनाउने र नपढाउने होइन स्कूल कलेज खोल्ने कुरामा जोड दिनुपर्‍यो । सामन्तवादको पृष्ठपोषण गर्दा पनि भूमिसुधार भनेर गर्नुपर्‍यो । सामन्तवाद यसरी रङ्ग र तरिका बदलेर आउनुपर्‍यो । सामन्तीतन्त्रलाई पनि नक्कली, मायावी र छलकपटपूर्ण तरिकाका साथ आउन बाध्य बनायो । त्यो केले बनायो त ? यी सबै कुराका पछाडि ०७ सालको आन्दोलनले जुन सफलता प्राप्त गर्‍यो, त्यसले ल्याएको परिवर्तनको प्रभावले नै हो । अब पुरानै ढाँचा र तरिकामा जान सकिँदैनथ्यो । राजतन्त्रले शासन हातमा लिँदा पनि नयाँ तरिका र ढाँचाले आउनुपर्‍यो । अर्थात्, सामन्तवाद कमजोर हुँदै गयो र उसले आफ्नो तरिका नै बदल्नु

**कसैले अलिकति ठूलो काम गर्‍यो भने त्यसलाई बढाइचढाइ गर्ने शैली हुन्छ । त्यो त्यस्तै अतिशयोक्तिपूर्ण शैलीले व्याख्या गर्ने प्रवृत्ति पनि अहिले देखा परेका छन् । यी प्रवृत्तिहरू सैद्धान्तिक, वैचारिक र व्यावहारिक रूपमा पनि प्रकट भएका छन् । यस्तो बेलामा मान्छेले आफ्नो पाण्डित्याइँ प्रदर्शन पनि गर्ने गर्दछन् । मान्छेका स्वाभाव, इच्छा र भ्रमहरू पनि यस्तो बेलामा प्रकट हुने गर्दछन् । अहिले यस्ता कुराहरू भइरहेका छन् ।**

पर्‍यो । सामन्तीतन्त्रले जमिन्दारीको होइन भुमिसुधार गर्ने र मोहीयानी हक कायम गर्ने नारा लगाउनुपर्‍यो । निरक्षरतामा होइन, साक्षरता र शिक्षामा जोड दिनुपर्‍यो । जातीय असमानता र वर्णाश्रम व्यवस्थाको वकालत गरेर होइन कि छुवाछूतको अन्त्य भन्ने कुरा अगाडि सार्नुपर्‍यो । सबै आफ्नो हातमा लिन्छु भन्दा पनि मुलुकी ऐन जारी गरेर लिनुपर्‍यो । यस ढङ्गले नयाँ विधिबाट सामन्तवादलाई पनि आधुनिक पारामा लानुपर्‍यो । सामन्तवाद त्यसो गर्न बाध्य भयो । यसरी आन्दोलनले उपलब्धि हासिल गरेर विभिन्न परिवर्तन ल्याएका छन् ।

अहिले हामी सामान्य सङ्क्रमणकालीन अवस्थामा नै छौं । अहिलेको विशेष सङ्क्रमणकाल त्यही सामान्य सङ्क्रमणकालभित्रै पर्छ । अहिलेको विशेष सङ्क्रमण-काल व्यवस्थापनबाट टुङ्ग्याउने क्रमशः परिवर्तनलाई हामी कति संस्थागत गर्न सक्छौं ? परिवर्तनलाई कति अगाडि बढाउन सक्छौं ? परिवर्तनका उपलब्धिहरूलाई कति समृद्ध गरेर अगाडि बढाउन सक्छौं ? त्यो त संस्थागत गरेपछि देखिने कुरा हो । अहिले त हामीले संस्थागत नै गरेका छैनौं । यस्तो अवस्थामा विभिन्न शक्तिहरू छन् र यी विभिन्न शक्तिहरूले विभिन्न प्रकारका अन्योल फिँजाएका छन् र क्रियाशीलता पनि जनाएका छन् । जब संविधान बन्दै छ र उपलब्धिहरूलाई संविधानमै संस्थागत र व्यवस्थापन गर्ने कुरा छ यस प्रसङ्गमा सबैले आफ्ना स्वार्थ र उद्देश्यहरूलाई त्यहाँ राख्न चाहन्छन् र यसो हुनु पनि स्वाभाविक हो । यी विभिन्न रङ रूपका विभिन्न उद्देश्य र स्वार्थका तत्वहरूको क्रियाशीलताले स्वाभाविक रूपमा भ्रम र अन्योल पनि त्यत्तिकै खडा गरेका छन् । यस्तै बेलामा मान्छेहरूमा परिवर्तन के हो ? र त्यसलाई कसरी बुझ्ने ? परिवर्तनले पाएको विजय भनेको के कस्तो र कति हो ? यसका उपलब्धि के–कस्ता हुन् ? तिनको सम्बन्धमा घटाएर वा बढाएर बुझ्ने कुरा पनि हुन सक्छ । अर्को के भने साहित्यमा जस्तो अतिशयोक्तिपूर्ण ढङ्गले बुझ्ने कुरा पनि हुन्छ । कसैले अलिक बढी ठूलो भारी बोक्यो भने पहाडै बोकेछ, पहाडै बोकेर ल्यायो भन्ने चलन हुन्छ । कसैले अलिकति ठूलो काम गर्‍यो भने त्यसलाई बढाइचढाइ गर्ने शैली हुन्छ । त्यो त्यस्तै अतिशयोक्तिपूर्ण शैलीले व्याख्या गर्ने प्रवृत्ति पनि अहिले देखा परेका छन् । यी प्रवृत्तिहरू सैद्धान्तिक, वैचारिक र व्यावहारिक रूपमा पनि प्रकट भएका छन् । यस्तो बेलामा मान्छेले आफ्नो पाण्डित्याइँ प्रदर्शन पनि गर्ने गर्दछन् । मान्छेका स्वाभाव, इच्छा र भ्रमहरू पनि यस्तो बेलामा प्रकट हुने गर्दछन् । अहिले यस्ता कुराहरू भइरहेका छन् ।

**उग्रपन्थ अहिले पनि एउटा उल्लेख्य हैसियतामा छ । अनेक प्रकारका सङ्किर्णतावादी, जातीवादी, पृथकतावादी शक्तिहरू क्रियाशील छन् । अनि लोकतान्त्रिक प्रणाली र मूल्य–मान्यतामा नै सहभागिता नहुने विचार प्रवृत्ति पनि छन् । चुनावै हुन दिन्न भन्ने पक्षहरू पनि छन् । सङ्क्रमणकाल कसरी टुङ्गिने हो वा कहाँ पुगेर अडिने हो टुङ्गो छैन । यस्तो बेलामा क्रान्ति सम्पन्न भैसक्यो भन्ने विश्लेषणलाई आन्दोलनप्रतिको रङ्गिन प्रस्तुतिबाहेक के भन्ने ? महान क्रान्ति हुँदा के–के हुन्छन् त ?**

क्रान्ति शब्दले के अर्थ बोक्छ र के मात्र जनाउँछ ? क्रान्तिको नेतृत्व वैचारिक र व्यावहारिक रूपमा कुन वर्ग र कुन शक्तिले गर्न सक्दछ ? क्रान्तिका सहभागी शक्तिहरू कस्ता–कस्ता कुन सक्तछन् ? माग र नाराहरू के–कस्ता थिए ? आन्दोलनभित्रका हाम्रा उद्देश्यहरू मात्र पर्याप्त हुन्छन्, हुँदैनन् र आन्दोलनको समापनका निष्कर्षहरू कस्ता रहे ? आदि कुराहरूले आन्दोलन कि क्रान्तिजस्ता प्रश्नहरूको निश्चय नै जबाफ दिन्छन् ।

०६२/६३ को आन्दोलनलाई कसरी बुझ्ने ? कसैले यो आन्दोलन एउटा शान्तिपूर्ण जनक्रान्ति हो भनेका छन् । यो क्रान्ति सफल भयो भने यो केका विरुद्ध गरिएको थियो ? के सामन्तवाद समाप्त भयो ? सामन्तवाद समाप्त भयो भन्ने कुराको सबभन्दा ठूलो प्रमाण राजतन्त्र समाप्त भयो भन्ने होला । राजतन्त्रसँगै सामन्तवाद समाप्त भयो र गणतन्त्र आयो भन्ने होला । सामन्तवाद समाप्त भयो भने समाज कहाँ जान्छ त ? स्वाभाविक रूपमा त्यसो भए समाज पूँजिवादमा गयो ? यो जनवादी क्रान्ति सफल भइसक्यो भन्ने तर्क, तथ्य, प्रमाण, वस्तुस्थिति, धरातलीय यथार्थतामा आधारित होइन कि बौद्धिक तर्कशास्त्रहरूमा आधारित छ ।

जतिबेला सङ्क्रमणकाल जारी छ, देश कहाँ जान्छ टुङ्गो छैन । हामी जनतालाई आश्वस्त पार्दै भनिरहेका छौं कि यो देशमा एमालेजस्तो लोकतान्तिक, प्रगतिशील

र देशभक्त पार्टी छ। जबज जस्तो विचार अँगालेको अत्यन्तै सुदृढ र अनुभवी सङ्गठन भएको पार्टी छ। अनुभवको चाङ्गमाथि उभिएको यो पार्टी छ भने यसले लोकतन्त्र, शान्ति, न्याय, समानता र राष्ट्रिय एकताभन्दा अन्यत्र देशलाई जान दिँदैन र समृद्धितर्फ नै लिएर जान्छ। हाम्रा प्रयासहरू त्यस दिशामा केन्द्रीत छन्। तर यतिबेला अरु शक्तिहरू पनि क्रियाशील छन्। यस्तो बेलामा विभिन्न ठाउँमा निरङ्कुशतन्त्र फर्किएका उदाहरणहरू छन्। फर्किंदैन भन्ने सम्पूर्ण रूपमा सुनिश्चितता गर्न सकिँदैन।

उग्रपन्थ अहिले पनि एउटा उल्लेख्य हैसियतामा छ। अनेक प्रकारका सङ्किर्णतावादी, जातीवादी, पृथकतावादी शक्तिहरू क्रियाशील छन्। अनि लोकतान्त्रिक प्रणाली र मूल्य–मान्यतामा नै सहभागिता नहुने विचार प्रवृत्ति पनि छन्। चुनावै हुन दिन्न भन्ने पक्षहरू पनि छन्। सङ्क्रमणकाल कसरी टुङ्गिने हो वा कहाँ पुगेर अडिने हो टुङ्गो छैन। यस्तो बेलामा क्रान्ति सम्पन्न भैसक्यो भन्ने विश्लेषणलाई आन्दोलनप्रतिको रङ्गिन प्रस्तुतिबाहेक के भन्ने ? महान क्रान्ति हुँदा के–के हुन्छन् त ? राजनीतिक नेतृत्वको प्रश्न आउने नै भयो। त्यसो भए कुन वर्गबाट कस्तो वर्गको हातमा नेतृत्व आयो ? सामन्ती राजतन्त्रात्मक नेतृत्वबाट भन्ने हो भने त्यो सामन्ती राजतन्त्रात्मक नेतृत्व त राजतन्त्र भएपनि त्यो त हिजो पनि शासन सञ्चालनमा थिएन। हामी त एउटा क्रमिक सङ्क्रमणकालिन स्थितिमै छौं। २०४६ भन्दा पछि त राजतन्त्र संवैधानिक भएर बस्यो। संवैधानिक राजतन्त्र भनेको पञ्चायतकालको जस्तो सक्रिय राजतन्त्र होइन। अनि विभिन्न देशमा राजतन्त्र छन्, अर्थात् नेतृत्व बिनाको राजतन्त्र त्यसलाई राजतन्त्रको नेतृत्व र सामन्ती नेतृत्वको समाज भनिँदैन। अब पछि फेरि ज्ञानेन्द्रले आश्विन १८ र माघ १९ का घटनाहरूबाट शासन आफ्नो हातमा बलजफ्ती लिने र निरङ्कुशतातर्फ देशलाई फर्काउने कुराबाट नेतृत्व खोसेको भन्ने हो भने विघठित संसद् पुर्नस्थापित हुँदै राजतन्त्रबाट नेतृत्व खोसियो। शान्तिपूर्ण जनआन्दोलनले नै खोस्यो। दलहरूका हातमा नेतृत्व फर्काउने, सत्ता फर्काउने अप्रिल २४, २००६ को आन्दोलनकारी शक्तिहरूले लेखेको राजनीतिक घोषणा जो राजाले पढिबाँची गरे। त्यो बिन्दु हो कि क्रान्ति सम्पन्न भएको ? अथवा राजाले जो राष्ट्रप्रमुखको हैसियले शक्ति प्रयोग गरिरहेको स्थितिबाट अधिकारविहिन संस्था मात्रै बाँकी राख्ने र राष्ट्रप्रमुखको हैसियतले गर्ने काम पनि प्रधानमन्त्रीले नै गर्ने वा प्रधानमन्त्रीमा हस्तान्तरण गर्ने पुर्नस्थापित संसद्का निर्णयबाट भयो कि ? त्यो निर्णयले गर्दा पछि संविधानसभाको पहिलो बैठकबाट राजतन्त्र अन्त्यको घोषणा गर्दा सहज ढङ्गले हुनसक्ने भयो किनभने राजतन्त्रका अधिकार पहिलेदेखि नै कटौती भएर अधिकारविहिन बनाइसकिएको थियो। सत्ताबाट अलग गरिसकिएको थियो। संविधान घोषणा गर्दा खेरी गाह्रो भएन। त्यो बिन्दुमा पुऱ्याउने निर्णय कि पछिको निर्णय कुनचाहिँ मितिबाट क्रान्ति सम्पन्न भयो भनेर मान्ने ? त्यो पनि छाडौं। अझैसम्म संस्थागत नभैसकेको स्थिति छ। अर्को नेतृत्वको प्रश्न छ। नेतृत्व कहाँ आइपुगेको छ ? महान क्रान्ति सफल भएको छ भने अग्रगामी परिवर्तनकारी नेतृत्वलाई हस्तान्तरण गर्ने कुरा कहाँ पुग्यो त भन्दा अहिले दलहरूबाट प्रधानन्यायाधीशको नेतृत्वमा, कर्मचारीहरूको नेतृत्वमा सरकार बनेको अवस्था छ। क्रान्तिको अभिभारा के त्यही थियो त ? सामन्ती राजतन्त्रात्मक नेतृत्वका ठाउँमा गैरराजनीतिक नेतृत्व नै त्यस आन्दोलनको अभिभारा थियो त ? कि त्यो नेतृत्वको पनि प्रश्न टुङ्गिनुपर्छ ? क्रान्तिले अग्रगामी नेतृत्व स्थापित गर्नुपर्छ कि पर्दैन ? कि अग्रगामी नेतृत्वबिना समाज अग्रगामी परिवर्तनमा जान्छ ? त्यसकारण नेतृत्व कसको भैराखेको छ त अहिले ? अथवा संविधानसभापछि अलिकति त माओवादी स्थापित भयो। के त्यही उग्रपन्थको हातमा नेतृत्व सुम्पिनु आन्दोलनको उद्देश्य थियो ? जसले एकदलीय एकाधिकारवादी शासन कायम गर्नका लागि प्रकारान्तरले एउटा फौजी 'कू' को आयोजना गर्न खोज्यो र हामीले सरकारबाट हटायौं। यसो हो भने नेतृत्वका प्रश्नमा के उपलब्धिमा हामी पुगेका छौं र क्रान्ति सम्पन्न भयो त ?

अब वर्गीय सत्ता वा वर्गीय नेतृत्वको परिवर्तनको प्रश्न वा उत्पादक शक्तिहरूको विकासमा बाधक बन्ने नेतृत्व वा त्यो विचारको नेतृत्वका ठाउँमा अग्रगामी नेतृत्व स्थापना भएको छ कि छैन भन्ने प्रश्न। अर्को वर्ग सत्ताको परिवर्तनको सन्दर्भमा कुन वर्ग शासनमा थियो कुन हट्यो ? उग्रवादी माओवादी जङ्गलबाट आएर शासनमा सहभागी भयो। त्यही थियो क्रान्तिको अभीष्ट ? अथवा वर्गीय शासनको हिसाबले कुन वर्गको शासन थियो ? कि हामीले ०६१ देखि ०६२/६३ को मात्रै या माघ १९ देखिको मात्रै हिसाब गर्छौं ? कुनचाहिँ हिसाबमा क्रान्ति भयो त ? त्यसले उत्पादन

सम्बन्धहरूमा के भिन्नता ल्यायो ? अथवा के भिन्नता ल्याउने आधारहरूतर्फ त्यो अगाडि बढ्यो ? सामन्ती प्रणाली, सामन्ती अर्थतन्त्रमा परिवर्तन ल्यायो ? ०६२/६३ को आन्दोलनले सामन्ती अर्थतन्त्रका कुन–कुन ठाउँमा परिवर्तन ल्यायो ? सामन्ती सामाजिक प्रबन्ध हामी केलाई मान्छौं ? त्यसमा त्यसले कहाँ–कहाँ प्रहार गऱ्यो ? र, कस्तो जनवादी सामाजिक प्रबन्ध स्थापना गऱ्यो ? त्यसले कुन नवीन संस्कृति ल्यायो र कुन सामाजिक संस्कृतिमाथि प्रहार गयो ? र, कुन जनसंस्कृतिको स्थापना गऱ्यो ? अथवा देशको अर्थतन्त्रलाई सामन्ती अर्थतन्त्रबाट पुँजीवादी अर्थतन्त्रमा ल्याउँदा कुन उद्योग, कति उद्योग, कुन सेवाका क्षेत्र वा केबाट कति परिवर्तन गऱ्यो ? उत्पादन या संरचनागत विकास वा वित्तीय वा मौद्रिक केचाहिं त्यस्तो परिवर्तन ल्यायो ? क्रान्ति फगत सिपालु पण्डितले जुराइदिने नाम वा प्रशंसकले गुँथाइदिने विशेषण्को पगरी होइन। बरु, वास्तविकता अग्रगामी परिवर्तनको प्राप्ति हो।

**अहिले सम्म पनि हामी त्यो जनवादी आन्दोलनकै चरणमा छौं। जनवादी क्रान्ति पुरा भएको छैन। त्यसैले जनवादी क्रान्ति पुरा गर्नुपर्दछ। जनवादी क्रान्ति पुरा गर्न सामन्ती र पुरातनपन्थी शक्तिहरूलाई पराजित गर्नुपर्दछ।**

०६२/६३ को आन्दोलन एउटा महान र ऐतिहासिक सफल जनआन्दोलन थियो। त्यस शान्तिपूर्ण जनआन्दोलनमा व्यापक जनसहभागिता थियो। त्यसले बहुत बहादुरीका साथ निरङ्कुश राजतन्त्रका सत्ताका दमनहरूलाई पराजित गर्दै सफलता प्राप्त गऱ्यो। र, अगाडि बढ्नका निम्ति बाटो प्रशस्त गऱ्यो। त्यो कहाँनेरी भन्दा वैशाख ११ गते २०६३ अथवा अप्रिल २४ मा जुन घोषणा भयो। त्यसै घोषणाले बाटो खोल्यो। त्यसैले संसद् पुर्नस्थापना गऱ्यो र त्यसैले निर्णय गर्न सक्ने भयो। त्यही घोषणबाट नै हामी अगाडि बढ्यौं। त्यस आन्दोलनलाई महान ऐतिहासिक सफल जनआन्दोलन भन्नुपर्दछ। र, त्यो त्यही नै हो। त्यसको सीमालाई क्रान्तिको संज्ञा वा विशेषणले त्यसको सार्मथ्य वृद्धि गर्दैन र गरेन पनि। केही मान्छेहरूले त त्यसलाई संज्ञा र विशेषण अनेक दिए। तर, ती संज्ञा र विशेषताहरूले त्यसको न सार्मथ्य विकास गरे न त त्यसले क्रान्तिले गर्ने कामहरू नै गर्न सके।

उक्त आन्दोलनका उपलब्धिलाई बढाइ–चढाई र अतिशयोक्तिपूर्ण व्याख्या गर्न खोज्ने कुराले वास्तवमा हाम्रो सङ्क्रमणकालका जटिलता र यथार्थता तथा यस सङ्क्रमणकाललाई समाप्त गर्न खोज्नु पर्ने हाम्रा विधि र तरिकामा अन्यौल पैदा गर्दछ। हाम्रा काम र अभिभारामा अन्यौल पैदा गर्दछ। नभएका काम भए भन्ठान्ने नपुगिएका ठाउँमा पुगियो भन्ठान्ने भ्रमहरू लिएर अगाडि बढ्दा नदिको किनारमा नपुगिकन किनारमा पुगियो भनेर ढुङ्गाबाट फालहान्नुजस्तै हुनेछ। उपलब्धिलाई बढाइ–चढाइकन बुझेर धेरै अगाडि पुगिसकियो, किनारामै पुगिसकियो, किनारा भेटियो भनेर मुल्कामै हामफालियो भने निश्चय नै सुखद् परिणाममा पुग्न सकिँदैन। कसैलाई भ्रम नहोस्, अहिलेसम्म हामी यही मुल्कामै छौं।

नेपाली जनवादी क्रान्तिको चरण अर्थात् नेपाली समाजको परिवर्तन, रूपान्तरण र व्यवस्थापनका सन्दर्भको चरण राणाशासनको अन्त्यको बेलादेखि सुरुभयो। अहिले सम्म पनि हामी त्यो जनवादी आन्दोलनकै चरणमा छौं। जनवादी क्रान्ति पुरा भएको छैन। त्यसैले जनवादी क्रान्ति पुरा गर्नुपर्दछ। जनवादी क्रान्ति पुरा गर्न सामन्ती र पुरातनपन्थी शक्तिहरूलाई पराजित गर्नुपर्दछ। रणनीतिक रूपले त्यसका निम्ति जनतालाई सचेत र सङ्गठित गर्नुपर्दछ। जनताको ठूलो हिस्सालाई हामीले सङ्गठित र गोलबन्द गर्न सक्नु पर्दछ। प्रगतिशील शक्तिका हातमा नेतृत्व लिन सक्नुपर्दछ। क्रान्ति पुरा हुँदा सम्पूर्ण (Absolute) नेतृत्व जनवादी शक्तिका हातमा लिन सक्नुपर्दछ। व्यवधान र चुनौतिहरूसँग सामना गरेर तिनलाई पराजित गर्दै अगाडि बढ्ने कुराको सुनिश्चितता समेत गर्न सक्नुपर्दछ। जनवादी क्रान्ति त्यतिबेला राजनीतिक रूपमा पुरा गरेर आर्थिक सामाजिक नीतिलाई अगाडि बढाउने र सफल बनाएर नेतृत्व प्राप्त गरेको प्रगतिशील शक्तिले त्यसको अगुवाई गर्दै नेतृत्व र नायकत्व लिनुपर्दछ। अनि त्यो स्थितिमा हामी कहाँ छौं ? प्रगतिशील क्रान्तिकारी शक्तिको हैसियत कमजोर र प्रभाव प्रतिष्ठा घटेका बेला प्रगतिशील नामजस्ता देखिनेहरूको भ्रममा परेर क्रान्तिका सम्वाहक तिनै हुन् भन्ने भ्रम पालेर क्रान्ति सम्पन्न भयो भन्ठान्नु बौद्धिक विलासिताबाहेक केही पनि हुन सक्दैन। यो सामाजिक परिवर्तनको औचित्य र अभिभारालाई नकार्न खोजिएको हो, जबजलाई कमजोर बनाउन भनिएको हो। जनवादी क्रान्ति सम्पन्न भयो भन्ने भनाई, भ्रम र बुझाई

भयानक भड्काव हो, जसले नेपाली समाजको वर्तमान अवस्था, यसको आमचरित्र र यसलाई अगाडि बढाउन गर्नुपर्ने कामहरूकै सन्दर्भमा बुझ्ने कुरामा सारै ठूलो समस्या ल्याउने छ ।

नेपाली समाज अर्ध–सामन्ती र अर्ध-औपनिवेशिक समाज होइन भन्ने भनाई पनि आएको छ । अर्ध–सामन्ती भनेको ठ्याक्कै आधा सामन्ती होइन । कतिलाई अर्ध–सामन्ती भन्ने र कतिलाई सामन्ती भन्ने यसको यथोचित परिभाषा गर्न नजानेर वा अन्य कारणले पनि त्यस्तो भनाई आएको हुनसक्छ । सामन्ती प्रणालीमा जब पुँजीवादी औद्योगिक वा अरु प्रकारका चरित्र र प्रवृत्तिहरू मिसिएर आए त्यो समाज सामन्ती मात्रै रहेन । त्यसभित्र सामन्ती समाजको एकछत्रपन नरहेर त्यो खण्डित पनि रह्यो । त्यसो भएपछि यो समाज मिश्रित समाज बन्यो । अब त्यो सम्पुर्ण रूपमा सामन्ती मात्रै छैन । चोइटिएको अथवा खण्डीत भएको सामन्ति समाज रह्यो । मूलतः साामन्ती समाजै छ । तर त्यसमा पूँजिवाद पनि मिसियो । त्यसकारण यो अर्ध-सामन्ती भयो । यसमा पुँजीवादी औद्योगिक क्रियाकलापहरू, पुँजीवादका अन्य लक्षणहरू मिसिएर आएका छन् । खास गरी ००७ सालभन्दा पछि राजनीतिक र आर्थिक प्रणालीमा पूजीवादी प्रवृत्तिहरू प्रकट भए । राष्ट्र बैंक, लोकसेवा यी सबै पूँजिवादी प्रणालीका लक्षण हुन् । त्यसै गरेर महालेखालाई पनि त्यस अन्तर्गत लिन सकिन्छ । सामन्ती राजतन्त्रको लेखा कस्ले राख्छ ? उसले त पैसा बुझाउ भन्ने र त्यो पैसा खर्च भई सिद्धियो भन्ने हो । तर यी सबैकुरा तजवीजी नियुक्ति र वरखास्तीका ठाउँमा लोकसेवाजस्ता संस्था स्थापित भए । त्यस्ता संस्थाहरू कसैको निगाहभन्दा पनि नियम अन्तर्गत आए । नेपाल बैङ्कलगायतका बैङ्कहरूको स्थापना हुँदै गए । प्रणाली जे सुकै होस् सामन्ती अथवा पञ्चायतै भए पनि पुरै भारदारी सभामात्रै त थिएनन् यि ? तिनको निर्वाचन हुन्थ्यो । तल्ला निकायहरू गाविस, वडासम्मका निर्वाचन हुन्थे । राजनीतिमा लोकतन्त्रका लक्षणहरू र अर्थतन्त्रमा पनि पूँजिवादका प्रवृत्तिहरू आए । मैले माथि नै भनिसके– अहिलेसम्म नेपालको परिवर्तनमा सबभन्दा बढी प्रभाव पार्ने आन्दोलन २००७ सालकै हो । जसले आधुनिक संसारमा समाजलाई प्रवेश गरायो । सामन्ती अन्धकारयुगबाट आधुनिक जमानामा नेपाललाई प्रवेश गरायो । त्यही सबभन्दा ठूलो परिवर्तन ल्याउने आन्दोलन थियो ।

**यति बेला नेपाली समाजको विशेषता के हो त भन्दा अर्धसामन्ती नै हो । हामी सङ्क्रमणकालीन विशेषता बोकेको अर्धसामन्ती समाजमा छौं । सामन्तवाद तीव्रताका साथ भत्किँदो छ । पुँजीवादी राजनीति, अर्थतन्त्र, समाज र संस्कृति बढ्दो छ । निर्माण हुँदै गएको जनवादी प्रणाली, संरचना र विधिव्यवहार पनि छ । हामी यस यात्रामा छौं ।**

अझै पनि मुलुकको ठूलो जनसङ्ख्या कृषिमा आधारित छ । पछौटे कृषि अर्थतन्त्र छ । यद्यपि, जमिन्दारी व्यवस्था खण्डित छ । आजमात्र होइन, भूमिसुधार लागू हुँदा खण्डित भयो कि भएन ? विर्ता उन्मूलन गर्दा खण्डित भयो कि भएन ? विर्ता उन्मूलन गर्ने र २०२१ सालमा भूमिसुधार लागू गर्ने कुराले जमिन्दारीलाई कमजोर बनायो । तर, अझै पनि अनुपस्थित जमिन्दारी प्रथा छँदैछ । वादी, कमलरी, देउकी र झुमाजस्ता प्रथाहरू छँदैछन् । सामन्ती प्रणालीका यी विकृति र विसङ्गतिहरू छँदैछन् । लघु उत्पादन सम्बन्धहरू छँदैछन् । यस्तो बेलामा सामन्तवाद समाप्त भयो भन्नु गलत हो । बोक्सी भनेर आफन्तलाई नै कुट्ने अन्धकार सांस्कृतिक चेतनाको जमानामा हामी छौं । अनेका प्रकारका जातीय असमानता र छुवाछुतजस्ता कुराहरूलाई अन्त्य गरौं भनेर अभियान चलाउनु परिरहेकै छ । अनेक प्रकारका अन्धविश्वासी सांस्कृतिक पक्षहरू छन् । यस्ता परिस्थितिहरूमा पनि सामन्ती समाज रहेन भन्ने कुराको कति अर्थ हुन्छ ? तर कतिपय मान्छेहरू यस्ता भ्रमपूर्ण कुराहरू गरिरहेका छन् । कतिपय मान्छेहरू आधारहीन कुराहरू गरिरहेका छन् । कतिपय सतहका विश्लेषण भइरहेका छन् । केही समाजशास्त्रीका सतही, आधारहीन र तर्कहीन कुराहरू कक्षाकोठामा पढाउन काम लाग्छन् । एउटा तर्क प्रणालीअन्तर्गत तर्क र विचार व्यक्त गर्न काम लाग्छन् । तर्क र विचारहरूलाई अझ समृद्ध बनाउन तिनको सहायता लिन सकिन्छ । तर यिनीहरू सत्य होइनन् । त्यसकारण यस्ता तथ्यहीन कुराहरूमा गएर नेपाली समाजलाई नै बुझ्ने कुरामा दिग्भ्रमित हुने गरी वा दिग्भ्रमित पार्ने गरी अगाडि बढ्ने कुरा उचित होइन । हामी एउटा सङ्क्रमणकाल जारी रहेको अवस्थामा छौं । यति बेला नेपाली समाजको विशेषता के हो त भन्दा

अर्धसामन्ती नै हो । हामी सङ्क्रमणकालीन विशेषता बोकेको अर्धसामन्ती समाजमा छौं । सामन्तवाद तीव्रताका साथ भत्किँदो छ । पुँजीवादी राजनीति, अर्थतन्त्र, समाज र संस्कृति बढ्दो छ । निर्माण हुँदै गएको जनवादी प्रणाली, संरचना र विधिव्यवहार पनि छ । हामी यस यात्रामा छौं ।

अहिले कतिपयले नेपाल अर्धऔपनिवेशिक पनि रहेन भनेर तर्क गर्ने गर्दछन् । के भनेको अर्ध-औपनिवेशिक रहेन भनेर ? नेपाल कहिले पनि उपनिवेश भएन । नेपालको स्वाधीनताको सङ्ग्राम पनि अरु देशहरूको जस्तो भएन । जस्तो कि भारतले ब्रिटेनका विरुद्ध र चीनले जापानका विरुद्ध लड्यो । अरुले स्वाधीनताका सङ्ग्रामहरूलाई अघि बढाए । त्योभन्दा हामी राष्ट्रनिर्माणको प्रसङ्गमा, राष्ट्रको अस्तित्व जोगाउने प्रसङ्गमा लड्यौं । हामी उपनिवेश भएर बस्न सक्दैनथ्यौं । युद्ध हारेको भए उपनिवेश हुँदैनथ्यौं । हाम्रो अस्तित्व नै समाप्त हुन्थ्यो । अस्तित्व रक्षाका निम्ति हामीले लड्नुपर्थ्यो र लडेर जोगिएपछि उपनिवेश हुँदैनथ्यो । हाम्रो निम्ति त उपनिवेश हुने कि नहुने भन्ने प्रश्नै होइन । उपनिवेश हुनासाथ त हाम्रो अस्तित्व समाप्त हुन्थ्यो । त्यसकारण कहिले पनि हाम्रो लडाइँ उपनिवेश नहुनका लागि होइन अस्तित्व रक्षाका लागि रह्यो । हामी उपनिवेश कहिल्यै पनि भएनौं यसमा हामी गर्व गर्छौं ।

अर्धउपनिवेश भनेको आधा भूभाग उपनिवेश भएको होइन । हामी स्वतन्त्र राष्ट्रकै रूपमा सधैं रह्यौं । उपनिवेश भएन भनेको के ? स्वतन्त्र राष्ट्रै हो । तर हामी बाह्य हस्तक्षेप, बाह्य थिचोमिचो, असमान सन्धि–सम्झौताजस्ता कुराहरूबाट थिचियौं । बाह्य आक्रमणबाट हामीले भू-भाग गुमायौं र खुम्चियौं । किन भूभाग गुमायौं ? हाम्रो अस्तित्व रक्षाका निम्ति हामीले खुम्चिएर सम्झौता गर्नुपर्‍यो । त्यो खुम्चिनुपर्ने कारण उपनिवेश भएकाले होइन । बरु वैदेशिक हस्तक्षेप र थिचोमिचोका कारणले हो, जुन विभिन्न समयमा विभिन्न मात्रामा उतारचढाव हुने गर्‍यो । तर अहिले कतिपयले अब अर्धउपनिवेशिक अवस्था रहेन भन्छन् । कुन मितिबाट रहेन ? नरहनका लागि केही कारण चाहिन्छ । कुन-कुन सन्धिसम्झौताले हामीलाई अर्ध-उपनिवेश बनाएको थियो ? अथवा त्यस्ता अनुचित र अनुपयुक्त सन्धि–सम्झौताहरू भएका थिए कि थिएनन् ? यदि ती अनुचित सन्धि–सम्झौताहरू थिए भने ती सन्धि–सम्झौताले हामीलाई थिचामिचोमा पारे कि पारेनन् ? थिचोमिचो भएको एउटा राष्ट्र, बाह्य थिचोमिचो र शोषणबाट पीडित राष्ट्र हो भने त्यसलाई के नाम दिने ? त्यसलाई के र कसरी परिभाषित गर्ने ?

त्यस्ता सन्धि–सम्झौताहरूमध्ये ०६२/६३ पछि ती के भए ? आन्दोलनपछि अर्धउपनिवेश नरहेको हो कि त्योभन्दा अगाडिदेखि नै हो ? हामी कहिल्यै पनि अर्ध–औपनिवेशिक अवस्थामा थिएनौं कि ? थिएनौं भन्ने पछाडिका तर्कहरू के हुन् ? हामी बाह्य हस्तक्षेप, थिचोमिचो र दमनको स्थितिमा थियौं अर्थात् अर्ध–औपनिवेशिक अवस्थामा थियौं भने कुन कदम, व्यवहार, मिति, मोड वा कुन सन्धि–सम्झौता खारेज भयो वा कुन सन्धि–सम्झौता परिवर्तन भयो, कुन सन्धि–सम्झौता अद्यावधिक भयो ? कुन सन्धि–सम्झौता असमान थियो र समानताका आधारमा नवीकरण गरियो ? के गरियो र हाम्रो त्यो अवस्था समाप्त भयो ? त्यस्ता कुनै पनि कुराहरूको राम्रो विश्लेषण नगरी सतहमा गरिने विश्लेषणले असमान केही कुरा छन् भने समानता ल्याउनुपर्ने अभिभारा बिर्सन्छौं कि बिर्सदैनौं ? ती अभिभारा कायम रहन्छन् कि रहँदैनन् ? हामी कतैबाट थिचिएका छौं भने त्यसबाट उन्मुक्ति चाहिन्छ । उन्मुक्ति चाहिने अनुभूति कसरी हुने त ? यी तर्कहरू आग्रहयुक्त छन् । त्यो पनि व्यावहारिक रूपका होइनन् कि सैद्धान्तिक रूपका आग्रह छन् । यस्ता आग्रहहरू नबुझेर पनि भएका हुन सक्छन् । अथवा जानी बुझीकन पनि यस्ता आग्रहहरू प्रस्तुत गरिएका हुन सक्छन् । नबुझी गरिएका हुन् भने छलफलको क्रममा बुझाउन सजिलो हुन्छ । यदि बुझेर गरिएका हुन् भने सामाजिक परिवर्तनका उद्देश्यहरू वा ती उद्देश्यहरूलाई साकार पार्ने सैद्धान्तिक मान्यताहरू, कार्यक्रमिक अवधारणाहरू, विचारहरू, सोचहरू र नीतिहरूलाई गलत साबित गर्ने मनसायबाट आएका हुन् भने ती बढ्ता खतरनाक कुराहरू हुन् । जुन कुराहरूप्रति हामी होसियार हुनुपर्दछ । हामी अहिलेको सङ्क्रमणकालीन अर्धसामन्ती र अर्धऔपनिबेशिक चरित्रको यथार्थ अवस्थालाई ठीक ढङ्गले ठम्याएर सङ्क्रमणकालीन अभिभारालाई वहन गर्नका निम्ति तयार हुनुपर्दछ । जनताको बहुदलीय जनवादको प्रकाशमा चुनौतीहरूको सामना गर्ने र समाजलाई अगाडि बढाउने अठोट र सङ्कल्पलाई दृढताका साथ अगाडि बढाउनुपर्छ । अग्रगामी, समतामूलक र लोकतान्त्रिक सामाजिक परिवर्तनतर्फको हाम्रो अभियानको जीत सुनिश्चित छ । आत्मविश्वासका साथ अघि बढौं । ■

# पुष्पलालका बाह्र आयाम



✍ मोदनाथ प्रश्रित*

नेपालका विभिन्न कम्युनिष्ट नेताहरूमध्ये कमरेड पुष्पलालमा अनेक गुणमा फरक विशेषता थिए। अध्ययन, अनुसन्धान, चिन्तन, सङ्गठन, व्यवहार, नैतिकता क्षेत्रमा उहाँका जुन फरक विशेषता थिए, तिनले नेपालको लोकतान्त्रिक र वामआन्दोलनमा गम्भीर प्रभाव पारेका छन्। अहिलेका नेता, कार्यकर्ताहरूले पनि जान्नुपर्ने र सिक्नुपर्ने उहाँका गुण र योगदानबारे आफूले अध्ययन–अनुभव गरेका केही कुरा प्रस्तुत गर्न चाहन्छु।

उहाँसँगको लामो सङ्गत र सहकार्यको क्रममा मैले उहाँमा निम्नलिखित विशेषता पाएँ।

**१. नेपाल प्रजातन्त्र सङ्घका संस्थापक**

अरु कम्युनिष्ट नेताहरूभन्दा पुष्पलालमा लोकतान्त्रिक स्वभाव र शैलीमा उद्धारता र गम्भीरता बढी थियो। उहाँ सामान्य रूपमा मार्क्सवादी सिद्धान्तबाट प्रभावित भएर आफू कम्युनिष्ट आन्दोलनमा लाग्ने अठोटमा पुगेपछि पनि 'नेपाल प्रजातन्त्र संघ' खोलेर सङ्गठनात्मक काममा अघि बढ्नुभएको थियो। वि.सं. १९९७ का चार शहीदमध्ये दशरथचन्द्र र गंगालाल साम्यवादी विचारबाट प्रभावित थिए। उनीहरूबाट परेको सामान्य प्रभाव, शहीदकाण्डले पारेको धक्का र आफ्नै अध्ययनबाट पुष्पलालले आफूलाई कम्युनिष्ट भन्न थाल्नुभएको थियो। २०४९ असारको एक भेटमा शम्भुराम श्रेष्ठले मसँग भन्नुभएको थियो। "वि.सं. १९९८ तिर पुष्पलाल र मैले मार्क्सवाद त राम्ररी बुझेका थिएनौं। तर, पनि आफूलाई कम्युनिष्ट भन्न थालेका थियौं र परस्पर कमरेड भनी सम्बोधन गर्ने र 'लालसलाम' भनी अभिवादन गर्ने गर्थ्यौं।"

वि.सं. १९९८ मा सूर्यबहादुर भारद्वाजको पहलमा पुष्पलाल, प्रेमबहादुर कंसाकार र शम्भुरामलगायतले 'नेपाल प्रजातन्त्र संघ' को स्थापना गर्नुभएको थियो। अनि क्रमशः उहाँहरू पनि विभिन्न आन्दोलनमा सक्रिय हुँदै जानुभयो। २००३ चैतमा जोगवनी (भारत) मा नेपाली र राष्ट्रिय कांग्रेसको दोस्रो अधिवेशन हुँदा

> **अध्ययन, अनुसन्धान, चिन्तन, सङ्गठन, व्यवहार, नैतिकता क्षेत्रमा उहाँका जुन फरक विशेषता थिए, तिनले नेपालको लोकतान्त्रिक र वामआन्दोलनमा गम्भीर प्रभाव पारेका छन्।**

काठमाण्डौंबाट पुष्पलालले प्रतिनिधित्व गर्नुभएको थियो। त्यसपछि उहाँ राष्ट्रिय कांग्रेसका केन्द्रीय कार्यालय बनारसमा 'कार्यालय सचिव' बन्नुभएको थियो। पछि बी.पी. कोइराला र डिल्लीरमणबीच अध्यक्ष पदका लागि द्वन्द्व चलेपछि पुष्पलाल कांग्रेस पार्टी छोडी कम्युनिष्ट पार्टीका स्थापनातिर लाग्नुभयो। उहाँले २००७ का आन्दोलन र २०१७ पछिका आन्दोलनमा पनि नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी मिली संयुक्त जनआन्दोलन गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो। तर, त्यसमा नेपाली कांग्रेसका प्रमुख नेता सहमत नभएकाले पुष्पलालको जीवनकालमा त्यस्तो संयुक्त आन्दोलन हुन सकेन। त्यो सपना २०४६ मा साकार भयो। 'जय नेपाल' को अभिवादन राष्ट्रिय कांग्रेस बन्नुभन्दा अगाडि नै पुष्पलालले चलाउनुभएको

---

* *लेखक, वरिष्ठ प्रगतिशिल साहित्यकार हुनुहुन्छ।*

थियो ।

### २. नेपाल कम्युनिष्ट पार्टीका संस्थापक

नेपालमा २००६ सालसम्म उद्योगधन्दको प्रशस्त विकास भई आर्थिक वर्गहरू स्पष्ट र सशक्त बनेका थिएनन् । तर पनि भारत र चीनका क्रान्तिकारी सङ्घर्षहरूले नेपाली जनतालाई प्रभावित पार्दै गएका थिए । त्यसैले मूलतः पुँजीवादी विचार लिएको नेपाली कांग्रेस राणाशाहीको विरुद्ध केन्द्रित हुने तरखरमा थियो ।

**'किसान र मजदुर मिलेर कम्युनिष्ट आन्दोलन चलाउन सकिन्छ' भन्ने भारतीय कम्युनिष्ट मित्रहरूको सल्लाह र चीनमा कम्युनिष्ट पार्टी विजयोन्मुख रहेको अवस्था हेरी पुष्पलालले २००६ मा 'लोक जनवादी क्रान्ति सम्पन्न गर्ने उद्घोषसहित नेपाल कम्युनिष्ट पार्टी स्थापनाको नेतृत्व गर्नुभयो ।**

तर 'मजदुर वर्ग बलियो नहुनाले अहिल्यै नेपालमा कम्युनिष्ट पार्टी खोल्ने बेला भएको छैन कि !' भन्ने पुष्पलालको विचार थियो । 'किसान र मजदुर मिलेर कम्युनिष्ट आन्दोलन चलाउन सकिन्छ' भन्ने भारतीय कम्युनिष्ट मित्रहरूको सल्लाह र चीनमा कम्युनिष्ट पार्टी विजयोन्मुख रहेको अवस्था हेरी पुष्पलालले २००६ मा 'लोक जनवादी क्रान्ति सम्पन्न गर्ने' उद्घोषसहित नेपाल कम्युनिष्ट पार्टी स्थापनाको नेतृत्व गर्नुभयो । कम्युनिष्ट पार्टीको घोषणापत्रमा भनिएको थियो । नेपालमा सामन्तवादी र साम्राज्यवादी प्रभुत्वलाई सदाका निम्ति अन्त्य गर्ने, आमजनतालाई पूर्ण स्वतन्त्रता, प्रजातन्त्र र मौलिक, आर्थिक अधिकारहरूको प्रत्याभूति दिने गरी बालिग मताधिकारको आधारमा संविधान बनाउने ।

### ३. गणतन्त्रका प्रथम उद्घोषक

चीन र भारतको गणतान्त्रिक आन्दोलनको भावनाबाट प्रेरित भएकाले पुष्पलालसहित नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरू सामन्ती राजतन्त्रको समूल उन्मूलन गरी लोकजनवाद र गणतन्त्र स्थापना गर्ने कुरामा छलफल गर्दै हुनुहुन्थ्यो । तर, तत्काल खुला रूपमा काम गर्न अनुकूल वातावरण होस् भनी उहाँहरूको कम्युनिष्ट पार्टीको 'घोषणा–पत्र' मा यस्तो भावनात्मक वाक्य प्रयोग गर्नुभएको थियो– "सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वतन्त्रता ।" पछिका दस्तावेजहरूमा (खास गरी २०१७ पौष १ को शाही काण्डपछिका दस्तावेजहरूमा पुष्पलालले 'गणतन्त्र स्थापना' को कुरा स्पष्ट रूपमा उल्लेख गर्न थाल्नुभएको थियो ।

### ४. ऐतिहासिक भौतिकवादी चिन्तक र लेखक

नेपालका पहिलो पुस्ताका कम्युनिष्ट नेताहरूमा ऐतिहासिक भौतिकवादको अध्ययन, चिन्तन र लेखनमा पुष्पलाल नै अग्रणी हुनुहुन्थ्यो । त्यसअघिका इतिहास लेखकहरूले 'नेपालका इतिहास राजतन्त्रबाट सुरु भएको' भन्ने ढङ्गले प्रस्तुत गर्दै आएका थिए । पुष्पलालले त्यस प्रवृत्तिको खण्डन गर्दै 'नेपालमा मातृसत्तात्मक समाज' शीर्षक खोजपूर्ण लेखद्वारा इतिहास अन्वेषण र लेखनको नयाँ परम्परा सुरु गर्नुभयो । त्यस क्रममा उहाँले नेपालमा पितृसत्ताको उदय, प्राचीन गणतन्त्रहरूको अन्त्यपछि राजतन्त्रको स्थापनाजस्ता विषय प्रस्तुत गर्दै नेपाली इतिहासको यथार्थवादी व्याख्या अघि सार्नुभयो । उहाँले नेपालमा राजतन्त्रको उत्पत्ति, विकास र भविष्य, नेपालको एकीकरणमा पृथ्वीनारायण शाहको महत्त्वपूर्ण भूमिका, नेपालको जनआन्दोलनको इतिहास, भानुभक्तको योगदान आदि विषयमा आफ्ना विचार विश्लेषणमूलक ढङ्गले स्पष्ट रूपमा अघि सार्नुभयो । यस रूपमा नेपाली इतिहासको वैज्ञानिक अनुसन्धान र प्रस्तुतीकरणको भूमिका पुष्पलालबाट नै सुरु भयो ।

### ५. गहन अध्येता र दूरदर्शी नेता

पुष्पलालले औपचारिक शिक्षामा २००२ मा पाटन हाईस्कुलबाट प्रवेशिका (SLC) परीक्षा मात्र उत्तीर्ण गर्नुभएको थियो । तर, उहाँ नेपालका नेताहरूमा सबभन्दा बढी गहन र विश्लेषणमूलक अध्ययन गर्नेहरूमा अग्रपङ्क्तिमा हुनुहुन्थ्यो । २०१७ पछि भारत प्रवासमा निर्वासित भई काम गर्दा प्रायः दैनिक रूपमा नियमित अध्ययन गर्ने र प्रत्येक वर्ष कलकत्ता या बनारसका ठूल्ठूला पुस्तकालयमा दुई-दुई महिनासम्म पूरै समय लगाई अध्ययन गर्ने गरेको म आफैँले देखेको हुँ । प्रवेशिका मात्र उत्तीर्ण भए पनि उहाँको अंग्रेजी ज्ञान गहिरो थियो । इतिहास, दर्शन, समाजशास्त्रजस्ता विषयमा उहाँको अध्ययन विस्तृत थियो । आफ्नो मौलिक प्रतिभा, सङ्घर्षको अनुभव र अध्ययनको

गम्भीरताले उहाँमा विश्वको समग्र स्थिति हेरेर निचोड निकाल्ने र सुदूर भविष्यसम्मको यात्राबारे स्पष्ट रूपमा सोच्न र यसबारे बोल्न सक्ने विशिष्ट क्षमताको विकास भएको थियो ।

### ६. संयुक्त जनआन्दोलनका वैचारिक प्रणेता

पुष्पलाल १९९८ देखि नै वाम-लोकतान्त्रिक आन्दोलनमा अग्रसर हुनुभएको र नेपाली राष्ट्रिय कांग्रेसको केन्द्रमा पनि बसेर काम गर्नुभएकाले लोकतान्त्रिक आन्दोलनमा कांग्रेस, कम्युनिष्ट र अरू उदीयमान शक्तिसमेत मिलेर अघि बढे मात्र सफल हुन सकिन्छ भन्ने स्पष्ट विचार राख्नुहुन्थ्यो । २००७ को आन्दोलनमा पनि उहाँले नेपाली कांग्रेससित त्यो प्रस्ताव राख्नुभएको थियो । २०१४ को संविधानसभासम्बन्धी आन्दोलनमा र २०१७ सालपछि निरङ्कुश राजतन्त्र र पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्षमा पनि उहाँले कांग्रेससित संयुक्त जनआन्दोलनको प्रस्ताव राख्नुभयो । तर बी.पी. कोइराला नेतृत्वमा हुँदासम्म त्यस प्रस्तावलाई कांग्रेसले पूरै उपेक्षा गर्‍यो । त्यसैले निरङ्कुश पञ्चायती व्यवस्थाले ३० वर्षसम्म जनतालाई कुल्चेर शासन गर्न सक्यो । पुष्पलाल र बी.पी. को देहावसानपछि तत्कालीन नेकपा मालेले त्यही प्रस्ताव अघि सार्दा २०४६ को संयुक्त जनआन्दोलन सफल भयो । २०६२–०६३ मा त एमाले र कांग्रेसका साथै नेकपा माओवादीसमेत संयुक्त जनआन्दोलनमा उत्रेकाले देशबाट राजतन्त्र नै समाप्त भई लोकतान्त्रिक गणतन्त्र स्थापना हुन सक्यो । यी घटनाक्रमले पुष्पलाल कति वस्तुवादी चिन्तक र दूरदर्शी हुनुहुन्थ्यो भन्ने स्पष्ट हुन्छ ।

### ७. पार्टीको आर्थिक प्रबन्धसम्बन्धी नैतिक स्वच्छता

पुष्पलाल राजनीतिक पार्टीहरूको आर्थिक प्रबन्धमा पार्टी र जनवर्गीय सङ्गठनहरूको शुल्क, चन्दा, समर्थकहरूको स्वेच्छिक सहयोग, पार्टी प्रकाशनहरूको बिक्री-वितरण आदिको आय मात्र सामेल गर्न हुने, लूट या अवैध बाटोबाट आएको पैसा लिन नहुने कुरामा नीतिगत रूपमा नै स्पष्ट हुनुहुन्थ्यो । सुरुमा एक पटक 'नेपाल प्रजा परिषद्' का कार्यकर्ता हुँदा उहाँलाई तराईमा डाँकाहरूको सङ्गठन गरी तिनीहरूले लुटेको धनबाट एक हिस्सा पार्टीले लिने व्यवस्था गर्न उहाँलाई बारा-पर्सातिर पठाइएको रहेछ । उहाँले धेरै विचार गरेपछि त्यस्तो गलत काम गर्न नहुने निचोड निकाली त्यो पार्टी नै छोडेर राष्ट्रिय कांग्रेसतिर लाग्नुभएछ । त्यसरी नै २०३० सालतिर केशरमणि पोखरेल र एम.एस. थापाहरूले 'सामन्तहरूको धन खोसेर पार्टी कोष बढाउने' प्रस्ताव ल्याए । त्यसो गर्न नहुने पुष्पलालको निर्देशन नमानी गुटगत गतिविधि बढाउँदा पार्टीसँग उनीहरूको दूरी बढ्दै गयो । अन्त्यमा केशरमणि र एम.एस. थापा आदिले 'मनी एक्सन' को अभियान सुरु गरे । त्यसबाट पार्टीभित्र विवाद बढ्दै गयो । त्यसलाई गल्ती महसुस गर्नेहरू पार्टीमा रहे, नगर्नेहरू बाहिरिँदै गए ।

### ८. सादा जीवन, कठोर दुःखमा पनि धैर्य र सन्तोष

पुष्पलालको जीवन ज्यादै सरल र सादा थियो । पहिरन, बिसारा आदि एकदम साधारण थिए । दस-बाह्र वर्षदेखि एउटै ओभरकोट लगाएको देखें मैले । दाल, भात र चटनी पाए प्रसन्न हुने, साता दिन, दस दिनमा एक पटक राँगाको मासु पाए 'अहा, क्या मस्त भोज खाइयो ?' भनी खुसी मनाउने स्वभाव थियो उहाँको । २०३० सालको वैशाख, जेठ र असारमा पुष्पलाल, गोविन्द ज्ञवाली र म बनारसमा सँगसँगै बसेका थियौं । कतैबाट पनि आर्थिक सहयोग नआउँदा केवल ३० रुपियाँले तीन जनाले एक-एक मुठी चना र खाने सोडा राखी फुलाएको एक-एकवटा पेमा रोटी खाएर गुजारा गर्नुपर्‍यो । त्यस्तो सङ्कटमा पनि पुष्पलालमा कुनै चिन्ता देखिएन । उहाँको त्यो धैर्य र सन्तोष हाम्रा जीवनको अविस्मरणीय संस्मरण बनेको छ । स्मरणीय छ, मदन भण्डारीले छात्रावासबाट आफ्नो खाना कटौती गरी ल्याएको रोटीले छाक टार्दा पुष्पलालले ज्यादै कृतज्ञ भई सजल नेत्रले धन्यवाद दिनुभएको थियो ।

**मदन भण्डारीले छात्रावासबाट आफ्नो खाना कटौती गरी ल्याएको रोटीले छाक टार्दा पुष्पलालले ज्यादै कृतज्ञ भई सजल नेत्रले धन्यवाद दिनुभएको थियो ।**

### ९. श्रमप्रति श्रद्धा र आस्था

बनारसको पार्टी सम्पर्क कार्यालयमा हामी क. पुष्पलालसँगसँगै बस्दा तीन जनाबीच श्रम विभाजनको प्रस्ताव पुष्पलालले अघि सार्नुभयो । १. पार्टी कार्यालयका आठवटा कोठा बिहानै बढार्ने र इनारबाट चार बाल्टी पानी निकाल्ने । २. सरसामान किन्ने र खाना बनाउने र ३. खाना पकाएका भाँडाकुँडा र भान्सा सफा गर्ने ।

अनि उहाँले नै हामीलाई रोजेर श्रम जिम्मा लिन भन्नुभयो । 'हामी दुई जनाले सबै काम गर्छौं तपाईं लेखपढ र प्रशिक्षणमा लाग्नोस्' भनी निकै आग्रह गर्दा

**'उग्रवादी कम्युनिष्ट, एक बाल रोग' शीर्षक लेनिनको किताब पढ्ने सल्लाह सबलाई दिनुहुन्थ्यो उहाँ । भारतमा चारु भाजुमदारको व्यक्ति हत्या अभियान चल्दा नेपाली युवाहरूमा आएको आवेगलाई मत्थर पारी सही चिन्तन दिन उहाँले अथक प्रयत्न गर्नुभयो ।**

पनि उहाँले मान्नुभएन । 'उसो भए तपाईंले कुन काम जिम्मा लिने रोज्नोस्' भन्ने हाम्रो आग्रहपछि उहाँले भन्नुभयो– "म बिहान चाँडै उठ्छु, कोठाहरू सफा गरी नुहाएर पानी भर्छु, अरू दुई काम तपाईंहरू बाँड्नुस् ।" हामीले मान्दै बस्यौं । मैंले सामान किन्ने, खाना पकाउने र गोविन्दजीले भाँडा माझ्ने काम थाल्यौं । श्रमको त्यस जिम्मेदारीमा पुष्पलालले कहिल्यै पनि तलमाथि पार्नुभएन ।

### १०. राष्ट्रिय एकता र अखण्डताको प्रबल भावना

२०३१ सालमा खगेन्द्रजंग गुरूङले– "हाम्रा पुराना जातीय राज्यहरूलाई स्वायत्त अधिकार दिने बाचा गर्नुहुन्छ भने हामी सबै जनजातिहरूको समर्थन कम्युनिष्ट पार्टीलाई जुटाइदिन्छौं ।" भन्ने प्रस्ताव ल्याए । उहाँले भन्नुभो– "यो प्रस्ताव केन्द्रीय समितिमा छलफल गराउँछु ।" बैठकमा दुई दिन जमेर छलफल भयो । "जातीय राज्यको सवालले राष्ट्र खलबलिन्छ र विखण्डित हुन सक्छ । वर्गीय सिद्धान्त लिने पार्टीले यस्तो काम गर्न हुँदैन" भन्ने निचोड निस्क्यो । खगेन्द्रजंगले त्यही जबाफ पाए । उनी निराश भएर फर्के । त्यसको एक वर्षपछि उनले फेरि पार्टी कार्यालयमै आएर पुष्पलालसँग भने– "तपाईंहरूले गरेको निर्णय उचित रहेछ भन्ने मनन हामीले गऱ्यौं । अब हामी यस्तो माग गर्दैनौं ।" पछि उनी आफ्नो त्यही पछिल्लो विचारमा अडिए या अर्कै सोचे, मेरो भेट भएको छैन ।

### ११. अन्तर्राष्ट्रिय मैत्रीका संस्थापक

पुष्पलालले अन्तर्राष्ट्रिय वर्गीय मित्रतामा पनि निकै ध्यान दिनुभएको थियो । भारतका कम्युनिष्ट नेताहरूसितको लामो छलफलपछि नै उहाँले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभएको थियो । भारतमा उहाँका सहयोगी मित्रहरूको ठूलै समुदाय थियो । तर, उहाँले त्यहाँका कम्युनिष्ट नेताहरूले आर्थिक सहयोगको सन्दर्भमा एक पटक स्वालम्बन सुझावसहित 'चाहिएमा प्रशस्त सहयोग गर्न सक्ने' प्रस्ताव राखेपछि उहाँले उनीहरूबाट एक पैसा पनि सहयोग नलिई पार्टी चलाउने सङ्कल्प गर्नुभयो । भयङ्कर सङ्कटको बेलामा पनि उहाँले अन्तर्राष्ट्रिय मित्रहरूबाट सहयोगको प्रस्ताव आउँदा स्वीकार्नुभएन । पुष्पलालले नेपाल–भारत जनमैत्री संघको स्थापना गर्नुभएको थियो ।

### १२. उग्रवाद र व्यक्ति हत्याका विरोधी

कम्युनिष्ट आन्दोलनमा उग्रवादी सोच र व्यक्ति हत्याको प्रवृत्तिबाट हुने दुष्परिणामबारे उहाँ ज्यादै सचेत हुनुहुन्थ्यो । 'उग्रवादी कम्युनिष्ट, एक बाल रोग' शीर्षक लेनिनको किताब पढ्ने सल्लाह सबलाई दिनुहुन्थ्यो उहाँ । भारतमा चारु भाजुमदारको व्यक्ति हत्या अभियान चल्दा नेपाली युवाहरूमा आएको आवेगलाई मत्थर पारी सही चिन्तन दिन उहाँले अथक प्रयत्न गर्नुभयो । तर, दुःखको कुरा अहिले नेपाल त्यही बालरोगको भीषण परिणाम भोगिरहेछ । ■

# राज्यको पुनसंरचना, सङ्घीयता र पहिचानको राजनीति



✍ शंकर पोखरेल*

अहिले कतिपय मानिसहरू सङ्घीयता र समावेशीताको सन्दर्भलाई अघि सारेर जनताको बहुदलीय जनवाद (जबज) अपूर्ण रहेको तर्क गरिरहेका छन् । यद्यपि पूर्णता र अपूर्णताको विषय समयसापेक्ष र ज्ञानसापेक्ष विषय हो । सङ्घीयताको विषयलाई आमसिद्धान्तका रूपमा बुझ्ने वा त्यसलाई पार्टी रणनीतिको अङ्ग बनाउन खोज्ने गलत प्रवृत्ति नेपालको राजनीतिमा देखिएको छ । सङ्घीयताका सन्दर्भमा कम्युनिष्ट आन्दोलनका संस्थापक नेता कार्ल मार्क्सले राजतन्त्रबाट गणतन्त्रमा संक्रमणको समयका लागि उपयोगी हुने मान्यता अघि सारेका थिए । अर्थात् उनको विचारमा सङ्घीयता समाज विकासका सन्दर्भमा अपरिहार्य र सर्वकालिक महत्त्वको कुरा होइन भन्ने नै थियो । तर पहिलो समाजवादी मुलुक रुसमा सङ्घीयता अवलम्बन गरिएपछि त्यसलाई कम्युनिष्ट आन्दोलनसँग जोडेर हेर्ने गरियो । तर समाजवादी चीन भने एकात्मक राज्यअन्तर्गत नै समाजवाद निर्माणको दिशामा अघि बढिरहेको छ । पुँजीवादी मुलुकहरूको अवस्था पनि त्यस्तै छ । यतिसम्म कि भिन्नभिन्न राजनीतिक प्रणाली अवलम्बन गरेका विश्वका अधिकांश मुलुकको चरित्र एकात्मक नै रहेको छ । त्यस अर्थमा सङ्घीयतालाई सिद्धान्तका रूपमा भन्दा पनि राज्यको एउटा चरित्रका रूपमा बुझ्नुपर्दछ । सही सिद्धान्तको कार्यान्वयनका लागि कस्तो चरित्रको राज्य हुने भन्ने कुराले खास अर्थ राख्दैन । राज्यको चरित्र कस्तो हुने भन्ने कुरा सामाजिक चरित्र र मनोविज्ञानसँग जोडिएको विषय हो । पछिल्लो समयमा नेपाली समाजमा देखिएको पहिचानको मुद्दाको प्रबलताले सङ्घीयताको विषयलाई सतहमा ल्याइदिएको छ । हामीले नेपालको कस्तो प्रकारको सङ्घीयता भन्ने सन्दर्भमा उक्त सन्दर्भमा नै बुझ्नुपर्दछ ।

सङ्घीयता र पहिचानका सन्दर्भमा पनि नेपालको वामपन्थी राजनीतिमा भ्रमपूर्ण दृष्टिकोण हाबी भएको पाइन्छ । प्रत्येक समाजका सामाजिक विकास सम्बन्धी आफ्नै विशिष्ट अनुभव र विशेषताहरू रहेका हुन्छन् । राज्यको विकासका सन्दर्भ पनि त्यसबाट प्रभावित हुन्छ । युरोपमा मानव समूह कबिला, जनजाती, जाति हुँदै राष्ट्रका रूपमा विकास भएपछि राज्यको उत्पत्ति भएको थियो । तर हामीकहाँ मानव समुदाय अलगअलग राष्ट्रका रूपमा विकास नहुँदै राज्यको उत्पत्ति भयो । अनि साझा राज्यका माध्यमबाट साझा राष्ट्र निर्माणको प्रक्रिया अघि बढाइयो । युरोपमा जस्तो जातीय युद्ध नभएका कारणले पनि हामीकहाँ निकै पहिलेदेखि नै मिश्रित बसोबासको सुरुवात भयो । प्रत्येक जातिका भाषा र संस्कृतिमा समेत त्यस अवस्थाको गहिरो प्रभाव पर्न गयो । यद्यपि राज्यका माध्यमबाट साझा राष्ट्र निर्माणको प्रक्रिया सन्तुलित हुन नसकेका कारणले विभिन्न जाति समुदायका बीचमा असन्तुष्टि रहँदै आयो । त्यही असन्तुष्टिको सम्बोधनका माध्यमबाट साझा राष्ट्र निर्माणको प्रक्रियालाई अघि बढाउनका

---

** लेखक, नेकपा (एमाले) केन्द्रीय कमिटीका सचिव हुनुहुन्छ ।*

लागि नै राज्यका पुनर्संरचनाको मान्यतालाई अघि सारियो र त्यसै क्रममा सङ्घीयता र समावेशीताको कुरा अघि आएको हो। तसर्थ सङ्घीयता र समावेशीताका विषयलाई यसै परिप्रेक्ष्यमा हेरिनुपर्दछ। यसलाई सैद्धान्तिक महत्त्वको सार्वकालिक विषय ठानिनु हुँदैन। यतिसम्म कि मार्क्सवादले त भविष्यमा राज्यविहीन समाजको निर्माण हुने मान्यता अघि सारेको छ। वास्तविकता यस्तो रहँदारहँदै पनि राज्यको चरित्रको विषयलाई रणनीतिक महत्त्वको विषय बनाउने कुरा सर्वथा अनुचित र हास्यास्पद विषय हो।

**पहिचानको राजनीति पुँजीवादी उत्तर आधुनिकतावादको एउटा प्रयोग हो। जसको उद्देश्य मार्क्सवादी विचार दर्शनमा आधारित कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउनु हो। पुँजीवादी साम्राज्यवादको हितरक्षाका लागि अघि सारिएको यस विचारधाराले कम्युनिष्ट आन्दोलन र समाजवादी व्यवस्थालाई कमजोर बनाउन निकै ठूलो भूमिका खेलेको छ।**

सङ्घीयताका सन्दर्भमा हामीकहाँ समाज विकासको युरोपेली ज्ञानसिद्धान्तमा आधारित रहेर बहुराष्ट्रिय सङ्घीयताको पैरवी गर्ने प्रवृत्ति देखिएको छ। जब कि समाजविकासका हाम्रा विशिष्ट अनुभवहरू रहेका छन्। हामीकहाँ युरोपभन्दा निकै पहिले सङ्घीयतालाई राज्यसञ्चालनको माध्यमका रूपमा अवलम्बन गरिएको थियो। तीन हजार पैंतीस सय वर्षपहिले नै प्राचीन कपिलवस्तु र विधेय (हालको जनकपुर) मा सङ्घीयताको सफल अभ्यास भइसकेको थियो। प्राचीन बुद्ध साहित्यमा समेत त्यसको उल्लेख भएको पाइन्छ। प्राचीन तिलौराकोटको उत्खननका क्रममा प्राप्त प्रमाणहरूले पनि उक्त सभ्यता करिब ३५०० वर्ष पुरानो रहेको प्रमाणित गरिसकेका छन्। यति समृद्ध इतिहास भएको मुलुकका राजनीतिक दलहरूले आफ्नो समाजमा विकासका अनुभवमा आधारित ज्ञान सिद्धान्तहरूलाई उपेक्षा गर्दै र युरोपेली ज्ञानसिद्धान्तबाट प्रेरित भएर त्यसको नक्कल गर्न खोज्नु गलत कुरा हो। अहिले नेपाली समाजमा चलिरहेको पहिचान सङ्घीयताको मुद्दालाई हाम्रा आफ्नै अनुभव र त्यसमा आधारित ज्ञानसिद्धान्तका आधारमा अघि बढाउनुपर्दछ। जननेता मदन भण्डारीले सिद्धान्तको रङ्ग खैरो हुन्छ र जीवनको रङ्ग हरियो हुन्छ भन्दै सिद्धान्तलाई जीवनसँग जोड्ने कुरामा जोड दिनुको कारण पनि आफ्नो समाजको विशेषताका आधारमा अघि बढ्नुपर्दछ भन्ने कुरा नै थियो। नेपाली समाजको अहिलेको सङ्क्रमणको व्यवस्थापनका सन्दर्भमा यो मान्यताको प्रयोग अझै जरुरी भएको छ।

अहिले नेपाली समाजमा विभिन्न स्वार्थी समूहको प्रभावमा परी पहिचानको राजनीतिक खेती सुरु भएको छ। समाजवादी चीनलाई घेर्ने पश्चिमा पुँजीवादीहरूको एसिया रणनीतिअन्तर्गत नेपालमा यसको प्रयोग सुरु गरिएको छ। त्यस क्रममा पहिचानको मुद्दालाई अघि बढाउन अलग्गै जातीय पार्टी खोल्ने सम्मका गलत विचारहरू सतहमा देखिएका छन्। पछिल्लो समयमा त राजनीतिक स्वार्थबाट प्रेरित भएर उच्चजातिका भनिनेहरूसमेत जातीय पार्टी खोल्ने होडबाजीमा अग्रसर छन्। यो कहीँ नभएको जात्रा हाडी गाउँमा भनेझैँ कुरा हो। हुन त पहिचानको सामाजिक पक्ष हुन्छ र त्यो आफैँमा नराम्रो होइन। आफ्नो भाषा, संस्कृति र रीतिरिवाजप्रतिको गौरवबोध नै पहिचानको प्रमुख आधार हो। तर, पहिचानको विषयलाई राजनीतिक शक्ति आर्जनको माध्यमका रूपमा प्रयोग गर्ने प्रवृत्ति पुँजीवादी हो। हामीकहाँ पहिचानवादीले पहिचानको मूल आधारलाई बिर्सने र त्यसको बाहिरी स्वरूपमा जोड दिने गरेका छन्। यसबाट नेपालमा सदीऔँदेखि मेलजोलको संस्कृति निर्माण गरेर बसेका समुदायलाई पहिचानका नाममा विभाजित गर्ने र आफ्नो स्वार्थसिद्धिका लागि नेपाली भूमि र यहाँका जनतालाई प्रयोग गर्ने बाह्य शक्तिलाई प्रोत्साहित गर्ने काम भएको छ। वास्तवमा पहिचानको मुद्दालाई वर्गीय राजनीतिको विकल्पका रूपमा अघि सार्न खोजिएको छ। जुन पूर्णतः गलत र अमार्क्सवादी कुरा हो। हामीले पहिचानका सन्दर्भमा समुदायको आकाङ्क्षालाई सकारात्मक रूपमा ग्रहण गर्ने र त्यसका नाममा राजनीति गर्ने गलत प्रवृत्ति सामना गर्ने कुरामा सजगता अपनाउन सक्नुपर्दछ।

पहिचानको राजनीति पुँजीवादी उत्तर आधुनिकतावादको एउटा प्रयोग हो। जसको उद्देश्य मार्क्सवादी विचार दर्शनमा आधारित कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउनु हो। पुँजीवादी साम्राज्यवादको हितरक्षाका लागि अघि सारिएको यस

विचारधाराले कम्युनिष्ट आन्दोलन र समाजवादी व्यवस्थालाई कमजोर बनाउन निकै ठूलो भूमिका खेलेको छ। पूर्व समाजवादी मुलुकहरूमा फैलिएको जातीय विद्वेषको महत्त्वपूर्ण कारण यही हो। नेपाली समाजमा निश्चित जाति र समुदाय सत्ताको केन्द्रभागमा पुग्न सफल भएको र निश्चित जाति र समुदाय त्यसबाट वञ्चित रहेको भन्ने मान्यताका आधारमा पहिचानको राजनीतिले प्रवेश पाएको छ। यसले जातीय र सामुदायिक विभेदका कारणले नेपाली समाज पछि परेको हो भन्ने निष्कर्षका आधारमा नेपाली समाजलाई जातीय मुक्तिको दिशातर्फ अग्रसर बनाउने काम भइरहेको छ। नेपाली समाजमा जातीय र समुदायगत रूपमा असमानता र विभेद रहेको कुरा साँचो हो। तर, यो नै नेपाली समाज पछि पर्नुको प्रमुख कारण भने होइन। नेपाली समाजमा प्रत्येक जाति र समुदायमा हुने/नहुनेबीचमा निकै ठूलो खाडल छ। मानव विकास सूचकाङ्कका दृष्टिले सबैभन्दा पछि परेका भनिएका नौ जिल्ला सबैमा शोषक जातिका रूपमा चर्चामा ल्याएको खसआर्य समुदाय नै अत्यधिक ठूलो सङ्ख्यामा बसोबास गर्छन्। यसले पनि जातीय विभेदलाई नै नेपाली समाज पछि पर्नुको एक मात्र कारणको रूपमा चित्रण गर्न खोज्ने प्रवृत्ति गलत रहेको पुष्टि हुन्छ। यद्यपि नेपाली समाजमा जातीय, भाषिक र सांस्कृतिक विभेद रहेको यथार्थतालाई भने यस गलत मान्यताको खण्डन गरिरहँदा पनि हेक्का राख्नुपर्दछ। राज्यको पुनर्संरचना गरिरहँदा सङ्घीयता र समावेशीतालाई त्यस प्रकारको विभेदको अन्त्य गर्न सक्ने गरी अघि बढाउने कोसिस गर्नुपर्दछ।

पहिचानका आधारमा राज्य पुनःसंरचनाका कुरा गरिरहँदा पहिचान के हो ? भन्ने कुरामा स्पष्टता आवश्यक हुन्छ। एउटै नृवंशीय समुदायको पहिचान किन भिन्न भिन्न भयो ? भन्ने कुरा यस सन्दर्भमा महत्त्वपूर्ण विषय हो। हामीले आफूलाई कुन परिचयका साथ आन्तरिक र बाह्य रूपमा प्रस्तुत गर्न चाहन्छौं भन्ने कुरा नै पहिचानको मुख्य विषय हो। हाम्रो नेपाल र हामी नेपालीको परिचय त विश्वसामु राम्ररी स्थापित गर्न कठिन भइरहेको अवस्थामा विश्व समुदायसामु हामीले आफूलाई योभन्दा भिन्न रूपमा परिचय दिने कुरा उपयुक्त हुन सक्तैन। तर, नेपालभित्र भने हामीले आफूलाई विभिन्न परिचयका साथ प्रस्तुत गर्दै आएका छौं र भविष्यमा समेत त्यस प्रकारको परिचय कुनै न कुनै रूपमा कायम नै रहनेछ। नेपालभित्र हामीले आ-आफ्नो जाति वा समुदायको पृथक् पहिचानको खोजी गरिरहँदासमेत हामीभित्रका मेलजोलको संस्कृति र साझा मनोविज्ञानलाई सबल बनाउने कुरामा ध्यान दिनुपर्ने हुन्छ। यद्यपि नेपाल र नेपालीको साझा मनोविज्ञानका बाबजुद भाषा, संस्कृति, भेषभूषा, रहनसहन र रीतिरिवाजले हामीलाई एकअर्कादेखि भिन्न बनाएकै छ। जसलाई हामीले सहजताका साथ लिंदै आएका छौं। भविष्यमा पनि विविधताबीचको एकता नै हाम्रो सबल र समृद्ध राष्ट्र नेपाल निर्माणको आधार हो भन्ने यथार्थलाई गहिरो गरी आत्मसात् गर्न सक्नुपर्दछ। त्यसप्रति नकारात्मक धारणा राख्नेहरूले पनि आफ्नो दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक हुन्छ।

सङ्घीयताका सन्दर्भमा बहस चल्दै जाँदा पहिचान र सङ्घीयताका सन्दर्भमा निकै ठूलो भ्रम र अन्योल सिर्जना गर्ने कोसिस भइरहेको छ। पहिचान भनेको जातीयता हो र जातीय नामकरणबिनाको सङ्घीयता हुनै सक्तैन भन्ने ढङ्गले बहस आरम्भ गरिएको छ। कुनै पनि जाति वा समुदायको पहिचान वास्तविक रूपमा उसको भाषा, संस्कार र संस्कृतिका आधारमा अभिव्यक्त हुने गर्दछ। अनुवंशीय हिसाबले मानव समुदाय चार प्रकारका नश्लमा आधारित रहेका छन् : आर्य, मंगोल, आष्ट्रिक र द्रविड। यसबाहेकका जातजाति, भाषाभाषी, धर्मसंस्कृति, वर्ग, समुदाय र समाज आदि सबै सभ्यताको विकासका क्रममा विशेष गरी प्रकृति, समाज र समुदायबीचको अन्तरघुलनका क्रममा विकास भएका हुन्। तर, अहिले आएर नेपाली समाजमा जात-जातिको विषयलाई सार्वकालिक विषयका रूपमा प्रस्तुत गर्ने गलत मान्यता हाबी भएको छ। कुनै पनि जातजातिको विशिष्ट परिचय उसको भाषा, संस्कृति र आर्थिक सामाजिक सम्बन्धबाट विनिर्माण हुन्छ। तसर्थ, पछि परेको/पारिएको जातजाति र समुदायको विकास र समृद्धिका लागि उसको भाषा, संस्कृति र आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याउन सक्नुपर्दछ।

केन्द्र, प्रदेश र स्थानीय तीनै तहका बीचमा सुस्पष्ट रूपमा अधिकारको बाँडफाँडका पक्षमा नेकपा (एमाले) ले जोड दिंदै आएको हो। राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले स्थानीय

सरकारको संवैधानिक व्यवस्थालाई आत्मसात् गरेको थियो । तर, आयोगले भने त्यसलाई प्रदेशको विषयका रूपमा प्रस्तुत गऱ्यो । त्यसप्रति हाम्रो पार्टीले संस्थागत रूपमा नै असहमति जनाइसकेको छ । अहिले पनि हाम्रो जोड संवैधानिक व्यवस्था भएको स्थानीय सरकारको पक्षमा छ । त्यसका लागि हालको जिल्ला विकास समितिको इलाकालाई मूलतः आधार बनाएर स्थानीय तह निर्माण गर्ने प्रस्ताव अघि सारेको छ । कम्तीमा अहिले जिल्लास्तरमा जनताले प्राप्त गर्दै आएको सेवा, सुविधा र अधिकार स्थानीय तहमा नै प्राप्त हुने व्यवस्था गरिनुपर्दछ । यद्यपि स्थानीय तहमा उपरोक्त सबै संरचनाको विकास र विस्तार नहुँदासम्मका लागि जिल्ला तहको प्रशासनिक ढाँचा कायम राख्न सकिन्छ । तर, त्यसलाई स्थायी प्रकृतिको राजनीतिक संरचनाको रूपमा अघि बढाउनु हुँदैन ।

प्रदेशको सङ्ख्या, नामाङ्कन र सीमाङ्कनको विषय राजनीतिक दलहरूका बीचको सहमतिका आधारमा गर्नु उपयुक्त हुने मान्यता नेकपा(एमाले)को रह्यो । समयमै त्यस सन्दर्भमा निर्णय नहुँदा पार्टीको अवधारणाको आफूखुसी व्याख्या गर्ने र अघि बढ्न खोज्ने प्रवृत्ति देखियो । कार्यदलको प्रयोजनका लागि तयार गरिएका प्रस्ताव वा सिफारिसलाई पार्टी निर्णयका रूपमा व्याख्या गर्नेसम्मका काम त्यस क्रममा भए । जसबाट संविधानसभाको समिति र आयोगमा समेत पार्टीका प्रतिनिधिको मत विभाजित हुने दुःखद अवस्था देखियो । तर, पार्टीले सङ्ख्या, नामाङ्कन र सीमाङ्कनका सन्दर्भमा औपचारिक र संस्थागत रूपमा निर्णय त्यति बेलासम्म गरेको थिएन । राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकले जातीय आधारमा प्रदेश निर्माण गर्न नहुने निष्कर्ष निकालेको र सोह्रौं केन्द्रीय कमिटीको बैठकले पहिचान र सामर्थ्यमा आधारित कम प्रदेशमा जाने निर्णय गरेको परिप्रेक्ष्यमा हात्तीवन रिसोर्टमा भएको वार्तामा पार्टीको वार्ताटोलीले मिश्रित पहिचानसहितका सात प्रदेशको नाम प्रस्तावित गरेको थियो । उक्त बैठकमा माओवादी अध्यक्षले दुईपक्षीय र बहुपक्षीय छलफलपछि ६ देखि ८ प्रदेशमा टुंगो लगाउन सकिने निष्कर्ष प्रस्तुत गरेका थिए । तर, त्यसको दुई दिनपछि माओवादी अध्यक्षले एकल जातीय पहिचानका १० प्रदेशको प्रस्ताव अघि सारेपछि उक्त सहमति ओझेलमा परेको थियो । त्यसपछि पार्टीको स्थायी कमिटीले मिश्रित नामसहितका आठ प्रदेश र साझा नामसहितका ११ प्रदेशको प्रस्ताव अघि सारेको थियो । पछि जेठ २ मा तीन प्रमुख दलबीचमा नामांकन प्रदेश सभाले गर्ने गरी ११ बहुजातीय साझा प्रदेशमा सहमति भयो । उक्त सहमतिबाट माओवादी पछि हटेपछि नै संविधानसभा संविधान नै नबनाई अवसान हुन पुगेको थियो ।

प्रदेशको नामकरण गर्दा नेपाली समाजको विशेषता प्रकट हुने अवस्था सिर्जना गरिनु उपयुक्त हुन्छ । नेकपा(एमाले)ले ‘राज्य निर्माण र सञ्चालनमा नेपालका सबै जातजाति, भाषाभाषी, धर्मसंस्कृति र क्षेत्रका मानिसको साझा भूमिकालाई स्थापित गरिनेछ । जातीय, भाषिक, सामुदायिक र सांस्कृतिक विषयको सन्दर्भमा राज्य संवेदनशील बन्नुपर्दछ । राज्यको पुनर्संरचना गर्दा सबैका सकारात्मक विशेषतालाई समेट्ने नीति अवलम्बन गरिनुपर्दछ । भाषा, धर्म, संस्कृति, रीति, परम्परा, भेषभूषा बाह्य रूपमा अनुभूत हुने समुदायका परिचयका आधार हुन् । कुनै न कुनै रूपमा राज्यको स्वरूप र परिचयमा त्यसको प्रभाव देखिनुपर्दछ’ भन्ने मान्यता अघि सारेको छ । यसरी नै राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले तयार गरेको अवधारणामा समेत साझा नाम, सबैलाई स्वीकार्य हुने नाम वा कसैको चित्त नदुख्ने नाम राख्नु उपयुक्त हुने मान्यता अघि सारिएको छ । विवाद भएको स्थितिमा सहमतिका आधारमा टुंगो लगाउनुपर्ने वा लोकतान्त्रिक विधिबाट समाधान गर्ने कुरासमेत गरिएको अवस्था छ । तर, अहिले आएर नामकरणको विषय अत्यन्त संवेदनशील बन्न पुगेको अवस्थामा नेकपा(एमाले)ले बहुजातीय मिश्रित नामकरणका सात प्रदेश प्रस्तावित गरेको छ । अहिले संविधानमा जे-जस्तो नाम प्रस्तावित गरिए पनि सम्बन्धित प्रदेशका जनताले आपसी सहमतिमा सबैका लागि स्वीकार्य साझा नामको

**राजनीतिक सीमाङ्कनको विषय एक जटिल, संवेदनशील र प्राविधिक विषय हो । विकास र राजनीति अन्तरसम्बन्धित हुने र विकासका लागि साझा सामाजिक मनोविज्ञान उपयोगी हुने वस्तुगत यथार्थलाई आत्मसात् गरेर सीमाङ्कनका लागि पहिचान र सामर्थ्यको सन्तुलन मिलाउनु आवश्यक हुन्छ ।**

छनोट गर्ने अधिकार भने संविधानमा राखिनुपर्दछ ।

राजनीतिक सीमाङ्कनको विषय एक जटिल, संवेदनशील र प्राविधिक विषय हो । विकास र राजनीति अन्तरसम्बन्धित हुने र विकासका लागि साझा सामाजिक मनोविज्ञान उपयोगी हुने वस्तुगत यथार्थलाई आत्मसात् गरेर सीमाङ्कनका लागि पहिचान र सामर्थ्यको सन्तुलन मिलाउनु आवश्यक हुन्छ । पहिचानलाई मात्र आधार बनाएर गरिने सीमाङ्कन जनताको दैनिक जीवनका लागि समेत असहज बन्न पुग्छ । त्यसमाथि आर्थिक-सामाजिक सम्बन्ध एकातिर र राजनीतिक, प्रशासनिक सम्बन्ध अर्कोतिर हुने अवस्था सिर्जना हुँदा त्यसले अनेकन् पक्षमा नकारात्मक असर पार्दछ । त्यसमाथि अहिले निर्माण भएका सहर र बजारसमेत नयाँ संरचनाका कारणले विस्थापित हुने स्थिति आउन सक्छ । यी सबै पक्षलाई ध्यानमा राखेर समग्र पक्षलाई विचार गरेर सीमाङ्कनको काम अघि बढाइनुपर्दछ । एकअर्को इकाइका सीमा क्षेत्रका जनताको आकाङ्क्षालाई सीमाङ्कन गर्दा सकेसम्म मिलाउनुपर्ने हुन्छ । यसका लागि विशेषज्ञहरू सम्मिलित संवैधानिक आयोग गठन गर्ने कुरा उपयुक्त हुन्छ ।

राज्यको पुनःसंरचनाका सन्दर्भमा केही गम्भीर भड्काउ पनि प्रकट भएका छन् । एकीकरण अभियानका क्रममा विभिन्न जाति र समुदायमाथि अत्याचार भएको भन्ने नाममा एकीकरणको ऐतिहासिकतालाई समेत अवमूल्यन गर्ने काम भइरहेको छ । कबिलातन्त्र, इलाका स्तरमा हुर्किंदै गरेको सामन्ती समाजलाई एउटा राज्यको रूपमा एकीकृत गर्ने काम सामन्ती राजा रजौटाहरूले नै गरेका हुन् । त्यति बेलाको समयमा एकीकृत र बलियो राज्यको निर्माण युद्धको बाटोबाट हुनु र युद्धका क्रममा जित्नेले हार्नेका विरुद्ध शक्तिको प्रयोग गर्नु त्यति बेलाको समाजको एक प्रकारको विशेषता नै थियो । तर, पृथ्वीनारायण शाहले एकीकरणलाई गोर्खा राज्यको विस्तारका रूपमा नलिई नेपाल राज्यको एकीकरण अभियानका रूपमा अघि बढाए । त्यसक्रममा उनले काठमाडौं उपत्यका प्रचलित संस्कृति र परम्परालाई निरन्तरता मात्रै दिएनन् त्यसमा आफूलाई समेत समाहित गराए । यद्यपि सामन्ती राजाको राज्य विस्तार अभियानमा कुनै प्रकार नकारात्मक पक्ष थिएन भन्ने कुरा भने होइन । तर, उक्त अभियानलाई नेकपाले स्थापनाकालदेखि नै एक ऐतिहासिक कदमका रूपमा लिंदै आएको छ । राज्यको पुनःसंरचनाका नाममा एकीकरणलाई नै अस्वीकार गर्ने गलत चिन्तनबाट हाम्रो आन्दोलन मुक्त हुनुपर्दछ ।

यसरी नै जातजातिको सम्मिलनबाट साझा राष्ट्र निर्माणको प्रक्रियामा जुटिरहेको मुलुकमा बहुराष्ट्रियताको कुरा गरेर नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमसत्तालाई विभाजित गर्न खोज्ने, सामन्ती शोषण र उत्पीडनबाट मुक्तिका लागि छटपटाइरहेका जनतालाई शोषक र शासित, उत्पीडक र उत्पीडित जातिको रूपमा विभाजित गरेर सामन्ती व्यवस्थालाई नयाँ स्वरूपमा कायम राख्न चाहने र साम्राज्यवाद, उपनिवेशवाद र विस्तारवादको हस्तक्षेप र उत्पीडनका विरुद्ध स्वतन्त्रता, स्वाधीनता र सम्मानका लागि लडिरहेको राष्ट्रलाई बलियो बनाउनुपर्ने बेलामा आन्तरिक औपनिवेशीकरणको कुरा गरेर राष्ट्रलाई विभाजित र कमजोर बनाउने गलत चिन्तन र मान्यता यस बीचमा गम्भीर रूपमा सतहमा आएका छन् । एउटा खास ऐतिहासिक कालखण्डमा एउटा जाति एउटा राष्ट्रको रूपमा विकास भएको मूलतः युरोपको सन्दर्भलाई अघि सारेर नेपालजस्तो साझा राष्ट्र निर्माणको प्रक्रियामा अघि बढिरहेको मुलुकमा त्यसप्रकारको दृष्टिकोण अघि आउनु भनेको नेपाल राष्ट्र निर्माणको वर्तमान प्रक्रियालाई अवरुद्ध गर्नु हो । राष्ट्रिय एकता र अखण्डताका विरुद्धको यस प्रकारको गलत चिन्तनका विरुद्ध तीव्र वैचारिक संघर्ष आवश्यक रहेको छ ।

सङ्घीयता निर्माणको आधारमा मतभेद उत्पन्न भएकै कारणले संविधानसभा असफल भएपछि पुनः अर्को संविधानसभा गठनका लागि निर्वाचनको मिति घोषणा भएको छ । अब गठन हुने संविधानसभा सफल हुने कि असफल हुने भन्ने कुरा यस विषयको बहसलाई कसरी अघि बढाउन सकिन्छ भन्ने कुरामा धेरै हदसम्म निर्भर रहन्छ । त्यसैले हामीले सङ्घीयताको यस बहसलाई नेपाली समाज विकासका आफ्नै विशेषताका आधारमा अघि बढाउने संकल्प गरौं । नेकपा (एमाले) बहुपहिचानसहितको सङ्घीयता, सामाजिक सद्भावसहितको राष्ट्रिय एकताको पक्षमा छ । बहुपहिचानमा आधारित सङ्घीयताले भय र आकाङ्क्षा दुवैलाई सम्बोधन गर्ने सामर्थ्य राख्दछ । साथै संविधानसभाबाट संविधान निर्माण गर्न र मुलुकलाई जबजको बाटोबाट समाजवाद निर्माणको दिशामा अघि बढाउने कुराको बलियो आधारसमेत प्रदान गर्नेछ । ■

# जनताको बहुदलीय जनवादी संस्कृति र साँस्कृतिक रुपान्तरणका हाम्रा अभिभारा



✍ प्रदीप ज्ञवाली*

**भ्रान्त बुझाइः निराशाजनक कार्यान्वयन**

नेपाली राजनीतिमा संस्कृति, सांस्कृतिक आन्दोलन र सांस्कृतिक रूपान्तरणसम्बन्धी बुझाइमा एकरूपता, पर्याप्त गम्भीरता र स्पष्टता छैन। यहाँसम्म कि क्रान्तिकारी वामपन्थी आन्दोलनका कतिपय नेता कार्यकर्तामासमेत संस्कृतिलाई प्रचलित चाडबाड, संस्कार र परम्पराको सङ्कीर्णतामा बुझ्ने, सांस्कृतिक आन्दोलनलाई सामान्य कथा, कविता, नाट्य सङ्गीत र आवधिक मनोरञ्जनात्मक क्रियाको सङ्कुचित अर्थमा ग्रहण गर्ने र 'प्रगतिशील विवाह' का ब्यानरमा हुने एकाध मञ्च विवाह, आकलझुकल हुने सामाजिक सुधारका प्रचारात्मक कार्य या परम्पराविरुद्ध वैयक्तिक रूपमा प्रदर्शित सीमित घटनालाई नै सांस्कृतिक रूपान्तरणको रूपमा आत्मतुष्टि लिने प्रवृत्ति विद्यमान छ।[1]

संस्कृतिसम्बन्धी बुझाइमै गम्भीर समस्या छन् भने सांस्कृतिक मुद्दाले राजनीतिक बहसमा केन्द्रीय स्थान प्राप्त गर्न नसक्नु स्वाभाविकै हो। जब यो मुद्दा बहसको केन्द्रभागमा छैन र संस्कृति र सांस्कृतिक आन्दोलनप्रतिको बुझाइमै दरिद्रता छ भने सांस्कृतिक रूपान्तरणको अवस्था निराशाजनक हुनु स्वाभाविकै भयो, सांस्कृतिक रूपान्तरणको कार्यसूची तपसिलमा पर्ने नै भयो। त्यसैले त यति ठूलो राजनीतिक परिवर्तनका बाबजुद हामी आज सांस्कृतिक रूपान्तरण र नयाँ सांस्कृतिक मूल्यहरू निर्माणको दायित्वमा पछाडि परिरहेका छौं। नयाँ नेपालमा पुरानै सांस्कृतिक मूल्यहरूको वर्चस्व र यसका अगाडि 'नयाँ नेपालका अभियन्ता'हरूको आश्चर्यजनक समर्पण ज्यादै दुःखद छ। पुरानो संस्कृतिले राजालाई कानुनभन्दा माथि ठान्थ्यो र रैतीलाई निरीह आदेशपालक। पात्र फेरिए पनि आज हाम्रा अगुवाहरूको सांस्कृतिक चिन्तन त्यसभन्दा माथि उठ्न सकेको छैन। पुरानो संस्कृतिले समाजको स्तरीकरण गर्थ्यो- फैसला गर्ने एउटा स्तर, फैसला बोक्ने अर्को स्तर र फैसला भोग्ने अर्को स्तर। स्तरीकरणको यो विडम्बनापूर्ण शृङ्खला जारी नै छ। पुरानो संस्कृतिले महिलालाई यौन र मनोरञ्जनको वस्तु ठान्थ्यो। आज समाज महिलाका लागि झनै असुरक्षित बन्दै गएको छ।[2] मान्छे आफैमा सबैथोक हो र उसको कर्म नै समाजको अग्रगतिको निर्णायक विषय हो भन्ने दृष्टिकोण विकास गर्नुको साटो हिजो दैवी चमत्कारको भ्रममा पारिएका जनतालाई हामी आज पनि नेतृत्वको 'चमत्कार'को भ्रम दिइरहेका छौं र परामुखापेक्षी

* *लेखक, नेकपा (एमाले) पोलिटब्यूरो सदस्य तथा केन्द्रीय प्रचार विभाग प्रमुख हुनुहुन्छ।*

१ 'समय, समाज र संस्कृति' पुस्तकको भूमिकाबाट

२ कान्तिपुरः जेठ ३१, २०७०

बनाइरहेका छौं ।[३] मुलुक राजतन्त्रबाट गणतन्त्रमा रूपान्तरित भइसक्दा पनि गणतान्त्रिक मूल्यहरूको विकास भइरहेको छैन । राजनीतिक रूपमा अधिनायकवाद परास्त भएर लोकतन्त्र स्थापित भइसक्दा पनि व्यवहारमा लोकतान्त्रिक संस्कारको खडेरी झनै बढिरहेको छ । हामी आफूलाई 'नयाँ', 'क्रान्तिकारी' र 'परिवर्तनकामी' भनेर थाक्दैनौं, तर व्यवहारमा हाम्रा शैलीहरू झनै पुराना, झनै पछ्यौटे र यथास्थितिवादी भइरहेका छन् । संसार बदल्न हिँडेकाहरू संसारलाई होइन आफैलाई बदलेर आत्मरति लिइरहेको, जनताको नाममा राजनीति गर्नेहरूले जनतालाई 'चाहिंदाको भाँडो नचाहिंदाको ठाँडो' बनाइरहेको, 'नायकहरू' को तीव्र रफ्तारमा विघटन भएर उनीहरू खलनायक बन्दै गरेको र यी सबै कुराले परिवर्तनलाई 'ढाकाको टोपीमा गुयैँलाको फूल' जस्तै बनाइरहेको विरोधाभाषी दृश्य आजको यथार्थ बन्न पुगेको छ ।

**मार्क्सवादी दृष्टिकोणमा संस्कृति र सांस्कृतिक आन्दोलन**

मार्क्सवादले संस्कृतिलाई तत्कालीन युगको उत्पादन पद्धतिसँग अविभाज्य ढङ्गले जोडिएको र आर्थिक आधारमाथि स्थापित अधिसंरचनाभित्रको यौटा महत्त्वपूर्ण प्रवर्गको रूपमा विश्लेषण गर्छ । यद्यपि आर्थिक आधारको जगमा खडा भएको भए पनि संस्कृति (र विचारधाराका अन्य रूपसमेत) आर्थिक आधारका सपाट प्रतिबिम्बको रूपमा मात्रै अवस्थित हुँदैनन् । तिनीहरू निष्कृय र प्रभावशून्य अवधारणाको रूपमा विद्यमान हुँदैनन् । उनीहरू निरन्तर क्रियाशील हुन्छन् र आफ्ना उद्गमस्रोत आर्थिक आधार, उत्पादन पद्धति र राजनीतिक अधिसंरचनालाई समेत गम्भीर रूपले प्रभावित गर्ने हैसियत राख्छन् । संस्कृतिको भूमिकाले समाज परिवर्तनमा तीव्रता या सुस्तता, ऊर्ध्वगामिता र अधोगामिता, प्रगति या प्रतिगमन, तमस या ज्योतितिरको दिशा निर्धारण जस्ता विषयमा गम्भीर प्रभाव पर्छ । यहाँनिर एङ्गेल्सले मार्क्स र आफूलाई 'आर्थिक नियतिवादी' भनेर लगाइएको आरोपको खण्डन गर्दै चेतनाको स्रोत भौतिक जगत् नै भए पनि एक पटक निर्मित भएपछि यसले भौतिक जगत्लाई कसरी प्रभावित पार्छ भन्नेबारेमा गरेको विश्लेषण स्मरणीय छ ।[४]

गोर्की संस्कृतिलाई मानव श्रमद्वारा निर्मित 'दोस्रो प्रकृति' हो भन्छन् । संस्कृति मनुष्यको सिर्जनात्मक शक्ति तथा योग्यताको तथा समाजको विकासको ऐतिहासिकताद्वारा निर्धारित स्तर हो । यो स्तर मान्छेका जीवन र क्रियाकलापका सङ्गठनका रूप, प्रकार तथा उनीहरूद्वारा निर्मित भौतिक एवं आत्मिक मूल्यमा अभिव्यक्त हुन्छ भनेर ब्रोमलेय र पोदोल्नीले विश्लेषण गरेका छन् । त्यसैले संस्कृति, सांस्कृतिक आन्दोलन र रूपान्तरणको बहसलाई अगाडि बढाइरहेको बेला संस्कृतिसम्बन्धी सही बुझाइलाई स्थापित गर्नु आवश्यक छ ।

यसरी जब हामी संस्कृतिलाई सामान्य रीतिरिवाज, चाडबाड या नाचगानका क्रियाकलापको सतही परिभाषाबाट विस्तार गरेर हाम्रा समग्र चिन्तन, आचरण र मनोजगत्को समष्टिको रूपमा बुझ्न थाल्छौं, हामीलाई सांस्कृतिक आन्दोलनको महत्त्व, यसको अर्थ र उपादेयता तथा समग्र क्रान्तिकारी प्रक्रियामा यसको भूमिकाबारे पनि स्पष्ट दृष्टिकोण प्राप्त हुन्छ । प्रभावकारी सांस्कृतिक आन्दोलनबिना तपाईं जनविरोधी शासन व्यवस्था र अन्यायपूर्ण पुरानो समाजलाई भत्काउन सक्नुहुन्न । अझ शान्तिपूर्ण र लोकतान्त्रिक विधिबाट पनि समाजको रूपान्तरण सम्भव छ भन्ने विश्वास गर्ने तपाईंले त सांस्कृतिक आन्दोलनको तीव्रताको सहयोग नलिईकन यो काम गर्नै सक्नुहुन्न । किनभने त्यसलाई भत्काउन सबैभन्दा पहिले तपाईंले आम जनताको मनमा रहेको त्यो सत्ता, त्यो समाज र त्यस संस्थापनाप्रतिको भ्रमलाई भत्काउनु पर्छ, यसलाई भत्काउन सकिन्छ भन्ने आत्मविश्वास जगाउन सक्नुपर्छ र त्यसपछि बन्ने नयाँ समाजको सपना देखाउन सक्नुपर्छ । पुरानो व्यवस्थाप्रति वितृष्णा नजगाईकन, त्यसलाई भत्काउन आफै अघि सर्नुपर्छ भन्ने हुटहुटी नलगाइकन र एउटा नयाँ सपना निर्माण नगरीकन जनताभित्रको त्यो विशाल समुद्रमा तपाईंले आँधी निर्माण गर्न सक्नुहुन्न, त्यस्तो आँधी सृष्टि नगरी समाज परिवर्तन हुँदैन । तपाईं हिंसामा विश्वास गर्नुहुन्छ र बन्दुकलाई विवेकभन्दा ठूलो, बमलाई जनताको अजेय शक्तिभन्दा बलियो मान्नुहुन्छ भने बेग्लै कुरा हो (सायद

[३] ऐऐ

[४] राष्ट्रियता, पहिचान र सामाजिक रूपान्तरण, पृष्ठ ..

त्यतिबेला जनतामा आन्दोलनकारी चेत जगाउनेभन्दा ठूलो कुरा तपाईंका लागि 'अचूक निशानेबाज छापामारहरू सङ्गठित गर्ने र हतियारको विशाल भण्डार जम्मा गर्ने कुरा बढी महत्त्वको ठहरिएला।), होइन भने प्रबोधित जनताको सङ्गठित शक्तिका बलमा क्रान्ति सम्पन्न गर्ने मान्यता राख्ने लोकतान्त्रिक क्रान्तिकारी या समाजवादी शक्तिहरूका लागि सांस्कृतिक आन्दोलनमा महत्त्व ज्यादै गम्भीर हुन्छ।[५]

क्रान्ति सम्पन्न गर्न मात्र होइन, क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न र तिनलाई संरक्षण गर्न पनि सांस्कृतिक आन्दोलनको महत्व ठूलो हुन्छ। हामी सबैलाई थाहा छ, क्रान्तिले पुराना राजनीतिक संरचनाहरूलाई तुलनात्मक रूपमा सजिलो गरी र तत्कालै बदल्न सक्छ। यसको तुलनामा त्यसका सामाजिक-आर्थिक आधारहरू बढी जटिल हुन्छन् र तिनलाई परिवर्तन गर्न समय लाग्छ। तर पुरानो व्यवस्थाका सांस्कृतिक प्रभाव भने कति गहिरो गरी समाजमा, संरचनाहरूमा र व्यक्तिको मनमस्तिष्कमा जरा गाडेर बसेका हुन्छन् भने निरन्तरको सङ्घर्ष, दबाब र प्रतिवादबिना तिनीहरू बदलिँदैनन्। यस्तो स्थितिमा, राजनीतिक व्यवस्था बदलिने तर सांस्कृतिक संरचना पुरानै रहने, प्रणाली फेरिने तर मूल्यहरू उनै कायम रहने हो भने नयाँ राजनीतिक प्रणाली दिगो हुन सक्नेछैन। यस्तो विरोधाभाषी स्थिति लामो समय रहने सक्दैन- या त नयाँ राजनीतिक प्रणालीले आफू अनुकूलको सामाजिक-सांस्कृतिक संरचना निर्माण गर्छ या पुरानो सांस्कृतिक संरचनाले नयाँ राजनीतिक प्रणालीलाई पनि क्रमशः भुत्ते, मूल्यहीन, जड र खोक्रो बनाइदिन्छ र अन्ततः पतनको सँघारमा पुऱ्याइदिन्छ।

त्यसैले क्रान्ति सम्पन्न गर्न र क्रान्तिलाई जोगाउन- दुवै अवस्थामा सांस्कृतिक आन्दोलनको निर्णायक महत्त्व हुन्छ भन्ने कुरालाई परिवर्तनकारी शक्तिहरूले सदैव याद राख्नु आवश्यक छ।

## संस्कृतिका जीवन्त र मरणशील पक्षहरू

सांस्कृतिक विमर्शलाई अगाडि बढाइरहेको र सांस्कृतिक आन्दोलनको चर्चा गरिरहेको बेला यसको विशिष्ट संरचना, यसका जीवन्त र मरणशील पक्षहरू एवं हामीले बदल्नुपर्ने र संरक्षण गर्नुपर्ने पक्षहरूबारे स्पष्ट हुनु आवश्यक हुन्छ। हामीले नेपाली समाजको विशिष्ट सांस्कृतिक बनौट, नेपाली 'चिन्तन परम्परा' लाई सही ढङ्गले ठम्याउनु आवश्यक हुन्छ। झन्डै एक करोड दस लाख वर्ष पुरानो 'बुटवल पिथेकस' र पैंतीस हजार वर्ष पुराना पुरा-पाषाणकालीन अवशेषको उत्खननले नेपाल मानव जातिका आदिपुर्खाहरूको विचरणस्थल थियो भन्ने कुरालाई पुष्टि गर्छन्। यी तथ्यहरूबाट नेपाललाई 'असभ्य' ठान्ने खोटपूर्ण दृष्टिकोण स्वतः खण्डित हुन्छ। अरु समाज जस्तै नेपाली समाजले पनि आदिम सामुदायिक जीवन पद्धति र मातृसत्तात्मक युगको लामो शृङ्खला पार गरेको छ र त्यो युगका सांस्कृतिक छापहरू आज पनि हामीकहाँ विद्यमान छन्। *'नेपालमा आदिम युगमा मातृसत्तात्मक समाज थियो। मातृसत्तात्मक समाजको अस्तित्वलाई मान्नुको मतलब आदिम सामुदायिक समाजको अस्तित्वलाई मान्नु हुन्छ। यो सिद्ध भएपछि आजसम्म हामीमा रहेको यो गलत धारणा समाप्त हुन्छ कि नेपालको इतिहास मञ्जुश्री अथवा नेमुनिबाट सुरु भएको हो। सबभन्दा ठूलो कुरा त नेपालको इतिहासलाई पारलौकिक शक्ति पुराण तथा धार्मिक दृष्टिकोणबाट मुक्त पारी ऐतिहासिक भौतिकवादको स्तरमा बढाउँछ'* - यी शब्दहरूमा पुष्पलालले नेपाली समाजको विकासक्रमलाई नयाँ दृष्टिले चित्रित गरेका छन्।[६] त्यो लामो शृङ्खलापछि आजको नेपाली भूभागमा शाक्य, विदेह र बागमती जस्ता महत्वपूर्ण सभ्यता विकसित भए। शाक्य सभ्यता र त्यसका महत्वपूर्ण धरोहर गौतम बुद्धले विकास गरेका शान्ति र सङ्घबद्धताका कालजयी मान्यताहरू, प्राचीन जनकपुरमा 'राजा' जनकहरूले विकास गरेका विद्वत् सभा, तर्क परम्परा र त्यसबाट विकसित उपनिषद्लगायत दार्शनिक चिन्तनधारा एवं बागमती सभ्यताले विकास गरेका कृषि, आयुर्वेद, नृत्यकला र तन्त्रजस्ता विषयहरूले आजको नेपाली चिन्तनलाई गहिरो गरी प्रभावित गरिरहेका छन्। त्यसरी नै, कहिले विस्तारित र कहिले सङ्कुचित हुँदै लामो समयसम्म विद्यमान किरात सभ्यता, विभिन्न आदिवासीहरूका आफ्नै मौलिक परम्परा तथा पछिल्लो समयमा विकास भएका लिच्छवि तथा खस सभ्यताले उत्तरदानमा दिएका परम्पराहरूले पनि नेपाली चिन्तन परम्परालाई निश्चित

५ ऐऐ

६ नेपालमा मातृसत्तात्मक समाज : पुष्पलाल

आकार दिन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

संयोगवश, आजको नेपाल विश्वमानचित्रको त्यस्तो अवस्थितिमा रह्यो, जुन हिमालय पर्वत शृङ्खला वरिपरि विकसित मङ्गोल, भोल्गाको किनार हुँदै दक्षिण सर्दै आएका आर्य र दक्षिणबाट 'उत्तरायण' हुँदै आएको अष्ट्रिक र द्रविड जस्ता मनुष्यका महाजातिहरूको महत्वपूर्ण सङ्गम र आश्रय स्थल बन्ने अवसर पायो र जसको काखमा ती सभ्यताहरू आफ्नै मौलिकतामा विकसित भए । बहुजातिय संस्कृति निर्माणको यस्तो गौरवशाली अतीत पाउने सौभाग्य संसारका कमै मुलुकलाई मिलेको छ । हजारौं वर्षको यो सांस्कृतिक सहचार्य, सहअस्तित्व र अन्तरक्रियाबाट नेपाली समाजमा विशिष्ट संस्कृति निर्माण भएको छ र आफ्नै खाले 'नेपाली चिन्तन परम्परा' विकास हुँदै आएको छ ।

भन्न खोजिएको कुरा के हो भने युगौं लामो सांस्कृतिक सहचार्यबाट नेपाली संस्कृतिको आफ्नै मौलिकता निर्माण भएको छ । समाजशास्त्री जनकलाल शर्मा भन्छन् - *'प्राचीन समाजमा आर्य अनार्य अलग-अलग समाज भएर पनि आज दुवैको प्रभाव एक अर्कामा परेको देखिन्छ र त्यो सीमारेखा बनाएर छुट्याउनु असम्भवप्रायः जस्तो भइसकेको छ । त्यसकारण हामीले भन्नै पर्छ यी दुवै हाम्रा संस्कृति हुन् । भनाइको तात्पर्य- तिनै आर्य अनार्य समस्त नेपालीका पुर्खा हुन् र तिनको संस्कृति समस्त नेपालीको संस्कृति हो । यही मिश्रित रक्त र संस्कृतिको अनुयायी आजको नेपाली समाज हो ।'* [७] तर हामीले गहिरो अन्वेषण र पर्याप्त बहस गरेर नेपाली संस्कृतिका ठोस स्वरूप र नेपाली चिन्तन परम्पराको वैशिष्ट्य पहिचान गर्न सकेका छैनौं । नेपाली चिन्तन परम्परा र यसलाई प्रभाव पार्ने सांस्कृतिक/दार्शनिक धाराहरूको निरूपण गर्न सकियो भने र प्रख्यात भारतीय दार्शनिक चिन्तक देवीप्रसाद चट्टोपाध्यायका शब्दमा यसभित्रका 'जीवन्त र मरणशील' केस्राहरूलाई पर्गेल्न सकियो भने मात्रै नयाँ संस्कृति निर्माण र सांस्कृतिक रूपान्तरणको ऐतिहासिक अभिभारा पूरा गर्न सकिन्छ ।

विचार र संस्कृतिको जन्म या निर्माण शून्यबाट हुँदैन । पुराना र मरणशील पक्षहरूको विनाश र त्यसका राम्रा एवं सकारात्मक कुराहरूको नयाँमा हस्तान्तरणको निरन्तर शृङ्खलाबाट नित्य नवीकृत र परिष्कृत हुँदै संस्कृति क्रमबद्धतामा विकास हुँदै जान्छ । संस्कृतिरूपी रूखका पुरानिँदै र पहेंलिँदै गरेका पात झर्दै जान्छन् ( अझ यसो भनौं हामीले झार्दै जान्छौं ) र त्यसमा नयाँ पालुवा पलाउँदै जान्छन् । 'निषेधको निषेध' को द्वन्द्ववादी नियमलाई अधिभूतवादी ढङ्गले बुझ्ने र सामाजिक क्रान्ति तथा सांस्कृतिक रूपान्तरणलाई पुरानोको पूर्ण ध्वंसको रूपमा मात्रै बुझ्ने अतिवादले हामीलाई कहीँ पनि पुऱ्याउँदैन । चिन्तक गोविन्द भट्टले 'नियतिवादी र आत्मसमर्पणवादी जीवन दर्शन' लाई नै नेपाली संस्कृतिको मूल धारा मान्ने 'बुज्रुकहरू' को आलोचना गरेका छन् र 'संसारका अरू कुराहरू झैं विचार, स्वभाव, चरित्र आदि पनि स्थायी, अपरिवर्तनीय र देश काल निरपेक्ष कुरा नभएर परिस्थितिअनुसार बदलिँदै जाने सापेक्ष कुरा हुन्' भनेका छन् ।'[८]

### जनताको बहुदलीय जनवाद र यसको संस्कृति

जनताको बहुदलीय जनवाद नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोग हो अर्थात् यो मार्क्सवादको नेपाली संस्करण हो । यसले मार्क्सवादका आधारभूत सिद्धान्त र सर्वव्यापी सच्चाइहरूलाई आजको समय सन्दर्भ, नेपाली इतिहासको वर्ग सङ्घर्षको शृङ्खला तथा स्तर र नेपाली समाजका वैशिष्ट्यहरूलाई केन्द्रबिन्दुमा राखेर नेपाली क्रान्तिका मौलिक सिद्धान्तहरूको विकास गरेको छ । हतियारलाई होइन जनताको अभिमतलाई परिवर्तनको निर्णायक अस्त्र मान्नु, बलपूर्वक डोऱ्याइएका 'सेना' लाई होइन उद्बोधित र जागृत जनताको सचेतन आन्दोलनलाई क्रान्तिको साधन ठान्नु, राज्यको बलात् नियन्त्रण र कानुनी सिकञ्जाबाट विपक्षीको मुख बन्द गरेर होइन प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गरेर राज्यको नेतृत्व गर्नु, निरन्तर जनताको निगरानी, आदेश र परीक्षणबाट गुज्रिन तयार हुनु र यसो गरेर क्रान्तिकारी शक्तिको दायरा विस्तार गर्दै क्रान्तिकारी आन्दोलनमा निर्णायक विजय हासिल गर्नु- जनताको बहुदलीय जनवादका मुख्य चारित्रिक विशेषताहरू हुन् । अर्थात् आन्दोलनको लोकतान्त्रीकरण र लोकतन्त्रको क्रान्तिकारीकरण यसको मूल तत्व हो ।

जसरी जनताको बहुदलीय जनवादमा मार्क्सवादका सर्वव्यापी सच्चाइहरू अन्तर्निहित छन् र तिनीहरू

[७] नेपाली समाज : एक अध्ययन- जनकलाल शर्मा

[८] नेपाललाई बुझ्ने समस्याः लामो र कष्टसाध्य प्रक्रिया - गोविन्द भट्ट

विशिष्ट ढङ्गले प्रकट भएका छन्, जबजको संस्कृतिमा पनि मार्क्सवादी सौन्दर्यशास्त्रका आमविशेषताहरू अन्तरघुलित छन्- तर आफ्नै वैशिष्ट्य, 'आञ्चलिकता' र मौलिकतासहित। जनताको बहुदलीय जनवादी संस्कृति जनताको बहुदलीय जनवादी राजनीतिको कलात्मक चेतनाको अभिव्यक्ति हो।

जनताको बहुदलीय जनवादी संस्कृतिको सन्दर्भमा चर्चा गर्दा हामीले आजको नेपाली समाजको सांस्कृतिक चरित्रलाई निक्र्यौल गर्नुपर्छ। यसो गरेर मात्रै हामीले यसको क्रान्तिकारी विकल्पको रूपमा नयाँ खालको राष्ट्रिय जनवादी संस्कृतिको विकास गर्न सक्छौं।

एकीकरणसँगै बलियो सामन्ती राज्यमा रूपान्तरित भएको नेपालमा जब ससाना उद्योग एवं व्यापार व्यवसाय सुरु भयो र जब यो बाह्य विश्वसँग पनि व्यापारिक कारोबारका हिसाबले जोडिन थाल्यो, त्यही क्षणदेखि नै विस्तारै सामन्तवाद खोक्रो बन्न थालेको हो। सामन्ती गर्भभित्रैबाट आकार लिएको पुँजीवादले हामीकहाँ युरोपमा जस्तो सामन्तवादसँग निर्णायक क्रान्ति गर्ने स्थिति बनेन। बरु हाम्रो पुँजीवाद सामन्तवादसँगको संश्रय र साम्राज्यवादको संरक्षणको बीचमा हुर्कियो, जसले गर्दा यसले सामन्तवादलाई जरैदेखि निर्मूल गर्न सकेन। यो सामन्तवादको गुणात्मक विकल्पको रूपमा स्थापित हुन सकेन। क्रान्तिकारी होइन सम्झौतावादी, दृढ होइन लुलो र आत्मनिर्भर होइन पराश्रयी चरित्रको पुँजीवादी विशेषताका कारण हाम्रो समाज पुँजीवादी उत्पादन सम्बन्धको यति लामो आयतनपछि पनि सामन्तवाद पूर्ण पुँजीवादी बन्न सकेको छैन।[९] राजनीतिमा क्षतविक्षत र अर्थतन्त्रमा कमजोर बनेको सामन्तवाद हाम्रो सामाजिक-सांस्कृतिक आधेयमा भने जब्बर गरी स्थापित छ।

सुगौली सन्धि र अङ्ग्रेजभक्त राणाहरूको उदयसँगै सुरु भएको हाम्रो स्वतन्त्रतामाथि ग्रहणको शृङ्खला आज पर्यन्त टुट्न सकेको छैन। दक्षिण एसियामा औपनिवेशिक बुटले कुल्चिन नसकेको एक मात्र राष्ट्र नेपालको साँचो स्वतन्त्रता भने जहिल्यै सपनाको विषय बनेको छ। आजसम्म हामी आर्थिक रूपमा, सामाजिक-सांस्कृतिक रूपमा र राजनीतिक रूपमा स्वाधीन बन्न सकिरहेका छैनौं। जनताको सम्प्रभुतासहितको लोकतन्त्र, सबल र आत्मनिर्भर अर्थतन्त्र एवं उँचा सामाजिक-सांस्कृतिक मूल्यहरूले नै राष्ट्रलाई साँचो अर्थमा स्वतन्त्र बनाउँछन्। तर यी तीनवटै क्षेत्रमा हाम्रो स्वतन्त्रता औपचारिक अर्थमा छ। औपनिवेशिक युग मूलतः समाप्त भएको आधा शताब्दीभन्दा बढी समय बितिसकेको र विश्वव्यापीकरण यथार्थ बनेको आजको अवस्थामा 'अर्द्धऔपनिवेशिक' पदावली आफैमा कति सान्दर्भिक छ र यसले हाम्रो आजको राष्ट्रिय यथार्थलाई कतिसम्म प्रतिविम्बित गर्छ - यो कुरा बहसको विषय हुन सक्ला। तर हाम्रो राष्ट्र साँचो अर्थमा स्वतन्त्र हुन नसकेको यथार्थ निर्विवाद छ र विश्वव्यापीकरण, पुँजीको सर्वव्यापी विस्तार, हाम्रो प्रतिस्पर्धी क्षमतामा निरन्तर ह्रास र सांस्कृतिक साम्राज्यवादको असीमित विस्तारले हाम्रो स्वाधीनतालाई झनै खण्डित गराएको छ, झनै जोखिममा पारेको छ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलन र त्यसले निर्माण गरेको नयाँ परिस्थिति, विस्तृत शान्ति सम्झौतापछिको विशिष्ट अवस्था, संविधानसभा निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा यी घटनाक्रमले सिर्जना गरेका उपलब्धि युगान्तकारी थिए (छन्) र यिनले हाम्रो राष्ट्रिय पहिचान र गौरवलाई माथि उठाएका छन्। जनताको शान्तिपूर्ण आन्दोलनको बलमा निरङ्कुशतन्त्रको पराजय सबैखाले बन्दुकमाथि जनताको निर्णायक विजयको पुष्टि थियो, यो एक्काइसौं शताब्दीमा कुनै पनि खाले अधिनायकवादलाई ठाउँ छैन भन्ने कुराको उद्घोष र जनताले इतिहासका साँचो निर्माता हुन् भन्ने कुराको प्रमाणित अभिलेख थियो। राजतन्त्रको अन्त्य वास्तवमा जनताको सर्वोच्चताको प्रतीक थियो, वंशमाथि विवेकको, भ्रममाथि सत्यको र अँध्यारोमाथि उज्यालोको विजयको दृष्टान्त थियो। त्यसरी नै, एकात्मकतालाई प्रतिस्थापित गर्दै सङ्घीयताको घोषणा र समावेशी, सामाजिक न्याययुक्त र आर्थिक-सामाजिक-सांस्कृतिक स्वतन्त्रताले वेष्टित लोकतन्त्र स्थापना गर्ने सङ्कल्प अन्यायी अतीतसँगको निर्णायक सम्बन्ध विच्छेद गर्ने सङ्कल्प थियो। यी कदमहरूले हाम्रा सामु सामाजिक-आर्थिक रूपान्तरण गर्दै 'नयाँ नेपाल' निर्माण गर्ने विपूल सम्भावनाहरू पस्किएका थिए।

तर अगुवाहरूको अयोग्यताको सिकार बनेर आज ती सम्भावना दुर्घटनाको सम्मुख खडा छन्। निर्धारित

[९] राष्ट्रियता, पहिचान र सामाजिक रूपान्तरण, पृष्ठ ..

समयमा संविधान बन्न नसक्दा, शान्ति प्रक्रिया बीचबाटोमै अलपत्र पर्दा, आन्दोलनकारी शक्तिहरूको बीच यदुवंशी झगडा सुरु हुँदा र हुँदाहुँदा एउटा सरकारसम्म बन्न नसक्ने स्थिति पैदा हुँदा आज जनताको मनलाई निराशाको कालो छायाले ढाक्न थालेको छ। नयाँ मूल्य निर्माणको त कुरै छाडौं, हिजोका पनि विकृत मूल्यहरू मात्रै छानीछानी पछ्याउन खोजेको हो कि भन्ने आशङ्का बाक्लिन थालेको छ। गणतन्त्र स्थापना भएको पाँच वर्ष बित्दानबित्दै 'यो पनि उस्तै त रहेछ' भन्ने मनोविज्ञान निर्माण हुनु, यति ठूलो हण्डर-ठक्करपछि पनि पार्टीहरूमा नयाँ पुनर्निर्माणको चेत नखुल्नु र नेताहरूका बारेमा जनतामा 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने भाव पैदा हुनु गम्भीर र विचारणीय विषय हो।

हिंसाको बलमा आफ्नो वैधता स्थापित गर्न एवं आफ्नो निम्ति राजनीतिक स्थान निर्माण गर्न सकिन्छ भन्ने मनोविज्ञानको निर्माण र हिंसाको संस्कृतिमा विस्तार नयाँ चुनौतीको रूपमा खडा छ। त्यस्तै, विभेदकारी राज्यसंरचनाको विरोध र पहिचानको लडाइँ लड्ने क्रममा देखा पर्न थालेका जातीय/क्षेत्रीय/साम्प्रदायिक तनाव, जातीय घृणाको मनोविज्ञानको बीजारोपण, एकल पहिचानमा जोड दिने क्रममा धरापमा पर्न लागेको साझा राष्ट्रिय पहिचान एवं पहिचानको राजनीतिको आडमा वर्गीय दृष्टिकोण एवं सामाजिक-सांस्कृतिक रूपान्तरणको प्रश्न छोपिन लाग्नु गम्भीर चुनौती हो।

यस्तो पृष्ठभूमिमा, हाम्रो सांस्कृतिक आन्दोलनको दिशाको चर्चा गरिरहेका छौं, लोकतान्त्रिक- क्रान्तिकारी सांस्कृतिक आन्दोलनको, जनताको बहुदलीय जनवादी सांस्कृतिक आन्दोलनका बारेमा बहस गरिरहेका छौं। हाम्रो सांस्कृतिक आन्दोलनको दिशा तय गर्ने नियामक पक्ष हाम्रो राजनीतिक विचारधारा भएकाले त्यसभन्दा भिन्न ढङ्गले हामी सांस्कृतिक आन्दोलन र यसको दिशाबारे बहस गर्न सक्दैनौं, गर्नु अर्थहीन हुन जान्छ। जनताको बहुदलीय जनवादी सांस्कृतिक आन्दोलनको दिशामा प्रमुखरूपमा निम्न विषयहरू समेटिनुपर्छ।

**क) नयां चेतना र नयां मूल्य निर्माण-** सांस्कृतिक आन्दोलनको मुख्य उद्देश्य हो, नयाँ चेतनाको निर्माण। अर्थात् तपाईं एमाले हुनुहुन्छ भने तपाईंभित्र लोकतान्त्रिक-क्रान्तिकारी चेतना, बहुदलीय जनवादी चेतना, समाजवादी चेतनाको निर्माण। एमाले बन्नुको अर्थ खल्तीमा पार्टीको सङ्गठित सदस्यता कार्ड भिर्नु या महिनाको पाँच रुपैयाँ सदस्यता शुल्क तिर्नु मात्रै होइन, जसरी कम्युनिष्ट पार्टी निर्माण गर्नु भनेको कार्यालयमा रातो झन्डा टाँग्नु या आकर्षक साइनबोर्डले भित्ता सजाउनु मात्रै होइन। खल्तीमा पार्टीको सङ्गठित सदस्यता कार्ड भिरेका तर सांसदको टिकट पाइएन या जिविस सभापति अथवा मेयर हुन पाइएन भने पार्टीले 'अवमूल्यन' गरेको ठान्ने, आफूले हिजो गरेको 'लगानी' व्यर्थ भएको ठान्ने र सजिलै आस्था परिवर्तन गर्ने, दल बदल गर्ने या आन्दोलनप्रति विश्वासघात गर्ने प्रवृत्ति व्यापक जस्तै छ। मौका नपाएर मात्रै सदाचारी भएका तर अवसर पाउनासाथ 'सादा जीवन उच्च विचार' 'जनताबाट सियो र धागो पनि नलिने', 'नयाँ आदर्श स्थापित गर्ने' सारा बाचा बिर्सेर आर्थिक अनियमितता गर्ने थुप्रै पात्रहरूलाई हामी अख्तियारवरिपरि रुमालले मुख थुनेर हिंडेको या आफू 'राजनीतिक षड्यन्त्रको सिकार भएको' भन्दै निर्लज्जतापूर्वक आफ्नो बचाव गर्दै गरेको देखेका छौं। माओले भनेझैं, ताता गोलीले नढलेका हाम्रा कैयौं साथीहरू चास्नी लागेका गोलीले ढलेका छन्। सांस्कृतिक आन्दोलनको आजको मुख्य कार्यभार हो– नयाँ चेतनाको निर्माण, नयाँ मूल्यहरूको स्थापना र मूल्य विघटनको यो भयावह त्रासदीमाथि सार्थक हस्तक्षेप। यसो गरेर मात्रै हामी नयाँ युगका नयाँ नायकहरू, नयाँ मानकहरू र नयाँ आदर्शहरू निर्माण गर्न सक्छौं। उनीहरूले हामीलाई नयाँ युगको सपना देखाउनेछन् र त्यसलाई यथार्थमा रूपान्तरित गर्न उर्जा भरिदिनेछन्।

**ख) सांस्कृतिक रूपान्तरण –** हामीकहाँ सांस्कृतिक रूपान्तरणको प्रश्न तपसिलमा छ। सांस्कृतिक रूपान्तरणको समस्या सिङ्गो समाजमा पनि विद्यमान छ र व्यक्तिव्यक्तिमा पनि। आज राजनीतिक रूपमा हामीले विराट् फड्को मारेका छौं, तर हाम्रो सांस्कृतिक क्षेत्र आज पनि पुरानै अवस्थामा छ। सांस्कृतिक क्षेत्रमा रहेको सामन्तवाद सर्वत्र व्याप्त छ- व्यक्ति व्यक्तिमा, आफूलाई क्रान्तिकारी या लोकतान्त्रिक दाबी गर्ने पार्टीहरूमा, सामाजिक जागरणका अभियन्ता संस्थाहरूमा। जनताले त्यसै एउटा राजा फालिए, तर पार्टी-पार्टीमा 'छोटे राजाहरू' जन्मिन थाले भनेर आरोप लगाएका होइनन्। पर्दा पछाडि हुँदासम्म त्याग, बलिदान र जनसेवाका प्रतिमूर्ति भान हुने कतिपय पात्रहरू पर्दा खुल्नासाथ कुरूप देखिन थालेका छन्। 'मार्क्सको अनुहार प्रिय लाग्नेहरूलाई साइँबाबाको

अनुहार पनि प्रिय लाग्न थालेको' साहित्यकार अमर गिरीले यस्तो स्थितिप्रति तीखो व्यङ्ग्य गरेका छन्। पुराना मूल्य, संस्कार र संरचनाहरू रूपान्तरित नहुँदा तिनले परिवर्तनको धारलाई कमजोर र भुत्ते मात्रै पारिरहेका छैनन्, जनतामा परिवर्तनप्रति अविश्वास बढाउने र निराशा छर्ने काम पनि गरिरहेका छन्। त्यसैले सांस्कृतिक रूपान्तरणको कार्यसूची उच्च प्राथमिकतामा पर्नुपर्छ।

**ग) असल परम्पराको रक्षा, गलतको परित्याग–** हामीकहाँ युरोपमा जस्तो 'पुनर्जागरण' को युग आउन पाएन। त्यसैले हामीले एकातिर हाम्रो परम्परा र इतिहासको रहेका सकारात्मक पक्षहरूको पुनर्सिर्जना गर्न सकेको छैनौं भने अर्कातिर परम्परामा रहेका गलत, हानिकारक र मरणशील वस्तुहरूलाई फ्याँक्न पनि सकिरहेका छैनौं। माथि भनिए झैं, संस्कृतिको निर्माण शून्यबाट हुँदैन। यो त प्रकृतिसँग सङ्घर्ष, वर्ग सङ्घर्ष र उत्पादनका निम्तिका सङ्घर्षका दौरानमा मानव जातिले आर्जन गर्दै, एक पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्दै र त्यस दौरानमा नित्य परिष्कृत हुँदै जाने अविच्छिन्न प्रक्रिया हो। निश्चय नै, इतिहासका हाम्रा कतिपय पक्ष भर्त्सनायोग्य, त्याज्य र प्रतिवादयोग्य छन्। तपाईं इतिहास र परम्पराको रक्षाको नाममा छुवाछूतको कलङ्क, महिलामाथिका विभेद, जातीय अहङ्कार, श्रमप्रतिको वितराग या दासतालाई स्वीकार्न सक्नुहुन्न, तिनलाई जोगाउन पाउनुहुन्न। तर हाम्रो इतिहास त्यतिमात्रै होइन। हाम्रो परम्परा आमाबुबा र अग्रजलाई सम्मान गर्ने परम्परा हो, मानवजातिमा बन्धुत्व र पारस्परिक सहयोगको परम्परा हो, धार्मिक साम्प्रदायिक सहिष्णुता र सद्भावको परम्परा हो, बहुलवादको हो। वैदिक संस्कृतिको उत्तरदान हो भनेर प्रकृतिपूजा या प्रेमलाई पनि हेय ठान्नु पर्ने, उत्तर वैदिक हो भनेर उपनिषद्कालीन तार्किकतालाई पनि परित्याग गर्नु पर्ने या पछि खास समुदायको सांस्कृतिक औजार बन्यो भनेर कुनै भाषा विशेषलाई घृणा गर्नु पर्ने कुरामा पनि कुनै तार्किकता भेटिदैन। धार्मिक बोक्रा खोल्स्याएर हेऱ्यो भने हाम्रो परम्परामा योग, आयुर्वेद, ज्योतिष, तर्क जस्ता विज्ञान भेटिन्छन्, जसलाई आजको सन्दर्भमा नयाँ ढङ्गले पुनर्जीवन दिनुपर्छ। आजसम्मको इतिहास गलत मात्रै थियो, त्यसैले अब हाम्रो यात्रा शून्यबाट सुरु गर्नुपर्छ भन्ने कुरालाई वैज्ञानिक मान्न सकिँदैन। विचार, आचार र घटना सन्दर्भहरू तत्कालीन सामाजिक-आर्थिक परिस्थितिको ऐतिहासिकताले तय गर्ने विषय हुन्। ऐतिहासिक सन्दर्भबाट अलग्याएर र आजको चस्मा लगाएर तिनीहरूलाई हेर्न थालियो भने हामी कहीँ पनि पुग्नेछैनौं।

**घ) राष्ट्रिय एकताको सूत्रका रूपमा नयां संस्कृति निर्माण–** यतिबेला हामी सामन्ती राज्यव्यवस्थाले उत्तरदानमा दिएको एकात्मक, केन्द्रीकृत र विभेदकारी संरचनालाई अन्त्य गर्दै अग्रगामी रूपान्तरणको दिशा तय गरिरहेका छौं। हिजोसम्म नेपाली समाजलाई एकीकृत गर्ने आधारको रूपमा प्रस्तुत गरिएका राजतन्त्र, एकात्मकता, हिन्दुत्व, केन्द्रीकृत शासन व्यवस्था जस्ता मान्यताहरू खण्डित भएका छन् र यसो हुनु स्वाभाविकै थियो। तर हामीले नयाँ सूत्रहरूको निर्माण गरिसकेका छैनौं। सङ्क्रमणको यो विशिष्ट कालखण्डमा यतिबेला जातीय, क्षेत्रीय, सांस्कृतिक अतिवादका स्वरहरू, विद्वेष र वितृष्णाले शिर ठाडो पार्न थालेको छ। युगौंदेखि दमित समुदायमा एकहदसम्म आक्रोश देखा पर्नुलाई स्वाभाविकै मान्न सकिएला। तर साझा राष्ट्रिय पहिचानलाई कमजोर या अस्वीकार गर्दै समाजमा जातीय घृणा फैलाउन खोजिन्छ र आफ्नो अस्तित्वको आधार नै त्यही घृणालाई बनाइन्छ भने समाजमा विखण्डनको सन्त्रास फैलिनु स्वाभाविकै हो। बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक नेपाली समाजमा सहिष्णुता, सहअस्तित्व र सद्भावमाथि आधारित नयाँ सांस्कृतिक चिन्तनधाराले नै निर्माणाधीन राष्ट्रलाई एकताबद्ध बनाउन सक्छ। त्यसैले हाम्रो सांस्कृतिक आन्दोलनको उद्देश्य राष्ट्रिय एकताको नयाँ सूत्र निर्माण गर्ने हुनुपर्छ।

**ङ) बहुलवादी संस्कृतिको रचना-** आजसम्मको हाम्रो अधिसंरचना महिलाको नजरले हेर्दा पितृसत्तात्मक, दलितको आँखाले हेर्दा 'ब्राह्मणवादी', कर्णालीको अनुभूतिमा काठमाडौंकेन्द्री, मधेसका दृष्टिमा पहाडपक्षीय, आदिवासी-जनजातिका बुझाइमा 'खस आर्यवादी' र श्रमजीवीको हकमा कुलीनतन्त्री रह्यो। यसका सांस्कृतिक मूल्यहरू पनि तदनुरूप नै निर्माण भए। फलतः जब आज तपाईं 'सौन्दर्य' को परिभाषा खोज्नुहुन्छ, तपाईंका अगाडि एउटा बिम्ब प्रस्तुत गरिन्छ- गोरो वर्णको, अग्लो, ठूला आँखा र सुडौल हातपाखुरा भएको, लामो नाक र सलक्क परेको कपालसहितको आदि। जब तपाईं सभ्य भाषाको दृष्टान्त माग्नुहुन्छ, तपाईंलाई सुनाइन्छ- आइस्योस् गइस्योस्, भुजा ज्युनार होस् सुकला होस्, हजुर र हस्। 'सौन्दर्य' र सभ्यताको यो परिभाषा बनाउनेहरू, भन्नै

पर्दैन, सत्तासीनहरू थिए। उनीहरू आर्य थिए, त्यसैले उनीहरूलाई मधेसको कालो वर्ण, मङ्गोलका चिम्सा आँखा या द्रविडहरूको घुम्रिएको कपाल 'सुन्दर' लागेन। उनीहरू सत्तासीन ठकुरीहरू थिए, त्यसैले उनीहरूलाई जनजातिले सबैलाई समान ढङ्गले सम्बोधन गर्ने 'तिमी' सभ्य लागेन। उनीहरूले दौरा सुरुवाललाई राष्ट्रवादको कसी बनाए, नेपालगन्जको गर्मीमा पनि त्यो भिर्न बाध्य बनाए र नभिर्ने जतिलाई 'अराष्ट्रिय' करार गरे। लोकतन्त्र नआउँदासम्म 'ल्होसार' ले राष्ट्रिय चाडको सम्मान पाएन, 'इद् उल फित्र' राष्ट्रिय क्यालेन्डरमा परेन। 'मण्डले राष्ट्रवाद' को प्रभाव कति बलियो थियो भने 'ऋत्विक रोशनले नेपाल मन पर्दैन भन्यो रे !' भन्ने हल्लामा काठमाडौँमा बस्ने काला वर्णका धेरै दाजुभाइले त्रासदी भोग्नुपऱ्यो, इराकमा कुनै इस्लामिक आतङ्ककारी गिरोहले गरेको नेपाली युवाहरूको हत्याको मूल्य काठमाडौँका मस्जिदमाथिको आक्रमण र कुरानको दहनबाट चुकाउने प्रयास भयो। त्यसैले अब 'नेपाली' भन्दा बित्तिकै के हिमाली के पहाडी के तराइवासी, के नेपाली (खस) भाषी के मैथिली भाषी के नेपाल भाषी, के तागाधारी के मतवाली, के हिन्दू के बौद्ध या के मुस्लिम- सबै अटाउने बहुलवादी परिभाषाको निर्माण गर्नुपर्छ र तदनुरूपकै संस्कृति निर्माण गर्नुपर्छ।

**च) सांस्कृतिक साम्राज्यवादको आक्रमणको प्रतिवाद-** विज्ञान-प्रविधिका नवीनतम उपलब्धिलाई कुशलतापूर्वक उपयोग गर्दै आफ्नो सांस्कृतिक प्रभाव विस्तार गरिरहेको विश्व पुँजीवादको यो सांस्कृतिक अतिक्रमण, तेस्रो विश्वमा गरिएको गैरसैनिक आक्रमण हो र यो विशुद्ध नाफा कमाउने उद्देश्यमा मात्रै सीमित छैन। यसले हाम्रा सामु समाजका विविधता, वैशिष्ट्य र मौलिकताहरू मेटाएर विश्व पुँजीवादी सांस्कृतिक बजारको एउटा स्टलमा रूपान्तरित गर्ने खतरा उत्पन्न गराएको छ। सुरसाको मुख जस्तै फैलिँदै गरेको पुँजीवादी सांस्कृतिक एकरूपीकरणको डरलाग्दो चुनौती खडा भएको छ हाम्रा सामु। अर्कोतिर यसले विकास गरेको उपभोक्तावाद, मूल्य विघटन, व्यक्तिको असामाजीकरण र अमानवीकरण एवं मनुष्यको आत्मिक भ्रष्टीकरण साँच्चै नै त्रासदपूर्ण छ। यसलाई केवल 'हलिवुडको फिल्म व्यापार' या 'म्याकडोनाल्डको चेन विस्तार' को रूपमा बुझियो भने गम्भीर भूल हुनेछ। यसले विस्तार-विस्तार यस्तो मानव पुस्ता तयार गरिरहेको छ, जसका लागि पुँजी, दैहिक सुख र उपभोग मूल्यबाहेक अरु सबै अर्थहीन छन्। यसले मूल्य, नैतिकता, प्रेम, आत्मीयता, परिवार, सेवा र सामूहिकता सबैलाई नाङ्लोमा सजाएर फुटपाथमा बेच्न राखिदिएको छ। त्यसैले सांस्कृतिक साम्राज्यवादको प्रतिवाद यतिबेला हामी सबैको महत्वपूर्ण अभिभारा बन्न पुगेको छ। सांस्कृतिक साम्राज्यवाद र यहाँको सामन्ती संस्कृतिको सम्मिश्रणले हाम्रो प्रतिध्रुवीय संस्कृतिलाई बडो जटिल बनाइदिएको छ र यसको प्रतिवादलाई पनि पेचिलो। दरबारमार्गमा के.एफ.सी.को बर्गर र ठमेलमा खुल्ला यौनको 'उत्तरआधुनिक' पुँजीवादको 'महफिल' जमिरहेको बेला बीस किलोमिटर दक्षिण ललितपुरमा बोक्सीको आरोपमा कल्लीदेवीको मुखमा कथित सभ्य शिक्षिकाहरूको हातबाट दिसा कोचिदै जटिल स्थितिले कुनै शब्दावलीका भरमा मात्रै यहाँको सांस्कृतिक संरचनालाई अर्थ्याउन सकिँदैन। सामन्तवाद सबैभन्दा कुरूप चेहरासहित रूढि र विभेदको रक्षा गर्न कृतसङ्कल्पित छ। अनि पुँजीवादचाहिँ आधुनिकताको नाममा उपभोक्तावाद, विलासिता र मूल्य विघटनका सांस्कृतिक प्रदूषण फैलाउन दत्तचित्त छ। यस्तो पृष्ठभूमिमा, आधुनिकतासमेत राम्रोसँग स्थापित भइनसकेको नेपाली समाजमा 'उत्तरआधुनिकता' को हल्लाखल्ला पनि आलोचनायोग्य छ। खास गरी यसले भन्ने गरेको निश्चित सत्य हुन्छ भन्नु नै गलत हो भन्ने कुराको, हरेक केन्द्रलाई विरोध गर्ने कुराको, अर्थ विखण्डनको र पाठविघटनको गलत मान्यतालाई खण्डन गर्नुपर्छ।

**छ) हिंसाको संस्कृतिको विरोध र लोकतान्त्रिक मूल्यहरूको पक्षपोषण-** माओवादी हिंसात्मक आन्दोलनले नेपाली समाजमा केही गलत नजिर र 'सहउत्पादनहरू' छाडेको छ। हिंसालाई समाज परिवर्तनको अनिवार्य अङ्ग ठान्ने, यसलाई सैद्धान्तिकीकृत गर्ने, यसको महिमामण्डन गर्ने र बेला-कुबेला हिंसा र युद्धमा फर्कने कुराको धम्की दिने माओवादी व्यवहारका कारण आज दर्जनौं हिंसात्मक समूहले बन्दुक उठाउने प्रेरणा पाएका छन्, आफ्ना आपराधिक क्रियाकलापलाई ढाक्ने बहाना पाएका छन्। त्यसरी नै, असहमत हुने जति सबैलाई भौतिक कार्बाही गर्ने, फरक मत राख्ने सबैलाई शत्रु ठान्ने शैलीले नेपाली समाजमा कटुता, असहिष्णुता र द्वन्द्वको आधार सिर्जना गरेको छ। त्यसमाथि, हिंसालाई आर्थिक स्वार्थ पूर्तिको साधन बनाउने र हरेक सम्पन्न र धनीलाई 'वर्ग शत्रु' ठान्ने तरिकाले समाजमा 'लम्पट सर्वहारा' को जमात तयार गरिरहेको छ, जो श्रम गर्दैन। कुनै डरलाग्दो नाम राखेर कृत्रिम या साँच्चैको

जत्था तयार गऱ्यो, धम्की दियो र फिरौती असुल गऱ्यो- यसरी नै तपाईं रातारात धनी हुनुहुन्छ या कुनै राजनीतिक सङ्गठनको आडमा तपाईंले आफ्नो भ्रष्टतालाई ढाक्न पाउनुहुन्छ भने किन खन्नुपऱ्यो कोदालो, किन जोत्नु पऱ्यो हलो र किन पऱ्यो पढ्न ? 'क्लास' भन्दा 'कास्ट' लाई मुख्य ठान्ने, राष्ट्रभन्दा माथि क्षेत्रलाई राख्ने, विचारभन्दा बन्दुकलाई मुख्य मान्ने, तर्कभन्दा अस्त्रलाई प्राथमिकता दिने र रूपान्तरणलाई भन्दा ध्वंसलाई रुचिकर ठान्ने उग्रवादी मान्यता र हिंसा, कामचोरी, असहिष्णुता र अधिनायकवादको यो गलत संस्कृतिको प्रतिवाद गर्दै शान्तिको पक्षमा, श्रमको पक्षमा, सहिष्णुता र तार्किकताको पक्षमा नयाँ संस्कृति निर्माण हाम्रो अभियानको अन्तर्वस्तु बन्नुपर्छ ।

**ज) चाडपर्वहरूको रूपान्तरण-** नेपाली समाजको बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक चरित्रकै प्रतिविम्बस्वरूप नेपाली समाजमा अनेकौं चाडबाड, पर्व र उत्सवहरू विद्यमान छन् । तिनीहरूमध्ये केही धार्मिक चरित्रका छन् भने केही सांस्कृतिक महत्वका र कतिपय सामाजिक अन्तर्वस्तुका पनि छन् । हरेक चाडबाडहरूका पछाडि तिनका केही ऐतिहासिक र सामाजिक-आर्थिक पृष्ठभूमि छन् । तर समयक्रममा तिनीहरूमा प्रायः धार्मिक मिथकहरू जोडिएका छन् । जेजस्तो भए पनि चाडबाडहरू मानिसका थकाइ मेट्ने, खुसीयाली मनाउने, पारिवारिक या सामाजिक पुनर्मिलन गर्ने र जिउने आशा जगाउने महत्वपूर्ण सन्दर्भहरू हुन् । हामीले चाडबाडको अन्धविरोध होइन, तिनीहरूलाई क्रमशः रूपान्तरण गर्दै सामाजिक पुनर्मिलन र सद्भावका मञ्चका रूपमा विकास गर्न सक्नुपर्छ । भोलिका दिनमा दसैं हिन्दुहरूको मात्र नभएर सबै नेपालीहरूको चाड बन्न सक्यो भने, छठलाई तराईमा मात्र होइन पहाडमा पनि मनाउन थालियो भने, होलीको रङ्गले सबैलाई रङ्ग्याउन सक्यो भने, इद् मिलनमा सबै 'इद मुबारक' भन्दै जाने स्थिति बन्यो भने, ल्होसार या 'न्हुँदया' लाई सबैले सांस्कृतिक नयाँ वर्षका रूपमा खुसीयाली मनाउने स्थिति बन्यो भने र धाननाचमा सबैले हात समाएर नाच्ने स्थिति बन्यो भने हामीले खोजेको नयाँ नेपालको आधारशिला बन्नेछ । त्यसैले चाडपर्वलाई धार्मिक र रूढिगत पाटालाई बिस्तारै फ्याँक्ने, पछिल्लो समयमा हुर्किन थालेको तडकभडकबाट मुक्त गर्ने र सामाजिक सद्भाव एवं खुसीयालीका अवसरका रूपमा रूपान्ततिर गर्न ध्यान दिनुपर्छ ।

**झ) साझा मानक-** यसबाहेक, जन्मदेखि मृत्युसम्मका विभिन्न संस्काररूमा खुसी र पीडा अभिव्यक्त गर्ने साझा मानक तयार गर्ने, गीत-सङ्गीत, साहित्य- कला र अभिव्यक्तिका विभिन्न माध्यममा प्रभावकारी उपस्थितिसहित विकल्पहरू निर्माण गर्ने, सूचना प्रविधिको अधिकतम उपयोगसहित जीवनका प्रत्येक क्षेत्रमा श्रेष्ठता हासिल गर्ने र राष्ट्रिय भावनाले युक्त, लोकतान्त्रिक, मानवतावादी र समाजवादी आदर्श उन्मुख संस्कृति निर्माणमा अघि बढ्नु हाम्रो सांस्कृतिक आन्दोलनको दिशा बन्नुपर्छ ।

**अन्त्यमा**

*'नयाँ वर्ग, जसले आफूलाई आफूभन्दा पहिले शासन गर्ने वर्गको ठाउँमा पुऱ्याउँछ, त्यसले आफ्नो उद्देश्य पूरा गर्न आफ्ना हितहरूलाई समाजका अरू सबै सदस्यका हितका रूपमा प्रस्तुत गर्न बाध्य हुन्छ...... उसले आफ्ना विचारहरूलाई सार्वभौमिक रूप दिनु पर्छ र ती विचारहरू मात्रै उचित र सार्वभौमिक रूपले वैध हुन् भन्ने देखाउनुपर्छ । क्रान्तिमा संलग्न रहेको वर्ग सुरुदेखि नै एउटा वर्गको रूपमा होइन, बरु पूरै समाजको प्रतिनिधिको रूपमा, एउटा शासक वर्गका विरुद्ध समाजको पूरै जनसमुदायको रूपमा देखा पर्छ'* यी शब्दहरूमा मार्क्स एङ्गेल्सले क्रान्तिकारी वर्गले आफूलाई सिङ्गो समाजको नेताका रूपमा स्थापित गर्नु पर्ने आवश्यकता औंल्याएका छन् । यो नयाँ संस्कृति निर्माण र सांस्कृतिक रूपान्तरणको अगुवाइ गर्ने प्रगतिवादी स्रष्टाहरूको हकमा पनि सान्दर्भिक छ । सांस्कृतिक रूपान्तरणको आन्दोलनको अगुवाइ गरिरहेको बेला उनीहरूले आफूलाई सिङ्गो समाजको प्रतिनिधिको रूपमा प्रस्तुत गर्न सकेमा मात्रै र आफ्नो संस्कृतिलाई सिङ्गो समाजको संस्कृतिको रूपमा प्रस्तुत गर्न सकेमा मात्रै आन्दोलनले वाञ्छित सफलता पाउन सक्छ । यसो गरेर मात्रै उनीहरूले, ग्राम्सीले विश्लेषण गरेजस्तै 'आफूलाई समाजका सबै तहका हितको प्रतिनिधिको रूपमा, तिनीहरूका भावनाको सङ्केन्द्रीकरणका रूपमा भ्रमित पार्ने शासक वर्गको प्रयास अर्थात् 'सांस्कृतिक वर्चस्व' लाई सामना गर्न सक्छन् । ■

# जनताको बहुदलीय जनवादका दार्शनिक मान्यता



✍ वेदुराम भुषाल*

**जनवादको परिभाषा र प्रकार**

जनवाद समाज विकासका विभिन्न चरणमध्ये सामन्तवादको अन्त्यपछि स्थापना हुने पुँजीवादी चरणको समाज व्यवस्था हो । यसको जन्म सामन्तवादविरोधी क्रान्तिको दौरान भएको हो । पुँजीवादी युगको पहिलो चरणमा पुँजीपति वर्गले सामन्तवादका विरुद्धको क्रान्तिमा नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो तर उसले क्रान्तिपश्चात् स्थापित समाजलाई वैज्ञानिक समाजवादको दिशामा अगाडि नबढाएकोले समस्या उत्पन्न भयो र श्रमजीवी वर्गले क्रान्तिको नेतृत्व गर्ने पहलकदमी लिनुपर्‍यो । फलस्वरूप जनवादमा थप विकास भयो र नयाँ प्रकारको जनवाद अस्तित्वमा आयो । त्यसैले जनवादका मुख्य दुई प्रकार छन्: १) पुरानो जनवाद र (२) नयाँ जनवाद ।

उपर्युक्त दुईखाले जनवादका बीच मुख्य गरेर निम्न प्रकारका भिन्नताहरू रहेका छन्:

(१) पुरानो जनवादमा पुँजीपति वर्गको नेतृत्व हुन्छ भने नयाँ जनवादमा सर्वहारा श्रमजीवी वर्गको नेतृत्व हुन्छ ।

(२) पुरानो जनवादले मुख्यतः पुँजीपति वर्गकै हितमा काम गर्दछ भने नयाँ जनवादले मुख्य गरी श्रमजीवी वर्गको हितमा काम गर्दछ ।

(३) पुरानो जनवादले सामन्तवादको मात्रै विरोध गर्दछ भने नयाँ जनवादले सामन्तवाद र साम्राज्यवाद दुवैको विरोध गर्दछ ।

(४) पुरानो जनवादको अर्थव्यवस्था निजी स्वामित्वमा आधारित हुन्छ भने नयाँ जनवादको अर्थव्यवस्था राजकीय, सामूहिक र निजी स्वामित्व एवम् सहकारितामा आधारित हुन्छ ।

(५) पुरानो जनवादले वर्ग समन्वयको बाटो अवलम्बन गर्दछ भने नयाँ जनवादले वर्गसङ्घर्षको बाटो अवलम्बन गर्दछ ।

(६) पुरानो जनवाद पुँजीवादको चरम विकासतर्फ अगाडि बढ्दछ भने नयाँ जनवाद वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्दछ ।

**नयाँ जनवादको नेपाली रूप जनताको बहुदलीय जनवाद**

जनताको बहुदलीय जनवाद नेपाली समाजमा विद्यमान सामन्तवादी एवम् साम्राज्यवादी शासन, शोषण र उत्पीडनका विरुद्ध गरिने क्रान्ति र त्यसपछिको निर्माणका दौरान मार्गदर्शन गर्ने क्रान्तिकारी सिद्धान्त र कार्यक्रम हो । **यो नेपालको**

---

** लेखक, नेकपा (एमाले) वैकल्पिक पोलिटब्यूरो सदस्य तथा पार्टी केन्द्रीय स्कुल विभाग प्रमुख हुनुहुन्छ ।*

**विशिष्ट अवस्थामा मार्क्सवादको सिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रान्तिकारी सिद्धान्त र कार्यक्रम** हो ।

जबज पुरानो होइन नयाँखाले जनवाद नै हो । नयाँ जनवादकै अन्तर्वस्तु यसको पनि अन्तर्वस्तु हो । तर यो परम्परागत नयाँ जनवाद नभएर केही भिन्न प्रकृतिको नयाँ जनवाद हो । यसमा केही थप दार्शनिक एवम् कार्यक्रमिक मान्यताहरूसमेत रहेका छन् । त्यसैले यो नेपालको विशिष्टताअनुरूप थप विशेषताहरूसहितको नयाँखाले जनवाद हो । यसमा दार्शनिक एवम् सैद्धान्तिक मान्यताहरू, क्रान्ति र निर्माणका कार्यक्रमसम्बन्धी मान्यताहरू र कार्यनीतिक मान्यताहरू गरी तीन किसिमका मान्यताहरू रहेका छन् । साथै क्रान्तिको बाटो एवम् रणनीतिसम्बन्धी मान्यताहरू र जनवादबाट समाजवादमा संक्रमणसम्बन्धी मान्यताहरू पनि यसमा रहेका छन् । जबजमा पार्टी निर्माणसम्बन्धी आफ्नै प्रकारको मान्यता पनि छ ।

### जडसूत्रवाद र विसर्जनवादको विरोध र मार्क्सवादको सिर्जनात्मक प्रयोग :

**'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं"** यो नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनको मूल नारा हो । यसले जनताको बहुदलीय जनवादको मूल मर्म बोकेको छ ।

जडसूत्रवाद भनेको सिद्धान्तका खास खास सूत्रहरूलाई जड् अर्थात कहिल्यै नबदलिने सूत्रका रूपमा लिने र जहाँ पनि, जहिले पनि र जुनसुकै परिस्थितिमा पनि ती सूत्रहरूलाई जस्ताको तस्तै लागू गर्न खोज्ने विचार एवम् व्यवहार प्रवृत्ति हो ।

विसर्जनवाद भनेको परिस्थिति अनकूल छैन वा प्रतिकूल छ भन्ने नाममा वा अप्ठेरो परिस्थिति सिर्जना भएको छ भन्ने निहुमा सिद्धान्त, सङ्गठन र सङ्घर्षलाई नै परित्याग गर्ने अर्थात् विसर्जन गर्ने विचार एवम् व्यवहार प्रवृत्ति हो ।

मार्क्सवादको सिर्जनात्मक प्रयोग भनेको आफ्नो मुलुकको वस्तुगत अवस्थाको ठोस विश्लेषण गरेर त्यसअनुरूप मुलुक र मुलवासीको हित हुने गरी रचनात्मक ढङ्गले मार्क्सवादको प्रयोग गर्नु हो । परिस्थितिको ठोस मूल्याङ्कन गरी तदनुरूपका विशिष्ट कार्यक्रम र कार्यनीतिहरू तयार गरेर मार्क्सवादका मूलभूत मान्यताहरूलाई व्यवहारमा उतार्ने कार्य हो । संसारका विभिन्न मुलुकमा मार्क्सवादको मार्गदर्शनमा आ-आफ्नो ढङ्गका क्रान्ति र निर्माणकार्यहरू भएका छन् । त्यसरी आ-आफ्नो ढङ्गका क्रान्ति र निर्माण कार्यहरू हुनु नै मार्क्सवादको सिर्जनात्मक प्रयोग हो ।

मार्क्सवादको पहिलो प्रयोग पेरिस कम्युनको विद्रोहका रूपमा भएको थियो । त्यस विद्रोहमा फ्रान्सको पेरिस सहरका औद्योगिक मजदुरहरू खुला विद्रोहमा उत्रिएका थिए र त्यहाँको सत्ता कब्जा गरेका थिए । तर त्यो मदजुर वर्गीय सत्ता धेरै दिन टिक्न सकेन । प्रतिक्रियावादीहरूले ७२ दिनमा नै त्यसलाई ढालिदिए । त्यसपछि पश्चिमी युरोपमा कम्युनिष्ट आन्दोलन अगाडि बढ्न सकेन, बरु तुलनात्मक रूपमा अविकसित अवस्थामा रहेको रुस क्रान्तिको केन्द्र बन्न पुग्यो र त्यहाँ शहरका मजदुर तथा गाउँका गरिब किसान दुवैलाई संगठित गरेर व्रिदोहमा उतारी अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गरियो । यो पेरिस कम्युनको विद्रोहभन्दा भिन्न ढङ्गले मार्क्सवादको प्रयोग थियो । अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेका चीन, भियतनाम, कोरियालगायतका मुलुकहरूमा मार्क्सवादको मार्गदर्शन एवम् सर्वहारा वर्गको नेतृत्व र मजदुर-किसान एकताको बलमा नयाँ खाले जनवादी क्रान्ति गर्ने कार्य मार्क्सवादको अर्को सिर्जनात्मक प्रयोग हो ।

### जबजको उत्थान र विकास

जबजको नेपालको विशिष्ट अवस्थामा मार्क्सवादको सिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रान्तिकारी सिद्धान्त र कार्यक्रम हो । यो नेपाली समाजमा विद्यमान सामन्तवादी एवम् साम्राज्यवादी शासन, शोषण र उत्पीडनका विरुद्ध गरिने क्रान्ति र त्यसपछिको निर्माणका दौरान मार्गदर्शन गर्ने सिद्धान्त र कार्यक्रम हो । यसको उत्थान र विकास नेपाली कम्युनिष्ट आन्दोलनको लामो उतार-चढावयुक्त प्रक्रियाबाट अगाडि बढेर भएको हो । त्यसैले यसको विकासको क्रमबद्ध सिलसिला छ । नेकपाले आफ्नो स्थापनाकालदेखि लिएर एकीकृत पार्टी रहँदासम्मको अवधिभर लोकतान्त्रिक मूल्य मान्यताहरूको पक्षमा उभिएको र सङ्घर्ष गरेको थियो । २०४६ को भदौमा तत्कालीन नेकपा (माले)द्वारा आयोजित नेकपाको चौथो महाधिवेशनबाट बहुदलीयतासहितको जनवादी व्यवस्था स्थापना गर्ने मान्यता पारित गरिएको थियो । तत्कालीन

नेकपा माले र मार्क्सवादीबीच एकता हुंदा पनि बहुदलीयतासहितको जनवादी व्यवस्था स्थापना गर्ने मान्यता अंगालियो। २०४८ को कार्तिकमा कमरेड मदन भण्डारीले 'बहुदलीय जनवादबारे केही कुरा' नामक पुस्तिका लेखेर बहुदलीयतासहितको जनवादका बारेमा स्पष्ट ढङ्गले व्याख्या गर्नुभयो।

**क्रान्तिको कार्यक्रमका रूपमा जबज**

कमरेड मदनले उपर्युक्त विचार अगाडि सारेपछि पार्टीमा व्यापक छलफल भयो। २०४९ माघमा आयोजित पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनमा गहन छलफलपश्चात् अत्याधिक बहुमतद्वारा 'नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद' पारित गरियो। यसरी अध्ययन, छलफल र बहसको एउटा लामो प्रक्रिया पार गरेर जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको कार्यक्रमका रूपमा स्थापित भयो।

**निर्देशक विचारको रूपमा जबज**

वि.सं. २०५४ को माघमा सम्पन्न पार्टीको छैटौं महाधिवेशनबाट जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको कार्यक्रम, कार्यदिशा र कार्यनीतिलाई निर्देशित गर्ने नेतृत्वकारी विचार, मार्गदर्शक विचार तथा नेपाली क्रान्तिको मार्क्सवादी सिद्धान्तका रूपमा स्वीकार गरियो। वि.सं. २०५९ माघमा आयोजित सातौं राष्ट्रिय महाधिवेशनबाट त्यसैलाई निरन्तता दिइयो।

**मार्गदर्शक सिद्धान्तको रूपमा जबज**

जनताको बहुदलीय जनवाद व्यवहारबाट सही साबित हुँदै गइरहेको अवस्थामा नेपालमा २०६२/६३ को जनआन्दोलन सफलतापूर्वक सम्पन्न भयो। शान्तिपूर्ण जनक्रान्तिको रूप लिन पुगेको त्यस जनआन्दोलनको बलमा स्थापित व्यवस्थापिका संसद्बाट पारित गरिएको राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा गर्ने प्रस्तावलाई संविधान सभाको पहिलो बैठकले कार्यान्वयन गर्ने निर्णय गरेर सत्रसय वर्षदेखि नेपाली जनतामाथि शोषण एवम् शासन गर्दै आएको वंशानुगत राजतन्त्रात्मक शासन प्रणाली ढालियो। यस ऐतिहासिक घटनाबाट शान्तिपूर्ण जनसङ्घर्षमार्फत ठूलाठूला युगान्तकारी परिवर्तन गर्न सकिँदो रहेछ भन्ने कुरा पुष्टि भयो र यस पुष्टिसँगै जनताको बहुदलीय जनवादले अगाडि सारेका मान्यताहरू सही छन् भन्ने पनि व्यवहारबाटै प्रमाणित भयो। यसरी व्यवहारबाट नै जनताको बहुदलीय जनवाद सही साबित भैरहेको अवस्थामा २०६५ को फागुनमा आयोजित नेकपा (एमाले)को आठौं महाधिवेशनबाट- "जबजका आधारभूत सिद्धान्तहरूले हामीलाई बदलिंदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्न, नेपाली समाजको उत्थान, विकास र वर्तमान अवस्थालाई बुझ्न; नेपाली समाजमा रहेका विभिन्न सामाजिक अन्तर्विरोधहरूको अध्ययन गर्न र बुझ्न; नेपाली समाजको वर्गसङ्घर्षलाई विकास गर्न, विसर्जनवाद, उग्रवादबाट जोगाएर अगाडि बढ्न; नेपाली जनवादी क्रान्तिलाई अघि बढाउन; एउटा स्वतन्त्र मुक्त जनवादी नेपालको निर्माण गर्न; लोकतान्त्रिक विधि र तरिकासाथ सामाजको चौतर्फी रूपान्तरण गर्न; देशको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डतालाई सुदृढ बनाउन; हाम्रा विश्व सम्बन्धहरूलाई विकास र विस्तार गर्न र नेपाली समाजलाई क्रमशः सामाजवादको उज्ज्वल भविष्यतिर रूपान्तरण गर्नका निम्ति प्रस्ट रूपले मार्गदर्शन गर्दछ। त्यसैले जबज हाम्रो पार्टीको कार्यक्रम र सिद्धान्त मात्र नभएर यो हाम्रो पार्टीको वैचारिक, सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक प्रणाली पनि हो। यसले अब उपर्युक्त प्रणालीको रूपमा विकास गरेको छ। त्यसै कारण यो हाम्रो मार्गदर्शक सिद्धान्त पनि हो।"[१] भन्ने निष्कर्ष निकालियो र सोही महाधिवेशनबाट पारित पार्टीको विधानमा "पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो।"[२] भनेर किटान गरियो। यस प्रकार नेपाली कम्युनिष्ट आन्दोलको प्रारम्भ कालदेखि नै यहाँको विशिष्ट अवस्था अनुरूप अंगालिएका लोकतान्त्रिक मान्यताहरूको पक्षमा उभिँदै र तिनको प्राप्तिका निम्ति सङ्घर्ष गर्दै अगाडि बढ्ने क्रममा प्राप्त अनुभवहरूका साथै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका अनेकन् उतारचढाव एवम् गठन-विघटनका घटनाहरूबाट प्राप्त अनुभव एवम् शिक्षाको आधारमा मार्क्सवादका सार्वभौम सच्चाइँहरूलाई नेपालको विशिष्ट परिस्थितिमा सिर्जनात्मक ढङ्गले लागू गर्ने क्रातिकारी सिद्धान्तको रूपमा विकसित भएको जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको कार्यक्रम र मार्गदर्शक सिद्धान्त दुवै

१ आठौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०६६), पृ १६६

२ नेकपा (एमाले)को विधान - (आठौं राष्ट्रिय महाधिवेशन, २०६५ को संशोधन सहित) पृ. १

बन्न पुगेको छ ।

## जबजका दार्शनिक मान्यताहरू

"नेपालको क्रान्ति र निर्माणलाई बाटो देखाउने मार्क्सवाद-लेनिनवाद हो । नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको वैज्ञानिक विचार प्रणालीलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दछ । वर्तमान युगको विकसित मार्क्सवाद औद्योगिक सर्वहारा वर्गको मात्र होइन किसानहरूको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको मार्गदर्शक सिद्धान्त पनि हो । आज मार्क्सवाद-लेनिनवाद बाहेक सामन्ती शोषणबाट किसानलाई मुक्त पार्ने साम्राज्यवादी उत्पीडनबाट राष्ट्रलाई स्वाधीन बनाउने आन्दोलनलाई बाटो देखाउने अर्को कुनै वैज्ञानिक विचार प्रणाली छैन । नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक मार्गदर्शनमा आफ्नो क्रान्ति र निर्माणको अभियान अघि बढाउन दृढ छ ।"[३] भन्दै र "मार्क्सवाद-लेनिनवादका आधारभूत प्रस्थापनाहरूमाथि अविरल निष्ठाका साथ लागिरहने, वैज्ञानिक समाजवादको पक्षमा दृढतापूर्वक उभिने"[४] प्रतिबद्धता जाहेर गर्दै मार्क्सवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा अंगालेको छ र त्यसलाई नेपालको बिशिष्ट परिस्थतिमा सिर्जनात्मक ढङ्गले लागू गर्दा निम्न प्रकारका दार्शनिक मान्यताहरू अवलम्बन गर्ने स्पष्ट दृष्टिकोण राखेको छ :

### १. द्वन्द्वको नियम सार्वभौम

जबजले द्वन्द्वको नियम सार्वभौम नियम हो र यो प्रकृति, जीवन, समाज र चिन्तनका हरेक क्षेत्रमा लागू हुन्छ भन्ने मान्यता अँगालेको छ । द्वन्द्वात्मक भौतिकवादका अनुसार पदार्थमा अन्तर्निहित द्वन्द्वात्मक गति नै संसारका सबै वस्तु र घटनाको अस्तित्व एवम् विकासको मूल कारण वा आधार हो । द्वन्द्वात्मक गति भनेको दोहोरो गति हो, विरोधाभासयुक्त गति हो । संसारका सबै वस्तु, घटना र घटना प्रक्रियाहरूमा यही द्वन्द्वात्मक गति विद्यमान हुन्छ । समस्त वस्तु र घटनामा विपरित चरित्रका पक्षहरू रहेका हुन्छन् र तिनीहरूका बीच एकता र सङ्घर्ष चलिरहन्छ । यही विपरीतहरूको या प्रतिपक्षहरूको एकता र सङ्घर्ष अर्थात् द्वन्द्वात्मक गति नै कुनै पनि वस्तु र घटनाको अस्तित्व एवम् विकासको मूल आधार हो । यस द्वन्द्वात्मक गतिको अभावमा कुनै पनि वस्तु या घटना अस्तित्वमा आउन, अस्तित्वमा रहन र विकसित हुन सक्तैन ।

भौतिक जगतको अस्तित्व र विकासको आधार नै पदार्थमा रहेको द्वन्द्वात्मक गति हो । त्यसैले संसारमा रहेका समस्त वस्तु र घटनाहरू द्वन्द्वात्मकतायुक्त हुन्छन् । सिङ्गो जगत् द्वन्द्वमय छ । प्रकृति द्वन्द्वमय छ । प्रकृतिका सबै वस्तु, घटना र घटना प्रक्रियाहरू द्वन्द्वमय छन् । उदाहरणका लागि भौतिक पिण्डका परमाणुहरूमा इलेक्ट्रोन र प्रोटोनका बीच द्वन्द्वात्मकता हुन्छ, विद्युत् प्रवाहमा धनात्मक (Positive) र ऋणात्मक (Negative) विद्युत् धाराबीच द्वन्द्वात्मकता हुन्छ । चुम्बकमा उत्तरी ध्रुव र दक्षिणी ध्रुवका बीच द्वन्द्वात्मकता हुन्छ । रासायनिक यौगिकहरूमा आकर्षण र विकर्षण एवम् संयोजन र वियोजनको द्वन्द्वात्मकता हुन्छ ।

जैव जगत्का समस्त जीवाङ्गहरू द्वन्द्वात्मकतायुक्त हुन्छन् । हरेक जीवमा जीवनशील र मरणशील तत्त्व विद्यमान हुन्छन् । हरेक जैव शरीरमा नयाँ कोष बन्ने र पुराना कोष नष्ट हुने क्रिया निरन्तर रूपमा चलिरहेको हुन्छ । जैव शरीरका हरेक प्रणालीमा द्वन्द्वात्मकता हुन्छ । जस्तो कि पाचन प्रणालीमा परिपाचन र विपाचन क्रियाको द्वन्द्वात्मकता हुन्छ । रक्त संचार प्रणालीमा नयाँ रगत शरीरका प्रत्यक भागमा पुऱ्याउने कार्य र पुरानो रगत शरीरका कुना-कुनाबाट तानेर मुटुमा ल्याउने कार्यबीच द्वन्द्वात्मकता हुन्छ । श्वास-प्रश्वास प्रणालीमा श्वास लिने र फ्याक्ने क्रियाबीच द्वन्द्वात्मकता हुन्छ; स्नायु प्रणालीमा सूचना ग्रहण गर्ने र प्रसारण गर्ने क्रियाबीच द्वन्द्वात्मकता हुन्छ ।

अर्थतन्त्रमा उत्पादनका साधनमाथिको स्वामित्वका सम्बन्धमा द्वन्द्व हुन्छ, उत्पादनमा श्रम लगानीको सम्बन्धमा द्वन्द्व हुन्छ र उत्पादित वस्तुको वितरण एवम् हिस्सा प्राप्ति र उपभोगका सम्बन्धमा द्वन्द्व हुन्छ । हरेक उत्पादन प्राणालीमा उत्पादक शक्ति र उत्पादन सम्बन्धबीच द्वन्द्व हुन्छ । पुँजीवादी उत्पादन प्रणालीमा पुँजी र श्रमबीच, पुँजी र प्रविधिबीच तथा पुँजीपति र श्रमिकबीच द्वन्द्व हुन्छ । उत्पादन र वितरण तथा माग र आपूर्तिबीच पनि द्वन्द्व हुन्छ ।

वर्गीय समाजमा सबभन्दा बढी वर्गीय द्वन्द्व

[३] नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५) पृ. ४

[४] पाँचौं महाधिवेशनबाट पारित प्रतिवेदन (२०५३) पृ. ३५

चलिरहेको हुन्छ । त्यसका साथै जातीय द्वन्द्व, सांस्कृतिक द्वन्द्व, धार्मिक द्वन्द्व, लैङ्गिक द्वन्द्व, भाषिक द्वन्द्व, वैचारिक द्वन्द्व, तथा नयाँ पुस्ता र पुराना पुस्ताबीचको द्वन्द्व समेत समाजमा चलिरहेको हुन्छ ।

द्वन्दको नियम राजनीतिक क्षेत्रमा पनि लागू हुन्छ । "द्वन्द्व सार्वभौम नियम नै हो । यो कुरा साँचो हो भने राजनीतिमा चाहिं किन द्वन्द्व हुन नदिने ? यदि कुनै पनि वस्तुमा रहेको द्वन्द्वात्मक यथार्थलाई दमन गरेर प्रकट हुन दिइंदैन भने, त्यसले शत्रुता र विष्फोटको रूप लिन सक्छ । त्यसकारण कुनै पनि राज्य व्यवस्थामा त्यसबेला विद्यमान समाजमा रहेका राजनीतिक दृष्टिकोणको बीचमा संविधानसम्मत ढङ्गले प्रतिस्पर्धा हुन दिनुपर्छ ।"[५] भन्दै जबजले द्वन्द्वको नियम सर्वत्र लागू हुने भएकाले अन्य सबै क्षेत्रमा जस्तै राजनीतिक क्षेत्रमा पनि लागू हुन्छ र हुनुपर्दछ भन्ने मान्यता अगाडि सारेको छ ।

चिन्तनमा एकातर्फ प्रत्यक्ष बोध या इन्द्रियग्राह्य ज्ञान र भावात्मक चिन्तनका बीच द्वन्द्वात्मकता हुन्छ भने अर्कोतर्फ तार्किक ज्ञानमा अमूर्त चिन्तन र विम्ब निर्माण क्रियाका बीच तथा विश्लेषण र संश्लेषण कार्यका बीच द्वन्द्वात्मकता हुन्छ ।

### २. सार र अन्तर्वस्तुको प्रधानता, रूपमा बहुलता :

जबजको दोस्रो महत्त्वपूर्ण दार्शनिक मान्यता हो अन्तर्वस्तु एवम् सारपक्षको प्रधानता हुन्छ र वस्तु एवम् घटनाका रूपमा बहुलता हुन्छ भन्ने मान्यता ।

संसारका सबै वस्तु र घटनामा सार पक्ष र रूप पक्षको अस्तित्व हुन्छ । हरेक वस्तु या घटनाभित्र निश्चित प्रकारका प्रतिपक्षहरू हुन्छन्, निश्चित प्रकारका आन्तरिक सम्बन्धहरू हुन्छन्, निश्चित प्रकारका आन्तरिक प्रक्रियाहरू हुन्छन्, निश्चित प्रकारका आन्तरिक अन्तर्विरोधहरू हुन्छन् र विकासको स्वभाव पनि निश्चित प्रकारको नै हुन्छ । यी सबको समुच्चय या कुल योगलाई सार भनिन्छ । सारको आधारमा बनेको बाहिरी संरचना या ढाँचालाई रूप भनिन्छ । सार र रूपका बीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । रूप सारको आधारमा बनेको हुन्छ भने सार रूपमा प्रकट हुन्छ । सारबिनाको रूपको अस्तित्व सम्भव छैन भने रूपको अभावमा सारको प्रकटीकरण पनि हुन सक्दैन । यसरी सार र रूपका बीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । सार र रूपमध्ये सार प्रधान हुन्छ र एउटा सार अनेक रूपमा प्रकट हुन सक्छ ।

वस्तु र घटनामा अन्तर्वस्तु र आकृति नामका पक्ष पनि हुन्छन् र ती दुई पक्षका बीच द्वन्द्वात्मकता हुन्छ । कुनै पनि वस्तु र घटनाको अस्तित्वको मूल कारण तथा नियम, मुख्य अन्तर्विरोध, निर्णायक प्रतिपक्षहरू र विकासको मूल स्वभावलाई अन्तर्वस्तु भनिन्छ भने अर्न्तवस्तुको बाहिरी एवम् प्रकट रूपलाई आकृति भनिन्छ । अन्तर्वस्तुलाई स्वत्व र आकृतिलाई घटनाक्रम पनि भनिन्छ । अन्तर्वस्तु कुनै पनि वस्तु र घटनाको प्रधान पक्ष हो । संसारका सबै वस्तु, घटना र घटना प्रक्रियामा अन्तर्वस्तु या स्वत्वको प्रधानता हुन्छ भने आकृति या घटनाक्रममा बहुलता या विविधता हुने गर्दछ ।

भौतिक पदार्थका रूपमा बहुलता हुन्छ । रासायनिक यौगिकका रूपमा बहुलता हुन्छ । जैविक अङ्गका रूपमा बहुलता हुन्छ । समाजको रूप या सामाजिक संरचनाका विविध पक्षमा बहुलता या बहुरूपता हुन्छ । जस्तो कि अस्तित्वका निम्ति हुने सङ्घर्षका रूपमा बहुलता हुन्छ । समाजका अन्तर्विरोधहरूको रूपमा बहुलता हुन्छ । एउटै उत्पादन प्रणालीका रूपमा बहुलता हुन्छ । एउटै सार भएको राज्यसत्ताका रूपमा बहुलता हुन्छ । विचार र संस्कृतिमा बहुलता हुन्छ । सिद्धान्त कार्यान्वयनमा बहुलता हुन्छ । समाजको चरित्रमा बहुलता हुन्छ ।

### ३ क्रान्ति एक वस्तुगत प्रक्रिया

जबजले क्रान्ति मनोगत प्रक्रिया नभई एक वस्तुगत प्रक्रिया हो भन्ने मान्यता अगाडि सारेको छ । क्रान्ति के हो, यसलाई कसरी बुझ्ने र कसरी सञ्चालन गर्ने भन्ने सवाल ज्यादै नै महत्त्वको दार्शनिक सवाल हो । यस सम्बन्धमा जननेता कमरेड मदन भण्डारी लेख्नुहुन्छ -"मार्क्सवादी दर्शनको आधारमा क्रान्ति एउटा अनिवार्य वस्तुगत प्रक्रिया हो । मनोगत आग्रहले मात्र क्रान्ति हुन सक्दैन । वस्तुगत विकासका नियमहरू अनकूल त्यसै दिशामा मनोगत शक्तिको प्रयास पनि केन्द्रित भयो भने क्रान्ति चाडो गर्न सकिन्छ, त्यसो नभए त्यसमा विलम्ब हुन सक्छ । ....विद्यमान

[५] पाँचौ महाधिवेशनबाट पारित राजनितिक प्रतिवेदन (२०५३ आश्विन) पृ.५१

समाजको गर्भभित्र नै नयाँ समाजका तत्त्वहरूको उदय र विकास नभई क्रान्ति हुन सक्दैन। क्रान्तिले पुरानो समाजको आधारलाई तोड्छ र नयाँ समाजको संरचनालाई सुदृढ बनाउंछ। ... आम रूपमा जनताको इच्छाअनुरूप एव्म वस्तुगत परिस्थितिको विकासको परिपक्व अवस्थामा नयाँ समाजको जन्म हुन्छ। ... जनताको चेतना र निर्णायक पहलकदमीबाट नै क्रान्ति सम्पन्न हुन्छ।"[६] यसरी क्रान्तिलाई अनिवार्य वस्तुगत प्रक्रिया ठान्ने र त्यसमा जनताको भूमिका निर्णायक हुन्छ भनेर मान्ने जबजको यो मान्यता द्वन्द्ववादको क्रान्ति सम्बन्धी मूल मान्यताअनुरूप एवम् कार्ल मार्क्सको "जुन सामान्य निष्कर्षमा म पुगें र जुन निष्कर्ष तत्पश्चात्का मेरा अनुसन्धानहरूमा मार्गदर्शक सूत्र बन्यो, त्यसलाई संक्षिप्तमा निम्नानुसार सूत्रीकृत गर्न सकिन्छ : विकासको एउटा निश्चित चरणमा पुगेपछि समाजका भौतिक उत्पादक शक्तिहरू तत्काल विद्यमान उत्पादन सम्बन्धहरू, जसलाई कानुनी भाषामा सम्पति सम्बन्ध भन्न सकिन्छ र जसअर्न्तगत रहेर उनीहरूले त्यस बेलासम्म काम गर्दै आएका हुन्छन्; संगी टकराउन थाल्दछन्। ती सम्बन्धहरू उत्पादक शक्तिको विकासका निम्ति अनुरूपताको अवस्थाबाट बाधकको रूपमा फेरिन्छन्। तब क्रान्तिको युग सुरु हुन्छ। आर्थिक आधारमा परिवर्तन आउनुको साथै सिङ्गो विशाल माथिल्लो संरचनामा पनि धेरथोर तीव्रताका साथ परिवर्तन हुन पुग्दछ "[७] भन्ने निष्कर्ष अनुरूप छ।

उपर्युक्त सैद्धान्तिक निष्कर्षका आधारमा जबजले परिवर्तन एकैचोटी हुने नभएर पहिले मात्रा-मात्रामा र मात्रात्मक परिवर्तनको एउटा निश्चित प्रक्रिया वा सीमा पूरा गरेपछि चाहि गुणात्मक रूपमा नै हुने गर्दछ भन्ने ,निर्वाचनको माध्यमबाट क्रान्तिपूर्व क्रान्तिकारी शक्तिको सरकार बनाएर अर्थात् माथिल्लो संरचनामा नियन्त्रण कायम गरेर त्यसमार्फत समाजको आधारमा परिवर्तन गर्ने र श्रमजीवी जनतालाई सबै कुराको अन्तिम फैसला गर्ने निर्णायक शक्तिका रूपमा स्वीकार गर्ने जस्ता मान्यता अगाडि सारेको छ।

**४. श्रमजीवी वर्गको पक्षपोषण र उत्पादक शक्तिको मुक्तिमा जोड**

जबजले "बेला र ठाउँको भिन्नताले मार्क्सवादलाई लागूगर्ने नीति एवम् तरिकामा भिन्नता हुन सक्छ तर जहाँसुकै र जहिले पनि एवम् जुनसुकै परिस्थिति भए पनि मार्क्सवादको वर्ग स्वरूप फेरिन सक्तैन। त्यसकारण नयाँ व्याख्या सही छ कि छैन भन्ने जाँच्ने कसी केवल त्यसको वर्ग स्वरूप वर्ग दृष्टिकोण सही छ कि छैन भन्ने नै हो र हुनुपर्दछ [८] ... मार्क्सवाद कोरा सिद्धान्त होइन। यसले व्यवहारलाई ठोस रूपमा मार्गदर्शन गर्न सक्नुपर्छ। व्यवहार निरन्तर गतिशील भैरहने विषय हो। व्यवहारको गति र विकासका प्रत्येक अवस्थामा सिद्धान्तले त्यसलाई मार्गदर्शन गरि-रहनुपर्छ।"[९] भन्दै हरेक दर्शन, सिद्धान्त विचार र चिन्तनमा वर्ग पक्षधरता हुन्छ र तिनीहरू सबै गतिशील हुन्छन् भन्ने मान्यता अगाडि सारेको छ।

जबजले "राजनीति वर्गीय दृष्टिकोण र वर्गीय स्वार्थको केन्द्रीय अभिव्यक्ति हो र राज्य एउटा वर्गले अर्को वर्गलाई वा केही वर्गले केही वर्गलाई नियन्त्रणमा राख्ने साधन हो। ... समाजमा वर्गहरू रहेसम्म विद्यमान वर्गहरूको भिन्नाभिन्नै राजनीति हुनु स्वभाविक हो। त्यसकारण वर्गीय समाजमा वर्गीय दृष्टिकोण र राजनीति हुन्छन्।"[१०] भन्दै राज्य र राजनीतिको आम चरित्र वर्गीय हुन्छ भन्ने मार्क्सवादी अवधारणालाई राम्रोसँग अवलम्बन गरेको छ।

जबजले "मार्क्सवाद सर्वहारा श्रमजीवी उत्पादक शक्तिको मुक्ति र समृद्धिको सिद्धान्त हो। मार्क्सवादले हरेक समाजमा हरेक बेला उत्पादक शक्तिको पक्षपोषण गरिरहेको हुन्छ। मार्क्सवादको कहिल्यै पनि यस्तो व्याख्या हुन सक्तैन कि त्यस व्याख्याले सामन्त र पुँजीपतिलाई खुशी तुल्यायोस् तथा उत्पादक शक्तिको स्वार्थमा ठेस लगाओस्। यसबेला हाम्रो पार्टीले आफ्नो ठाउँमा बहुदलीय राजनीतिक प्रणाली अन्तर्गत सर्वहारा श्रमजीवी जनताको इच्छा आकांक्षाको रक्षा र विकास गर्ने दृष्टिकोण लिएको छ। बहुदलीय प्रणाली अन्तर्गत श्रमजीवी वर्गको सेवा हुन सक्तैन भन्ने कुनै मान्यता

---

६ मदन भण्डारी - बहुदलीय जनवाद बारे केही कुरा - पृ १७-१९

७ एचभाबअभ तय ब अयलतचर्षदिगतष्यल तय तजभ अचष्तष्त्रगभ या उयष्तिष्अर्बा भअयलफथ ९:बचह( भ्लनभकि - क्भभिअतभम धयचपक, ष्ल यलभ खर्या (ज्ञढठठ, उ ज्ञडद्द ०

८ मदन भण्डारी बहुदलीय जनवादबारे केही कुरा पृ १६

९ मदन भण्डारी बहुदलीय जनवादबारे केही कुरा पृ १५

१० पाँचौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३ आश्विन) पृ ५१

छैन । बरु एकदलीय एकाधिकारवादले सर्वहारा वर्गको दीर्घकालीन हित गर्न नसकेको अनुभव प्राप्त भइरहेको छ ।''[११] भन्दै नेपाली समाजको श्रमजीवी वर्ग र यहाँको उत्पादक शक्तिको पक्षमा आफूलाई उभ्याएको छ ।

जबजले 'सिद्धान्तका निम्ति जीवन होइन, जीवनका निम्ति सिद्धान्त हुनुपर्दछ ।[१२] ... जीवन गतिशील हुन्छ र जीवन गतिशील हुने वित्तिकै स्वाभाविक रूपले सिद्धान्त पनि गतिशील हुनुपर्दछ । त्यसो हुनाले सिद्धान्तले जीवनलाई पछ्याउनु पर्छ र जीवनलाई बाटो पनि देखाउनु पर्छ । ... सिद्धान्तले जीवनको सेवा गर्नु पर्छ र जीवनलाई मार्गदर्शन गर्नु पर्छ ।'[१३] भन्दै सिद्धान्त जीवनका निम्ति हुनुपर्ने र त्यसले जीवनको सेवा गर्नुपर्ने मान्यता अँगालेको छ ।

## ५ वर्ग सङ्घर्ष प्रधान, रूप सापेक्ष

जबले "क्रान्ति सम्पन्न गर्नका निम्ति बाटोको हिसाबले वर्ग समन्वय होइन, वर्ग सम्झौता होइन वर्ग सङ्घर्ष नै मूल र आधारभूत कुरा हो । तर त्यसको कुन रूप अपनाउने भन्ने कुरा परिस्थितिमा भरपर्ने विषय हो । ... मार्क्सवादले सङ्गठन र सङ्घर्षको कुनै एउटा मात्र रूपलाई क्रान्तिकारी सङ्घर्षको एकमात्र र अन्तिम रूप मान्दैन । क्रान्तिकारीहरूले सङ्घर्षका सबैखाले रूप र तरिकाहरूलाई कुशलतापूर्वक सञ्चालन गर्न सक्ने क्षमता विकास गर्न ध्यान दिनुपर्छ । ... लक्ष्य अनिवार्य र निर्णायक तत्त्व हो, बाटो त्यसलाई सकेसम्म छिटो र सुगम ढङ्गले प्राप्त गर्ने साधन हो । त्यसकारण लक्ष्य प्रमुख हो र साधन गौण । जुन साधनबाट लक्ष्यमा पुग्न सकिन्छ, त्यसलाई क्रान्तिकारी रूपले दृढतापूर्वक प्रयोग गर्नुपर्छ । ... क्रान्तिको बाटो वस्तुगत परिस्थितिको उपज हो । मनोगत रूपमा कुनै पनि ढाँचा खडा गरेर आग्रह जाहेर गर्दैमा बाटोको समस्या हल हुँदैन । ... चलिरहेको सङ्घर्षमा क्रान्तिकारी शक्तिले प्राप्त गर्ने विजय र वरिष्ठताले नै सङ्घर्षलाई निर्णायक दिशा र मोड दिन सक्छ[१४] ... सङ्घर्ष दुई विपरीत पक्षहरू बीचको टक्कर हो, प्रतिस्पर्धा हो । सङ्घर्षको कुन रूप प्रमुख र निर्णायक हुन्छ, त्यो कुनै शास्त्रीय रचनाबाट वा विशिष्ट नेताको कल्पनाबाट तय हुने विषय होइन । त्यो त जनताको बीचबाट, वर्ग सङ्घर्षबाट, दुई विपरित तत्त्व बीचको सङ्घर्षबाट तय हुने कुरा हो ।[१५] ... सङ्घर्षका वैधानिक र अवैधानिक, कानुनी र गैर कानुनी, हिंसात्मक र शान्तिपूर्ण, गुप्त वा खुला र संसदीय वा गैर संसदीय अनेक रूप हुन्छन् । सिद्धान्ततः कुनै पनि रूप स्वयम्मा ग्राह्य वा त्याज्य हुँदैन । परिस्थितिले आन्दोलन वा सङ्घर्षका जुन-जुन रूप र तरिकाहरू आवश्यक र सम्भव बनाउँछ, तिनै रूप र तरिकाहरू अपनाउनु उचित हुन्छ । ... हामी वर्गीय समाजमा वर्ग समन्वयबाट सामाजिक विसंगति मेटाउन सकिने कुरामा विश्वास गर्दैनौं । वर्ग सङ्घर्षबाट सामाजिक समस्याहरूको समाधान हुन सक्ने कुरामा दृढ विश्वास राख्छौं ।"[१६] भन्दै वर्गीय समाजलाई बदल्नका निम्ति अवलम्बन गरिने निर्णायक माध्यम वर्ग सङ्घर्ष हो, वर्गीय समाजमा वर्ग सङ्घर्ष निरपेक्ष ढङ्गले चल्दछ तर वर्ग सङ्घर्षको कुनै खास रूप निरपेक्ष, एकमात्र र अन्तिम भने हुँदैन; क्रान्तिकारीहरूले वर्ग सङ्घर्षको कुन रूप अवलम्बन गर्ने भन्ने कुरा परिस्थितिमा र व्यवहारमा भर पर्दछ अर्थात् वर्ग सङ्घर्षका समय र परिस्थिति सापेक्ष रूपको प्रयोग गर्नु पर्दछ, सङ्घर्षको मैदानबाट नै सङ्घर्षको रूप तय हुन्छ, मनोगत आग्रहबाट होइन भन्ने जस्ता मान्यताहरू अगाडि सारेको छ ।

## ६. जनताको जनवादी राज्यसत्ता

जबजले "अधिनायकत्व राज्यसत्ताको एउटा मुख्य र निर्णायक कामलाई अभिव्यक्त गर्ने शब्द हो । अर्थात् अधिनायकत्व भनेको राज्य हो । मार्क्सवादी दृष्टिकोण अनुसार राज्य भनेको वर्गीय हुन्छ, पुँजीवाद पन्थीहरूको वर्गविहीन वा वर्गभन्दा माथि राज्य भन्ने कुरा झूट कुरा हो । राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो । तर जनताको राज्यको काम केवल नियन्त्रण र दमन गर्ने मात्र होइन, आम जनताको नेतृत्व गर्दै जनताका निम्ति कल्याणकारी काम पनि गर्नु हो । त्यसले जनवाद विरोधी प्रतिगामी तत्त्वहरूलाई मात्र

[११] मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ १६-१७
[१२] मदन भण्डारी अन्तिम सम्बोधन (नयाँ कदम पूर्णाङ्क ४ २०५०) पृ. ६
[१३] मदन भण्डारी अन्तिम सम्बोधन (नयाँ कदम पूर्णाङ्क ४ २०५०) पृ. ७
[१४] नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसीर) -पृ २४
[१५] नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसीर) -पृ २५
[१६] नेकपा (एमाले) को तात्कालिक कार्यनीति २०४९ पृ २२

दमन र नियन्त्रण गर्छ। व्यापक जनतालाई जनवादी अधिकार प्रदान गर्छ। त्यसकारण हामीले अधिनायकत्व शब्दको सट्टा आम रूपमा राज्यसत्ता भन्ने शब्द प्रयोग गरेका छौं। यसको तात्पर्य पहिलो कुरा मुठ्ठीभर प्रतिगामीहरू माथि अधिनायकत्व भएको, ९५ प्रतिशत जनताका निम्ति जनवाद दिने राज्यसत्ता भएको र दोस्रो राज्यसत्ताको काम केवल अधिनायकत्व मात्र नभएर जनता र राष्ट्रका निम्ति कल्याणकारी काम नै प्रमुख भएको हुनाले पनि राज्य सत्ताको एउटा मात्र पक्षलाई अभिव्यक्त गर्ने अधिनायकत्व' ... अर्थात् 'जनताको जनवादी अधिनायकत्व' भन्नुभन्दा 'जनताको जनवादी राज्यसत्ता' भन्ने प्रयोग गरेका छौं। यो सही र उपयुक्त संयोजन हो।"[१७] भन्दै जनवादी शासनसत्तालाई अधिनायकत्व नभनेर जनताको राज्यसत्ता भन्ने मान्यता अगाडि सारेको छ।

## ७. पूरानोका गुण नयाँमा

जबजले कुनै पनि वस्तु वा घटनामा गुणात्मक परिवर्तन हुंदा अस्तित्वको पुरानो रूपका केही गुण नयाँ रूपमा पनि आउँछन्, आउन सक्छन् भन्ने मान्यता अँगालेको छ।

द्वन्द्वात्मक भौतिकवादको निषेधको निषेध हुने नियमले अस्तित्वको एउटा रूप निषेध हुँदा, त्यसका सम्पूर्ण पक्ष र गुण समाप्त हुदैनन्। अस्तित्वको विद्यमान पुरानो रूप निषेध हुँदा त्यसको स्थानमा नयाँ रूप प्रकट हुन्छ। नयाँले पुरानोको स्थान लिन्छ। नयाँ शुन्यबाट अस्तित्वमा आउने नभै नयाँ रूपमा पुरानोको निरन्तरता हो। त्यसैले पुरानोका कैयन गुणहरू नयाँमा पनि रहेका हुन्छन्। पुरानोको निषेध हुनु भनेको उसको सम्पूर्ण रूपमा विनाश हुनु होइन। निषेध विकासको पुरानो र नयाँ चरण बीच सम्बन्ध जोड्ने कडी हो, विकासको विच्छिन्नता (discontinuty) र अविच्छिन्नतना (Continuty) बीच एकताको कडी हो। निषेध हुँदा पुरानोका नयाँ अवस्थामा काम नलाग्ने वेकम्मा तत्त्व र पक्षको विस्थापन हुन्छ र नयाँ अवस्थामा पनि टिक्न सक्ने र काम लाग्ने तत्त्व एवम् पक्षहरूको भने पहिलेको भन्दा उन्नत अवस्थामा रूपान्तरित भएर रहनेगरी संरक्षण हुन्छ। त्यसैले नयाँमा पुरानोका थुप्रै गुणहरू बाँकी रहेका हुन्छन्। जस्तो की भुसेलकीराको लार्भाबाट निस्कने पुतलीमा पनि भुसहरू हुन्छन् तर भुसेलकीराको जस्तै होइन फरक रूपमा। पसु जगतबाट विकास भएको मानिसमा पशुका धेरै गुणहरू बाँकी छन्। दास प्रथात्मक समाजका कैयन गुणहरू सामन्तवादी समाजमा रहे र सामन्ती समाजका कैयन गुणहरू पूँजीवादी समाजमा पनि रहे। त्यसैगरी पुँजीवादी समाजका कैयन गुणहरू समाजवादी समाजमा पनि रहने छन्। समाजवादमा पुँजीवादका कतिपय गुणहरू कायम रहन्छन् भन्ने सम्बन्धमा मार्क्स र लेनिनका भनाइहरू मननयोग्य छन्। मार्क्सले गोथा कार्यक्रममा लास्सालले अगाडि सारेका मान्यताहरूको खण्डन गर्ने क्रममा "कम्युनिष्ट समाजको पहिलो चरणमा पुँजीवादी समाजका कैयन प्रवृत्तिहरू बाँकी रहनु अपरिहार्य हुन्छ।[१८] ... हामी यहाँ त्यस्तो कम्युनिष्ट समाजको चर्चा गर्दैछौं जुन आफ्नै जगमा विकसित भएको नभएर त्यसको विपरीत भर्खरै मात्र पुँजीवादी समाजबाट उत्पन्न भएको हो र त्यसैकारणले गर्दा आर्थिक, नैतिक एवम् बौद्धिक सबै क्षेत्रमा यो जुन पुरानो समाजको गर्भबाट निस्किएको हो, त्यसको छापबाट मुक्त हुन सकेको हुँदैन।"[१९] आदि भनेको पाइन्छ। लेनिनले आफ्नो 'राज्य र क्रान्ति' नामक प्रसिद्ध रचनामा पुँजीवाद र समाजवाद बीच एउटा संक्रमणकालीन चरणको रूपमा रहने सामाजवादी समाजको चर्चा गर्दै "यो त्यही समाज हो, जुन भर्खरै मात्र पुँजीवादको गर्भबाट निस्किएर धरतीमा आएको छ, जसमा पुरानो समाजका जन्म चिन्हहरूको छाप लागेको हुन्छ, त्यसैलाई मार्क्सले कम्युनिष्ट समाजको पहिलो वा निम्नतम चरण भन्नु भएको छ।[२०] ... साम्यवादी समाजको प्रथम अवस्थामा, जसलाई सामान्यतः समाजवाद भनिन्छ, पुँजीवादी अधिकारको पूर्ण रूपमा होइन, आंशिक रूपमा मात्रै, त्यो पनि त्यसबेलासम्म पुरा भैसकेको आर्थिक क्रान्तिको अनुपातमा उत्पादनका साधनहरूको सम्बन्धमा मात्र निर्मूल गरिन्छ।"[२१] आदि भनेको पाइन्छ।

---

[१७] नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसीर) पृ. २१

[१८] Marx-Engels- Selected works in One Vol. (1977) p. 320

[१९] Ibid p 319

[२०] Lenin– Selected works in one vol, 1977 p. 327

[२१] Ibid p. 329

[२१] मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ ७

निषेधको निषेध सम्बन्धी माथि चर्चा गरिएका प्रक्रिया र परिणामकै आधारमा जनताको बहुदलीय जनवादले "बहुदलीय प्रतिस्पर्धाको प्रणाली पुँजीवादपन्थीहरूको निजी सम्पत्ती हो र समाजवादी प्रणाली भनेको या त एकदलीय या बहुदलीय भएपनि त्यो केवल सहयोगात्मक प्रणाली मात्र हो भन्ने दुनियाँलाई भान पऱ्यो । यस खालको विचार प्रवृत्ति तथा चिन्तन एउटा गम्भीर गल्तीको द्योतक थियो [२२] ... बहुदलीय प्रतिस्पर्धा भएको शासन प्रणाली कुनै निश्चित एक खालको सारतत्त्व भएको राज्य सत्ताको रूप मात्र होइन, अनेक सारतत्व भएका राज्यहरूको स्वरूप बन्न सक्दछ"[२३] भन्दै "सामन्तवाद, साम्राज्यवादको उन्मूलनपछि कायम गरिने व्यवस्थामा पनि संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष, कानुन अनुसारको शासन, मानव अधिकारको रक्षा [२४] ... शक्ति पृथकीकरणको सिद्धान्त"[२५] लगायतका विशेषताहरूसमेत रहनेछन् भन्ने मान्यता अगाडि सारेको छ। यी विशेषताहरू वास्तवमा पुँजीवादी समाजमा विकास भएका विशेषता हुन् तापनि यिनीहरू नयाँखाले जनवादी समाज र समाजवादी समाजको चरणमा समेत रहन सक्छन् भन्ने मान्यता जबजले लिएको हो। तर पूरानो सारतत्त्वसाथ भने यिनीहरू नयाँ समाजमा रहन सक्ने छैनन् नयाँ सारतत्त्वकासाथ यीनीहरू रहने छन्। पुँजीवादी समाजमा उपर्युक्त मान्यताहरू पूँजिपति वर्गको हितमा प्रयोग गरिन्छन् भने नयाँ जनवादी समाज र समाजवादी समाजमा यिनीहरूको प्रयोग सर्वहारा श्रमजीवी वर्गको हितमा गरिन्छ। यस सम्बन्धमा कमरेड मदन भण्डारी लेख्नुहुन्छ - "हामी अहिले रूप र सारलाई अलग अलग गरेर रूप पक्षलाई समर्थन गर्ने तर सारलाई सङ्घर्ष मार्फत परिवर्तन गर्ने कुराको पक्षपोषण गरिरहेका छौं।"[२६]

[२२] मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ ८

[२३] मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ

[२४] पाँचौ महाधिवेशनबाट पारित राजनितिक प्रतिवेदन (२०५३ आश्विन) - पृ ५६ मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ ८

[२५] नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसिर) पृ. १७

[२६] मदन भण्डारी संकलित रचनाहरू भाग १ पृष्ठ १७१

जबजले जनवादी शासन व्यवस्था पूर्ण रूपले जनताप्रति उत्तरदायी हुनुपर्ने मान्यता अँगालेको छ। आवधिक निर्वाचनको माध्यमबाट जनताको अभिमत लिएर मात्र शासन सञ्चालन गर्नुपर्ने र राज्य सञ्चालनका हरेक मामिलामा निर्णायक शक्ति जनता हुने मान्यता समेत जबजले अगाडि सारेको छ। यी सब दृढ मान्यताहरूबाट जबजले निर्माण र सञ्चालन गर्न चाहेको शासन प्रशासन जनताप्रति पूर्णतः उत्तरदायी हुनुपर्ने सोच राखेको स्पष्ट हुन्छ।

### सन्दर्भ सामग्री सूची

भण्डारी, मदन - बहुदलीय जनवादबारे केही कुरा, काठमाण्डौ, केन्द्रीय प्रचार विभाग नेकपा (एमाले), २०४८

पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित तात्कालिक कार्यनीति, काठमाण्डौ, नेकपा (एमाले) केन्द्रीय कार्यालय, २०४९

पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, काठमाण्डौ, नेकपा (एमाले) केन्द्रीय कार्यालय, २०५३

नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद, काठमाण्डौ, नेकपा (एमाले) केन्द्रीय कार्यालय, २०५५

आठौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, काठमाण्डौ, नेकपा (एमाले) केन्द्रीय कार्यालय, २०६६

आठौं राष्ट्रिय महाधिवेशनबाट पारित विधान, काठमाण्डौ, नेकपा (एमाले) केन्द्रीय कार्यालय, २०६६

भण्डारी, मदन - संकलित रचनाहरू भाग १, काठमाण्डौ, केन्द्रीय कमिटी, नेकपा (एमाले), २०५२

Marx, Engels - Selected works (in One Vol.) Moskow, Prograss publishers 1977 a.d.

Lenin V.I. – Selected works (in one Vol.) Moskow, Prograss publishers 1977 a.d.

■

# जबजका आर्थिक रूपान्तरणका आधारहरू



✍ प्रा. पुष्प कँडेल*

### १. आर्थिक रूपान्तरणको परिचय

नेकपा एमालेको कार्यक्रम जबजले अगाडि सारेका आर्थिक रूपान्तरणका एजेन्डाहरूका बारेमा छलफल गर्नुभन्दा पहिले यो आफैँमा के हो भन्ने बुझ्नु आवश्यक छ । यस सन्दर्भमा हेर्दा विभिन्न किसिमका प्रश्नहरू आउने गर्दछन् । के आर्थिक रूपान्तरण भनेको सडक, पुल, रेल, रोपवे निर्माण हो ? के यो प्रतिव्यक्ति उत्पादकत्व, आय वा उपभोगमा वृद्धि हो? के शिक्षाको तहमा वृद्धि वा आयु वृद्धि आर्थिक रूपान्तरण हो ? कि यो आर्थिक वृद्धि वा स्वतन्त्रतामा वृद्धि हो ? के गरिबीको रेखामुनि रहेकाहरूलाई माथि ल्याउनु, समाजमा एउटा जात र अर्को जात, एउटा समुदाय र अर्को समुदाय, महिला र पुरुष, एउटा वर्ग र अर्को वर्ग आदिको बीचको दूरी कम गर्ने काम, समाजको चेतनाको स्तरमा वृद्धि गर्नु, बाँकी विश्व र हाम्रो बीचको दूरी कम गर्नु र सामाजिक अशान्तिमा कमी ल्याउनु आर्थिक सामाजिक रूपान्तरण हुन् ? सैनिक शक्ति बढ्नु, परनिर्भरता घट्नु, बहुविवाह, बालविवाह, वेश्यावृत्ति आदि रोक्नु, प्राविधिक स्तर बढ्नु र उत्पादनमा यान्त्रिकीकरण गर्नु, मानिसको सूचना प्रविधिमाथिको पहुँच वृद्धि गर्नु आदिलाई आर्थिक सामाजिक रूपान्तरणको रूपमा लिने कि नलिने ? उत्पादनमूलक उत्पादन पद्धतिको ठाउँमा सेवामूलक उत्पादन पद्धतिको विकास, गाउँमा बाटो पुऱ्याउनु, शिक्षा, स्वास्थ्य आदिको विकास हुनु आदि आर्थिक रूपान्तरण हुन् वा होइनन्? सारांशमा के भन्न सकिन्छ भने आर्थिक सामाजिक रूपान्तरण भनेको बहुआयामिक प्रक्रिया हो जसभित्र सामाजिक परिवर्तनका थुप्रै विषयहरू आउँछन् । सामाजिक संरचनामा परिवर्तन, जनताको सोचमा परिवर्तन, राष्ट्रिय संस्थाहरूमा परिवर्तन, आयमा परिवर्तन, आर्थिक वृद्धिदरमा परिवर्तन, भौतिक पूर्वाधारमा वृद्धि, असमानतामा कमी र निरपेक्ष गरिबीको उन्मूलन आदि सबैसबै यसमा पर्दछन् । केही हदमा माथि उल्लिखित सबै विषयहरूको संयुक्त रूप नै आर्थिक रूपान्तरण हो ।

### २. आर्थिक रूपान्तरणका आवश्यकता

परिवर्तनशील संसारमा धेरै परिवर्तनहरू भइरहेका छन् । आर्थिक क्षेत्र पनि त्यसबाट अछुतो छैन । आर्थिक रूपले हेर्दा हामीभन्दा संसार धेरै अगाडि गइसकेको छ । प्रतिव्यक्ति आम्दानी, कुल राष्ट्रिय सम्पत्ति, गरिबीको रेखामुनि रहेका जनताको सङ्ख्या, भौतिक पूर्वाधारको निर्माण आदि सबैमा धेरै देशहरू अगाडि छन् । अहिले पनि नेपालको कुल श्रमिकको दुईतिहाइ भाग कृषिमा नै आधारित छ । अर्थव्यवस्था आयात र विप्रेषणमा आधारित छ । सामन्तवादको प्रतिनिधि राजतन्त्र सिद्धिएको भए पनि अवशेषहरू थुप्रै छन् । अहिले पनि कृषिमा आधारित जनसङ्ख्याको ठूलो हिस्सा भूमिहीन

---

*लेखक, नेकपा (एमाले) केन्द्रीय लेखा आयोगको प्रमुख तथा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक हुनुहुन्छ ।*

छ। कुल ग्राहस्थ उत्पादनको वृद्धिदर लगभग ३.५ प्रतिशत मात्र छ भने निर्यातजन्य वस्तुमा मूलतः प्राकृतिक स्रोत र श्रमसँग सम्बन्धित वस्तुहरू नै छन् ।

गरिबीको हिसाब हेर्दा समग्र नेपालमा गरिबीको रेखामुनि रहेका जनसङ्ख्या २५.२ प्रतिशत देखिन्छ। सहरी क्षेत्रमा करिब १५ प्रतिशत र ग्रामीण क्षेत्रमा करिब २७ प्रतिशत गरिबी छ भने सुदुरपश्चिमाञ्चलमा गरिबीको रेखामुनि रहेका जनता ४५.६१ प्रतिशत छन् । नेपालमा हिमालमा ४२.२७ प्रतिशत, पहाडमा २४.३२ प्रतिशत र तराईमा २३.४४ प्रतिशत गरिब देखिन्छन् । जातजातिअनुसार गरिबीको स्थिति हेर्दा क्रमशः सबैभन्दा गरिब पहाडी दलित ४३.६३ प्रतिशत (जनसङ्ख्या ८.७ प्रतिशत) देखिन्छ भने त्यसपछि क्रमशः तराई दलित ३८.१६ प्रतिशत (जनसङ्ख्या ४.६ प्रतिशत), तराई मध्यम जाति २८.६९ प्रतिशत (जनसङ्ख्या १५.४ प्रतिशत), पहाडी जनजाति २८.२५ (जनसङ्ख्या २१.८ प्रतिशत), तराई जनजाति २५.९३ प्रतिशत (जनसङ्ख्या ७.१ प्रतिशत), पहाडी क्षेत्री २३.४ प्रतिशत (जनसङ्ख्या १७.८ प्रतिशत), मुस्लिम २०.८ प्रतिशत (जनसङ्ख्या ४.३ प्रतिशत), तराई ब्राह्मण १८.६१ प्रतिशत (जनसङ्ख्या ०.५ प्रतिशत), अन्य समूह १२.३४ प्रतिशत (जनसङ्ख्या ०.९ प्रतिशत), पहाडी ब्राह्मण १०.३४ प्रतिशत (जनसङ्ख्या १२.७ प्रतिशत) र नेवार १०.२५ प्रतिशत (जनसङ्ख्या ६.२ प्रतिशत) देखिन्छ। प्रवृत्तिगत हिसाबले परिवार सङ्ख्या बढेअनुसार गरिबी बढ्दै जान्छ र परिवार मूलीको शिक्षाको स्तर बढेअनुसार गरिबी घट्दै जान्छ। कृषि क्षेत्रको ज्यालादारीमा लाग्नेहरू अन्यत्रका ज्यालादारीमा लाग्नेभन्दा बढी गरिब छन् ।

हुने र नहुनेको बीचको असमानताको हिसाब गर्दा देशको कुल उपभोगमा सबैभन्दा गरिब १० प्रतिशतले कुल उपभोगको ३.२ हिस्सा मात्र ओगट्छन् भने सबैभन्दा धनी दश प्रतिशतले २९.५ प्रतिशत उपभोग गर्छन् । आम्दानीको हिसाबमा सबैभन्दा गरिब १० प्रतिशतले कुल आम्दानीको १.५ प्रतिशत भाग पाउँछन् भने सबैभन्दा धनी १० प्रतिशतले ३९.५ प्रतिशत भाग । त्यस्तै सबैभन्दा गरिब २० प्रतिशतले कुल आम्दानीको ४.१ प्रतिशत भाग पाउँछन् भने सबैभन्दा धनी २० प्रतिशतले ५६ प्रतिशत हिस्सा। औसत आम्दानीको हिसाब लिँदा सबैभन्दा धनी १० प्रतिशतको प्रतिव्यक्ति आम्दानी १६४४०१ छ भने सबैभन्दा गरिब १० प्रतिशतको प्रतिव्यक्ति आम्दानी रु ६२२२। देशको प्रतिव्यक्ति औसत आम्दानी चालू मूल्यमा रु ४१६५९ देखिन्छ। अर्थतन्त्रको संरचनाको हिसाबले कृषक परिवार ७४ प्रतिशत छ भने खेतीयोग्य जमिनमध्ये सिञ्चित भूमि ५४ प्रतिशत पुगेको छ। विप्रेषण प्राप्त गर्ने घरपरिवार ५६ प्रतिशत र प्रतिघर परिवार औसत विप्रेषण रु ८०३४६ छ। असमानता झल्काउने गिनी सूचकाङ्क अहिले ०.३३ छ जुन पहिलेभन्दा घटेको हो। सूचकाङ्कको घटाई सहरी क्षेत्रमा बढी छ। औसत गिनी सूचकाङ्क पहिलो सर्वेक्षण (२०५२/५३) मा ३२.२ प्रतिशत, दोस्रो सर्वेक्षण (२०६०/६१) मा ४१.४ प्रतिशत र तेस्रो सर्वेक्षण (२०६६/६७) मा ३२.८४ प्रतिशत देखिन्छ।

नेपालका बालबालिकाहरूमध्ये ४२ प्रतिशत उमेरअनुसार हुनुपर्ने उचाइभन्दा कम, ३१ प्रतिशत बालबालिका उचाइको तुलनामा तौल कम र ८ प्रतिशत उमेरअनुसार हुनुपर्ने तौलभन्दा कमका छन् । हाम्रो अहिलेको अवस्था आर्थिक वृद्धिदर औसत ३.५ प्रतिशत, रोजगारी वृद्धि ३ प्रतिशत, स्वास्थ्यकर्मीबाट प्रसूति गराउने महिला २९ प्रतिशत, मातृ मृत्यदर प्रतिलाख २२९, नवजात शिशु मृत्यदर प्रतिहजार ३०, बाल मृत्यदर प्रतिहजार ५५, खानेपानी पुगेको जनसङ्ख्या ८० प्रतिशत, प्राथमिक तहमा खुद भर्नादर ९४ प्रतिशत, सडक यातायात जोडिएको जिल्ला ७४, विद्युत् उत्पादन ६९४ मेगावाट, विद्युत्मा पहुँच जनसङ्ख्या ५६ प्रतिशत र वनजंगलले ढाकेको जनसङ्ख्या ३९.६ प्रतिशत छ।

हाम्रो अर्थव्यवस्थाको ठूलो हिस्सा अहिलेसम्म पनि परम्परागत अवस्थामा छ। परम्परागत अर्थव्यवस्था भनेको ग्रामीण र अविकसित अर्थव्यवस्था भएको अवस्था हो। एसिया, अफ्रिका, दक्षिण अमेरिका र मध्यपूर्वका केही भागहरूमा यस्तो अर्थव्यवस्था पाइन्छ। यसमा आर्थिक निर्णयहरूलाई परम्पराले प्रभाव पार्दछन्, प्रविधिको प्रयोग हुँदैन, खेतीपाती, सिकार र त्यसको संचय गर्ने काम परम्परागत चलनअनुसार गरिन्छ, आर्थिक गतिविधिहरू परिवार वा जातीय एकाइप्रति केन्द्रित भएर गरिन्छ र महिला र पुरुषलाई छुट्टाछुट्टै

भूमिका दिइन्छ ।

संसारका अन्य देशहरू र हाम्रो बीचमा धेरै अन्तर देखिन थालिसकेको छ । संसारको औसत कुल ग्रार्हस्थ उत्पादन खरिद शक्ति मिलानको हिसाबमा १०४०० डलर छ भने हाम्रो करिब १५०० डलर मात्र । संसारमा कुल ग्रार्हस्थ उत्पादनको संरचनामा कृषि ४ प्रतिशत, उद्योग ३२ प्रतिशत र सेवा ६४ प्रतिशत छन् भने नेपालमा कृषि ३५ प्रतिशत, उद्योग ६ प्रतिशत र सेवा ५९ प्रतिशत छ । संसारका कतिपय देशहरूको औसत आयू करिब ८९ वर्ष पुगेको छ, ७५ वर्षभन्दा बढी औसत आयू त धेरै देशहरूको छ तर हाम्रो औसत आयू मात्र ६७ वर्ष छ । संसारका जम्मा २२१ वटा देशहरूको सूचीमा १६० वटा देशहरू हामीभन्दा अघि छन् । छिमेकी देशहरूमध्ये पनि बंगलादेश, श्रीलंका, चीन, भूटान आदि हामीभन्दा अगाडि छन् । प्रतिव्यक्ति गार्हस्थ्य उत्पादनको हिसाबमा संसारमा हामीभन्दा साना कतिपय देशहरूको वार्षिक उत्पादन १ लाख डलरभन्दा बढी देखिन्छ भने हाम्रो वार्षिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन करिब ७०० डलर (वास्तविक मूल्यमा) । कुल गार्हस्थ्य उत्पादनको हिसाबमा हाम्रो देश १६४ नम्बरको आसपासमा देखिन्छ । हाम्रो ७०० डलरको तुलनामा चीन ५००० डलर, श्रीलंका ३००० डलर, भूटान २००० डलर, भारत १४०० डलर, पाकिस्तान १२०० डलर देखिन्छन् । मानव विकास सूचकाङ्क २०११ को हिसाबमा हाम्रो सूचकाङ्क ०.४५८ छ भने हाम्रा छिमेकी भारत, चीन, पाकिस्तान, भूटान आदि सबै हामीभन्दा माथि छन् । सबैभन्दा बढी सूचकाङ्क हुने नर्वेको त यो अंक ०.९४३ देखिन्छ । असमानता देखाउने गिनी कोइफिसियन्ट, सबैभन्दा बढी मानव विकास सूचकाङ्क भएको नर्वेमा ०.२६ जति छ भने हाम्रोमा ०.३३ । भारतमा यो ०.३७ छ । कोइफिसियन्ट जति बढी भयो, त्यति बढी असमानता छ भन्ने देखिन्छ । भ्रष्टाचारको हिसाबले हेर्दा जम्मा १८३ वटा देशहरूको सूचीमा हामी १५४ औं नम्बरमा छौं । सबैभन्दा कम भ्रष्टाचार हुने न्युजिल्याण्डले ९.५ अंक प्राप्त गरेको छ भने हामीले मात्र २.२ । हाम्रा छिमेकी देशहरू पनि हामीभन्दा माथि छन् । यसरी हामी आर्थिक सामाजिक विकासको हिसाबले संसारका अरु देशहरूभन्दा धेरै पछाडि रहेको अवस्था छ ।

आर्थिक रूपान्तरण किन आवश्यक छ भने संसार धेरै अघि गइसकेको छ र हामी धेरै पछि छौं । त्यसबाहेक देशमा शान्ति स्थापना र गणतन्त्रलाई संस्थागत गर्नका लागि आर्थिक रूपान्तरणको आवश्यकता छ । आर्थिक रूपान्तरण नेपाली जनताको अधिकार पनि हो र त्यसलाई पूरा गर्ने सामर्थ्य पनि हामीसँग छ । त्यस्तै विश्व प्रसिद्ध नेपाली जनताको क्षमता देखाउन पनि आर्थिक रूपान्तरण आवश्यक छ । राष्ट्रियताको सबलीकरण र राष्ट्रिय एकतामा वृद्धि ल्याउन र असफल राष्ट्र नबन्नका लागि पनि आर्थिक रूपान्तरण आवश्यक छ । समाजवाद प्राप्तिका लागि पनि आर्थिक रूपान्तरण आवश्यक छ किनभने गरिबीको समान वितरण वा ढिलो विकास समाजवाद होइन । समाजवाद भनेको उत्पादक शक्तिहरूलाई मुक्त गर्नु, विकास गर्नु र शोषणको अन्त्य गर्नु हो । सबैलाई बराबरी बाँड्ने वा एकथरीलाई अत्यन्त धेरै र अर्कोथरीलाई अत्यन्त थोरै दिनु समाजवाद होइन, सबैलाई सम्पन्नता दिनु समाजवाद हो । सबैलाई सम्पन्नता पनि एकै चोटि हुन सक्तैन । त्यसैले समाजवादमा जानका लागि पनि आर्थिक रूपान्तरणको आवश्यकता छ ।

## ३. रूपान्तरणका कुनकुन बाटाहरू छन् र हामीले कुन बाटो प्रयोग गरेका छौं ?

संसारमा प्रयोग भएको आर्थिक सामाजिक रूपान्तरणका मूलतः तीनवटा बाटाहरू देखिन्छन् । पहिलो बाटो पुँजीवादी बाटो हो जुन संसारले करिब सन् १५०० देखि सुरु गर्‍यो र हालसम्ममा यो महाजनी पुँजीवाद, औद्यौगिक पुँजीवाद, वित्तीय पुँजीवाद, कल्याणकारी पुँजीवाद हुँदै नवउदारवादमा आइपुगेको छ । तर नवउदारवादको असफलताले यसको पुरानो बाटोमा संशोधन गर्ने आवश्यकता परेको छ । राज्यको भूमिका अत्यन्त न्यून मात्र आवश्यक छ भन्ने यो विचार अहिले राज्यको भूमिका आवश्यक छ भन्ने निष्कर्षमा पुगेको छ । दोस्रो बाटो, नियन्त्रित समाजवादी बाटो हो जसले लेनिनको युद्ध साम्यवाद र नयाँ आर्थिक नीतिको अवस्था, स्टालिनको पूर्ण केन्द्रित राज्यव्यवस्था, माओत्सेतुंगको नयाँ जनवादी मोडल र सांस्कृतिक क्रान्ति, देंग सियाओ पिंगको खुला अर्थव्यवस्था आदि भोगेको छ । र, अन्त्यमा देशको रूपान्तरणका लागि

निजी क्षेत्रको भूमिका पनि आवश्यक छ भन्ने निष्कर्षमा आइपुगेको छ। तेस्रो, मिश्रित अर्थव्यवस्था हो। यसले त्यस्तो अर्थव्यवस्थाको वकालत गर्दछ जसमा निजीक्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ तर सरकारी क्षेत्र पनि त्यति नै सक्रिय हुन्छ। आर्थिक निर्णयमा सरकार र व्यक्ति दुवैको भूमिका हुन्छ। उत्पादन हुने वस्तु र सेवाको सन्दर्भमा सरकारले नीति दिने र नियमन गर्ने काम गर्दछ। उत्पादनका साधनहरू व्यक्ति र सरकार दुबैको हातमा हुन्छ। उपभोक्ता र श्रमिकहरूलाई अनुपयुक्त नीतिहरूबाट सरकारले जोगाउँछ। यसमा सरकारले कानुन र करार लागू गर्ने, प्रतिस्पर्धा कायम राख्ने, पुनर्वितरणको काम गर्ने, सार्वजनिक वस्तु तथा सेवाहरू उत्पादन र वितरण गर्ने, बजार सूचना प्रदान गर्ने, नकारात्मक बाह्य प्रभावलाई नियन्त्रण गर्ने र सकारात्मक बाह्य प्रभावलाई प्रोत्साहित गर्ने तथा अनुदान दिने व्यवस्थाको माध्यमबाट बजार असफलता नियन्त्रण गर्ने, मूल्यमा घटबढ, आपूर्तिमा घटबढ र आर्थिक वृद्धिमा स्थिरता तथा वृद्धिको माध्यमबाट अर्थव्यवस्थालाई स्थिर बनाउने काम गर्दछ। जबजले र नेपालको अन्तरिम संविधानले पनि समाजवाद उन्मुख हुने गरी यही बाटोलाई अघि सारेको छ। यसभित्र सरकार, सहकारी र निजी क्षेत्र तीनवटै क्षेत्रहरू पर्दछन्।

नेपाल कम्युनिष्ट पार्टीको स्थापनापछिको पहिलो पर्चामा उल्लिखित (२००६ साल वैशाख १० गते) मागमा मजदुरलाई आफ्नो रोटी र तलब बढाउन र महँगी भत्ता बढाउन, किसानलाई बालीनालीको भाउ बढाउन, जमिनका निम्ति लड्न, विद्यार्थीलाई बिनाफिस अथवा कम फिसमा उच्च दर्जाको शिक्षा पाउन, नारीलाई आफ्नो दोहोरो दासत्वको विरोधमा लड्न नागरिक स्वतन्त्रता चाहिन्छ भनिएको थियो। नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्र (१५ सेप्टेम्बर, १९४९) का कार्यक्रमहरूमा सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधीनता, विशेषाधिकारहरू र जातपात, नस्ल र जातिको आधारमा गरिने भेदभाव कानुनमार्फत् खत्तम बनाउने, बिनामुआब्जा जमिन्दारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मूलन र जोताहाहरूलाई जमिनको वितरण गर्ने, ग्रामीण ऋण खत्तम गर्ने, कृषि मजदुरलाई जीवनयोग्य ज्याला दिने, निजी उद्योगहरूको मुनाफामाथि नियन्त्रण गर्ने, स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार दिने, महिलाहरूलाई समान प्रजातान्त्रिक अधिकार दिने, जमिन जोत्नेलाई देऊ भन्ने र खेत मजदुरहरूका लागि बाँच्न पुग्ने ज्याला देऊ भन्ने नारा थिए।

नेपाल कम्युनिष्ट पार्टीको प्रथम महाधिवेशनमा सामन्ती व्यवस्थालाई खत्तम गरी किसानलाई जमिनको मालिक बनाउने तथा विदेशी र नेपाली साझेदारी भएको अवस्थामा विदेशीको हिस्सा बढीमा ४९ प्रतिशतसम्म मात्र होस् भन्ने नारा थियो भने दोस्रो महाधिवेशनमा पनि मूलतः यिनै कुराहरू अघि सारिएको थियो। तेस्रो महाधिवेशनले सामन्ती व्यवस्थाको निर्मूल गरी किसानहरूको हितमा हुने खालको भूमिसुधार गर्ने, विदेशी पुँजी तथा अन्य सबै प्रकारका सम्राज्यवादी तथा विदेशी स्वार्थ र प्रभावबाट देशलाई मुक्त गरी राष्ट्रिय उद्योग तथा व्यापारलाई स्वतन्त्ररूपले विकास गर्ने, देशको द्रुत गतिले औद्योगिकीकरण गर्ने, राष्ट्रहितलाई ध्यानमा राखी देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने, देशको चौतर्फी विकास गरी आम जनताको जीवनस्तर बढाउने, शिक्षा, स्वास्थ्य आदिको सस्तो र समुचित प्रबन्ध गर्ने, समाजमा व्याप्त तमाम कुरीतिहरूको अन्त गर्ने, मजदुरहरूको हित हुनेगरी कलकारखानाहरूको बन्दोबस्त गर्ने, राष्ट्रका तमाम अङ्गहरूको प्रजातान्त्रीकरण गर्ने आदि कार्यक्रमहरू अघि सारेको थियो। चौथो महाधिवेशन (नेकपा माले) ले सामाजिक सुधारको कार्यक्रमलाई अगाडि बढाउने, राष्ट्रिय जनवादी शिक्षा प्रणालीको विकास गर्ने, जाति भाषा धर्म र भेषभूषामा रहेका सबै एकाधिकार र विशेषाधिकारहरू अन्त गर्ने तथा पछि परेका जाति, भाषा, साहित्य र संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका निम्ति सहयोग गर्ने कार्यक्रम अघि सारेको थियो।

नेकपा (एमाले) को पाँचौं महाधिवेशन नेपालको कम्युनिष्ट आन्दोलनमा महत्त्वपूर्ण फड्को थियो जसले कम्युनिष्ट आन्दोलनको परम्परागत मोडललाई परिवर्तन गरेको थियो। यसको मूल नारा सामन्तवाद–साम्राज्यवादको अन्त्य र जनताको जनवादी व्यवस्था कायम गर्ने रहेको थियो। यसले अघि सारेको

अर्थतन्त्रको ढाँचामा मिश्रित अर्थतन्त्र, राज्यको नेतृत्वदायी भूमिका, विदेशी पुँजी र प्रविधि ल्याउने, भूमिसुधारमा क्षतिपूर्ति दिने आदि थिए । एमालेको छैटौं र सातौं महाधिवेशनले पाँचौं महाधिवेशनका कार्यक्रमहरूलाई व्याख्या गर्ने काम मात्र गरेका छन् ।

नेकपा एमालेको आठौं महाधिवेशनले अघि सारेका एजेन्डाहरूमा राजतन्त्रको समूल अन्त्य गर्ने, सामन्तवादको आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूलाई समाप्त गर्ने, नेपाली विशेषता र विशिष्टताका आधारमा राज्यको पुनःसंरचना गर्ने र समावेशी स्वरूप दिने, निरपेक्ष निजीकरण र उदारीकरणको नीतिका कारणले बढ्दै गएको धनी र गरिबबीचको खाडललाई कम गर्ने र समतामूलक समाजको निर्माण गर्ने आदि थिए । आठौं महाधिवेशनबाट पारित आर्थिक, सामाजिक रूपान्तरणका कार्यक्रमहरूमा लोककल्याणकारी राज्यको स्थापना, तीन खम्बे अर्थनीति, लगानी मैत्री वातावरण, विकासमा कृषि, जलस्रोत, सामाजिक तथा भौतिक पूर्वाधार र पर्यटन क्षेत्रलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो प्राथमिकता, सामन्तवादको अन्त्य, क्रान्तिकारी भूमिसुधार, हदबन्दी र चक्लाबन्दी, व्यावसायिक खेती, नयाँ शिक्षा नीति लागू गर्ने, विदेशी लगानीलाई खोल्ने, सामाजिक सुरक्षाको व्यवस्था, श्रमिक व्यवस्थापनमा मैत्रीपूर्ण सम्बन्ध, शिक्षा स्वास्थ्य, बसोबास, रोजगारी र खाद्य सम्प्रभुतालाई मौलिक अधिकारको रूपमा लिने, बलियो स्थानीय सरकार, प्रगतिशील कर प्रणाली आदि छन् ।

## ४. जबजले अघि सारेका आर्थिक रूपान्तरणका मूल एजेन्डाहरू

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले महाधिवेशनहरू, निर्वाचन घोषणापत्रहरू र कार्यदलहरूमार्फत अघि सारेका आर्थिक सामाजिक रूपान्तरणका मूलमूल एजेन्डाहरूलाई निम्नअनुसार सूत्रबद्ध गर्न सकिन्छ :

- तीनखम्बे अर्थनीति, मिश्रित अर्थतन्त्र र वर्गीय रूपमा समतामूलक राज्य प्रणाली स्थापना गर्ने,
- योजनाबद्ध विकास प्रक्रियाको सुदृढीकरण र विकासको प्राथमिकता निर्धारण,
- निजी क्षेत्रको भूमिकामा वृद्धि, त्यसलाई सबल बनाउन सरकारी भूमिकाको सुनिश्चितता र छनोटपूर्ण निजीकरण,
- भूमिसुधारको कार्यान्वयन र सामन्ती शोषणको अन्त्य,
- ग्रामीण पूर्वाधार निर्माण, स्थानीय विकासमा जनसहभागिता, स्थानीय स्रोतको अधिकतम उपयोग र स्थानीय निकायको भूमिकाको सुनिश्चितता,
- तस्करी, भ्रष्टाचार, कमिसनतन्त्र र अन्य आर्थिक अनियमितताको उन्मूलन,
- आर्थिक क्षेत्रसँग सम्बन्धित विद्यमान असमान सन्धिहरूलाई राष्ट्रिय हितअनुकूल बनाउन पहल,
- निर्यातआयात व्यापारलाई सन्तुलित बनाउन पहल र राष्ट्रिय हितअनुरूप विदेशी लगानीको उपयोग, तुलनात्मक लाभ र नेपाली कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगको विकासमा जोड दिने,
- विद्यमान कर संरचनामा सुधार गरी प्रगतिशील कर प्रणाली अवलम्बन र राष्ट्रिय ढुकुटीको सदुपयोग,
- मुलुकभर यातायातको विस्तार र जनताको सुसूचित हुन पाउने अधिकारमा वृद्धि,
- आधारभूत वस्तु र सेवाको भरपर्दो र सुलभ आपूर्ति तथा मूल्य नियन्त्रण,
- शिक्षालाई सामान्य जनताको पहुँचमा पुऱ्याउने, रोजगारमुखी शिक्षाको विकास गर्ने, बेरोजगारी हटाउने र स्वास्थ्य सेवालाई सुलभ र सस्तो बनाउने,
- जलस्रोतको बहुपक्षीय उपयोग र ग्रामीण विद्युतीकरण,
- पृथकतावाद र साम्प्रदायिक प्रवृत्तिहरूलाई दुरुत्साहन र राष्ट्रिय एकताको प्रवर्द्धन,
- सामाजिक सुरक्षाको दायरा फराकिलो पार्ने व्यवस्था र छरितो, सुलभ तथा सरल न्याय व्यवस्था स्थापित गरी सामाजिक न्यायको सिद्धान्त लागू गर्ने,
- सामाजिक आर्थिक विकासमा क्षेत्रीय, जातीय, लैङ्गिक सन्तुलन अर्थात् समावेशी प्रतिनिधित्वको व्यवस्था गर्ने र मानव संसाधनको विकास,
- कमैया, विधुवा, कमलरी र हरूवा प्रथा, दहेज, देउकी, झूमा, बालविवाह, छाउपडी, बोक्साबोक्सी, पर्दा प्रथा, वालश्रम, छुवाछुतजस्ता कुप्रथा हटाउने,

- वित्तीय प्रणालीलाई सर्वसुलभ बनाउने,
- खाद्य सुरक्षा र खाद्य सम्प्रभूता कायम गर्ने,
- विनाभेदभाव नागरिकताको व्यवस्था गर्ने,
- मर्यादित काम र सुरक्षित कार्यथलोको अधिकारको अवधारणालाई स्वीकार गर्ने र जीवन निर्वाहका लागि आवश्यक ज्यालाको ग्यारेण्टी ।

**५. यी एजेन्डाहरू व्यवहारमा कसरी लागू भए त ?**

नेकपा (एमाले) ले आफ्ना एजेन्डाहरू लागू गर्नका लागि सरकार र सडक दुवैलाई प्रयोग गर्दै आएको छ । यस क्रममा २०५१ सालको मनमोहन अधिकारीको सरकारको कार्यक्रमलाई विशेष रूपमा सम्झनु पर्ने हुन्छ । त्यस सरकारले भूमिसुधार, जेष्ठ नागरिक भत्ता, आफ्नो गाउँ, आफै बनाऔं, नौ सको अभियान आदि अघि सारेको थियो । त्यसयता बनेका विभिन्न सरकारहरूले पनि आ-आफ्ना गच्छेअनुसार सहकारी आन्दोलन, स्थानीय निकाय सुदृढीकरण, शिक्षाको विकास, विपन्न वर्ग उत्थान, छुवाछूत मुक्ति अभियान, महिला सशक्तीकरण अभियान, औद्योगिकीकरण र समग्र आर्थिक विकासका लागि काम गर्दै आएको देखिन्छ । नेकपा (एमाले) ले विभिन्न हिसाबले आफ्ना कार्यक्रमहरू लागू गर्न सङ्घर्ष गरिरहेको स्थितिमा देशले विभिन्न क्षेत्रमा केही उपलब्धिहरू पनि प्राप्त गरेको छ । स्थानीय तहमा साधन र स्रोत पुऱ्याउने, हरेक गाविसमा टेलिफोन पुऱ्याउने, गरिबी घटाउने, राजस्व वृद्धि, वित्तीय र हवाई क्षेत्रको विकास, समावेशी प्रशासन र राजनीति, यातायात र शिक्षामा विस्तार, जनताको सुसूचित हुन पाउने अधिकारमा वृद्धि, महिला र पुरुषको समान अधिकार, मजदुर अधिकार, सामाजिक सुरक्षामा केही हदमा थप, मानव संसाधनमा विकास, सहकारी आन्दोलनको विकास, स्वच्छ पिउने पानीको उपलब्धता आदि यसका केही उदाहरणहरू हुन् । माओवादी हिंसाको चरम अवस्थामा पनि यी उपलब्धिहरू हुनु महत्त्वपूर्ण मान्नु पर्ने हुन्छ ।

**६. भावी बाटोको पहिचान**

देशमा आर्थिक विकासका लागि गर्नु पर्ने भावी कामहरू के हुन् भन्ने सम्बन्धमा घोत्लिनुभन्दा पहिले देशका अहिलेका मूल समस्याहरू के छन् भन्ने हेर्नुपर्ने हुन्छ । यसको चिरफारबाट मात्र देशको अग्रगमन निश्चित हुन्छ । बजार अपूर्णताले ल्याउने उत्पादनका साधनहरूमा रहने अगतिशीलता, मूल्य स्थितिको अगतिशीलता, बजार अवस्थाको सूचनाको अभाव, कठोर सामाजिक संरचना, गरिबीको दुश्चक्र, पुँजी अभाव (न्यून उत्पादकत्व, न्यून आय, न्यून वचत वा उपभोग, न्यून लगानी, न्यून पुँजी निर्माण र पुनः पुँजी अभाव आदि), अन्ध परम्परा र अगतिशीलता, फुर्सद र मनोरञ्जनप्रतिको आकर्षण, कृषि उत्पादनमा जडता, नयाँ उत्पादन पद्धतिप्रति अविश्वास, मानव उत्पादकत्वमा कमी, न्यून विशिष्टीकरण आदि छन् । नेपाललाई संसारका अरु देशसरह बनाउनका लागि अझै गर्नुपर्ने मूल कामहरूमा भूमिसुधार/उत्पादन सम्बन्धमा परिवर्तन (सामन्तवादको अन्त्य), भूमिमा दोहोरो स्वामित्व अन्त्य, स्थानीय तह सबलीकरण, सुशासन, सीमान्तितहरूको सशक्तीकरण, सामाजिक सुरक्षा (कल्याणकारी राज्य) र गरिवी निवारण, गरिबीको रेखामुनि रहेका घरहरूको पहिचान, भौतिक पूर्वाधारहरूको निर्माण (ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र), शिक्षा र स्वास्थ्यमा गुणात्मकता र सर्वसुलभता, स्वरोजगारको विकास आदि छन् । सामन्त, विदेशी एकाधिकार पुँजीवाद र साम्राज्यवाद, भारतेली प्रभूत्ववाद, अमेरिकी साम्राज्यवाद, उग्रवामपन्थी र जडसूत्रवादीहरू, क्षेत्रीय-जातीय विखण्डनवादीहरू, हिंसावादीहरू, भ्रष्ट पुँजीवाद पन्थीहरू, नासिँदो पर्यावरण, पैतृक सम्पत्तिसम्बन्धी व्यवस्था, द्वन्द्व, राजनीतिक वृत्तमा अस्पष्टता आदि अहिलेका थप अवरोधहरू हुन् । भौगोलिक विविधता, भूपरिवेष्ठित अवस्था, सक्षम र पारदर्शी नागरिक समाजको अभाव, विभाजित समाज र राष्ट्र बनिनसकेको अवस्था, उग्र सांस्कृतिक चिन्तन, पुँजीको अभाव, उद्यमशीलताको अभाव आदि पनि अवरोधको रूपमा रहेका छन् । अवरोध मात्र होइन, केही सकारात्मक पक्षहरू पनि छन् । उदाहरणका लागि नेपालको मौलिक संस्कृति, नेपाली जनताको इमान्दारिता र मिहिनेतशीलता, जैविक विविधता र हावापानी, मनोरम प्राकृतिक सम्पदा र पर्यटकीय क्षेत्रहरू, विशाल आकारका छिमेकी बजार आदिलाई लिन सकिन्छ । ■

## बहस

# जबजको विकासक्रममा सङ्गठनात्मक सिद्धान्तको अभ्यास र थप उपलब्धीका केही आधार



✍ **गुरूप्रसाद बराल***

देशको राजनैतिक, सामाजिक तथा आर्थिक रूपान्तरणको बृहत् उद्देश्य हासिल गर्न पार्टीको व्यापक जिम्मेवारीभित्र सङ्गठनात्मक क्षेत्रका समग्र कामहरूलाई सङ्गठनात्मक सिद्धान्तले मार्ग निर्देश गर्दछ। पार्टीको सङ्गठनात्मक स्वरुप, कमिटी प्रणाली, पार्टी सदस्यहरूको सङ्गठित जीवनको व्यवस्थापन, सङ्गठन निर्माण एवं परिचालन, आवधिक अधिवेशन, पार्टीको शुद्धीकरण तथा सुदृढीकरण, पार्टी कार्यकर्ता परिचालन, कमिटी सञ्चालन, पार्टी कामको अनुगमन, निरीक्षण तथा प्रशिक्षण अन्तरपार्टी जनवादको व्यवस्थापन, अनुशासन निरीक्षण, पार्टीको निर्वाचनसँग सम्बन्धित विधि र व्यवस्था तथा जनवर्गीय सङ्गठनहरूको गठन तथा परिचालन, सङ्गठनात्मक सिद्धान्तका मातहतमा विषयहरू हुन्। यसका अतिरिक्त पार्टीको साङ्गठनिक जीवनमा सूचना, अभिलेख प्रणालीको आधुनिक व्यवस्थापन, सामूहिक नेतृत्व प्रणालीको विकास, केन्द्रीय तथा स्थानीय सरकार सञ्चालन, राजकीय क्षेत्रमा जिम्मेवारी वहनको सन्दर्भमा कार्यविधि र आचार–संहिता निर्माण एवं पालनालगायतका यावत विषयहरू पनि सङ्गठनात्मक सिद्धान्तका मातहतमा रहने भएको हुनाले उपरोक्त सवालहरूको समाधानका लागि लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका सारसहित जबजको सङ्गठनात्मक सिद्धान्तले दिशा निर्देश गरेको पाइन्छ।

१. नेपाल कम्युनिष्ट पार्टीको स्थापना (२२ अप्रिल २००६) मै नागरिक स्वतन्त्रताका लागि गरिएका निम्न राजनैतिक उद्घोषले पार्टी र विभिन्न प्रकारका जनसङ्गठन निर्माण गर्नका लागि सङ्गठनात्मक प्रस्तावको आधार दिएको पाइन्छ।

- मजदुरलाई आफ्नो रोटी र तलब बढाउन र महँगी भत्ता बढाउनको निम्ति लड्नुपर्छ।
- किसानलाई आफ्नो भोक हटाउन, आफ्नो बालीनाली (फसल) को भाउ बढाउन, ज्याला बढाउन (अधियामा उचित भाग पाउन) र जमिनको हकको निम्ति लड्नुपर्दछ।
- विद्यार्थीलाई बिनाफिस अथवा कम फिसमा उच्च दर्जाको शिक्षा पाउन सङ्घर्ष गर्नुपर्दछ।
- नारी (महिला) लाई आफ्नो दोहोरो दासत्वको विरोधमा लड्नुपर्छ।
- लेख्ने, बोल्ने, पढ्ने, सभा–सङ्गठन गर्ने अधिकार जिन्दाबाद।
- नेपाली मजदुरको तलब वा ज्याला बढाउने लडाइँ जिन्दाबाद।
- नेपाली किसानको 'फसल भाउ बढाउ, ज्याला भाउ बढाउ। उचित अधिया बालीको' लडाइँ जिन्दाबाद।

---

** लेखक, नेकपा एमालेका केन्द्रीय सदस्य तथा मदन भण्डारी फाउण्डेशनका केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ।*

- एउटा नेपाली भाइ पनि साम्राज्यवादी लडाइँको चारा बन्न दिनेछैनौं। चाहे मलाया होस्, चाहे हिन्दुस्तान, वीर नेपाली भाइ हो। हातमा भएको बन्दुकले साम्राज्यवादी डाकाहरूको सीना ताक, देशका प्रत्येक गरिब भाइ मजदुर किसानसँग गला मिलाऊ।
- सोभियत युनियन, नवप्रजातन्त्रहरू, आजाद चीन, विश्वको मजदुर वर्गको आन्दोलन र विश्वको कम्युनिष्ट आन्दोलनसँग हाम्रो एकता जिन्दाबाद।
- नागरिक स्वतन्त्रताका लागि क्रान्तिकारी समितिहरू जिन्दाबाद।
- पूर्ण नागरिक स्वतन्त्रताको लडाइँ जिन्दाबाद।

*(स्रोतः पुष्पलालका छानिएका रचना भाग-१ बाट)*

त्यसताका नेपाल कम्युनिष्ट पार्टीले उठाएका उपरोक्त राजनैतिक तथा कार्यक्रमिक मुद्दाहरूले तात्कालिक कम्युनिष्ट पार्टिको पहलमा मजदुर, किसान, विद्यार्थी, महिला, बुद्धिजीवी तथा विदेशी सेनामा भएका व्यक्तिहरूलाई समेत लक्षित गरी नागरिक स्वतन्त्रताका लागि गरिएका उपरोक्त घोषणाले पार्टी र जनसङ्गठन निर्माणका लागी राजनैतिक आधारसहित सङ्गठनात्मक प्रस्तावका लागि दिशा निर्देश गरेको पाइन्छ।

नेपाली कम्युनिष्ट आन्दोलनको पहिलो महाधिवेशन हुँदै दोस्रो र तेस्रो महाधिवेशनसम्म आइपुग्दा अनेक गुट र फुटको टिठलाग्दो इतिहासले कम्युनिष्ट आन्दोलनलाई पुनर्गठन र एकीकरण गर्ने अभियानका बीचमा सङ्गठनात्मक सिद्धान्तको विकासका सन्दर्भमा थुप्रै सिकाइहरू प्राप्त भएका छन्। जसले पार्टीको चौथो महाधिवेशनका लागि सङ्गठनात्मक नीतिको आधारभूमि तयार गरेको छ।

## २. जबजको सङ्गठनात्मक सिद्धान्तको सन्दर्भमा चौथो महाधिवेशनद्वारा पारित नीतिहरूः

- हरेक सवालमा नयाँ निर्णय लिनका निमित्त सैद्धान्तिक राजनीतिक ढङ्गले राम्रो तयारी गरेर मात्र छलफल चलाउने।
- आफ्ना धारणा, मत, मान्यता र विचारहरूलाई खुलस्त रूपमा तर कमिटीभित्र मात्र प्रस्तुत गर्ने, आफ्ना विचार, मत, मान्यताप्रति सम्बन्धित व्यक्तिले पूर्णतः जबाफदेही बोक्नुपर्छ। त्यसको आधारमा गुणदोषको भागिदार मानिनुपर्छ।
- सिद्धान्तसङ्गत ढङ्गले सकेसम्म एकमतोमा पुग्न पूर्ण प्रयास गर्ने। कसैका पनि विचारलाई पूर्वाग्रहरहित भएर ठीक परिप्रेक्ष्यमा बुझ्नुपर्दछ।
- निर्णयमा नपुग्दा तुरुन्तै बितिहाल्ने स्थिति छैन र आधारभूत तथा निर्णायक महत्वको विषय छ भने पार्टी, क्रान्ति र जनतालाई प्रभावित र नियन्त्रित गर्न सक्ने विषय छ भने अल्पमत बहुमतले निर्णय लिनबाट यथासम्भव जोगिने र अझै गम्भीर अध्ययन र चिन्तन मनन गरी गम्भीर रूपमा छलफल चलाएर मात्र अन्तिम निर्णयमा पुग्न प्रयत्न गर्ने।
- कमिटीमा निर्णय भइसक्दा पनि अझै फरक मत वा मतहरू रहेका छन् भने कमिटीको निर्णयलाई मानेर निर्वाध रूपमा काममा लाग्ने सर्तमा फरक मत राख्ने सदस्यको माग भए फरक मतलाई कमिटीमा सुरक्षित राख्ने र स्थिति र आवश्यकता हेरी कमिटीभित्र वा त्यसका सदस्यहरूका विचमा छलफल चलाउने वातावरण बनाउने।
- कमिटी निर्णयका विपक्षमा अडानका रूपमा कायम रहेको फरक मतलाई त्यसको मान्यता तर्कहरू खुल्ने गरी स्पष्ट रूपमा लिखित रूपमा दर्ज गर्ने।
- कमिटीभन्दा बाहिर निश्चित पार्टी तहसम्म वा पार्टीव्यापी रूपमा छलफल चलाउने माग भए वा त्यसरी छलफल चलाउनु उपयुक्त देखिए फरक विचारको व्यवस्थित लिखत दस्तावेज माग गरी केन्द्रिय कमिटीको निर्णयानुसार उपयुक्त समयावधि तोकेर छलफल चलाउने।
- कुनै पनि कमिटी वा तहमा उत्पन्न भएको फरक मतलाई कमिटी व्यवस्थानुरूप त्योभन्दा ठीक माथिल्लो तह वा तिनीहरूलाई जानकारी दिएर सोझै केन्द्रीय कमिटीसम्म पठाउन पाइन्छ तर फरक मत उत्पन्न भएको कमिटीभन्दा तल वा कमिटी व्यवस्थाभन्दा बाहिर जानकारी दिने वा चुहाउने कुरालाई कडाइका साथ रोक्ने।
- पार्टी कार्यकर्ता र सदस्यहरूको राजनीतिक चेतना र संस्कारको स्तर हेरी कतिपय महत्वपूर्ण राजनीतिक सैद्धान्तिक विषयहरूमा केन्द्रिय कमिटीको निर्णयानुसार पार्टी प्रेस वा सार्वजनिक प्रेसबाट पनि छलफल चलाउने।
- समग्र कमिटी निर्णयहरूलाई त्यसको सम्बन्धित

कार्यक्षेत्रमा निर्बाध रूपमा कार्यान्वयन गर्न ग्यारेन्टी गर्ने ।

- पार्टीव्यापी रूपमा छलफल चलिरहेको बेलामा पनि पार्टीको नियमित कार्यसञ्चालनमा बाधा नपुग्ने र अस्तव्यस्तता नहुने ग्यारेन्टी गर्दै कमिटी व्यवस्थानुरूप छलफल चलाउने र पार्टीभित्र कुनै पनि प्रकारका विचारधारात्मक वा सङ्गठनात्मक गुटहरू तयार हुन नदिने ।
- कमिटीका निर्णयहरूलाई प्रभावित गर्ने उद्देश्यले प्रत्यक्ष वा परोक्ष रूपमा कुनै दबाब समूह बन्न नदिने र दबाब दिने तरिका प्रयोग गर्न रोक लगाउने ।
- पार्टीभित्रको विचारधारात्मक सङ्घर्ष मैत्रीपूर्ण हुनुपर्दछ र पद्दतिसङ्गत र अनुशासित हुनुपर्दछ ।
- सामान्यतयाः व्यक्त गरिएका मतलाई मान्यताको रूपमा लिने, हरेक मान्यताहरूलाई सैद्धान्तिक नामकरण गरिहाल्ने विचारलाई नियमसँग गाँसेर खण्डन गर्ने, फरक मत हुनेबित्तिकै लेबिल लगाई हाल्ने कुनै मतप्रति तटस्थ रहन, अध्ययन मनन गर्न र निश्चित समयभित्र विचार बनाउन समय नदिने र तुरुन्तै पक्ष वा विपक्षमा मत खसाउन बाध्य पार्न, वातावरण वा व्यक्तिलाई उत्तेजित बनाएर अनुचित ढङ्गले यो वा त्यो किनारामा पुराउने जस्ता कुराहरू छलफल चलाउँदा वा विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्दा जोगिनुपर्ने, ख्याल राख्नुपर्ने र निषेध गर्नुपर्ने गलत कुराहरू हुन् ।
- विचारधारात्मक सङ्घर्षको नाममा पार्टीका सिद्धान्त, नीतिहरू र प्रतिष्ठाको विरुद्ध विरोध फैलाउने, अनादर, उपेक्षा गर्ने, खिल्ली उडाउने र व्यङ्ग्य गर्ने ढङ्गका वचन वा लेखन कुनै पनि कुराहरूलाई पार्टीभित्र कडाइका साथ निषेध गरिनुपर्दछ ।
- स्वतन्त्र रूपले विचार बनाउन वा स्वतन्त्र रूपमा आलोचना गर्न हतोत्साहित गर्नका निम्ति सैद्धान्तिक, राजनीतिक वा सङ्गठनात्मक कुनै पनि हिसाबले सङ्गठनद्वारा व्यक्तिमाथि भौतिक या मानसिक दबाब सृष्टि गर्ने तरिकालाई कडाइका साथ रोक्ने ।

### ३. जबजको सङ्गठनात्मक सिद्धान्तको सन्दर्भमा पाँचौं राष्ट्रिय महाधिवेशनको दिशा निर्देश

जनवादी केन्द्रीयता अर्थात् सङ्गठनात्मक सिद्धान्तलाई व्यावहारिक रूप दिनका निम्ति पार्टीमा निम्नानुसार गर्नुपर्दछ । यसको साथै, पार्टीमा अनुशासन कायम गर्ने कुरालाई निरङ्कुश लादेको ठान्ने र अराजकताले प्रश्रय पाउने गरी जनवादको माग गर्ने कुराको आलोचना हुनुपर्दछ ।

- प्रत्येक तहका कमिटीको नेतृत्वको छनोट सम्बन्धित तहको अधिवेशनको आयोजना गरी जनवादी छलफल र गुप्त मतदान प्रणालीबाट गर्नुपर्दछ । पार्टी विधानले समन्वयकारी तह भनी किटान गरेबाहेक अन्य सबै तहमा बनाइने कमिटी निर्वाचनद्वारा गरिनुपर्दछ । खास स्थितिमा तदर्थ खालका कमिटीहरू बनेको भए यथाशक्य चाँडो सम्बन्धित तहका अधिवेशनको आयोजना गरी पूर्ण कमिटी निर्माण गर्नुपर्दछ ।
- पार्टी विधानमा निश्चित गरिएको अवधिभित्रै सबै तहका अधिवेशन र सम्मेलनहरूको आयोजना गर्नुपर्दछ । अधिवेशन र सम्मेलनले मात्र गर्न सक्ने भनी किटान गरिएका कामहरू कमिटीका निर्णयहरूबाट मात्र गरिनु हुँदैन । विशिष्ट र टार्नै नसकिने तथा पार्टीलाई क्षति पुग्ने स्थितिबाहेक माथिल्लो कमिटीले तल्ला निर्वाचित कमिटीलाई भङ्ग गर्नु हुँदैन ।
- सिद्धान्त नीति, विचार वा अन्य महत्वपूर्ण सवालमा कुनै व्यक्तिको भिन्न मत छ र महाधिवेशन पहिले आफ्ना फरक विचारलााई छलफलमा लैजाने माग सम्बन्धित व्यक्तिले गर्दछन भने पार्टीका विचारसँगै भिन्न मतलाई पनि छलफलमा लैजाने अनुमति दिनुपर्दछ । त्यसको अभ्यास गरिरहँदा सम्बन्धित व्यक्तिले पनि पार्टीले निर्धारित गरेको विधि तथा सीमाको उल्लङ्घन गर्न हुँदैन ।
- विचार वा व्यवहार जुनसुकै सवालमा प्रकट भएका भए पनि फरक विचारप्रति असहिष्णु बन्ने, त्यस्ता विचारलाई उपेक्षा गर्ने वा फरक विचार पार्टीमा राखेकै कारण उनको पद, सम्मान र दायित्वमा तल माथि गरिनु हुन्न वा भेदभाव गरिनु हुन्न । व्यक्तिको फरक विचारलाई पार्टीमा सुरक्षित राख्ने र बहुमतबाट गरिएका निर्णयहरूलाई पार्टीका निर्णयका रूपमा उत्साहका साथ लागू गर्ने गराउने गर्नुपर्दछ । सम्बन्धित ठाउँबाहेक आफ्नो फरक बिचारलाई त्यस्तो विचार राख्ने व्यक्तिले लैजानु हुँदैन ।

- कुनै पनि गल्तीको निम्ति आरोपित पार्टी सदस्यको मामिलामाथि छलफल गर्दा पार्टीलाई हानि हुने विशिष्ट स्थितिबाहेक उनी सम्बन्धित रहेको कमिटीको बैठकमा उनकै उपस्थितिमा छलफल र निर्णय गर्नुपर्दछ। त्यसरी गरिएका निर्णयप्रति सम्बन्धित व्यक्तिको असहमति रहेको खण्डमा सम्बन्धित तहभन्दा माथिल्लो तहमा अपिल गर्ने अधिकारलाई सुरक्षित राख्नुपर्दछ। निर्णय गर्ने तहले पनि सम्बन्धित तहभन्दा एक तहमाथि आफूले गरेको निर्णयको जानकारी दिनुपर्दछ।
- कम्युनिष्ट पार्टीकै नाममा व्यापक जनताका बीचमा जाने र विभिन्न जनवर्गीय तथा सामुदायिक सङ्गठनहरूमार्फत पार्टीको वरिपरि जनतालाई गोलबद्ध गर्ने नीतिलाई दृढतापूर्वक कायम राख्नुपर्दछ। पार्टीको स्वरूप व्यापक जनताको सहयोग समर्थ प्राप्त गरेको, कमिटी प्रणालीलाई अँगालेको, कार्यकर्ताका माध्यमबाट आफ्ना कृयाकलापहरूलाई अगाडि बढाउने शैली अपनाएको जनआधारित कार्यकर्ता पार्टी (Mass Based Cadre Party) बनाउनुपर्दछ।
- जनताको मुक्तिको दीर्घकालीन योजना मात्रै होइन, उनीहरूका दैनिक जीवनसित सम्बन्धित सवालहरूलाई लिएर पनि पार्टीले जनपरिचालन गर्नुपर्दछ। जनतासँग सम्बन्ध गर्नको निम्ति अरू कुनै सङ्गठनको आवरणभित्र छिपेर होइन, सोझै आफ्ना कार्यक्रमहरू लिएर पार्टी जनतासमक्ष पुग्नु पर्दछ।
- सङ्गठनात्मक सिद्धान्तभित्र पर्ने यी माथि चर्चा गरिएका मूलभूत कुराहरूलाई आधार मानेर कमिटीले सदस्यहरूलाई परिचालित गर्नुपर्दछ र सदस्यहरूले पनि पार्टीले निर्धारित गरेको सीमाभित्र रहेर पार्टी गतिविधीमा संलग्न हुनुपर्दछ। पार्टी कमजोर भएर व्यक्ति बलियो हुन सक्दैन, तर पार्टी बलियो भयो भने स्वतः त्यसका सदस्यहरू बलिया हुन्छन् भन्ने पक्षलाई दह्रो गरी समाउनुपर्दछ।
- यस्ता सवालमा फरक मत देखा पर्नेबित्तिकै पार्टी एकता टुक्रिनु, विभाजित हुनु अनिवार्य हुन्छ र ? हुँदैन। यदि त्यस्तै हुने भए या त पार्टीमा फरक मत आउनै दिनु हुँदैन थियो, या पार्टी वा पार्टी एकता भन्ने प्रश्नै उठ्ने थिएन। तर लेनिनवादी सङ्गठनात्मक सिद्धान्तले यी दुवै कुराहरूलाई अनुमति दिने मात्र होइन, अनिवार्य पनि ठान्छ। पार्टीभित्र कुनै पनि सवालमा निर्णयमा पुग्नुअघि व्यापक रूपमा छलफल चल्नुपर्दछ। सम्बन्धित विषयमा सबै कोण र पक्षबाट विचार गरिनुपर्दछ। त्यस विषयमा यथासम्भव बढी मानिसहरूको विचार र दृष्टिकोणलाई बुझ्नुपर्दछ र सुविचारित ढङ्गले एउटा निष्कर्षमा पुग्नुपर्दछ।
- यसरी निकालिएको निष्कर्ष मात्र तुलनात्मक रूपमा बढी सही हुन सक्दछ र सही निर्णयले मात्र सङ्गठन र कार्यकर्तालाई राम्ररी परिचालित गर्न सक्छ। विषयवस्तुमा यसरी विचार गर्नेबित्तिकै त्यहाँ मतमतान्तर हुन अनिवार्य हुन्छ। तर लेनिनवादी सङ्गठनात्मक सिद्धान्तले कम्युनिष्ट पार्टीभित्र कुनै पनि खाले विचारधारात्मक गुट तथा सङ्गठनात्मक गुटलाई सहँदैन। यसरी मतमतान्तर गर्नुपर्दछ, छलफल गर्नुपर्दछ र कार्यकर्ताहरूलाई विचार व्यक्त गर्ने विषयमा कुनै पनि ढङ्गले छेकथुन गर्नु हुँदैन। अझ बरु सिद्धान्तसङ्गत र स्वतन्त्र ढङ्गले सोचविचार गर्न, विचारहरू बनाउन र प्रस्तुत गर्न प्रेरित गर्नु पर्दछ। तर कुनै पनि गुटहरू, पकेटहरू बनाउनु हुँदैन र कायम रहन दिनु हुँदैन।

छैटौं महाधिवेशनमा आइपुग्दा जबजले नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा स्थान ग्रहण गऱ्यो। यससकेपछि लेनिनवादी सङ्गठनात्मक सिद्धान्तको सारलाई सङ्ग्रह गरी नेपाली कम्युनिष्ट आन्दोलनको आफ्नै विशिष्टतामा जबजको सङ्गठनात्मक सिद्धान्त विकसित भएको पाइन्छ। सातौं र आठौं महाधिवेशनपछि यसले गुणात्मक रूपमै उन्नत भएर दस्तावेजीकरण भएका छन्।

### ४. जबजको सङ्गठनात्मक सिद्धान्तको प्रकाशनमा ध्यान दिनुपर्ने केही थप सवालः

### १) विकृति विसङ्गतिविरोधी जबजको वैचारिक कार्यदिशाको निरन्तरता

विकृति र विसङ्गतिका विरुद्ध राजनितिक रूपले अगुवाइ गर्ने काम जबजले गरेको छ। यसको लागि आमरूपमा पार्टीभित्र पनि योजनाबद्ध र संस्थागत रूपमा नै ठोस योजनाका साथ यस विषयलाई अगाडि बढाउनुपर्दछ। जबजको सैद्धान्तिक दिशानिर्देश अनुकूल

आचरण र व्यवहारलाई कडाइका साथ अम्मल गर्नुपर्दछ। नेताहरूको आदर्शले कार्यकर्ताहरूलाई गौरवान्वित र शिक्षित दीक्षित गराउनु पर्दछ। विकृति र

**विकृति र विसङ्गतिविरोधी नेकपा एमालेको छैटौं महाधिवेशनको वैचारिक कार्यदिशाअनुरुप सामान्य निर्देश भए तापनि त्यस विषयको मर्मअनुरूप रूपान्तरणको प्रक्रियामा ठोस उपलब्धि अझै हासिल हुन सकेको छैन।**

विसङ्गतिविरोधी नेकपा एमालेको छैटौं महाधिवेशनको वैचारिक कार्यदिशाअनुरुप सामान्य निर्देश भए तापनि त्यस विषयको मर्मअनुरूप रूपान्तरणको प्रक्रियामा ठोस उपलब्धि अझै हासिल हुन सकेको छैन। पार्टीभित्र पक्षधरताको फेर समाउनेबित्तिकै सात खत माफ गर्ने चिन्तन र प्रवृत्तिले यदाकदा गम्भीर असर पारेको अनुभवबाट पनि शिक्षा लिनुपर्दछ। विकृति र विसङ्गतिविरोधी अभियानलाई पार्टीभित्र विधिसम्मत ढङ्गले सञ्चालन गर्ने उपयुक्त प्रक्रिया स्थापना गर्नुपर्दछ। संस्थागत प्रक्रिया र विधिको अभावमा जहिले पनि एकले अर्काको कमजोरी देखाएर आफ्ना कमजोरीहरूलाई लुकाउने आधार प्रदान गर्न दिनु हुँदैन। विकृति र विसङ्गति भनेको हाम्रो समाजभित्र जरिएर बसेको संस्कार भएकाले पार्टीभित्र पनि त्यसको प्रभाव निरन्तर परिरहन्छ। त्यसो हुनाले पार्टीभित्र नै संस्थागत प्रणालीको व्यवस्था गरी विकृति र विसङ्गतिका विरुद्ध निरन्तर सङ्घर्ष गरिरहनुपर्छ।

**२) सङ्गठनात्मक सवालीकरणका लागि पारदर्शिता र असल शासनसँग सम्बन्धित सवालः**

पारदर्शिता र असल शासनसँग सम्बन्धित विषयहरूमा जबजले सैद्धान्तिक र वैचारिक रूपमा मार्गनिर्देश गरेको छ। यो सैद्धान्तिक अवधारणालाई राजनैतिक र वैचारिक रूपबाट सुस्पष्टता ल्याई पार्टीको आन्तरिक जीवनमा ग्रहण गराउनुपर्दछ। हाम्रो समाजमा पारदर्शितासँग सम्बन्धित अनेक मौलिक परम्परा र प्रचलनहरू छन्। यससँग सम्बन्धित हाम्रा आफ्नै प्रयोग र व्यवहारबाट सिद्ध भएका सांस्कृतिक मूल्य र मान्यताहरू पनि छन्। ती असल परम्परा एवं जनसंस्कृतिलाई आफ्नै मौलिकतामा आधारित भएर खोज अनुसन्धान गरी पार्टीको राजनीतिक तथा सङ्गठनात्मक क्षेत्रमा असल संस्कृतिको स्थापना गर्नु/गराउनुपर्दछ। यसका साथै राजकीय क्षेत्रमा पारदर्शितासँग सम्बन्धित सबै सबल पक्ष र उपलब्धिहरूको पहिचान गरी विधि र कानून तयारी गर्ने विषयमा एमालेको महत्वपूर्ण कामका रूपमा लिनुपर्दछ। यो विषयमा जबजले उच्च महत्व दिँदै दिशा निर्देश गरेको छ। त्यसैले पारदर्शिता र असल शासनसँग सम्बन्धित सवालमा नेपाली समाजभित्रका असल परम्परा र विशिष्टता सँगालेर आफ्नो मौलिक पद्धतिको विकास गर्नुपर्दछ।

**३) नयाँ मानिसहरूको पार्टीमा प्रवेशका लागि सैद्धान्तिक वैचारिक कामको साङ्गठानिक योजनाः**

पार्टीमा प्रवेश गरेका हजारौँ व्यक्तिहरूलाई निश्चित समयावधिभित्र प्रशिक्षित गरी गुणात्मक रूपमा रूपान्तरण गर्न जबजको सङ्गठनात्मक सिद्धान्तले जोड दिएको छ। यसका लागि पार्टीको स्कुल विभाग र

**यसका लागि पार्टीको स्कुल विभाग र सङ्गठन विभागको संयुक्त योजनामा पार्टी प्रवेश गरेका नयाँ सबै व्यक्तिहरूलाई उनीहरूको राजनीतिक चेतनाको स्तर हेरी सम्बन्धित व्यक्तिहरूको सैद्धान्तिक, वैचारिक र राजनीतिक स्तर उठाएर परिपक्व बनाउने कामलाई नियमित रूपमा व्यावहारिक एवं शृङ्खलाबद्ध तरिकाले प्रशिक्षित गराउने सङ्गठनात्मक कामको योजना बनाउनुपर्दछ।**

सङ्गठन विभागको संयुक्त योजनामा पार्टी प्रवेश गरेका नयाँ सबै व्यक्तिहरूलाई उनीहरूको राजनीतिक चेतनाको स्तर हेरी सम्बन्धित व्यक्तिहरूको सैद्धान्तिक, वैचारिक र राजनीतिक स्तर उठाएर परिपक्व बनाउने कामलाई नियमित रूपमा व्यावहारिक एवं शृङ्खलाबद्ध तरिकाले प्रशिक्षित गराउने सङ्गठनात्मक कामको योजना बनाउनुपर्दछ। आज यसको अभावमा थुप्रै गलत प्रवृत्तिहरू पार्टीको सङ्गठनात्मक जीवनमा मौलाउने गरेका छन्। अझ कतिपय अवस्थामा त मानिसहरू फेरि पलायन पनि हुने गरेका छन्। उपरोक्त जोखिमहरूलाई न्यूनीकरण गर्न एक पटक स्वेच्छाले पार्टीमा प्रवेश गरिसकेपछि उसलाई पार्टीमै रमेर देश र जनताको हितमा निरन्तर योगदान गरिरहन सक्ने

वातावरणको सिर्जना गर्नुपर्दछ।

### ४) जबजको आधारभूत मूल्य–मान्यता र आदर्शलाई स्थापित गराउन पार्टी नेतृत्वलाई स्थानीय तहमा एकाकार गराउने सवाल :

हाम्रा नेताहरू जो जहाँ बस्नुभएको छ, ती आफ्ना टोल/बस्ती र गाउँलाई राजनीतिक, सङ्गठनात्मक रूपमा अभिभावकत्व प्रदान गर्नु आवश्यक हुन्छ। हाम्रो नेतृत्व राजसी भयो, व्यवहारबाट बाहिरियो भन्ने प्रश्न उठिरहेको सन्दर्भमा स्थानीय टोल, बस्तीका जनतासँग एकाकार भएर सैद्धान्तिक, राजनीतिक, सङ्गठनात्मक, वैचारिक एवं चेतनामूलक कार्यक्रमलगायत स्थानीय विकास निर्माणको कार्यमा लाग्नु आवश्यक हुन्छ। स्थानीय टोलमा एमालेका नेताहरू पाउँदा स्थानीय जनताले गर्व गर्न लायक अवस्था यदि हामीहरूले सृजना गर्न नसक्ने हो भने, नेताहरूप्रति जनताको भरोसा कसरी पैदा हुन्छ ? त्यसैले पार्टीको केन्द्रीय कमिटी तथा केन्द्रीय निकाय एवं विभागहरूलगायत हरेक तहका नेताहरूले आआफ्नो जिम्मेवारीका अतिरिक्त आफ्नो आवास भएको गाउँ, टोल, बस्तीमा स्थानीय तहको सबैभन्दा तल्लो कमिटीको सल्लाहकार/अभिभावक भएर प्रत्यक्ष नेतृत्व प्रदान गरी स्थानीय कमिटीलाई अनिवार्य रूपमा आफ्नो योगदान पुऱ्याउनुपर्ने विशेष जिम्मेवारी वहन गर्ने व्यवस्थालाई सङ्गठनात्मक व्यवस्थाभित्र समावेश गर्नुपर्दछ। यसो गर्नाले सामाजिक परिवेशसँग एकाकार भएर वर्तमान समस्याहरूलाई बुझ्न सजिलो हुने मात्र होइन, हाम्रो वर्तमान चेतनालाई अभिवृद्धि गर्न भौतिक रूपमै सामेल हुने अवसर नेतृत्वले प्राप्त गर्दछ। यसको साथै पार्टीका नीतिहरूको सत्यापन तथा नयाँ नीतिहरूको खोजअनुसन्धानका लागि महत्वपूर्ण कार्यथलोसमेत यस प्रक्रियाले प्राप्त हुने अवसर प्रदान गर्दछ।

### ५) पार्टीभित्रको आर्थिक जीवनसँग सम्बन्धित आचार–संहिताबारे :

सैद्धान्तिक रूपमा हाम्रो पार्टीको आर्थिक आधारका बारेमा जबजले प्रस्ट दिशानिर्देश गरेको छ। हाम्रो आर्थिक जीवनलाई सुनिश्चित गर्न पारदर्शी विधि र प्रक्रियालाई हामीले अख्तियार गर्नुपर्दछ। हाम्रो राजनैतिक कार्यदिशा अनुरुपका आर्थिक र व्यवसायिक योजनाहरूका बारेमा सङ्गठनात्मक सिद्धान्त अनुरुपको दिशाबोध पार्टी सङ्गठन र कार्यकर्ताहरूलाई गराउन आवश्यक हुन्छ। आर्थिक जीवनमा देखापर्ने विचलनले राजनीतिक रूपमा पनि विचलन ल्याउँछ। जनआधारित हाम्रोजस्तो पार्टीमा पार्टी सदस्यहरूको लेबीमा जोड नदिने मितव्ययी कार्यशैली अख्तियार नगर्ने राजकीय क्षेत्रबाट प्राप्त हुने स्रोतहरूमा भर पर्ने र कस्ता कस्ता ठाउँ र व्यक्तिहरूबाट आर्थिक सहायता चन्दा दान लिनुहुने अनि कस्ता ठाउँ र व्यक्तिहरूबाट आर्थिक

**त्यसैले पार्टीको केन्द्रीय कमिटी तथा केन्द्रीय निकाय एवं विभागहरूलगायत हरेक तहका नेताहरूले आआफ्नो जिम्मेवारीका अतिरिक्त आफ्नो आवास भएको गाउँ, टोल, बस्तीमा स्थानीय तहको सबैभन्दा तल्लो कमिटीको सल्लाहकार/अभिभावक भएर प्रत्यक्ष नेतृत्व प्रदान गरी स्थानीय कमिटीलाई अनिवार्य रूपमा आफ्नो योगदान पुऱ्याउनुपर्ने विशेष जिम्मेवारी वहन गर्ने व्यवस्थालाई सङ्गठनात्मक व्यवस्थाभित्र समावेश गर्नुपर्दछ।**

सहायता अस्विकार गर्ने भन्ने विषयमा जबजको मूल्य–मान्यता र आदर्श एवं यसका नीति, सिद्धान्त र कार्यक्रम अनुरुपका स्पष्ट जनआधारित पारदर्शी कार्यविधि अपनाउनुपर्दछ। यस विषयमा जबजको सैद्धान्तिक प्रकाशमा आर्थिक आचार–संहिता जारी गर्नुपर्दछ।

पार्टी जीवनसँग सम्बन्धित भेला, समारोह, महाधिवेशन तथा आमनिर्वाचन आदिमा भड्किलो र भद्दा खर्चसम्बन्धी कार्यशैलीलाई नियन्त्रण गर्नुपर्दछ। त्यस्ता विषयहरूमा आर्थिक अनुशासन कायम गराउन व्यापक जोड दिनुपर्दछ। जबसम्म आर्थिक रूपमा मितव्ययी, सरल र पारदर्शी विधि अपनाउँदैनौ, तबसम्म हामीले यस क्षेत्रमा गुमाएको साखलाई पुनः प्राप्त गर्न सहयोगदाताहरूको विश्वास, कार्यकर्ताहरूको विश्वास मात्र होइन, हामीले आर्थिक विषयमा जनविश्वास समेत प्राप्त गर्नुपर्दछ भन्ने जबजले स्पष्ट दिशा निर्देश गरेको छ।

### ६) जबजको जनसङ्गठन परिचालनसम्बन्धी सङ्गठनात्मक प्रस्ताव:

हाम्रा जनसङ्गठनहरूले हरेक जनसङ्गठनहरूलाई पार्टीको तर्फबाट राजनीतिक, वैचारिक तथा सैद्धान्तिक रूपबाट दिशा निर्देश गर्नुपर्दछ। सबै जनवर्गीय,

पेसागत, सामुदायिक र व्यावसायिक सङ्गठनहरूलाई पार्टीले नीति दिनुपर्दछ, आ-आफ्नो नेता छान्न सम्बन्धित जनसङ्गठनहरूलाई स्वतन्त्रता दिने नीति अख्तियार गर्नुपर्दछ। जनसङ्गठनहरूलाई लोक-तान्त्रीकरण गर्ने विधिले नै प्रतिस्पर्धा, पहलकदमी, सेवा र समर्पणको उन्नत संस्कृतिको आधारमा सम्बन्धित सङ्गठनमा स्थापित हुने अवसर प्रदान गर्नुपर्दछ। हरेक जनसङ्गठनहरूलाई सङ्गठित र योजनाबद्ध रूपमा आ-आफ्ना समुदायका ज्वलन्त मुद्दाहरू पहिचान गरी ती मुद्दाहरूको सेरोफेरोमा सम्बन्धित क्षेत्रहरूका सम्बन्धित सरोकारवालाहरूको ध्यान आकृष्ट गराई उनीहरूको आशा, भरोसा र विश्वासको धरोहरका रूपमा सम्बन्धित जनसङ्गठन र त्यसका नेताहरूलाई उभ्याउनुपर्दछ।

**७) जबजको सङ्गठनात्मक सिद्धान्तअनुरूप स्वेच्छिक अवकाश:**

जबजको सङ्गठनात्मक सिद्धान्त अनुरुप स्वेच्छिक अवकाशको उन्नत राजनैतिक संस्कृतिको विकास गर्दै स्वेच्छिक अवकाशलाई निश्चित अवधिभित्र पार्टीभित्र र राजकीय क्षेत्रमा प्रोत्साहित गर्ने प्रणालीको विकास गर्नुपर्दछ। जसले गर्दा नयाँ पुस्तालाई पार्टीमा योजनाबद्ध रूपमा प्रवेश गराउने अवसर प्रदान गर्न वैधानिक रूपबाट नै बाटो खुल्दछ। पाको पुरानो पुस्ताले तीन पटकसम्म खास तहको नेतृत्व सम्हालिसकेपछि सो तहबाटै स्वेच्छिक अवकाश लिने प्रणालीलाई प्रोत्साहन गर्न सकियो भने स्वेच्छिक अवकाश लिएका नेताहरूलाई तल्ला कमिटीहरूमा गएर काम गर्ने आधारको वैधानिक व्यवस्थाको ढोका खुला राख्नुपर्दछ।

**८) युवापुस्तालाई योजनाबद्ध रूपमा पार्टीमा प्रवेश:**

हरेक पार्टी अधिवेशन तथा महाधिवेशनमा ३०% (प्रतिशत) नयाँ नेतृत्व सम्बन्धित तहका कमिटीहरूमा प्रवेशको ग्यारेन्टी गर्ने वैधानिक व्यवस्था गर्नुपर्दछ। सबै तहका कमिटीहरूमा युवापुस्तालाई नेतृत्वका विभिन्न तहमा शृङ्खलाबद्ध जिम्मेवारीमा प्रवेशको ग्यारेन्टी गर्नका लागि पार्टीमा ३०% (प्रतिशत) को वैधानिक व्यवस्थालाई मूर्त रूप दिनुपर्दछ। जसले गर्दा जनसुकै तहको पार्टीको सङ्गठनात्मक जीवनमा नयाँ उर्जा, नयाँ चिन्तन, सोच, सीप र क्षमतासहित व्यापक सम्भावना भएको ऊर्जाशील एक तिहाई जनशक्ति पार्टीले निरन्तर प्राप्त गरिरहने आधारभूमि पैदा भइरहन्छ।

**सबै तहका कमिटीहरूमा युवापुस्तालाई नेतृत्वका विभिन्न तहमा शृङ्खलाबद्ध जिम्मेवारीमा प्रवेशको ग्यारेन्टी गर्नका लागि पार्टीमा ३०% (प्रतिशत) को वैधानिक व्यवस्थालाई मूर्त रूप दिनुपर्दछ।**

**९) पार्टी नेता र कार्यकर्ता एकाकार भएर योगदान गर्ने अवसरको विकास:**

निश्चित अवधिपछि हरेक नेता तथा कार्यकर्ताहरूलाई आफ्नो उपल्लो तहको जिम्मेवारीबाट स्वेच्छिक अवकास लिएपछि वा जिम्मेवारी मुक्त भएपछि हरेक नेता तथा कार्यकर्ताहरूलाई आफूले विगतमा काम गरिसकेका विभिन्न तहका तल्ला कमिटी र जनसङ्गठनहरूमा गएर पुनः काम गर्ने र आधारभूत कमिटीमा आफ्नो पाको अनुभवद्वारा ती सङ्गठनहरूलाई सुदृढ बनाउन जोड दिने नीतिलाई जबजले सङ्गठनात्मक क्षेत्रमा अख्तियार गर्नुपर्दछ। जसले गर्दा एकातर्फ कुनै पनि राजनैतिक नेता वा कार्यकर्ता **राजनीतिक रूपबाट बेरोजगार भएर बस्नुपर्ने विद्यमान अवस्थालाई अन्त्य गर्न सकिन्छ** भने पुरानो पाको पुस्ता र नयाँ पुस्ताको बीचमा न्यूनतम कार्यकाल एकै ठाउँमा बसेर काम गर्न पाउने, पाको नेतृत्वले नयाँ पुस्तालाई पार्टीका असल, मूल्य, मान्यता र आदर्शले दीक्षित गर्न पाउने अवसर र सिद्धान्त, नीति, कार्यक्रम र नेतृत्व विज्ञानसम्बन्धी सीप कला र प्रविधिलाई हस्तान्तरण गर्न पाउने सुनौलो अवसरलाई समेत उपयोग गर्न पाइने एक सुन्दर संस्कृतिको प्रारम्भ

**जसले गर्दा एकातर्फ कुनै पनि राजनैतिक नेता वा कार्यकर्ता राजनीतिक रूपबाट बेरोजगार भएर बस्नुपर्ने विद्यमान अवस्थालाई अन्त्य गर्न सकिन्छ भने पुरानो पाको पुस्ता र नयाँ पुस्ताको बीचमा न्यूनतम कार्यकाल एकै ठाउँमा बसेर काम गर्न पाउने, पाको नेतृत्वले नयाँ पुस्तालाई पार्टीका असल, मूल्य, मान्यता र आदर्शले दीक्षित गर्न पाउने अवसर र सिद्धान्त, नीति, कार्यक्रम र नेतृत्व विज्ञानसम्बन्धी सीप कला र प्रविधिलाई हस्तान्तरण गर्न पाउने सुनौलो अवसरलाई समेत उपयोग गर्न पाइने एक सुन्दर संस्कृतिको प्रारम्भ हुनेछ।**

हुनेछ ।

**१०) आधारभूत मानवअधिकारका सवालहरूः**

जबजको सिद्धान्त अनुरुप मानवअधिकारको क्षेत्रमा बाल अधिकार, महिला अधिकार, सामाजिक विभेदका विरुद्धको अधिकार, सांस्कृतिक तथा भाषिक अधिकार, स्वास्थ्य, शिक्षा र आवासको अधिकार, सामाजिक सुरक्षा, अल्पसङ्ख्यक जातिका अधिकार, प्रवासी नागरिकहरूको श्रम, सुरक्षा, सामाजिक अधिकार, आमनागरिकका मौलिक अधिकार, विकासमा जनताको अधिकारसँग सम्बन्धित सबै सवालहरूलाई जबजको सङ्गठनात्मक सिद्धान्तले दिशा निर्देश गरेको छ। यसलाई गतिलो गरी समाएर सङ्गठनात्मक क्षेत्रमा स्थापित गराउनुपर्दछ ।

**११) नीतिगत अनुसन्धानको क्षेत्रमा गर्नुपर्ने सङ्गठनात्मक कामहरूः**

देश जनता र सामाजिक आर्थिक रूपान्तरणका लागि समाज विज्ञानका सयौं क्षेत्रमा नीतिगत अनुसन्धानको काम गर्नुपर्दछ। यस विषयमा व्यवस्थित र योजनाबद्ध रूपमा काम थाल्नुपर्दछ। सामाजिक रूपान्तरणका जटिल प्रक्रियाहरूलाई शक्ति प्रयोग गरेर के जबरजस्ती रूपान्तरण गर्न सकिन्छ ? नतः स्वतस्फूर्ततामा छोडेर आफै परिवर्तन हुन सक्छ। त्यसलाई हामीले सही दिशा निर्देश गर्न सक्नुपर्दछ। नीतिगत अनुसन्धानको क्षेत्रमा पार्टीभित्र व्यवस्थित र स्थायी संरचना बनाएर केन्द्रीय कमिटीले नीतिगत अनुसन्धानका कामहरू गर्नुपर्दछ। त्यसका लागि देशका बिभिन्न सामाजिक प्रयोगशालामा नमुना बनाई क्षेत्रगत र विषयगत कामहरू थाल्नुपर्दछ। समाज विज्ञानको क्षेत्रमा पोख्त भएका इमानदार हातहरूले प्रत्येक क्षेत्रमा घोटिएर नीतिगत अनुसन्धानको काम गर्नुपर्दछ। नीतिगत अनुसन्धानको काम व्यवस्थित भएन भने पार्टीले सम्बन्धित विषयमा सही नीति अख्तियार गर्न पनि सक्दैन। त्यसैले नीति अनुसन्धानको गम्भीरतालाई विचार गरी सङ्गठनात्मक क्षेत्रमा यो पक्षलाई समेट्नु जरुरी छ।

**त्यसका लागि देशका बिभिन्न सामाजिक प्रयोगशालामा नमुना बनाई क्षेत्रगत र विषयगत कामहरू थाल्नुपर्दछ। समाज विज्ञानको क्षेत्रमा पोख्त भएका इमानदार हातहरूले प्रत्येक क्षेत्रमा घोटिएर नीतिगत अनुसन्धानको काम गर्नुपर्दछ।**

**१२) विज्ञ, प्राविधिक र वैज्ञानिकहरूलाई परिचालनको सङ्गठनात्मक योजनाः**

आफ्नै देशका विभिन्न विधा, क्षेत्र र विषयसँग सम्बन्धित रहेर खोज, अनुसन्धानमा कति विज्ञ, प्राविधिक तथा वैज्ञानिकहरू लागेका छन् ? उनीहरूको विवरण तयार गरी पार्टीले आफ्नो प्रयत्नबाट प्रोत्साहन, सहयोग गर्नुपर्दछ। कसरी उनीहरूलाई सहजीकरण गर्न सकिन्छ ? पार्टीको ध्यान यस विषयमा गम्भीरतापूर्वक जानु जरूरी छ। उनीहरूप्रति हाम्रो व्यवहार कति गुनिलो हुन्छ भन्ने कुराले राष्ट्र निर्माण र जनताको सेवामा उनीहरूको सङ्गठित योगदानलाई बढी सदुपयोग गर्न सकिन्छ। यो धेरै गम्भीर महत्वको सवालमा सङ्गठनात्मक योजनाका साथ ध्यान जानु जरुरी छ।

**१३) आधुनिक सूचना तथा संचार प्रविधिमा जनताको हक सुनिश्चित गर्ने सवालः**

एक्काइसौं शताब्दीका सूचना प्रविधिमा भएका नयाँ उपलब्धिहरू माथि उभिएर आधुनिक सूचना प्रविधिलाई व्यापक जनताको पहुँचमा पुऱ्याउन र यसको प्रयोगबाट गरिबी न्यूनीकरण तथा राष्ट्र निर्माणजस्तो विषयलाई व्यापक अर्थमा लिनु जरुरी हुन्छ। आधुनिक सूचना प्रविधिको विकाससँग सँगै यसको पहुँचमा पुग्ने र पुग्न नपाउनेबीचको दूरीले गर्दा धनी र गरिबबीचको खाडल अझ बृद्धि हुँदै जाने देखिन्छ। आधुनिक सूचना प्रविधिमा पहुँच राख्नेहरू सम्पन्न हुँदै जाने र सूचना प्रविधिको पहुँचमा पुग्न नसक्नेहरू झन् गरिब हुँदै जाने एउटा गम्भीर अवस्थामा सूचना प्रविधिको विकासले पैदा गरिरहेको छ। त्यसै कुरालाई मध्यनजर राख्दै व्यापक ग्रामीण क्षेत्रका जनताको पहुँचमा सार्वजनिक हित र सामुदायिक उपयोगका लागि सूचना प्रविधिको आधारभूत संरचनाका रूपमा विस्तार भएको अप्टिकल फाइबरको न्युनतम २०% क्षमतालाई सेवाप्रदायक कम्पनीहरूको व्यावसायिक प्रयोगबाट बाहिर ल्याई सार्वजनिक उपयोगमा ल्याउनुपर्ने नीतिगत व्यवस्था सरकारबाट गराई इमेल, इन्टरनेटको सुविधा सामुदायिक विद्यालय अन्य शैक्षिक संस्थामा E-education, स्वास्थ्य सेवा E-health, सुशासन E-governance जस्ता सेवाहरू

**सूचना प्रविधिको आधारभूत संरचनाका रूपमा विस्तार भएको अप्टिकल फाइबरको न्युनतम २०% क्षमतालाई सेवाप्रदायक कम्पनीहरूको व्यावसायिक प्रयोगबाट बाहिर ल्याई सार्वजनिक उपयोगमा ल्याउनुपर्ने नीतिगत व्यवस्था सरकारबाट गराई इमेल, इन्टरनेटको सुविधा सामुदायिक विद्यालय अन्य शैक्षिक संस्थामा E-education, स्वास्थ्य सेवा E-health, सुशासन E-governance जस्ता सेवाहरू सामुदायिक सूचना केन्द्रहरूको स्थापना गरी जनतालाई उपलब्ध गराउने सवालमा सङ्गठनात्मक प्रस्तावले दिशानिर्देश गर्नुपर्दछ ।**

सामुदायिक सूचना केन्द्रहरूको स्थापना गरी जनतालाई उपलब्ध गराउने सवालमा सङ्गठनात्मक प्रस्तावले दिशानिर्देश गर्नुपर्दछ ।

**१४) सङ्गठनात्मक आधारलाई बलशाली बनाउन हरेक तहका पार्टी कार्यालयहरूमा जनताको योजना आयोगको स्थापनाः**

जबजको सङ्गठनात्मक प्रकाशमा हाम्रा पार्टी कार्यालयहरूको विद्यमान स्थितिलाई सुदृढ गर्दै समृद्ध नेपाल निर्माणको राजनीतिक निर्देशनका साथ कार्यक्रमहरूलाई वस्तुपरक भएर सम्पूर्ण जनताको सरोकारका सबै क्षेत्रहरूमा वैकल्पिक नीति र योजनाहरूको समग्र तयारीको कामलाई जनताको योजना आयोगको सङ्गठनात्मक योजनाले समेट्नु जरुरी छ । त्यसै गरी जिल्ला, नगर तथा गाउँ विकासको समष्टिगत एकीकृत योजना निर्माणको तयारीका साथ सङ्गठनात्मक योजना सम्बन्धित तहका पार्टी कार्यालयहरूमा निर्माण गर्ने प्रबन्ध गर्नुपर्दछ ।

**१५) जबजको सङ्गठनात्मक कामको क्षेत्रमा अनुशासन आयोगको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धिः**

हाम्रोजस्तो पार्टीमा अनुशासनको प्रश्न ज्यादै महत्वको हुन्छ । अनुशासन निरीक्षणसम्बन्धी निकायले व्यापक कार्यक्षेत्रमा आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । त्यसका लागि पार्टी केन्द्र देखि तल्ला कमिटीहरूमा देखापरेका अनुशासनसम्बन्धी सवालमा आफ्नो पहुँच पुऱ्याउन यसको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्न ठोस योजना निर्माण गर्नु आजको थप आवश्यकता हो । हालसम्म आफ्नै व्यवहारबाट प्राप्त अनुभवले प्राप्त गरेका शिक्षालाई ध्यानमा राखी यस निकायलाई सुदृढ बनाउन र पार्टीव्यापी अनुशासन र आचरणको क्षेत्रमा आफ्नो सर्वोच्चता स्थापित गर्नु गराउनु पर्दछ ।

**१६) पार्टीमा सङ्गठित सदस्यहरूको विस्तार र चुनौती :**

अन्त्यमा, हाम्रो पार्टीको सङ्गठित सदस्यताको विस्तारलाई मात्र अध्ययन गर्ने हो भने पनि हामीले सङ्गठनात्मक सिद्धान्त, नीति र व्यवहारसँग सम्बन्धित कामको महत्वलाई अत्यन्त गम्भीरतापूर्वक लिनु आवश्यक देखिन्छ । पार्टीको सदस्यहरूको विस्तारलाई मात्रै विवेचना गर्दा पाँचौ महाधिवेशन ताका (२०४९ माघ) ३७,३५६ सङ्गठित सदस्य थिए भने छटौं महाधिवेशन (२०५४ माघ) मा आइपुग्दा ८१,२५३ हुन पुग्यो भने सातौं महाधिवेशन (२०५९ माघ) मा आइपुग्दा १०९,५६६ पुगेका थिए भने आठौं महाधिवेशन (२०६५ फाल्गुण) मा आइपुग्दा सङ्गठित सदस्यको सङ्ख्या बढेर १,८८,००० पुग्यो । यसले के देखाउँछ भने सङ्गठित सदस्यहरूको बढोत्तरीसँगै माथि उल्लिखित पार्टी कामका फैलादी क्षेत्रहरूमा जबजको सङ्गठनात्मक सिद्धान्तको प्रकाशमा हामीले प्राप्त गरेका सङ्गठनात्मक जीवनका उपलब्धिहरूलाई रक्षा गर्दै योजनाबद्ध एवं प्रभावकारी रूपमा थप सामर्थ्य विकास र विस्तार गर्नुपर्ने देखिन्छ । ■

**सबै क्षेत्रहरूमा वैकल्पिक नीति र योजनाहरूको समग्र तयारीको कामलाई जनताको योजना आयोगको सङ्गठनात्मक योजनाले समेट्नु जरुरी छ ।**

# राज्यले मदन भण्डारीलाई सम्मान दिनुपर्छ



✍ डोरमणि पौडेल*

*नेपालको लोकतान्त्रिक तथा वामपन्थी आन्दोलनका विशिष्ट धरोहर एवं जनताको बहुदलीय जनवादका प्रणेता जननेता मदन भण्डारीको स्मृतिमा स्थापित* ***मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०६८*** *वितरण समारोह २०६९ साल चैत्र २६ गते मदन भण्डारी फाउण्डेशनको आयोजनामा काठमाडौंमा सम्पन्न भएको थियो। उक्त पुरस्कार शहीद स्मृति विकास समिति हेटौंडालाई प्रदान गरिएको थियो। पुरस्कृति संस्थाको तर्फबाट अध्यक्ष श्री डोरमणि पौडेलले प्रकट गर्नुभएको मन्तव्यलाई यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ।*

कार्यक्रमका श्रद्धेय सभाध्यक्ष मदन भण्डारी फाउण्डेसनका अध्यक्ष श्रीमती विद्यादेवी भण्डारीज्यू

कार्यक्रमका प्रमुख अतिथि मन्त्री परिषद्का सम्माननीय अध्यक्षज्यू,

मदन भण्डारी फाउण्डेसनका आदरणीय संरक्षक एवं नेकपा एमालेका वरिष्ठ नेता के.पी.शर्मा ओलीज्यू

प्रज्ञाप्रतिष्ठानका कुलपति वैरागी काइँलाज्यू

राष्ट्रिय पुरस्कार छनोट समितिका आदरणीय संयोजक एवम् सदस्यज्यूहरू

उपस्थित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरूमा म र मेरो संस्थाको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु।

आज यो गरिमामाय समारोहमा म र मैले नेतृत्व गरेको संस्था शहीद स्मारक विकास समिति, हेटौंडालाई सम्मान र राष्ट्रिय पुरस्कारद्वारा पुरस्कृत गर्ने संस्था मदन भण्डारी फाउण्डेसनप्रति हार्दिक कृतज्ञता एवं आभार प्रकट गर्दछु।

दिवंगत जननेता मदन भण्डारी नेपाली राजनीतिका शिखर पुरुष, नवीन सोच र विचारका धनी प्रखर वक्ता विलक्षण प्रतिभाशाली र मुलुकलाई आर्थिक सामाजिक रूपान्तरण गरी आमूल परिवर्तन गर्ने स्पष्ट दृष्टिकोण र क्षमता राख्न सक्ने व्यक्तिका रूपमा नेपाली जनताको सामु आफूलाई चिनाउन सफल व्यक्तिको नाम हो। यी महान् व्यक्तिको षड्यन्त्रपूर्वक र रहस्यमय मृत्यु भएको आज बीस वर्ष पुगिसकेको छ। यो बीचमा दर्जनौं सरकारहरू परिवर्तन भए तर त्यो रहस्यमय मृत्युको रहस्योद्घाटन आजसम्म हुन सकेको छैन। यसले मदन भण्डारीलाई नजिकबाट चिन्ने जो कोहीलाई पनि मर्माहत बनाएको छ।

मदन भण्डारी कुनै पार्टी विशेषको मात्र नेता नभई आम नेपाली जनताको नेता हुनुहुन्थ्यो र हरेक नेपाली जनताको मनमस्तिष्कमा छाउनुभएको थियो।

---

* *लेखक शहीद स्मृति विकास समिति हेटौंडाका अध्यक्ष हुनुहुन्छ।*

जनताका यस्ता लोकप्रिय नेतालाई राज्यले जुन सम्मान गर्नुपर्थ्यो तर त्यो सम्मान नदिएको मात्र होइन थोरै संवेदनशील भएको पनि पाइएन। त्यसैले सम्माननीय मन्त्रिपरिषद्का अध्यक्षज्यूको उपस्थितिमा जननेता विभूषित गरी मदन भण्डारीलाई जननेताको रूपमा राजकीय सम्मान दिई आम नेपाली जनताको भावनाको कदर गर्नुहुन नेपाल सरकारलाई हार्दिक आग्रह गर्न चाहन्छु।

आज यस्ता राजनेता जो मेरो र आम नेपाली जनताको आस्थाको धरोहर हुनुहुन्थ्यो। त्यस्ता व्यक्तिको नाममा स्थापित राष्ट्रिय पुरस्कार हाम्रो संस्थाले पाउँदा हामी कति गौरवान्वित भएका छौं, म शब्दद्वारा अभिव्यक्त गर्न सक्दिनँ।

एकातिर पुरस्कार दिने संस्था मेरो आस्थाको पुञ्ज र प्रेरणाको स्रोत जननेता मदन भण्डारीको नामसँग जोडिएको छ भने अर्कोतर्फ पुरस्कृत हुने संस्था शहीद स्मारक मेरो जीवनको अभिन्न अङ्गको रूपमा रहेको छ। जीवनको एक तृतीयांश भाग मैले त्यहीँ समर्पण गरिसकेको छु र भावी दिनमा पनि त्यस क्षेत्रलाई अझ विस्तार गर्दै राष्ट्रिय गौरवको रूपमा स्थापित गराउने र राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षणको केन्द्र बनाउने संकल्प गरेको छु।

यो स्मारक क्षणिक भावनामा बगेर कसैलाई देखाउनका लागि मात्र निर्माण गरिएको होइन। साँच्चै देश र जनताप्रति समर्पित राजनेता र आफूलाई बलिदान दिने महान् शहीदहरूप्रति अगाध आस्था र श्रद्धा प्रकट गर्ने थलोको रूपमा विकास गरी नयाँ पुस्ताका लागि जीवन्त इतिहास पढाउने पाठशालाको रूपमा स्थापित संस्था हो।

शहीदहरू स्वयम्मा जीवन्त इतिहास हुन्, आस्थाका पुञ्ज हुन्, प्रेरणाका स्रोत हुन्, राष्ट्रनिर्माणमा मार्गदर्शक स्रष्टा हुन् भनिन्छ। तर व्यवहारमा न राज्यले न अरू कसैले शहीदहरूलाई त्यस किसिमको सम्मान दिएको छ। शहीदहरूलाई सम्मान गर्ने नाममा बाटोघाटो, चोक, चौबाटोमा शालिक ठड्याइदिने र वर्षको एक पटक वार्षिकी गर्नेभन्दा बढी अरू केही गरेको पाइँदैन। यसले शहीदहरू र राजनेताहरूप्रति सम्मान होइन अपमान, आदर होइन अनादर, आस्था होइन अनास्था प्रकट गरिरहेको हुन्छ। सडकको धूलो र धूवाँले शालिकलाई विकृत बनाइसकेको हुन्छ तर कसैको आँखा त्यसमा परेको हुँदैन। तर हेटौंडाको शहीद स्मारक शहीदहरूप्रति कसरी आस्था र सम्मान प्रकट गर्न सकिन्छ भन्ने कुराको उदाहरण बन्न सफल भएको छ।

यसको अर्को पक्ष त्यति नै उदाहरणीय छ। स्मारक क्षेत्रभित्र भएका विकास र निर्माण भएका भौतिक संरचनाहरू यदि सरकारी योजना भएको भए बीसौं करोडको योजना बन्न सक्थ्यो। तर तपाई हाम्रो नाङ्गो आँखाले देख्ने ती कामका लागि नेपाल सरकारको तर्फबाट एक रुपैयाँ पनि प्राप्त भएको छैन भन्दा विश्वास नलाग्न सक्छ तर यथार्थ त्यही हो। यो एउटा जनस्तरबाट निर्माण, व्यवस्थापन र सञ्चालन गरिएको नेपालकै अनुपम उदाहरण हो भन्दा अत्युक्ति हुँदैन। हालसालै स्मारक अवलोकन गर्ने जो कोहीले पनि यो पुरस्कार उचित ठाउँमा परेको अनुभूति गर्नुहुनेछ भने नपुग्नु भएकाहरू पनि यहाँ पुगेपछि त्यही महसुस गर्नुहुनेछ। हाल त्यहाँ देख्न सकिने र अनुभव गर्न सकिने निम्नलिखित संरचना तथा वस्तुहरूले शहीद स्मारकको परिचय दिइरहेको छः

१. एउटै ढुङ्गामा विभिन्न काल खण्डमा शहीद हुने १२ शहीदहरूको पहिचान स्पष्ट हुनेगरी कुँदिएको स्मारक,
२. मदन भण्डारीको पूर्ण कदको प्रतिमासहित मदन वाटिका,
३. ६५ फिट अग्लो ग्रेनाइटद्वारा निर्माण गरिएको टाढाबाट हेर्दा कमलको फूल आकारको देखिने करीब ३ रोपनी जग्गामा अवस्थित ४ वटा फोहोरा र सुन्दर वाटिकासहितको शहीद स्मृति स्तम्भ (उद्घाटन हुन बाँकी),
४. त्यसैको पृष्ठभागमा ६ मिटर १२ मिटरको नेपालको नक्सा त्यसबाट गण्डकी, कोसी र कर्णाली नदी अविच्छिन्न रूपमा बगिरहेको दृश्य ३०० मिटर टाढाबाट नै देख्न सकिन्छ,
५. शहीदहरूको बारेमा अनुसन्धान र अध्ययन गर्न शहीद ग्यालरीको निर्माण, निर्माण कार्य ७५% सम्पन्न,
६. आदरणीय नेताहरू बि.पी.कोइराला र पुष्पलाल श्रेष्ठको प्रतिमा राख्ने कामको थालनी,

७. करिब ३० प्रजातिका जीवजन्तुहरू रहेको चिडियाखाना,

८. फोहरासहितको पार्क,

९. दृश्यावलोकन टावर,

१०. बाल उद्यान,

११. पौडी पोखरी,

१२. देवीमन्दिर,

१३. 'थाहा' स्तम्भ,

१४. २५ वटा व्यावसायिक सर्टर,

१५. विश्राम स्थलहरू - ५,

१६. पिकनिक सेडहरू,

१७. पर्यटक सूचना केन्द्र,

१८. कार्यालय भवन,

१९. प्रहरी पोष्ट आदि,

यीबाहेक, आकर्षक बगैंचा, फूलबारी, ढुंगा बिछ्याइएको कलात्मक वाक वे आदि । यी सबै दृढ इच्छा शक्ति, अठोट, प्रतिबद्धता, इमान्दारिता, लगनशीलता, कार्यसमितिका सदस्यहरूको क्रियाशीलता, कर्मचारी, प्राविधिक सबैको समर्पणको भावना, जिल्ला विकास समिति, नगरपालिका, स्थानीय सङ्घ संस्था, स्मार प्रति सद्भाव राख्ने व्यक्तिहरू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरूको सहयोगसमेतको समग्र योगदान आजको शहीद स्मारक हो ।

यो स्मारक जनस्तरबाट निर्मित राष्ट्रिय सम्पत्ति हो । राष्ट्रको गौरव हो । वर्षमा करिब २ देखि २ लाख पचास हजार पर्यटकहरू आउने र झन्डै १०० जना प्रत्यक्ष रोजगार दिन सफल यो स्मारकमा राज्यको ध्यान पुग्न नसक्नुबाट हामी चिन्तित छौं । स्मारकको नाममा, पार्कको नाममा, प्रतिष्ठानको नाममा करोडौं रुपैयाँ वितरण भैरहेको देखेका छौं, सुनेका छौं । त्यसको प्रयोग कहाँ र कसरी भइरहेको छ त्यसको कुनै लेखाजोखा छैन तर जहाँ साँच्चै कर्म गर्ने हातहरू उठिरहेका छन् उनीहरू निराश बन्ने गरेका छन् । यस सन्दर्भमा सम्माननीय अध्यक्षको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्त्यमा, मैले प्राप्त गरेको यो पुरस्कारको राशिमा यथासम्भव केही रकम थप गरी अक्षय कोषको स्थापना गर्ने र त्यसबाट प्राप्त हुने ब्याजबाट जननेता मदन भण्डारी र श्रद्धेय शहीदहरूका बारेमा जनतालाई सु-सूचित गराउने, उहाँहरूको योगदानलाई युवापुस्तामा पुऱ्याउने, कवि, कलाकार, साहित्यकार, पत्रकार, विद्यार्थी, शिक्षक, प्राध्यापकबाट २/२ जनालाई शहीद स्मृति पुरस्कारको रूपमा प्रदान गर्ने कुरा साथीहरूको सहमतिमा आजै घोषणा गर्न चाहन्छु । फेरि पनि यो गरिमामय उपस्थितिमा प्राप्त गरेको पुरस्कारले अझ बढी हौसला बढाएको कुरा निवेदन गर्दै आयोजक संस्था मदन भण्डारी फाउण्डेसनप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । धन्यवाद ! ■

# नेतृत्व विकासबारे जननेता मदन भण्डारी

✍ खगेन्द्र चुँडाल*

## पृष्ठभूमि

२०३६ सालको आन्दोलनको क्रममा विक्रम सुब्बा र बीके देवकोटा (बालकृष्ण देवकोटा)मार्फत मदनसँग मेरो सम्पर्क भएको थियो ।

२०२५ सालमा भारतले नेपालका सुस्ता र महेशपुरमा अतिक्रमण गरेको विरोधमा भएको विद्यार्थी आन्दोलन, ०२६-०२७ सालमा गरिएको किसान आन्दोलन र झापामा भएका/गरिएका विभिन्न आन्दोलनले सबैतिर प्रभाव पार्‍यो, देशको कुनै भाग पनि अछुतो रहेन । यो आन्दोलनको क्रममा (अवस्था र उमेरअनुसार) सशक्त एवम् सक्रिय रूपमा भूमिका निर्वाह गर्दै म राजनीतिमा सहभागी भएको थिएं । पदम दाइ र म अघिल्लो पङ्क्तिमा थियौँ । पाठशाले जीवनदेखि नै विद्यार्थी स्ववियुको पदाधिकारीको हैसियतमा सक्रिय सहभागी थिएँ ।

मैले सिद्धान्त एवम् दर्शनको कुरा त खासै बुझेको थिइनँ । तर सामन्त, पुँजीपति, शोषण, शोषक, सर्वहारा, गरिब, मजदुर, विस्तारवाद र साम्राज्यवादजस्ता केही परिभाषिक शब्दहरूका बारेमा केही ज्ञान थियो । हामीलाई चिनियाँ क्रान्ति एवम् माओ त्सेतुङका बारेमा, खास गरेर 'रातो किताब' पठाइन्थ्यो । त्यस समयमा नेत्र घिमिरे, पुण्य शर्मा (निरौला), नारायण उप्रेती (प्रअ), ईश्वरी सङ्ग्रौला हामीलाई पढाउने शिक्षक थिए । पुण्य शर्मा झापा विद्रोहको क्रममा भारतबाट आउँदा काँकडभिट्टामा समातिए र मारिए भन्ने भनाइ पाइएको थियो । ०२६-०२७ सालमा झापामा व्यापकरूपमा उठेको किसान आन्दोलन जमिन्दारी प्रथाको विरोधमा केन्द्रित थियो । ००६-००७ सालतिर सुरु भएको किसान आन्दोलन ०१५ सालतिर अगाडि बढ्दै जादा 'धुर बैठक' आन्दोलन र 'खमार' आन्दोलनजस्ता चर्चित र महत्त्वपूर्ण स्वरूपमा विकसित भएको पाइन्छ । यस आन्दोलनले उत्तरार्द्धमा सशस्त्र विद्रोहको रूपसमेत लिएको पाइन्छ । यस आन्दोलनमा राजवंशी समुदायको सहभागिता एवम् सक्रिय संलग्नता रहेको पाइन्छ । पुहाँतु राजवंशी यसका अगुवा नेता थिए । सबै आन्दोलनको नेतृत्व कम्युनिस्ट पार्टीले नै गरेको थियो । यी सबै ऐतिहासिक तथ्यले ०२८-०२९ सालको झापा विद्रोह शून्यबाट सुरु भएको होइन, यो माथि उल्लेख गरिएको सङ्घर्षको जगमा भएको हो भने अर्कोतर्फ यिनै सङ्घर्षको विकसित रूप ०२८-०२९ सालको झापा विद्रोह हो भन्ने स्पष्ट हुन्छ ।

यो विद्रोहले नेकपा (माले)को बीजारोपण गर्‍यो । अर्थात् नेकपा (माले)को आधार/जग यो विद्रोह हो । नेकपा (एमाले)को प्रमुख घटक नेकपा (माले) थियो । यसैको गर्भबाट एमालेको जन्म भएको हो भन्दा खासै फरक पर्दैन ।

०२६-०२७ सालमा गरिएको झापाको किसान आन्दोलनमा युवा विद्यार्थीको सशक्त एवम् सक्रिय सहभागिता थियो । आन्दोलनको समयमा म स्ववियु उपसभापति थिएँ । यो आन्दोलन महँगीको विरोध साथै जमिनमाथि किसानको हैसियत/हक कायम गरिनुपर्नेजस्ता मागबाट सुरु भएर धानबाली र खमार कब्जा गर्ने, लुट्ने तहसम्म विकसित भयो । हामी पढ्ने पाठशालाका प्रअ नारायण उप्रेतीको भनाइ थियो- अहिले धानबाली खमार कब्जा गरेर स्थायित्व दिन सकिन्न, त्यसकारण कानुनी प्रक्रिया र सङ्घर्ष दुवै क्षेत्रबाट कम्तीमा पनि मोहियानी हक कायम गर्ने र बाली बुझेको भर्पाइ जग्गाधनीले दिनुपर्ने माग पूरा गराउन आन्दोलन र दबाब सिर्जना गर्नुपर्छ । हामी (म, पदम दाइलगायत अन्य केही साथीहरू) यसको पक्षमा उभियौँ । नेत्र घिमिरे, पुण्य शर्मा र ईश्वरी सङ्ग्रौलाहरू यसको विपक्षमा उभिए । उनीहरूको भनाइमा नारायण उप्रेतीको सोचाइ सङ्घर्षविरोधी समर्पणवादी, संशोधनवादी थियो । यसै 'किसान' आन्दोलनको जगबाट सुरु भएको ०२८-०२९ सालको झापा विद्रोह अलि बढी अव्यवस्थित, सामूहिक भन्दा बढी व्यक्तिगत

* *लेखक, नेकपा (एमाले) राष्ट्रिय प्रतिनिधि परिषद सदस्य हुनुहुन्छ ।*

योजना एवम् आग्रहको आधारमा सञ्चालित र अराजक प्रकृतिको थियो । झापा किसान आन्दोलनमाथि सरकारी दमन तीव्र बन्यो । यसरी झापा आन्दोलनको एउटा शृङ्खलाको अन्त्य भयो भने अर्को शृङ्खला झापा विद्रोह (सशस्त्र सङ्घर्ष) सुरु भयो ।

यो विद्रोहबाट म अलग त बसेँ, तर विद्यार्थी आन्दोलन एवम् अनेरास्ववियुप्रतिको आस्थामा कुनै तलवितल भएन । अझ बीए पढ्दाको समयमा अध्ययन गर्ने बुझ्ने क्रमलाई तुलनात्मक रूपमा अलि बढी नै व्यवस्थित तुल्याएँ । ०३६ सालको विद्यार्थी आन्दोलनमा मेरो सहभागिता रहनुको साथै नेतृत्वदायी भूमिका पनि रह्यो ।

यिनै कारण र मेरो पृष्ठभूमिको कारणले गर्दा हो- ०३८ सालमा मदनसँग सुरुमै मेरो सोझो सम्पर्क गराइयो ।

०३६ सालदेखि मदनको हत्या हुनुभन्दा तीन दिनअगाडिसम्म मदनसँग मेरो सम्पर्क-सम्बन्ध र उठबस थियो । यो १५-१६ वर्षको अवधिमा मदनको नेतृत्वमा रहेर राजनीतिक, साङ्गठनिक र वैचारिक कामको दौरान धेरै शिक्षा लिएको छु । विभिन्न विषय एवम् क्षेत्रसँग सम्बन्धित अनुभवहरू सँगालेको छु । सँगसँगै रहँदा बस्दा कहिले-कहिले छलफलको क्रममा विवाद पनि भए । सार/रूपमा मैले मदन भण्डारीलाई एक सफल राजनेता, साँचो अर्थमा एक मात्र 'कमरेड' स्वयम् अभिभावकको रूपमा लिएको छु ।

अहिले आएर नेकपा (एमाले)को समीक्षा गर्दा कतै पार्टी र क्रान्ति भनेर केही निश्चित व्यक्ति र उनका परिवार र आफन्तका लागि जीवन नै स्वाहा त गरिएन भन्ने प्रश्नले सताइरहन्छ । हामीहरूले निर्माण गरेको र जनताबीच आदर्शको रूपमा स्थापित पार्टी र विचारको कसीमा खरो उत्रिएका भनिएका नेता कार्यकर्ताको सोचाइ, व्यवहार, आचरण, शैली, सार र रूप यस्तै हुन्छ ? यस्तो होइन भने के कस्तो हुनुपर्छ ? यस्ता अनेक सवालहरूले मन उद्विग्न बनाइरहन्छ । तर, के गर्ने ? तत्कालै हामीसँग यसको विकल्प पनि छैन ।

यिनै सवालहरूलाई मध्यनजर राखेर नेतृत्वको विकास र यसको महत्त्वबारेमा मदन भण्डारीका विचार उल्लेख गर्नु सान्दर्भिक एवम् आवश्यक भएको छ । नेतृत्व वैचारिक एवम् साङ्गठनिक रूपमा गलत भएमा पार्टी समाप्त हुनेमात्र होइन, जनता र राष्ट्रले ठूलो कुर्बानी गर्नुपर्ने हुन्छ ।

**नेतृत्वबारे**

नेतृत्व भन्नाले कुनै अमूक व्यक्ति भनेर बुझ्ने अथवा नेतृत्व तहमा को छ, कसको पकड छ भन्ने आधारमा नेतृत्वको समर्थन वा विरोध गर्ने प्रचलन सुरु भएको धेरै भएको छैन । तर, यस कार्यशैलीले पार्टीलाई निकै आक्रान्त बनाएको छ । यसै लेखाजोखाको आधारमा कुन नेता र उसको कुन-कुन कार्यकर्ताहरूले अकृत्य कर्म गर्न पाउने भन्ने अघोषित निर्णय गरिएको पाइन्छ । यो नितान्त सामन्ती तरिका वा शैली हो । तर, नेतृत्व भनेको विचार, नीति, कार्यशैली हो । कम्युनिस्ट पार्टीमा नेतृत्वको नीति, विचार, कार्यशैली, सर्वहारा वर्गीय अथवा मार्क्सवाद-लेनिनवादबाट निर्देशित हुनुपर्छ । नेतृत्वको सवालमा व्यक्ति, विचार, नीति र शैलीको सूत्रधार र संवाहक हो । गलत विचार शैलीको प्रसार गरियो भने यसले अकृत्य कर्म गर्न पाउने आधार दिन्छ र कालान्तरमा नेतृत्वसँगै पार्टी पनि विस्थापित हुन्छ । नेतृत्व कुनै जड वस्तु होइन । विचार नीतिको आधारमा स्थापित हुने हो । 'मान या नमान, मै तेरा मेहमान' भन्ने शैली कति ठीक हुन्छ ? सर्वहारा श्रमजीवी वर्गको नेतृत्व मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने पार्टी तथा यसको आधारमा निर्मित विचार, नीति तथा कार्यशैलीले मात्र गर्न सक्छ । यस विषयलाई केवल सैद्धान्तिकरूपमा पुस्तक वा दस्तावेजमा उल्लेख गरेरमात्र हुँदैन । यसका लागि व्यवहार, कार्यशैली, तरिका सोहीअनुरूपको हुनुपर्छ । नेतृत्व भनेको कामको दौरान पहलकदमीद्वारा स्थापित हुन्छ । यो कसैलाई टीका लगाएर दिइने अथवा स्थापित गरिने विषय होइन । 'कम्युनिस्ट पार्टीको नेतृत्व र भूमिकालाई कुनै पनि प्रकारले काम गर्ने नदरअन्दाज गर्ने वा होच्याउने प्रवृत्ति हानिकारक छ । कम्युनिस्ट पार्टी आफैँ व्यापक जनताको बीचमा परिचित, प्रिय, सम्मानित र पत्यारिलो नेता हुन सक्छ र हुनुपर्छ ।' (नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को तात्कालिक कार्यनीति-२०४९, पृष्ठ १५) कम्युनिस्ट पार्टीलाई स्थापित गराउने जनताबीचमा प्रिय र सम्मानित बनाउने भनेकै नेता र कार्यकर्ता हुन् । यसैकारण नेतृत्व र नेतृत्व विकासबारे छलफल गर्नुपर्छ, यसका मापदण्ड अर्थात् नीति तय गरिनुपर्छ । यदि नेतृत्व तहबाट सोहीअनुरूपको आचरण भएन, व्यवहार भएन भने कार्यकर्ता जनतामा निराशा छाउँछ र यो निराशाले पार्टी विस्थापित हुनेमात्र होइन, निराशा

विद्रोहमा परिणत पनि हुन सक्छ ।

## मदनसँग सम्पर्कको सुरु–सुरुतिर

मदनसँग सम्पर्क भएको सुरुमा मैले नेकपा (माले) प्रति आफ्नो न समर्थन न विरोधको अवस्था अर्थात् उदासीन रहेको कुरा बताएँ । यसैक्रममा ०२८-०२९ सालको झापा विद्रोह ठीक नलागेको, शान्ति क्षेत्रको प्रस्तावप्रति आलोचनात्मक समर्थन ठीक नलागेको र यसको विरोध गर्नु उचित भएको आफ्ना विचार राखेँ । छलफलको दौरान मदनले 'झापा विद्रोह र शान्ति क्षेत्र'को प्रस्तावबारे पार्टीमा छलफल चलिरहेको र तपाईंका विचारहरूको पनि प्रतिनिधित्व भएको छ भन्नुभयो । यसै प्रसङ्गमा उहाँले आफ्ना विचारहरू राख्दै पार्टी काममा लाग्नाले नै सफलता प्राप्त हुन्छ, एक्लो व्यक्तिको एक्लो विचारको कुनै अर्थ रहन्न भन्दै पार्टीमा सङ्गठित भएर राजनीतिक, साङ्गठनिक र वैचारिक काममा जुट्न अलि बढी नै दबाब दिनुभयो । आन्दोलनको कारण अलि बढी नै 'एक्सपोज' भएको कारण तथा मदनसँगको सम्पर्कले औपचारिक रूपमा पार्टीमा संलग्न हुनुपर्ने अवस्थामा पुगेँ । मलाई ०३६ सालमा पार्टी सदस्यता दिइयो । उक्त अवसरमा प्रदीप नेपाल पनि उपस्थित हुनुहुन्थ्यो ।

## नेतृत्व र यसको विकास

मदनसँग एउटै कमिटी र मातहत कमिटीमा बसेर लामो समयसम्म राजनीतिक साङ्गठनिक काम गर्दा नेतृत्व र नेतृत्व विकास एवम् शैलीका बारेमा उहाँको दृष्टिकोण र अनुभव उल्लेख गर्नु आजको सन्दर्भमा सान्दर्भिक नै हुन्छ । व्यक्तिगत रूपमा मदनका बारेमा मेरा केही कुरा राख्न उपयुक्त नै हुन्छ ।

मदन ज्यादै सादा जीवन, सोचाइ/विचारमा र गराइ (व्यवहार)मा तादात्म्यता राख्न सक्ने, दृढ, मिलनसार, आत्मीय राजनेता भएर पनि सरस, सरल स्वभाव एवम् शैलीका धनी हुनुहुन्थ्यो । उहाँसँग न कुनै डर, त्रास थियो, न कुनै लोभलालच थियो, न कुनै पारिवारिक एवम् निजी स्वार्थ थियो । हरेक सवालका बारेमा यथार्थपरक वस्तुवादी व्याख्या विश्लेषण गर्नुहुन्थ्यो । उहाँका भनाइ गराइ र तर्कमा दृढता साहस यसै देख्न सकिन्थ्यो । उहाँले 'हलिदाइको' नामबाट लेखेको कृतिमा जुन दृढता, साहस, क्रान्तिप्रति दृढ विश्वास र लक्ष्यप्रति स्पष्टता छ, व्यवहारमा पनि त्यस्तै हुन्थ्यो । यिनै कारणहरूले गर्दा युवा अवस्थामै नेपाली समाज र क्रान्तिको एक मूर्धन्य व्यक्तित्व एवम् अपराजयी अतुलनीय कुशल राजनेता बन्न पुग्नुभयो । आफ्नो आलोचना सुन्न पनि सक्ने र तर्क र तथ्यको आधारमा आलोचना पुष्टि भए आफ्ना आलोचित विचारलाई छोडेर आलोचकको विचार वा सवाललाई आफ्नै विचारझैं लिएर हिँड्न सक्ने आदर्श स्वभाव एवम् विचार थियो मदन भण्डारीको ।

आलोचना/आत्मालोचनाले मानिसलाई सुधार्न र कमजोरीबाट मुक्त हुन मद्दत पुऱ्याउँछ र पुऱ्याउनुपर्छ । आलोचना आत्मालोचनाले नेतृत्वप्रतिको भरोसा बढेर जान्छ र नेतृत्व विकासमा यसले सकारात्मक सहयोग पुऱ्याउँछ भन्ने मदनको भनाइ रहन्थ्यो । नेतृत्व विकास एवम् स्थापित गर्न यो पहिलो र निरन्तर सञ्चालन गर्नुपर्ने प्रक्रिया पनि हो भन्नुहुन्थ्यो मदन भण्डारी । उहाँ हरेक व्यक्तिको चेतनास्तर, क्षमता एवम् जिम्मेवारीको आधारमा आलोचनाको पनि स्तर निर्धारण गर्न सकिन्छ भन्ने गर्नुहुन्थ्यो । यसमा प्रयोग गरिने शब्द, भाषा एवम् अभिव्यक्तिको शैलीले आलोचनाको स्तर एवम् तहको निर्धारण गर्दछ भन्नुहुन्थ्यो । यसकारण आलोचना सिर्जनात्मक र आत्मीय हुनुपर्छ । उहाँ नेतृत्व र नेतृत्व विकास दुई अभिन्न पक्ष हुन् भन्नुहुन्थ्यो । नेतृत्वले नेतृत्वको विकास नगरे भविष्यमा सङ्गठन र पार्टी चल्न सक्दैन भन्ने विचार राख्नुहुन्थ्यो ।

हरेक कार्यकर्तालाई दिएको जिम्मेवारीप्रति जिम्मेवार बनाउनुपर्छ । त्यसका लागि पार्टी र सङ्गठनप्रति प्रतिबद्ध बनाउँदै राजनीतिक वैचारिक क्षमताको विकास गर्न हरतरहले मद्दत एवम् सहयोग गर्नुपर्छ । नेतृत्व विकासका लागि यो दोस्रो प्रक्रिया हो । नेतृत्व विकासमा यसले थप बल पुऱ्याउँछ भन्नुहुन्थ्यो । यसै प्रसङ्गमा उहाँ माथिल्लो कमिटी वा नेताले ठाडो हस्तक्षेप गर्नु उचित हुन्न, उसलाई आफैं समस्या हल गर्न मद्दत गर्नुपर्छ भन्नुहुन्थ्यो । तर, त्यसो गर्दा पार्टीको अनुशासन मर्यादामा आँच आउन दिनुहुन्न भन्ने भनाइ थियो मदनको । यस प्रसङ्गसँग जोडिएको एउटा घटना उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

२०३७ सालमा नेकपा (माले)को तर्फबाट तत्कालीन नेकपा मनमोहन समूहसँग सम्पर्कको माध्यम म थिएँ । उक्त समूहको तर्फबाट भरतमोहन अधिकारी र कमल कोइराला हुनुहुन्थ्यो । उहाँहरू माथिल्लो स्तरको नेता सकेसम्म सीपी मैनालीसँग भेट गर्ने कुरा राख्ने गर्नुहुन्थ्यो । उहाँहरूसँग भएका सम्पूर्ण कुराहरू

मदनलाई रिर्पोटिङ गर्दथेँ । एक दिन मदनले उहाँहरूसँग (भरतमोहन र कमल कोइरालासँग) भेट्ने समय मिलाउन भन्नुभयो । मदन र म बेलुका भरतमोहनजीको घर गयौं । उहााहरूले तात्कालिक राजनीतिक अवस्था, नेकपा (माले)को धारणालगायत अनेक सवालमा छलफल चलाउनुभयो । अन्त्यमा मदनले मलाई देखाउँदै भन्नुभयो– 'हाम्रो पार्टीको आधिकारिक सम्पर्क गर्ने उहाँ नै हो र उहाँले जे भन्नुहुन्छ, पार्टीको आधिकारिक धारणा हुन्छ ।' त्यहाँबाट सेल्टर (आश्रयस्थल) आएपछि पार्टी सङ्गठन र वैचारिक र राजनीतिक सवालमा चर्चा गर्दै हरेक तहमा नेतृत्व स्थापित गर्नुपर्छ भन्नुभयो । यस रात अलि रातिसम्मै बसेर विविध विषयमा चर्चा बातचित भयो । भोलिपल्ट मदनको केही दिनका लागि बाहिर जाने कार्यक्रम भएकाले पनि होला, सायद अलि रातिसम्मै बसाइ भयो । यसै बातचितको क्रममा मदनले भनेका कुरा थप उल्लेख गरौं माथिल्लो कमिटी वा नेताद्वारा नियुक्त नेतृत्व स्थापित हुन सक्दैन । स्थानीय नेतृत्व स्थापित नभएमा सङ्गठन र सङ्घर्षले गति लिन सक्दैन र ठीक दिशा पनि समात्न सक्दैन । नेतृत्वको विकास तलदेखि माथिसम्म हुनुपर्छ । यसले गर्दा पार्टीलाई निरन्तररूपमा दीर्घकालसम्म गतिशील बनाइराख्न सकिन्छ र पार्टी पनि स्थापित हुन्छ । आफूलाई जिम्मेवार बनाउन जिम्मेवारी पूरा गर्नुपर्छ । यसका लागि वैचारिक, राजनीतिक सवालमा सक्षम सवल बनाउन इतिहास, दर्शन र अन्य राजनीतिक विषयको अध्ययन गर्नुपर्छ । यसका लागि तपाईंलाई सदैव मेरो सहयोग रहनेछ भन्ने विचार राख्नुभयो । मदनका यी भनाइहरू अति नै सान्दर्भिक यथार्थ र वस्तुवादी छन् ।

सङ्गठन सञ्चालन गर्न नेता एवम् नेतृत्व र यसको विकासको महत्त्वपूर्ण भूमिका रहन्छ । मदनका व्यवहार भनाइअनुरूप नै हुन्थे । सक्रिय, इमानदार, क्षमतावान् एवम् सक्षम कार्यकर्ता पार्टीका मेरुदण्ड अर्थात् आधार हुन् भन्ने गर्नुहुन्थ्यो । कार्यकर्ता सदैव आमजनतासँग घुलमिल हुन सक्नुपर्छ, कार्यकर्ता र सङ्गठनमार्फत पार्टी जनतामाझ स्थापित हुन्छ र बाँच्न सक्छ भन्ने मदनको धारणा थियो । मदन आफैँ पनि जनता र कार्यकर्ताबीच एकाकार भएर नै रहनुहुन्थ्यो । सङ्गठन निर्माणमा तल्लो तहसम्म आफैँ पनि लाग्नुहुन्थ्यो । पछिल्लो अवस्थामा खास गरेर ०३८ को मध्यदेखि अलि बढी समय लेखपढ र पार्टीभित्रको वैचारिक सङ्घर्षमा लाग्नुपर्ने भएकाले होला सङ्गठनको कामका कम समय दिनुभयो । उहाँ औपचारिक मात्र होइन, अनौपचारिक र रमाइलो गर्ने रसिक पनि हुनुहुन्थ्यो । यसका अतिरिक्त उहाँमा कहिले कहिले कतै-कतै उदारता पनि देखिन्थ्यो । मैले मदनलाई विशाल हृदय भएका सौम्य सहनशील व्यक्तिको रूपमा बुझेको छु ।

हरेक तहका नेता अर्थात् नेतृत्वले समय र परिस्थितिअनुसार निर्णय लिन सक्नुपर्छ । उक्त निर्णय कार्यान्वयन गर्न सक्नुपर्छ । परिणाम र यथार्थ एवम् वस्तुपरक तर्कको आधारमा मूल्याङ्कन गर्न सक्नुपर्छ । यो अर्को नेतृत्व विकास र उसको कसीको आधार हुन्छ, साथै यसले नेतृत्वको पारखीको पारख पनि गर्न सकिन्छ भन्नुहुन्थ्यो । तर, यसो गर्दा सर्वथा जनता, राष्ट्र र पार्टीको ध्यान केन्द्रित हुनुपर्छ भन्ने गर्नुहुन्थ्यो । मदनको नेतृत्वमा रहेर राजनीतिक साङ्गठनिक काम गर्दा अनेक अनुभवहरू सँगालेको छु । कमिटी गठन, विघटन र पुनःगठन गर्दाका बारेमा र सङ्घर्षको दौरान गरिएका निर्णयहरूका बारेमा छलफल क्रममा मदन सकारात्मक हुँदा काम गर्ने उत्साह र जाँगरमा बढोत्तरी भएको अनुभूति हुन्थ्यो । यसै सन्दर्भमा एउटा अनुभव उल्लेख गर्दा सान्दर्भिक नै होला ।

०३७ सालको स्ववियु निर्वाचनभन्दा केही अघि सायद मदन काठमाडौँ आउनुभएको थियो । उहाँ विराटनगर नपुग्दै स्ववियुका उम्मेदवार चयन गर्नुपर्ने भयो । विद्यार्थी फाँटको पनि जिम्मेवारी मेरो भएकोले यो निर्णय मेरो पहलमा गर्नुपर्ने भयो । महेन्द्र मोरङ क्याम्पस विराटनगरमा नेकपा (चौम) समर्थित अनेरास्ववियु (छैटौँ), नेकपा (मार्क्सवादी) समर्थित अनेरास्ववियु (तदर्थ समिति), नेकपा (माले) समर्थित अनेरास्ववियु (एकताको पाँचौं) र नेविसङ्घ विद्यार्थी सङ्गठनहरू थिए । स्ववियु निर्वाचनमा प्रमुखरूपमा अनेरास्ववियु (एकताको पाँचौं) र नेविसङ्घबीच कडा प्रतिस्पर्धा हुने अवस्था थियो । प्रगतिशील समूहका अलग-अलग समूह स्ववियु निर्वाचनमा उठेमा अनेरास्ववियु (एकताको पाँचौं) र नेविसङ्घबीच प्रतिस्पर्धा हुने अवस्था भए पनि हारजितका बारेमा भन्न सक्ने अवस्था थिएन । प्रगतिशील समूह संयुक्त भएर उठेमा नेविसङ्घको पराजय निश्चित थियो । यदि अनेरास्ववियुको पराजय भएमा त्यसले विद्यार्थी तथा अन्य राजनीतिक क्षेत्रमा नकारात्मक प्रभाव पार्ने अवस्था थियो । त्यस समयमा नेविसङ्घ र काङ्ग्रेसको गुन्डागर्दी चरम थियो । अनेरास्ववियु (पाँचौं) पक्षधर र

विद्यार्थीलाई घर जाँदा काङ्ग्रेसको पकडमा रहेको स्थान बरगाछीमा गाडी रोकेर छानीछानी पिट्ने, टोलटोलमा गएर धम्क्याउने, बजारमा एक्लैदोक्लै भेटेमा त्यहीँ पिट्ने- यस्तो थियो काङ्ग्रेस र नेविसङ्घको संयुक्त गुन्डागर्दीको रूप। उता, अनेरास्ववियु (छैटौँ) र अनेरास्ववियु (तदर्थ) अर्थात् मनमोहन समूहका विद्यार्थीहरू र अन्य मानिसहरू मूकदर्शक थिए। अनेरास्ववियुको (पारँचौँ) र नेकपा (माले)को विरोध र खण्डन गर्न र काङ्ग्रेसको तारिफ गर्न चुक्दैनथे। अनेरास्ववियु (तदर्थ) र अनेरास्ववियु (छैटौँ) बीच मिलिभगत थियो। अर्कोतर्फ प्रशासनको निगरानी पनि त्यत्तिकै थियो। यस्तो अवस्थामा अनेरास्ववियुको विजय अनिवार्य थियो। यस विजयले पूर्वका सबै क्याम्पसहरूमा सकारात्मक प्रभाव पार्दथ्यो। प्रगतिशील पक्षका अन्य विद्यार्थी सङ्गठनहरूको जे-जस्तो अवस्था र व्यवहार भए पनि एउटा जिम्मेवार सङ्गठनको नाताले पनि यस्तो अवस्थामा अनेरास्ववियुको संयुक्त प्यानल नै चुनावमा खडा हुनु जरुरी थियो। यही अवस्थालाई ध्यानमा राखेर अनेरास्ववियु (एकताको पाँचौँ)ले सभापति र सचिवसहित बहुमत पदमा र बाँकी पदमा अन्य समूहलाई दिने गरी संयुक्त 'प्यानल'को तय गरियो। यो अवस्था सिर्जना गर्न अन्य समूहसँगको निकै प्रयत्न गर्नु परेको थियो।

संयुक्त 'प्यानल' तय गर्नुभन्दा केही अगाडि मदनको पत्र प्राप्त भयो। उक्त पत्रमा राजनीतिक साङ्गठनिक सवालको साथै स्ववियु निर्वाचनमा पार्टीले एक्लै चुनाव लड्ने तय गरेको र यसैअनुसार गर्नुपर्ने भन्ने निर्देशनसमेत थियो। मलाई यो निर्देशन वा निर्णय जे भए पनि विराटनगरको हकमा उचित एवम् वस्तुवादी लागेन। संयुक्त 'प्यानल' खडा गर्ने निधो गरियो। मदन विराटनगर पुग्दा उम्मेदवार चयन गर्ने समय बितिसकेको थियो। विराटनगर पुग्नेबित्तिकै मदनले मलाई बोलाउनुभयो। उहाँले सुरुमा पत्र प्राप्त भयो भनी सोधनी गर्नुभयो। प्राप्त भएको र वाचनसमेत गरेको बताएँ। निकै कड्केर उहाँले संयुक्त 'प्यानल' खडा गरेर निर्णय कार्यान्वयन भयो ? भनी प्रश्न गर्नुभयो। उत्तरमा मैले माथि उल्लेख गरिएको सम्पूर्ण अवस्था बताएँ र साथै गिरिजाप्रसाद कोइराला एक महिनादेखि यही स्ववियुको निर्वाचनका लागि विराटनगरमा बसेका र जसरी भए पनि यो चुनाव जित्नुपर्छ भनेर लागेको समेत करा राखेँ। नेविसङ्घको सभापति उम्मेदवार विजयकुमार गच्छदार र उपसभापतिका उम्मेदवार हरिनारायण चौधरी कुनै विद्यार्थी नभएको र गुन्डागर्दीमा संलग्न भएको समेत बताएँ। यसपछि मदन स्ववियुबारे गरिएको निर्णयप्रति सहमत हुनुभयो। विजय गच्छदारका बारेमा मलाई भन्दा बढी उहाँलाई जानकारी रहेछ। यसपछि मदनले यसैअनुसार गर्न र सकेसम्म सुरक्षाको पनि व्यवस्था मिलाउनुपर्छ भन्नुभयो। यहाँ भन्न खोजेको के हो भने मदनमा वस्तुवादी एवम् यथार्थपरक र स्वतन्त्रतापूर्वक निर्णय गर्ने सवालले नेतृत्व विकासमा सहयोग पुऱ्याउनुको साथै जिम्मेवारी समेत बोध गराउँछ भन्ने विचार थियो।

चुनाव शान्त वातावरणमा सम्पन्न भयो। मत गणनाको क्रममा नेविसङ्घले हार्दै गएपछि विजय गच्छदारको नेतृत्वमा आएका गुन्डाहरूले मतपेटिका कब्जा गरे। मतदान गरिएका सबै मतपत्र उठाएर गणकहरूको कञ्चटमा पेस्तोल राखेर नेविसङ्घले आफ्नो विजय घोषणा गरायो। राति १ बजेतिर जुलुस निकाले। क्याम्पसको हाताभित्र नाचगान गरेर बसेका अनेरास्ववियु पक्षधर विद्यार्थीमाथि हमला गरे। नेविसङ्घको खुकुरी प्रहारबाट विद्यार्थी सख्त घाइते भए।

अघिल्लो स्ववियु अनेरास्ववियुको थियो। भोलिपल्ट बिहानैदेखि नेविसङ्घ स्ववियुको कार्यभार हस्तान्तरण गर्नुपर्ने माग लिएर आयो। यस्तो अवस्थामा स्ववियुको कार्यभार हस्तान्तरण गर्ने प्रश्नै थिएन। यस्तो अवस्थामा के गर्ने भन्ने बारेमा मदनसँग छलफल भयो। मतपत्र र मतपेटिकाको टुङ्गो लगाउनुपर्ने, मतगणनाको नतिजा लेखेको आधिकारिक कागजातको आधारमा प्रशासनले निर्वाचनको परिणाम सार्वजनिक गर्नुपर्ने र यी कुराको टुङ्गो नलागेसम्म स्ववियुको कार्यभार नबुझाउने, पुरानै स्ववियु कायम गर्ने भन्ने निर्णय गरियो। यसका लागि अन्य राजनीतिक दल र विद्यार्थी सङ्गठनसँग वार्ता गर्नेसमेत निधो गरियो। सबै प्रगतिशीलहरूको सहयोग एवम् सकारात्मक भूमिका रह्यो। नेविसङ्घको निशाना अनेरास्ववियु (एकताको पाँचौँ) थियो, व्यक्तिगत रूपमा उनीहरूको प्रमुख निशाना म बनेको थिएँ। पछि स्ववियुको विवाद बढ्दै गयो। यही विवादको कारण ०३८ मंसिरमा क्याम्पसमा विजयकुमार गच्छदारको नेतृत्वमा आएका गैर विद्यार्थी गुण्डाहरूले आक्रमण गरे। विजय गच्छदारले मलाई निशाना बनाएर चलाएको पेस्तोल/रिवल्भरको गोली अचानक त्यहाँ पुग्नुभएका फणीन्द्र तिम्सिनाको छातीको

देब्रे भागमा लाग्यो । फणीन्द्रले अमरत्व प्राप्त गर्नुभयो । गच्छदारलाई प्रहरीले पक्राउ गऱ्यो । नेविसङ्घले मेरो विरोधमा देशव्यापी विरोध गऱ्यो । प्रचार, पोस्टर टाँस्यो । भित्तेलेखन गऱ्यो ।

मदन भण्डारी पार्टीका निर्णयहरू सोभै भन्नुहुन्नथ्यो । कमिटीका बैठकहरूमा र व्यक्तिगत भेटघाटमा छलफल गरेर सम्बन्धित विषयहरूमा सबैको धारणा लिनुहुन्थ्यो । आफ्ना धारणा राखेपछि मात्र पार्टी निर्णय हो भन्नुहुन्थ्यो । यस प्रकारको तरिकाले पार्टी निर्णयहरूमा आफ्नो समेत सहभागिता भएको अनुभूत हुन्थ्यो भने अर्कोतर्फ छलफलमा भाग लिन अध्ययन गर्नुपर्ने भावनाको विकास हुन्थ्यो । यस्तै, पार्टी केन्द्रीय कमिटीमा राख्ने विषयहरूका बारेमा अग्रिम छलफल गर्नुहुन्थ्यो । यतिसम्म कि अमूक-अमूक विषयमा अध्ययन गरेर तयारीका साथ आउनसमेत भन्नुहुन्थ्यो । यसले पढ्नैपर्ने, अध्ययन गर्नेपर्ने भावनाको जबर्जस्त विकास हुन्छ भन्ने मदनको धारणा थियो । तर, यसो गर्दा केन्द्रीय कमिटीमा पेस हुने विषय भनेर चाहिँ भन्नुहुन्नथ्यो । कहिले-कहिले त तल्ला कमिटीसम्मका लागि भनेर कुनै खास विषयमा लिखित प्रतियोगिताको समेत आयोजना गर्नुहुन्थ्यो । यी सबै तरिका वा कामहरूको नेतृत्व विकास गर्न थप योगदान पुऱ्याउनुका साथै नेतृत्वको पारख गर्न सकिन्छ भन्ने धारणा थियो ।

केन्द्रीय स्तरको नेतृत्वको विकास स्थानीय स्तरको भन्दा कहीँ अधिक महत्त्वपूर्ण एवम् अनिवार्य हुन्छ भन्ने गर्नुहुन्थ्यो ।

**निष्कर्ष**

मदन भण्डारी नेपालको राजनीतिक इतिहासकै शिखर पुरुष हुनुहुन्थ्यो । नेपालको कम्युनिस्ट आन्दोलनको सन्दर्भमा भन्ने हो भने मदन अहिलेसम्मकै नवीन विचारक चिन्तक हुनुहुन्छ । विश्वमै कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको अवस्थामा पनि साहसका साथ नेपालमा उहाँकै नेतृत्वमा नेपालको कम्युनिष्ट आन्दोलनले अग्रगति लिएको थियो । उहाँ निःस्वार्थ भावनाका साथ साहस, जनताको पक्षमा निर्धक्क र दृढताका साथ उभिन सक्ने एक अपराजयी राजनेताको गुण भएको कारणले मदनप्रति जनता र कार्यकर्ताको विश्वास, भरोसा एवम् प्रेम थियो । यसैकारणले मदनले प्रतिपादन गर्नुभएको 'जनताको बहुदलीय जनवाद' महाधिवेशनद्वारा प्रचण्ड बहुमतले पारित भयो । अरु कसैले ल्याएको भए सायद यो पारित हुन सक्ने थिएन । उहाँमा सिर्जनात्मकता, हरेक सवालका बारेमा विहङ्गमदृष्टि राख्न सक्ने पारदर्शिता एवम् दूरदृष्टि थियो ।

आज नेताहरू छन्, तर नेतृत्वको विकासको गुञ्जायस रहेन । पार्टीमा राष्ट्र, जनता र पार्टीप्रतिको समर्पित इमानदार दृढ महारथि/सारथिहरूको उपस्थिति एकसेएक बढकर हुनुपर्ने होइन र ? यो अवस्थालाई सुधार्न सकिएन भने पार्टीभित्र उठिरहेको नेतृत्वको सङ्कट अझ बढेर जान सक्छ । यसले पार्टीलाई नै कमजोर पार्दै विघटन वा विसर्जनको सङ्घारमा पुऱ्याउन सक्छ, बेलैमा चैतन्य नपलाए नेतृत्वको घनिष्ठ सम्बन्ध विचार, सोचाइ र कार्यशैलीसँग हुन्छ । यति मात्र होइन नेतृत्वको गुण अर्थात् सार र रूप पनि विचार सोचाइ र कार्यशैलीले नै निर्धारण गर्दछ । नेतृत्वको अकुशलता, आत्मकेन्द्रित कार्यशैली, विचार, अभिमानले र आर्थिक अपारदर्शिता वा अनियमितताले पार्टीभित्र गुटका लागि उर्वरभूमिको काम गर्दछ । यसले भ्रष्टाचार र अनेक खालका सांस्कृतिक, वैचारिक र साङ्गठनिक विकृतिहरूको जन्म दिन्छ । यस्ता खालका हरकतले समग्र पार्टीलाई नै ओरालोतिर धकेल्छ ।

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास हाम्रो सामु छ । मलाई लाग्छ, अहिले पार्टी नेतृत्व आत्मकेन्द्रित भएर तदर्थवादको आधारमा सञ्चालित छ । अहिले पार्टीलाई अवक्रान्ति (आफ्नो शक्तिको बलमा संस्था सङ्गठन र पार्टीको कार्यभार आफूमा केन्द्रित गर्नु वा स्वयम्ले ग्रहण गर्नु) गरिएको छ । कार्यकर्तालाई पार्श्वचर ठान्ने शैली, संस्कृति एवम् चिन्तनको विकास भइरहेको छ । पार्टीभित्र छलफल, विचारको मन्थन आलोचना/आत्मालोचनाको गुन्जायस देखिँदैन । यसले पार्टीभित्र अघोषित रूपमा निरङ्कुशता बढाएको छ । आपसमा विश्वास, आत्मीयता र भरोसा समाप्त प्रायः भएको छ । जनवादी तरिका शैलीलाई आदेशात्मक तरिका र शैलीले विस्थापित गरेको छ । पार्टीभित्र खुला एवम् आत्मीयता ह्रास हुँदै गएको छ । आफूलाई रातो धागो बाँधिएको भीमसेन ठान्ने र सोहीअनुरूपको कार्य गर्ने शैली पनि त्यत्तिकै मौलाएको छ । यी सम्पूर्ण कार्यहरू निजी स्वार्थ र सुविधा प्राप्तिका लागि गरिएका हुन् । यी सम्पूर्ण समस्याको स्रोत/आधार नेतृत्व नै हो र यसको समाधान पनि नेतृत्वले आफैँ उदाहरण बनेर दिन सक्नुपर्छ । ■

# नेपाल विकासको सम्भावना तथा दिशा



✍ **सुनिल पोखरेल***

अब पनि कसैलाई लाग्छ कि नेपाल विकासको मुख्य दिशा कृषिक्रान्ति र सो को माध्यमबाट भएको Production Surplus बाट औद्योगिकीकरण र आधुनिकीकरणबाट नै सम्भव छ भने यस सोचमा बृहत छलफल हुन जरूरी देखिन्छ। मलाई लाग्छ– यो सोच परिवर्तन हुन जरूरी छ। यस पेपरमा नेपालको विकासको सम्भावना र दिशाबारे पृथक धारणा राख्दै पुर्वाञ्चलका तीन अञ्चलहरूमा भएका प्राकृतिक श्रोतहरूको सम्भावना र सो को दोहनको विषयलाई समेट्ने कोशिस गरेको छु।


नेपाल विकासको मुद्दामा हरेक राजनैतिक पार्टी, बुद्धिजीवी तथा नीति निर्माताहरूले आजसम्म हामीलाई भन्दै आएको र बुझाउदै आएको सवाल "कृषिबाट देशको समग्र विकास" को सपना नै हो। नेपालमा कृषिलगायत अन्य प्रकृतिक श्रोतहरू पनि प्रशस्त छन् तर तिनको वस्तुगत अध्ययन, अनुसन्धान र दोहन आवश्यक मात्रामा हुन नसकेको कुरा पनि सत्य हो। त्यसकारण केही मात्रामा दोहन भएका कृषिक्षेत्रमा मुख्य वाली, नगदेवाली, फलफुल खेती र गाई वस्तुपालनलाई नै आधार बनाएर हरेक नीति निर्माण तथा राजनैतिक तहमा कृषिक्रान्ति, भुमिसुधार, सिंचाइ, एक बाली एक गाउँ आदि शब्दहरूलाई भरपुर मात्रामा प्रयोग गरिएको पाइन्छ। विगतको हरेक कालखण्ड जस्तै, पञ्चायत, बहुदल, गणतन्त्रमा सोही सोचको आधारमा कृषिक्षेत्रमा प्रशस्त बजेट छुट्याइएको पनि हो। तर, त्यति हुँदाहुँदै पनि कृषिक्षेत्रको परनिर्भरता हरेक वर्ष बढ्दै गएको छ। कुनै समयमा धान चामल निर्यात हुन्थ्यो भने अहिले आयात गर्नु परेको छ। तरकारी, मासु, दाल, फलफुलगायत धेरैजसो कृषिजन्य वस्तुहरू आयात नगरी नेपाली जनतालाई खान पुग्दैन। त्यसो हो भने कृषिक्षेत्रमा लगानी थोर भएर हो या उत्पादन कम भएर हो ? या कृषिक्षेत्रमा सरकारको नीतिगत स्पष्टता मा समस्या हो ? जे भए पनि कृषि क्षेत्रको विकाशले नेपाल विकाशको मुल जरो समात्न नसकेकै हो। यस्को सही कारण खोज्नु जरूरी छ।

आजको विश्वव्यापीकरणमा कुनै पनि देश एक्लै अगाडि बढ्छु भनेर सम्भव छैन। त्यसो त North Korea को उदाहरण दिएर एक्लो देश पनि Survive गर्न सक्छ भन्ने सोच पनि कतिपयमा आउन सक्छ। तर, North Korea Survival को कहानी फरक छ। विश्वबजारबाट एक्लिएको (चिनबाहेक) North Korea भुखमरी, विकासमा पछौटेपन आदिबाट ग्रस्त छ। त्यसैले North Korea कुनै पनि किसिमबाट एक्लो वृहस्पतिको रूपमा विकास गर्न सक्छु भन्ने सही

---

* *लेखक, Kennesaw State University, USA बाट International Conflict Management मा शोध गर्दै हुनुहुन्छ।*

उदाहरण बन्न सक्दैन । जहाँसम्म नेपालको विकासको पसङ्ग छ, नेपाल दुइटा आर्थिक र शैनिक शक्तिबाट सुसज्जित बलियो देशको बीचमा पर्दछ । चाहेर पनि नेपालले हरेक क्षेत्रमा भारत, चिन या अन्य पश्चिमेली विकसित देशहरूसँग मुकाबिला गर्न सक्दैन । जहाँसम्म कृषिको सवाल छ, नेपालमा नहरको पानी उपलब्ध हुने खेतहरूमा राम्रो वाली हुँदा एक कट्ठामा ५ मन धान, गहु उत्पन्न हुन्छ भने भारतमा ८/१० मन उत्पादन गरिएको बोटहरू कुनैमा हरेक झुप्पामा एउटै आकारका ३ वटा कुनैमा ५ वटा या कुनैमा सस्याना ५० वटा भन्दा बढी फल्ने गरिएको देखिन्छ । Technology को विकासले जनताको चाहना अनुसारको आकार/प्रकारमा अत्यधिक उत्पादन र वर्षैभरी आपूर्ति गर्ने देशहरूको कृषि उत्पादनसँग नेपालको कृषिक्षेत्रले मुकाबिला गर्न असम्भव प्राःय देखिन्छ ।




हुन्छ भने अमेरिकामा सोही क्षेत्रफलमा १८/२० मनसम्म उत्पादन हुन्छ । नेपालले कसरी छिमेकी देश या पश्चिमेली देशसँग मुख्यबाली उत्पादनमा मुकाबिला गर्ने त ? त्यस्तै तरकारी खेतीतर्फ एउटा उदाहरण लिउँ, नेपालको लालबन्दीमा प्रसस्तै गोलभेंडा उत्पादन हुन्छ । मुख्य मार्गमा चल्ने हरेक गाडीमा त्यहाँको गोलभेंडा राखी लगिएको देखिन्छ । एउटा गोलभेंडाको बोटमा २० किलो फल्दा राष्ट्रिय समाचार बन्ने गरेको हामीले पाएका छौं । एउटा गोलभेंडाको बोटमा २० किलो फल्नु नेपालको लागि राम्रो समाचार होला । तर, युरोपियन धेरै देशहरूमा यो Productivity अत्यधिक घाटायुक्त मानिन्छ । नेदरल्याण्डमा एउटा गोलभेंडाको बोटमा ४०० किलो फल्छ भन्दा हामी धेरैलाई विश्वास नहुन सक्छ । त्यति मात्र होइन, निश्चित Categorized

त्यस्तै गाई वस्तुपालन र दुध उत्पादनको एक उदाहरण लिउँ । नेदरल्याड, डेनमार्कलगायतका युरोपेली देशहरूमा प्रति गाई प्रति दिन ५० लिटरभन्दा कम दुध उत्पादन गरिएमा सो उत्पादनले बजारमा मुकाबिला गर्न सक्दैन भनेर सो गाईलाई मासुको लागि प्रयोग गरिन्छ । त्यहाँ प्रति गाई प्रति दिन सरदर ८० लिटर दुध उत्पादन गर्ने गरिन्छ । नेपालमा परम्परागत रूपमा दैनिक १/२ लिटर प्रति गाई दुध उत्पादनलाई पनि हामीले सकारात्मक मानी गाईवस्तु पालन गरी आएका छौं । हुन त हाल संस्थागत रूपमा दैनिक २०/ ३० लिटर दुध दिन सक्ने गाई पालन पनि सुरू गरिएकोलाई सकारात्मक नै मान्नु पर्दछ । तथापि दैनिक सरदर ८० लिटर ( ६० लिटरदेखि १२० लिटरसम्म ) प्रति गाई प्रति दिन उत्पादन हुने दुध र सोलाई प्रयोग गरी

उत्पादन गरिने अन्य डेरी प्रोडक्टसँग नेपालको डेरी प्रोडक्टले कसरी मुकाबिला गर्ने ? यसो भनि रहँदा, नेपालले कृषिक्षेत्रमा कुनै पनि काम नगर्ने भन्न खोजेको भने पक्कै होइन । तर, हाम्रो विकासको Priority के हो, कुन क्षेत्रको विकासले Comparative Advantage नेपाललाई बढी छ, सोको सुनिश्चितता गर्नु जरूरी हुन्छ । त्यसो हो भने नेपालमा त्यस्तो वस्तु वा सम्पदाबारे समग्रतामा नीति निर्माताबीच सहमति हुन जरूरी देखिन्छ, जुनमा देशलाई तुलनात्मक फाइदा Comparative Advantage) बढी छ । कुनै वस्तु वा सम्पदा अन्य देशमा उत्पादन हुँदैन या उत्पादन गर्दा अत्यधिक महङ्गो पर्छ र नेपालमा सस्तोमा राम्रो गुणस्तरको उत्पादन हुन्छ भने सो मा तुलनात्मक फाइदा नेपाललाई बढी हुन्छ ।

नयाँ प्रविधि उत्पादनमा USA लाई उछिन्न अन्य कुनै पनि देशले सकेका छैनन् । फाट्टफुट्ट रूपमा पश्चिमा देशहरूमा या Japan/China/India मा सोको नयाँ खोज/उत्पादन भए पनि ती व्यक्ति या संस्थाहरू ढिलो/चाँडो USA मा स्थान्तरण भएको देखिन्छ । त्यसैले हाल सबैजसो देशहरू प्रविधिमा USA मा निर्भर हुन थालेका छन् । यो निर्भरताप्रति म सहमत भएको भने होइन तर वास्तविकता पस्केको मात्र हो । हाल विश्वमा हरेक व्यक्तिले चलाउने सेल फोन Internet आदिबाट हरेक सेकेन्ड USA लाई लाखौं डलर हामीले तिरीरहेका छौं । हातहतियार, कम्प्युटर, Internet, Satellite, Machinery आदिको नयाँ–नयाँ प्रविधिमाथि बर्चस्व USA को र थोरै मात्रामा अन्य विकसित देशहरू China र India को रहेकोमा हामीले त्यसलाई प्रयोग त गर्ने हो तर त्यसमा प्रतिस्पर्धा गरी थप लाभ नेपालले लिन सक्छ भन्नु अलिबढी कल्पना मात्र हुन्छ । तर, नेपालमा कतिपय यस्ता सम्पदाहरू छन्, जसलाई हामीले राम्ररी दोहन गर्न सक्यौं मात्र भने विश्वको कुनै पनि देशसँग सो वस्तु र सम्पदामा मुकाबिला गर्न सक्छौं ।

माथि उल्लेखित नक्शा नेपालमा रहेको ७ वटा प्राकृतिक श्रोतहरूको सम्भाव्यता (कृषि, जलविद्युत, वनजङ्गल, जडिबुटी, ढुङ्गा बालुवा गिटी, पर्यटन, खनिज) अध्ययन गरी तयार गरिएको हो । यस अध्ययनअनुसार नेपालमा प्राकृतिक श्रोतहरूको अत्याधिक सम्भावना मुख्य रूपमा चारवटा केन्द्रमा रहेको पाइन्छ । बर्दिया, कैलाली, डोटीको एउटा केन्द्रविन्दु, कास्की, मुस्ताङदेखि काठमाडौंसम्मको अर्को केन्द्र रहेको पाइन्छ । त्यस्तै गरी पूर्वी नेपालमा सुनसरी उदयपुर सप्तरी धनकुटा भोजपुरको अर्को केन्द्र र सङ्खुवासभा सोलुखुम्बुको अर्को केन्द्र रहेको पाइन्छ । यी चारवटा केन्द्रलाई आधार बनाएर त्याहाँ भएका प्राकृतिक श्रोतका प्रचुर सम्भावनालाई आवश्यक नीति निर्माण गरी दोहन गर्न सकेमा नेपालको विकासले एक निश्चित दिशा लिनेछ भन्नेमा दुईमत रहन्न ।

अब नेपालमा बढी तुलनात्मक लाभ भएका वस्तु सम्पदाहरू बारे छलफल गरौं । नेपालमा अत्याधिक चर्चामा रहेको प्राकृतिक सम्पदा जलविद्युत हो । जलविद्युतको सम्पदा नेपालमा प्रचुर मात्रामा छ । एक अनौपचारिक अध्ययनअनुसार नेपालमा करिब ८० हजार मेघावाट भन्दाबढी जलविद्युतको सम्भावना छ । हाम्रो हालको आवश्यकता ३००० मेघावाट भन्दाबढी छैन भने हिउँदमा हामीसँग करिव ४५० मेघावाट मात्र क्षमता उत्पादन हुने गर्दछ । भविष्यमा कृषि तथा अन्य क्षेत्रमा आवश्यक पर्ने उर्जालाई हिसाव गरी पूर्व-पश्चिम रेल्वे र काठमाण्डौंमा मेट्रोसमेतलाई पनि जोड्ने हो भने पनि हामीलाई दशहजार मेघावाट भन्दा धेरै उर्जाको जरूरी पर्दैन । सो १० हजार मेघावाट खपत हुन बन्नुपर्ने Infrastructure र सोको लागि चाहिने Investment समेतलाई बिचार गर्दा आउँदा १० देखि १५ वर्षको समयमा मात्र सो १० हजार मेघावाटको आवश्यकता हुन सक्छ । यसरी जलविद्युत उर्जाको उत्पादनले नेपालको Infrastructure विकास हुने, तेल आयातमा कमी भई वैदेशिक मुद्राको बहिर्गमनमा कमी आउने, कल कारखानाबाट उत्पादन समान सस्तो र सुलभ रूपमा पाइने आदिमा सहयोग पुग्ने देखिन्छ । तर, १० हजार मेघावाट भन्दाबढी जलविद्युत उर्जालाई अन्य सामान जस्तो बिक्री वितरण गर्न सकिदैन । यस्को लागि चिनमा या भारतमा Cross Border Transmission Line बनाई निर्यात गर्नुपर्ने हुन्छ । यसरी निर्यात गर्दा चिन या भारतमा प्रतियुनिट विद्युत नेपालभन्दा सस्तोमा Nuclear उर्जाबाट उत्पादन भएमा १० हजार मेघावाट भन्दाबढीको जलविद्युत उर्जा उत्पादन नेपालको लागि Comparative Advantage नहुन सक्दछ । हाम्रो उत्पादन लागत र ठूलो जलविद्युत गृह वनाउँदाको Human Risk बढी भई चिन र

भारतमा Nuclear उर्जासँग Competition गर्न नसक्ने भएमा जलविद्युत उर्जा नेपालको आन्तरिक खपतका लागि मात्र उपयोग गर्न सकिने या नसकिनेबारे विश्वको 'सफा उर्जा' सम्बन्धि नीतिमा भर पर्ने हुन्छ। हरेक देशले निश्चित प्रतिशत 'सफा उर्जा' नै प्रयोग गर्नुपर्ने वाध्यात्मक नीति भएमा सौर्य उर्जा तथा वायु उर्जा महङ्गो भई चिन र भारतले नेपालवाट 'सफा उर्जा' को रूपमा जलविद्युत किन्नुपर्ने वाध्यता भएमा हामीलाई Comparative Advantage भई फाइदा हुन सक्छ।

त्यसैले मुख्य रूपमा नेपालको परिप्रेक्षमा निम्न लिखित वस्तु र प्राकृतिक सम्पदाहरूमा थप Comparative Advantage भएकोले यसको उत्पादनमा विशेष ध्यान दिन जरूरी देखिन्छ।

### १. कृषि क्षेत्रः

रासायनिक मल प्रयोग नगरी चिसो पानीमा उत्पादन हुने तरकारी, फलफुल र उब्जनीहरू चिसो पानीमा पाइने माछा, उच्च पहाडी भेगमा हुने दाल, ओखर, च्याउ आदि। यस्तो उत्पादन अमेरिकालगायत विकसित मुलुकमा जस्तो सुकै प्रविधि प्रयोग गर्दा पनि सम्भव हुँदैन।

### २. जडिबुटीः

नेपालको उच्च तथा मध्य हिमाली भेगमा पाइने केही निश्चित जडिबुटी अति दुर्लभ मानिन्छन्। कतिपय जडिबुटीहरू विश्वका अन्य देशहरूमा पाउन करिब असम्भव प्राःय छ। जस्तो शक्तिबर्धक यार्चागुम्वा, दीर्घ रोगहरूमा प्रयोग हुने चिराइतो, जटामसी, जङ्गली लसुन, पाँचऔले आदि नेपालको निश्चित उचाई र हावापानीमा निश्चित समयमा मात्र उत्पादन हुन्छ। यी जडिबुटीहरूको नेपालमा भन्दा पनि विश्वबजारहरू जस्तै चिन, भारत, जापान, कोरिया, थाइल्याण्ड, युरोपमा अत्यधिक माग रहेको छ। यस्ता वस्तुहरू प्राकृतिक रूपमा अन्य देशहरूले उत्पादन गर्न चाहेर पनि सम्भव देखिदैन। त्यसै कारणले उल्लेखित निश्चित जडिबुटीहरूमा नेपालको Comparative Advantage बलियो देखिन्छ।

### ३.पर्यटन क्षेत्रः

पर्यटन यस्तो क्षेत्र हो, जसमा नेपालको Comparative Advantage अत्यधिक बढी छ। भारत या अमेरिकाले चाहेर पनि अर्को Mount Everest वनाउन सक्दैन। हिमाली श्रृङ्खला, उच्च उचाईमा रहेका तालहरू, जैविक विविधताले भरिएको वनजङ्गलहरू र छोटो दूरीमा पाईने मौसममा पाईने फरक कुनै देशले चाहँदैमा बनाउन सकिने चिज होइन। त्यस्तै अब विश्वले जति गरे पनि शान्तिका प्रतिक गौतम बुद्ध जन्माउन सक्दैन। या भनौं, अर्को लुम्बिनी बन्न सक्दैन।

त्यसै कारणले नेपालमा हिमाली पर्यटन र धार्मिक पर्यटन अन्य देशको तुलनामा अत्यधिक बढी फाइदाजनक क्षेत्र हो। यो क्षेत्रको विकास गर्दा अन्य

| जिल्ला | कृषि (रू.करोडमा) | जडीवुटी रू करोडमा | वनजंगल रू.करोडमा | जलविद्युत रू.करोडमा | ढुंगा,गीट्टी वलुवा रू.करोडमा | खनिज रू. करोडमा | पर्यटन रू.करोडमा | जम्मा रू करोडमा | प्रति व्यक्ति आय रू हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजूङ्ग | ६.११ | ४.१४ | १.७१ | ३४३०८ | ० | ० | ९४.९६ | ४५० | ३३.४ |
| पाँचथर | ७.३२ | ८ | ०.६५ | ४०३.२ | | ० | ० | ११९.१७ | २०.७ |
| ईलाम | १३.७३ | १.४९ | ०.८९ | २४.४८ | ० | ० | ० | ४०.५९ | १.४ |
| झापा | ३०.२४ | ० | ०.२१ | ० | २.३ | १५४२ | ० | १५७४.६५ | २२.९ |
| धनकुट्टा | ६.४४ | १.८५ | ०.४ | २९७ | ० | ० | ० | ३०९.६९ | १८.६ |
| तेह्रथुम | २.४४ | ८.४१ | ०.२६ | १८.६५ | ० | ० | ० | २९.७६ | २.६ |
| संखुवासभा | ६.५४ | ९२.९१ | २.४१ | २७०१.४ | ० | ११.२ | ४.८८ | २८१९.३४ | १७७.० |
| सोलुखुम्वु | ५.३६ | ०.६४ | ०.९४ | १०१३.१८ | ० | ५७७.६ | ८३.७३ | १६८१.४८ | १५६ |
| भेजपुर | ८.७३ | ४.०८ | ०.९२ | ३०६.४३ | ० | २२३.३ | ० | ५४३.४६ | २६.७ |
| खोटाङ्ग | १३.३७ | ०.१६ | ०.८९ | १३९.१४ | ० | ० | ० | १२१८.४७ | ६.६३ |
| सुनसरी | २२२ | ३.५६ | ०.२६ | ११८८ | २.३ | ० | २.१४ | ३४४.४५ | १९.४ |
| सप्तरी | १.८६ | १.८ट | १.४९ | २९७ | २.३ | ० | ० | ९१३.३८ | ३१.७ |
| उदयपुर | ४१.८ | ९.४७ | १.३२ | २९७ | २.३ | ५८७.४ | ० | १५३.५६ | ६.० |
| सिराहा | ४२.०३ | ०.४१ | ०.३० | ० | २.३ | ० | ० | १५७.७२ | ०.७८ |
| ओखलढुङ्गा | ८.६९ | १.२ | ०.३८ | १४७.३५ | ० | ० | ० | ४५.०४ | १०.० |
| | २६३.१६ | १४०.३५ | १३.६८ | ७१८१.५३ | १३.८ | २९४५.५ | १८५.७४ | १०४४३.६३ | १४०.३५ |

कुनै पनि देशसँग मुकाबिला गर्नु पर्दैन। त्यसैले नेपालको विकासको दिशा निर्धारण गर्दा मुख्य रूपमा पर्यटनलाई मियोको रूपमा राखी अन्य क्षेत्रको विकासबारे सोच बनाउनु पर्दछ।

अब केही कुरा पुर्वाञ्चल क्षेत्र विशेषलाई आधार वनाएर गरौं। पुर्वाञ्चलमा तीन अञ्चल र १६ जिल्ला रहेका छन्। यस क्षेत्रको कुल घरधुरी १,२३०,७४३ छ। यो क्षेत्रमा बिभिन्न सातवटा प्राकृतिक श्रोतहरूको प्रचुर सम्भावना छ र सो दोहन गर्न सकेमा सम्बन्धित जिल्लाहरूलाई प्राप्त हुने Tax and Royalty के कति हुन सक्छ भनि Table मा देखाइएको छ।

माथी उल्लेखित सबै प्राकृतिक श्रोतहरूको सम्भावनालाई विचार गर्दा सङ्खुवासभा, सोलुखुम्बु अत्यधिक सम्भावना भएका जिल्लामा पर्दछन् भने झापा, सुनसरी र उदयपुरमा पनि श्रोतहरू प्रशस्तै छन्। केही श्रोतहरू पाँचथर, ताप्लेजङ्ग, सप्तरी, भोजपुर र धनकुटामा पनि भेटिएका छन्। समग्रतामा पुर्वाञ्चल विकासको लागि मुख्य रूपमा निम्न बुँदाहरूमा केन्द्रित भई विकासको मोडेल तयार गर्नुपर्ने देखिन्छ।

१. सिराहा, सप्तरी, सुनसरी, मोरङ्ग र झापामा खेतीयोग्य जग्गा प्रसस्त मात्रामा भएकोले सोलाई बढावा दिन बैकल्पिक सिचाईको व्यवस्था अपनाउनु पर्दछ। यस सिंचाइको पानीबाट तराईका फाँटहरूमा कम्तिमा ३ बाली लगाउनुका साथै भारतबाट आयात गरी राखिएको नगदेवाली, तरकारीहरूलाई सट्टाभर्ना हुने गरी खेती गर्नु आवश्यक देखिन्छ।

२. नगदेबालीको रूपमा उब्जनी गरिएको चियाखेतीलाई खेतीको साथै पर्यटन प्रवर्धन गर्ने उद्देश्यबाट अगाडि बढाउनु पर्दछ। ईलामको कन्याम क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको केन्द्रको रूपमा विकास गर्नुपर्दछ। सोको लागि आवश्यक पूर्वाधार जस्तै होटल, रिसोर्ट, एयरपोर्ट र फिल्म सिटी बनाउनु पर्ने हुन्छ।

३. ताप्लेजुङ्ग, सङ्खुवासभा, सोलुखुम्बुलाई बिदेशी पर्यटकहरूको थप आकशर्णको केन्द्र बनाउन आवश्यक कार्य गर्नु पर्दछ। जस्तै यो क्षेत्रमा जैविक विविधताको अध्ययन अनुसन्धान गर्ने केन्द्र स्थापना गरी विश्वमा दुर्लभ भएका वन्यजन्तु र वनस्पतिको आवश्यक प्रचार–प्रसार गरी विकास गर्नु पर्दछ। त्यस्तै माथिल्लो हिमाली क्षेत्रमा Winter games को लागि आवश्यक पुर्वाधार तयार गरी एक बृहत Center स्थापना गर्नु पर्दछ। सो Winter Center मा विकसित देशहरूबाट Winter Games का खेलाडीहरू ४–५ महिना वार्षिक रूपमा अध्ययन, आरामविश्राम गर्न आउने वातावरण तयार गर्न सकेमा पर्यटन क्षेत्रमा यो क्षेत्रले ठूलो फड्को मार्ने देखिन्छ।

४.जडीवुटीको लागि सङ्खुवासभालाई पूर्वाञ्चल क्षेत्रको मुख्य केन्द्रको रूपमा विकास गर्नु पर्दछ। सोको लागि एक उच्चस्तरको प्रसोधन केन्द्रको आवश्यकता पर्ने देखिन्छ। सो जडिबुटीलाई प्रसोधित गरी भारत र चिनको बजारसम्म पुऱ्याउन किमाथान्कादेखि जोगबनीसम्मको राम्रो Highway निर्माण गर्नुपर्ने हुन्छ।

५. जलविद्युत उर्जाको विकासको लागि मुख्य खोला कोशी नदीलाई केन्द्रमा राखी अन्य Branch River हरूसम्ममा पुग्ने गरी Basic Infrastructure जस्तै खोला छेउबाट बाटो र Transmission Line को व्यवस्था गर्न उच्च प्राथमिकता दिनुपर्दछ। जस्तै दुधकोशी, अरूण, तमोर, सुनकोशी, इन्द्रावती, तामाकोशी आदिमा River Corridor मा ज्ञ्नजधबथ र Transmission Line तानी सो लाईनलाई Cross Border सम्म पुऱ्याउन सकेमा भविष्यमा जलविद्युत उर्जालाई भारतमा बेच्न पनि सकिने सम्भावना प्रवल देखिन्छ। हिमालबाट तराईसम्म बग्ने मुख्य–मुख्य खोलाहरूमा ध्वतभच त्चबलकउयचतबतष्यल लाई विकल्पको रूपमा प्रयोग गर्न आवश्यक पूर्वाधार विकास गर्नु पर्दछ। ती खोलाहरूमा विदेशी पर्यटकको लागि च्वातष्लन को नयाँ–नयाँ च्यगतभ हरू पत्ता लगाई खोल्नुपर्ने हुन्छ।

६. पर्यटक प्रवर्धन गर्न Everest Base Camp सम्ममा Mass Scale मा व्यक्तिहरूको आवत–जावत गर्न एक High Speed Highway वा केबुलकारको व्यवस्था गर्नुपर्ने हुन्छ। त्यस्तै सुनसरीमा रहेको विश्वकै केही नमुनाको रूपमा रहेको जङ्गली भैंसी (अर्ना) संरक्षण क्षेत्रमा Open Vehicle बाट घुमाउने व्यवस्था, होटेल रिसोर्टको व्यवस्था गरी प्रशस्त पर्यटक भित्र्याउन सकिन्छ।

७. झापा र सोखुलुम्बुमा रहेको खनिजलाई उत्खनन गरी छिमेकी बजारमा पुऱ्याउनु पर्दछ । नेपाल आफैले उत्खनन गर्न नसकेमा निश्चित Criteria मा रही Win Win को वातावरणमा Multinational Company भित्र्याउन पनि पछि पर्नु हुँदैन ।

८. चिसो पानीमा फलफल, जडिबुटी र मत्स्यपालनमा जोड दिनपर्दछ, सोको लागि इलाम, पाँचथर, तेह्रथम, ताप्लेजङ्ग, सङ्खुवासभा, सोलुखम्बु, भोजपर, खोटाङ्ग र उदयपुर राम्रो सम्भावनायुक्त क्षेत्रमा पर्दछ ।

९. ताप्लेजुङ्गमा रहेको पाथीभरामाईलाई धार्मिक पर्यटक केन्द्रको रूपमा विकास गर्नु पर्दछ । सोको लागि Highway या Cable Car को व्यवस्था र आवश्यक होटल रिसोर्टको व्यवस्था गरी मुख्य रूपमा भारतीय पर्यटकहरूलाई भित्र्याउन पहल गर्नु पर्दछ ।

१०. धनकुटाको भेडेटारलाई Summer Camp को रूपमा विकास गरी त्यहाँ गर्मी मौसममा बिभिन्न School/College का विद्यार्थीहरू तथा आन्तरिक पर्यटकहरूलाई आकर्षण गरी वर्षमा लाखौं पर्यटक भित्रिन सक्ने वातावरण बनाउनु पर्दछ ।

तसर्थ, नेपालमा रहेका मौलिक साधन–श्रोतको पहिचान गरी विकास गरिएमा विश्वबजारमा नै प्रतिस्पर्धा गर्न नपर्ने देखिन्छ । यस्ता एकाधिकार भएका साधन–श्रोतको दोहन गर्ने नीति नेपालले लिएको खण्डमा मात्र नेपाली र नेपालको द्रुतगतिमा समुन्नति हुने देखिन्छ । यो सोचलाई कार्यान्वयन गर्ने सरकार, पार्टी एवं नेतृत्वसमेत यो मुलुकको लागि निर्विकल्प बन्न सक्ने अवस्था छ ।

अन्तमा नेपाल विकासको पर्याय कृषिक्षेत्र नै हो भन्ने सोचबाट बाहिर निस्कनु जरूरी छ । कृषिक्षेत्रको लागि नितान्त दुई सोचबाट मात्र गर्नुपर्दछ । पहिलो स्थानिय तहमा भएको बेरोजगारी र अर्धबेरोजगारीलाई केही हदसम्म Address गर्न र दोस्रो ाययम Security मा आत्मनिर्भर हुन । त्यसैले नेपाल विकासको मोडेल, जसमा पूर्वाञ्चल पनि एक पर्दछ, लाई वस्तु र सेवामा जसमा Comparative Advantage छ । त्यसैमा जोड दिई अगाडि बढ्नुपर्दछ ।

**नोटः**

१. कृषिः क्षेत्रको Production Potential हिसाव गर्दा हरित क्रान्ति भएको भारतको हरियाणा र पञ्जाव राज्यको जत्तिकै उत्पादन भईरहेकोलाई अध्ययनको आधार मानिएको ।

२. जडीबुटी : उत्पादनको हिसाव गर्दा देशको विभिन्न जिल्लामा भएको वास्तविक उत्पादनको मात्रालाई आधार बनाएको ।

३. वनजङ्गल : हालको वनजङ्गलको जम्मा क्षेत्रफलमा नघट्ने गरी वातावरणीय प्रभावलाई समेत हिसाव गरी उत्पादन गर्न सकिने मात्रालाई मात्र आधार बनाईएको ।

४. जलविद्युत : विद्युत विकास विभागमा २०१० सालसम्म दर्ता भएका विद्युत उत्पादन सम्वन्धी ईजाजत–पत्र, प्रस्ताव, विस्तृत अध्ययन भइसकेका आयोजनाहरू तथा निर्माणको क्रममा रहेका आयोजनाहरू र निर्माण भइसकेका आयोजनाहरूलाई समेत हिसाव गरी तयार गरिएको ।

४. ढुङ्गा, गिट्टी, बालुवा : अहिलेको खोलामा भएका ढुङ्गा गिट्टी बालुवाको निश्चित मात्रामा निकाल्दा वातावरणीय प्रभाग कम हुने गरी उत्खनन गर्ने गरी हिसाव गरिएको । साथै आफनो जिल्लामा खपत हुने उयत्पादनलाई समावेश नगरी भारतमा निर्यात गरिने मात्रालाई मात्र आधार वनाइएको ।

६. खनिज : नेपाल सरकारको खानी तथा भूगर्भ विभागले गरेको विस्तृत अध्ययन तथा अनुसन्धानलाई आधार बनाई आर्थिक रूपमा नाफामूलक १३ वटा खनिज उत्पादनलाई समावेश गरिएको ।

७. पर्यटन विगत १९९५ देखि २०१० सम्म भित्रिएका पर्यटकहरूमध्ये सबैभन्दा बढी पर्यटक भित्रिएको वर्षलाई आधार वनाई सो वर्षमा सरकारलाई प्राप्तः आम्दानीलाई आधार मानी पर्यटक जाने गन्तव्यहरूको जिल्लामा बाँड्ने गरी हिसाव गरिएको । ■

## वैज्ञानिक-जनवादी शिक्षा प्रणालीका व्याख्याता

# जननेता मदनकुमार भण्डारी र आजको शिक्षा



✍ भेषराज अधिकारी*

*सामन्तवादी-साम्राज्यवादी शिक्षा प्रणाली, प्रतिक्रियावादी शिक्षा नीति, शैक्षिक अराजकता, प्रतिगामी र प्रतिशोधपूर्ण परीक्षा व्यवस्था, शैक्षिक बेरोजगारी, शिक्षा क्षेत्रको भ्रष्टाचारजस्ता शैक्षिक समस्याहरू पनि सामन्तवाद र साम्राज्यवादकै कारणले उत्पन्न भएका समस्याहरू हुन् ।*

***-जननेता मदनकुमार भण्डारी***

शिक्षा मान्छेको दिमागलाई खुल्ला र तीक्ष्ण बनाउने, नैतिक मूल्य–मान्यता सिकाउने, दृष्टिकोण बनाउने र सामाजिक नैतिकता तथा शिष्टाचार सिकाउने सशक्त र महत्वपूर्ण माध्यम हो। शिक्षाले मानिसलाई नयाँ-नयाँ तथ्य र सूचनाहरूको खोजी तथा अनुसन्धानतर्फ उन्मुख हुने प्रेरणाका साथै त्यसका लागि आवश्यक सीप र दक्षता पनि प्रदान गर्दछ। शिक्षा मानिसले औपचारिक तथा अनौपचारिक दुबै माध्यमबाट हासिल गर्न सक्दछ। शिक्षालयबाट निश्चित तह र प्रकृतिको शिक्षा लिने प्रक्रियालाई औपचारिक शिक्षा भनिन्छ भने यसदेखि बाहेकलाई अनौपचारिक शिक्षा भनेर बुझ्नुपर्ने हुन्छ। मानव जीवनमा शिक्षाको अति नै महत्वपूर्ण स्थान हुन्छ।। त्यसो त शिक्षा उपलब्ध गराउने सही शिक्षा प्रणालीको अभावमा मानव जीवनलाई उचित दिशामा अगाडि बढाउनु सम्भव छैन ।

नेपालमा शिक्षाका क्षेत्रमा अनेक प्रकारका समस्या, विकृति र विसङ्गतिहरू पैदा हुँदै आएका छन् । सक्षम शिक्षक र पर्याप्त भौतिक तथा शैक्षिक पूर्वाधारको अभावमा सार्वजनिक शिक्षालयहरूको शिक्षा गुणस्तरहीन भएको, शिक्षा क्षेत्रमा व्यापक मात्रामा भ्रष्टाचार भएको, शिक्षाले श्रमप्रति आस्था जगाउन नसकेको, अनुशासन र सामाजिकीकरण सिकाउन नसकेको, उपयुक्त शिक्षा नीति र संरचना नभएकोले नै देश पछि परेको, शिक्षा क्षेत्र औधी नै बन्द तथा हड्तालको चपेटामा परेको, सत्ता हस्तक्षेप र राजनीतिले शिक्षा व्यवस्था अस्तव्यस्त हुनपुगेको, शिक्षा बिस्तारका नाउँमा व्यापार भइरहेको आदि गुनासाहरू सर्वत्र छन् । यस प्रकारका गुनासाहरू अहिलेमात्र होइन, लामो समयदेखि निरन्तर आइरहेकै छन् । मुलुकमा सञ्चालित नव-औपनिवेशि शिक्षा प्रणाली र यसको विफलता तथा शिक्षा क्षेत्रमा सृजित समस्याहरूका बारेमा जननेता मदनकुमार भण्डारीले विद्यार्थीकालदेखि नै विश्लेषण गर्दै र समाधानका निम्ति उपायहरू सुझाउँदै आउनु भएको थियो। कम्युनिष्ट आन्दोलनको सिद्धान्त निर्माणमा ऐतिहासिक योगदान पुऱ्याउनुभएका जननेताले नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादको खाका प्रस्तुत गर्ने सन्दर्भमा जनवादी शिक्षा प्रणालीलाई पनि समेट्नु भएको छ। यो स्वाभाविक कुरा हो कि क्रान्तिको कार्यक्रमका विभिन्न आयामहरूमा शिक्षा तथा सँस्कृति पनि पर्दछ र त्यसमा जननेताले त्यसको चर्चा गर्नुभएकै छ। जननेताले शिक्षाका बारेमा अगाडि सार्नुभएका सबै पक्षलाई होइन, बरू शिक्षाका क्षेत्रमा उहाँको विश्लेषण तथा उहाँले पुऱ्याउनु भएको योगदानलाई उजागर गर्नुपर्ने महशुस गर्दै केही विषवस्तुलाई मात्र यहाँ चर्चा गर्ने कोशिस गरिएको छ।

जननेताले सिङ्गो राजनीतिक, आर्थिक, सामाजिक र शिक्षा-संस्कृतिका क्षेत्रमा व्याख्या तथा विश्लेषण प्रस्तुत

* *लेखक, मदन भण्डारी फाउण्डेशन केन्द्रीय कमिटीका सचिव तथा नेकपा (एमोले) विदेश विभागका सदस्य हुनुहुन्छ ।*

गर्दै विशिष्ट र ऐतिहासिक योगदान पुऱ्याउनु भएको छ। त्यसैले त उहाँ लोकप्रिय जननेता मात्र होइन, कम्युनिष्ट आन्दोलनका एक नवीन बिचारकको रूपमा समेत स्थापित हुन सफल हुनुभएको हो। सोभियत नमुनाको समाजवादले धक्का खाएपछि कम्युनिष्ट आन्दोलनमा पैदा भएको छट्पटिले कतिलाई जडसूत्रवादी भड्कावमा फँसायो भने कतिपयलाई विसर्जनतर्फ पलायन गरायो। यी दुबै प्रवृत्ति गलत भएको निष्कर्ष निकाल्दै मदनले अजेय मार्क्सवादको झण्डालाई फहराइरहने दृढ अठोटका साथ मार्क्सवादको सिर्जनात्मक प्रयोगमार्फत सामाजिक परिवर्तनको अभियानलाई अघि बढाइरहने सङ्कल्प गर्नुभयो। २०४६ सालको आश्विनमा सम्पन्न तत्कालिन नेकपा( माले)को चौथो महाधिवेशनदेखि नै विजारोपण भएको जनताको बहुदलीय जनवादको अवधारणाले पाँचौं महाधिवेशनसम्म आइपुग्दा ठोस आकार ग्रहण गर्न सफल भयो। नेकपा(एमाले) को चर्चित र ऐतिहासिक पाँचौं राष्ट्रिय महाधिवेशनमा जनताको बहुदलीय जनवादको कार्यक्रम प्रस्तुत गरी त्यसलाई पारित गराएर नेपाली जनवादी क्रान्तिलाई सिर्जनात्मक ढङ्गले सम्पन्न गर्ने कार्यभारलाई पुरा गर्न पार्टीका नेता तथा कार्यकर्तालाई परिचालित गराउने दिशामा मदन सक्रिय हुनुभयो। "जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं" भन्ने उद्घोषलाई कार्यान्वयन गर्न अहोरात्र खट्नुभयो। त्यही जनताको बहुदलीय जनवादी कार्यक्रमले शैक्षिक-साँस्कृतिक क्षेत्रमा अङ्गिकार गरेका नीति, योजना तथा कार्यक्रमलाई समेटेको हुनाले त्यस कार्यक्रमअन्तर्गत कस्तो शैक्षिक-साँस्कृतिक प्रणाली अवलम्बन गर्ने भन्ने सम्बन्धमा समेत खाका प्रस्तुत गरिएको कुरा माथि नै उल्लेख गरिसकिएको छ।

## शैक्षिक विकृति र विसङ्गतिको विश्लेषण

जननेता मदन लामो भूमिगत जीवनबाट खुल्ला भएपछि उहाँको लोकप्रियता र चर्चा आमजनसमुदायमा ह्वात्तै बढ्यो। उहाँको धाराप्रवाह बैचारिक प्रस्तुति, तर्कक्षमता, स्पष्टता र आकर्षक वक्तृत्वकला तथा शैलीका कारणले पनि कार्यकर्ता र आमजनसमुदायका माझ उहाँ प्रिय हुनुभयो। सार्वजनिकसभा तथा कार्यकर्ता-भेलामा उहाँलाई वक्ताको रूपमा खोज्नेहरू धेरै भए। विषयवस्तुहरूउपर उहाँको प्रस्तुती सरल र सुनौं-सुनौं लाग्ने हुन्थ्यो। प्रशिक्षण कार्यक्रममा प्रस्तुत हुँदा सबै त्यस विषयमा स्पष्ट हुनसकुन् भन्ने कुरामा उहाँ धेरै सचेत हुनुहुन्थ्यो। उहाँसँग सञ्चार माध्यमले लिएका अन्तरवार्ता सुन्न वा पढ्न तथा लेखरचनाहरू पढ्न सबै लालायित हुन्थे। उहाँ समकालिन नेपाली राजनीतिमा छाउनु भएको थियो।

२०४८ भदौ २५ र २६ गते सुदूरपश्चिमाञ्चलमा नेकपा(एमाले) का कार्यकर्ताहरूको महाकाली अञ्चलस्तरीय भेलामा मदनले "नेपाली समाज चेतनामा पछौटे रहेको, शिक्षामा पछौटे रहेको र आधुनिक शिक्षाबाट पर्याप्त मात्रामा जागरूक हुन नपाएका कारणले यो संसार ईश्वरीय संरचना हो भन्ने खालका कुराहरू पनि त हाम्रो समाजमा व्यापक छन्" भन्ने दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो। उहाँले, यहाँ नेपाली समाजमा शिक्षाको व्यापक बिस्तार हुन नसकेको र दिइएको शिक्षा पनि आधुनिक र वैज्ञानिक नभएको तर्फ सङ्केत गर्नुभएको छ। यदि, यो संसार ईश्वरले रचना गरेको हो भन्ने कुरा मान्ने हो भने समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण र दमन ठीकै छन् भन्ने कुरा मानिसले ठान्ने छ र शोषण कायम रहन्छ भन्ने कुरा सरल भाषामा सुदूरपश्चिमेली कार्यकर्ताहरूलाई बुझाउँदै हुनुहुन्थ्यो। शिक्षाको अभावमा गलत कुराको बिरूद्धमा सङ्घर्ष गर्नबाट मान्छेलाई विमुख गर्छ भन्ने कुरा बुझाउनका लागि नै शिक्षाको बारेमा चर्चा गर्दै उहाँले सो कुरा बताउनु भएको हो। यदि, मान्छेले उचित शिक्षा दिक्षा पाउने हो भने न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न लाग्ने छ। वास्तवमा जहाँ शिक्षाको विस्तार र विकास भएको छ, त्यहाँ सामाजिक चेतना र जागरण बढेको छ। मान्छे आफ्ना हकअधिकरका बारेमा सचेत र जागरूक बनेको छ र अन्याय, अत्याचार र थिचोमिचोका बिरूद्धमा आन्दोलित बनेको छ। त्यसैले यथास्थितिवादी र परिवर्तनविरोधी तत्वहरू शिक्षाविरोधी भएका हुन्।

मदनले २०३० सालमा वनारसबाट प्रकाशित भएको 'छात्र-प्रभा' मा 'संस्कृत शिक्षा र शिक्षार्थी' शिर्षकको आलेखमा शिक्षा हासिल गर्नबाट बञ्चित भएका सामन्ती समाजका उत्पीडित जनताले भोग्नुपरेको दासत्वलाई सुक्ष्म रूपले विश्लेषण गर्दै स्पष्ट पार्नुभएको छ "शिक्षाबाट टाढा रहनाले आफ्नो अधिकार पहिल्याउन नसकेका किसान ज्यामिहरूलाई

हग्न-मुत्न जाँदासम्म पनि पानी लिएर पछि-पछि साथी जाने मालिकको श्रद्धाभक्तिले सेवा गर्नुपर्छ, मुखमुखै लाग्नु हुँदैन भन्ने अन्धधारणाहरूले सधैंभरी माखेजालमा अल्मल्याएर दास बनाउन सकेको हो।" वास्तवमा सामन्ती समाजका शासक र तिनका पूजकहरू मान्छेलाई शिक्षा-दिक्षा दिन यसकारण चाहँदैनन् कि शिक्षित मान्छेले तिनको अन्याय र अत्याचारको भण्डाफोर गर्दछ र उसको शासन धरासायी हुन्छ। वर्गयुक्त समाजमा शिक्षा प्रणालीको स्वरुप पनि वर्गीय नै हुन्छ। बुर्जुवा वर्ग आफ्नो स्वार्थ अनुकूल शिक्षित जनशक्ति तयार गरी तिनलाई आफ्नो स्वार्थमा प्रयोग गरेर वर्गीय शासनसत्तालाई लम्ब्याउन कोशिस गरिरहेको हुन्छ भने श्रमजीवी र शोषित-पीडित वर्ग सो वर्गीय समाजलाई समाप्त पार्न आफू अनुकूलको शिक्षा व्यवस्था स्थापित गर्न लागीपरेको हुन्छ। यी दुई वर्गबीचमा सङ्घर्ष चलिरहेको हुन्छ। त्यसो त शासकहरूले सधैंभरी जनतालाई अन्धकारमा राखिरहन सक्दैनन् र जनता स्वयं पनि समयक्रममा सचेत हुँदै जान्छन्। यही भएर त उक्त आलेखमा मदन थप लेख्नुहुन्छ "शिक्षा जीवनको ज्योति हो भन्ने धारणा नेपाली समाजमा हुर्किएर आयो।" परिणामस्वरुप दवावमा परेर शासकहरू शिक्षण संस्थाहरू खोल्न बाध्य भए र क्रमशः खुल्दै गए। मदनकै शब्दमा "शिक्षाको निम्ति अत्तासिएको जनमानस सही शिक्षाको छानविनतर्फ जान नपाओस् भनेर आफ्नो व्यवस्थालाई आधार दिने खालका स्तुति र पाठहरू पढाउन सामन्ती व्यवस्थापकले छिटफुट पाठशालाहरूको प्रबन्ध गर्न थाले।" आखिर २०२८ सालमा लादिएको पञ्चायतको स्तुति गाउने 'नयाँ शिक्षा योजना' को शिक्षा त्यस्तै त हो नी। यहाँ उहाँले सङ्केत गर्न खोज्नुभएको अर्को यथार्थता के पनि हो भने देशको सामाजिक-आर्थिक संरचना जस्तो छ, शिक्षा नीति र प्रणाली पनि त्यही अनुकूलको तर्जुमा गरिएको हुन्छ र सो शिक्षाले सोही अनुकूलको संस्कृति निर्माण गर्न मद्दत पुऱ्याइराखेको हुन्छ।

तीस वर्षे निरङ्कुश पञ्चायती शाशनसत्ताका बेलामा विद्यार्थीहरूले शिक्षार्जन गर्न व्यहोरेको समस्याका बारेमा स्वतन्त्र विद्यार्थी युनियन, मोरङ्ग बहुमुखी क्याम्पसको मुखपत्र 'प्रकाश' को चैत २०४० को अङ्कमा मदन भण्डारी लेख्नुहुन्छ– "अधिकांश विद्यार्थीहरू चर्को पढाई शुल्क, महङ्गा पाठ्यपुस्तकहरू, ड्रेस र उपभोग्य वस्तुहरूको महङ्गीबाट सधैंभरी नै त्रस्त र दुःखको स्थितिमा हुन्छन्। त्यसमा पनि अव्यवहारिक गैरकामकाजी शिक्षा, पढिसकेर पनि सम्पन्न वर्ग वा सरकारको मुख ताक्नुपर्ने शिक्षा प्रणालीद्वारा मानसिक रूपमा सताइएका हुन्छन्।" अनि उहाँ यस्तै समस्या व्यहोरीरहेका विद्यार्थीहरू नै वास्तवमा "क्रान्ति र परिवर्तनका पक्षपाती हुन्छन्" भन्नुहुन्छ। त्यसैले शैक्षिक समस्याहरूको अन्त्यको निम्ति स्वयं विद्यार्थीहरू नै जागरूक हुनुपर्दछ। किन कि विद्यार्थी समुदाय समाजको सचेत र जागरूक समुदाय हो। त्यसो त शैक्षिक विकृति र विसङ्गतिको स्रोत भनेको तत्कालिन सामाजिक-आर्थिक व्यवस्था र त्यसको जगमा खडा भएको राजनीति नै हो भन्ने कुरामा दुईमत हुन सक्दैन। जननेता भन्नुहुन्छ– "शैक्षिक, साँस्कृतिक र आर्थिक समस्याहरूको केन्द्रबिन्दु राजनीतिक समस्या हो।" यसरी जननेताले विद्यार्थी, शिक्षा र राजनीतिका बीचमा रहेको सम्बन्धलाई सटीक ढङ्गले विश्लेषण गर्नुभएको छ।

वास्तवमा देशको समग्र उन्नति र प्रगति हुनलाई केही व्यक्तिहरू, केही गाउँ या शहर मात्रको उन्नति एवम् प्रगति भएर पुग्दैन। २०४८ सालमा सल्यान जिल्लामा भएको एक जनसभामा जननेता मदनले सल्यानबासीहरूलाई प्रश्न गर्दै "तपाईंहरूमध्ये कति जनालाई थाहा छ ? म भन्न सक्दिनँ, तर सल्यान जिल्ला धेरै पिएचडी गरेका इन्जिनियर, त्यस्ता विद्वानहरू जन्माउने जिल्ला पनि हो" भन्ने कुरा प्रस्तुत गर्नुभएको थियो। त्यसो त पञ्चायतकालमा सो जिल्लाबाट प्रधानमन्त्री पनि भएका थिए। यहाँ कुरा के हो भने देशमा सही किसिमको व्यवस्था छैन भने केही व्यक्तिको पहलले मात्र र असल मान्छे उत्पादनले मात्र सिङ्गो देशको विकास हुन सक्दैन। उत्पादित जनशक्ति र देशको समृद्धिको बारेमा मदनले सल्यानबासीहरू माझ त्यहींकै उदाहरण दिएर जागरूक हुन सन्देश दिइरहनुभएको थियो। वास्तवमा देश त्यतिखेर मात्र प्रगतिपथमा लम्कन्छ, जब त्यहाँ उत्पादित जनशक्तिलाई यथोचित भूमिका र जिम्मेवारी राज्यले दिइकन सही ठाउँमा उनीहरूलाई परिचालन गर्न सक्दछ। त्यसो त मदनले आजभन्दा २२ वर्ष अगाडि प्रस्तुत गर्नुभएको उक्त यथार्थता र अहिलेको यथार्थताबीच निकै भिन्नता

आएको छ। अर्थात, देशमा धेरै पढेलेखेका मान्छेहरू उत्पादन भएका छन् तर फेरि पनि यहाँ उन्नति र प्रगति भएको छ त ? छैन, त्यसैले शिक्षित जनशक्ति उत्पादन गर्नु मात्र होइन, उत्पादित जनशक्तिलाई सही दिशामा परिचालन गर्नु महत्वपूर्ण कुरा हुन जान्छ।

लोकतन्त्रका हिमायती मदन भण्डारी तथ्य, तर्क, सत्यको सधैं जीत हुन्छ भन्ने विश्वास भएका एक विचारक हुनुहुन्थ्यो। उहाँले ३० वर्षे पञ्चायती तानाशाही समाप्त पार्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो। सफल जनआन्दोलनपछि २०४६ मा प्राप्त बहुदलीय राजनीतिक प्रणालीपछि गठित नेपाली कांग्रेस र त्यसको सरकार कम्युनिष्टहरू र खासगरी नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार नेकपा(एमाले) का बिरूद्धमा अनेकौं अफवाहबाजी फैलाउँदै भौतिक हमलामा ओर्लियो। पुलिस-प्रशासन र गुण्डागर्दीको साहारा लिएर विपक्षीहरूलाई दमन गर्न ओर्लियो। सरकार सर्वत्र कांग्रेसीकरण गर्नमै उद्यत बन्यो। सत्ता हस्तक्षेप तीब्र बन्यो र त्यसको एउटा प्रमुख निशाना शिक्षाको ज्योति छर्ने शैक्षिक निकायहरू पनि बने। शैक्षिक क्षेत्र सत्ता हस्तक्षेपको शिकार बन्यो। नेपाली कांग्रेसको सरकारले ०४८/०४९ को बजेट तत्कालिन संसदसमक्ष पेश गऱ्यो तर त्यस बजेटले निकट विगतमा सम्पन्न सफल जनआन्दोलनको भावनाको कदर गर्न सकेन, शिक्षाको बजेट कटौति गऱ्यो। त्यसको सर्वत्र आलोचना र विरोध भयो। त्यस बजेटमाथि छलफलको क्रममा जननेता मदनले छलफलमा भाग लिंदै त्यसको विरोध गर्नुभएको थियो। सम्बोधनका क्रममा उहाँले "विकाससम्बन्धी कुराहरू पनि जनतालाई गुमराहमा पार्नका निम्ति अगाडि सारिएको छ र जतिसुकै भने पनि कृषि, सिँचाई, शिक्षा, स्वास्थ्य र अरू यस्ता तमाम आर्थिक सेवाका क्षेत्रहरूमा पनि हिजो पञ्चायतकालमा जे-जसरी विनियोजन गरिएको हुन्थ्यो, त्यसमा केही हेरफेर गरिएको छैन" भन्ने कुरा स्पष्टसँग राख्नुभएको थियो। वास्तवमा शिक्षामा उचित बजेट त्यसबखत किन विनियोजन गरिएन भन्दा नेपाली कांग्रेसको मानसिकता यथोचित बजेटले वैज्ञानिक र जनमुखी शिक्षा विस्तारमा सहयोग पुऱ्याउँछ भन्ने नै थियो। यस्तो कुरा राम्ररी बुझ्नु भएका मदनले त्यही भएर सो सरकारी कदमको तीखोरूपमा विरोध गर्नुभएको हो।

आफूलाई लोकतन्त्र र मानवअधिकारको पक्षपाती भएको डङ्का पिट्ने पिटाउने नेपाली कांग्रेस र उसको सरकारले विपक्षीहरूमाथि शारीरिक हमला गर्ने, भ्रष्टाचारको आहालमा डुब्ने, मित्रराष्ट्रहरूले सहयोगको रूपमा दिएर सञ्चालित उद्योगधन्दाहरूको नीजिकरण गर्ने, शैक्षिक संस्थाहरू तीब्र रूपमा नीजिकरण र व्यापारिकरणको प्रक्रियामा लैजाने, वस्तु तथा सेवामा तीब्र रूपमा मूल्य बृद्धि गर्ने, राजनीतिलाई अपराधिकरण गर्ने, रोजगारीका अवसर सिर्जना गर्न नसक्ने, विदेशीहरूसँग असमान सन्धी-सम्झौता गरेर राष्ट्रहित विपरितका क्रियाकलाप गर्नेजस्ता कार्यहरू गरेर लोकतन्त्र र मानवअधिकारको खिल्ली उडायो। मानवअधिकारका राजनीतिक र नागरिक अधिकारमाथि जोड दिएझैं गर्ने तर सामाजिक तथा साँस्कृतिक अधिकारहरू कार्यान्वयन गर्न ध्यान दिएन। तीसवर्षे निरङ्कुशकालमा साह्रै नराम्रोसँग ठिङ्गुरिएको मानवअधिकारको सामाजिक तथा साँस्कृतिक अधिकारको रूपमा रहेको शैक्षिक अधिकारलाई बहुदलीय व्यवस्था आएपछि पनि नेपाली कांग्रेस ताकतले भ्याएसम्म कार्यान्वयन नगर्नेतर्फ नै लाग्यो। पवित्र शिक्षा र शैक्षिक क्षेत्रलाई विकृति र विसङ्गतिको गर्ततर्फ धकेल्यो। यीनै कुराहरूलाई सङ्केत गर्न २०४९ मा सम्पन्न संसदको देस्रो अधिवेशनमा नेपाली कांग्रेसको सरकारले प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएपछि आफ्नो संशोधन राख्नेक्रममा मदनले "यतिबेला वास्तवमा यी मानवअधिकार, स्वतन्त्रता, स्वाधिनता र प्रजातन्त्रजस्ता कुराहरू केवल औपचारिकता जाहेर गर्ने शब्दका रूपमा मात्रै, केवल एउटा गहनाजस्तो मात्रै, कानमा लगाउने कुण्डल वा नाकमा लगाउने बुलाकीजस्तो मात्रै हुन पुगेका छन्" भन्दै त्यसबेलाको मानवअधिकार कार्यान्वयनको अवस्थाको यथार्थ चित्रण प्रस्तुत गर्नुभएको थियो।

**जननेता र जनवादी शिक्षा प्रणालीको प्रारूप**

जननेता मदन भण्डारीले रहस्यमय जीप दुर्घटनामा परी अल्पायुमा नै जीवन गुमाउनु परेको थियो। तर अल्पावधिमै उहाँले समाजका निम्ति निकै महत्वपूर्ण योगदानहरू पुऱ्याइसक्नुभएको थियो। उहाँले खासगरी राजनीति, साहित्य र सँस्कृतिका क्षेत्रमा लेखेर र बोलेर मूल्यवान सामग्रीहरू उपहारस्वरुप समाजलाई दिनुभएको छ। वास्तवमा यिनै सामग्रीहरूभित्र नै धक्का

खाएको र रक्षात्मक बनेको कम्युनिष्ट आन्दोनलाई सफलतामा पुऱ्याउनका निम्ति मार्गदर्शन गर्नसक्ने अजेय विचारहरू सङ्ग्रहित छन्। तिनै बैचारिक आयामहरूमध्ये शैक्षिक आयाम पनि एक हो। यसलाई हामीले जनताको बहुदलीय जनवादको शैक्षिक आयामको रूपमा लिन सक्छौं। जनताको बहुदलीय बहुदलीय जनवादी शिक्षा प्रणालीको रूपमा लिन सक्छौं। तिनलाई जनताको बहुदलीय जनवादको शिक्षासम्बन्धी अवधारणा भन्न सकिन्छ।

जनवादी शिक्षा पद्दति दार्शनिक दृष्टिले मार्क्सवादबाट प्रत्यक्ष रूपमा प्रेरित र पोषित छ। यस्तो शिक्षा पद्दति जनवादी सामाजिक-आर्थिक प्रणालीलाई सुदृढ गर्ने आधेय हो। आधेयले आधारलाई नै भरथेक गर्दछ। आधेयले सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने प्रष्ट छ। सामाजिक क्रान्तिबाट आधारमा पूर्ण परिवर्तन आउना साथ आधेय पनि त्यही अनुकूलतातर्फ अघि बढ्छ। जनवादी सामाजिक आर्थिक प्रणाली हाम्रो देशको वर्तमान अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक सामाजिक आर्थिक प्रणालीलाई विस्थापित गरेर स्थापित हुन्छ। अर्थात, जनताको बहुदलीय जनवादको बाटोबाट जनवादी शिक्षा प्रयोग गरी सही रूपबाट जनतालाई शिक्षित र सुसंस्कृत तुल्याउदै समाजवादको जग बसाल्नु पर्ने हुन्छ।

कम्युनिष्ट आन्दोलनमा ऐतिहासिक महत्व राख्ने नेकपा (एमाले) को २०४९ माघ १४-२० मा सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशनमा जननेता मदनकुमार भण्डारीद्वारा प्रस्तुत र पारित नेपाली क्रान्तिको कार्यक्रम- जनताको बहुदलीय जनवादमा शिक्षा प्रणालीको प्रारूप प्रस्तुत गरिएको थियो। त्यस प्रारूपलाई मदन भण्डारीले यसप्रकार प्रस्तुत गर्नुभएको थियो। ती यसप्रकार छन् :-

१) नव-औपनिवेशिक वर्तमान शिक्षा प्रणालीको अन्त्य गर्दै शिक्षा क्षेत्रमा रहेको सामन्ती तथा साम्राज्यवादी सबै प्रकारका कुप्रभावलाई अन्त्य गरिनेछ।

२) शिक्षा पाउनु पत्येक व्यक्तिको मौलिक अधिकार हो। आधुनिक, प्रगतिशील र उच्चकोटीको गुणात्मक शिक्षाका निम्ति साधारण तथा व्यावसायिक र उच्च तथा विशिष्टीकृत शिक्षा प्रणाली एवम् योजनालाई पुनः गठित (Reorganise) गरिनेछ।

३) शिक्षा औपचारिक (Formal) र अनौपचारिक (Nonformal) दुबै प्रकारको हुनु।

४) राष्ट्रव्यापी रूपमा पूर्व प्राथमिक, प्राथमिक तथा माध्यमिक तहको शिक्षालाई क्रमिक रूपले अनिवार्य र निःशुल्क गराइने छ। माध्यमिक तहमा व्यवसायिक कार्यमूलक शिक्षालाई समावेश गरिने छ।

५) धर्म, वर्ण, जात, लिङ्ग, पेशा, भाषा, आर्थिक तथा सामाजिक अवस्था आदिका आधारमा कुनै भेदभाव नराखी सबैलाई शिक्षाको समान अवसर प्रदान गरिने छ।

६) पाठ्यपुस्तक तथा पाठ्यसामाग्री एवं आर्थिक-भौतिक सहयोगहरू प्रदान गरिने छ र विशेष रूपमा महिला, उत्पीडित जाति र आधारभूत वर्गलाई प्राथमिकता दिइने छ।

७) अहिले प्राथमिक तहसम्म अभिभावक एवम् विद्यार्थीको रूचि र छनौटअनुसार मातृभाषा वा प्रचलित भाषामा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने।

८) वास्तविक प्रजातन्त्र र राष्ट्रिय स्वाधिनतालाई आत्मसात गर्ने र व्यवहारमा उतार्न सक्ने शिक्षा दिने थलोको रूपमा सबै शिक्षालयहरूलाई स्थापित र विकसित गरिने छ।

९) शिक्षा क्षेत्रमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरूको हितको संरक्षण एवम् सम्बर्द्धन गरी समाजमा सम्मानित व्यक्तित्वको रूपमा स्थापित गर्ने व्यवस्था मिलाइने छ।

१०) राष्ट्रियस्तरमा निर्माण गरिएको शिक्षा योजनाको अधिनमा रही बिना कुनै प्रशासनिक हस्तक्षेप प्राज्ञिक स्वतन्त्रताको उपभोग गर्ने ग्यारेन्टी गरिने छ।

११) बिना कुनै भेदभाव उच्चशिक्षा हासिल गर्न सक्ने सबै शिक्षार्थीहरूलाई उच्चशिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिने छ।

१२) विभिन्न पेशामा सङ्लग्न प्राथमिक तथा माध्यमिक शिक्षा हासिल गर्न नसकेका कामदार (व्यक्ति) हरूलाई सम्बन्धित निकायमार्फत् सन्ध्याकालिन, प्रातःकालिन वा पत्राचारको माध्यमद्वारा उपयुक्त शिक्षा दिने व्यवस्था मिलाइने छ।

१३) शिक्षाको योजना र नीति तय गर्ने, प्रभावकारी पठनपाठन एवं अनुसन्धान गर्ने, पाठ्यपुस्तक तथा पाठ्यसामग्री तयार गर्ने र शिक्षा योजनालाई

प्रभावकारी रूपमा कार्यान्वयनका रूपमा शिक्षाशास्त्रसम्बन्धी निकायलाई विशेष रूपमा सङ्गठित र व्यवस्थित गरिने छ ।

१४) देशको आवश्यकताअनुसार शिक्षाको विविध पक्ष र विषयगत क्षेत्रसमेतलाई आधार मानी बहुविषय विद्यालयको तर्जुमा गरी उच्च शिक्षा प्रदान गर्ने व्यवस्था गरिने छ ।

१५) महिला तथा उत्पीडित जातिको शिक्षाको विशेष कार्यक्रम निर्माण गरी उनीहरूलाई शिक्षा दिने व्यवस्था गरिने छ । उच्च शिक्षामा महिलाहरूलाई विशेष सुविधा र प्रोत्साहन दिने व्यवस्था गरिने छ ।

१६) शिक्षण क्षेत्रका अद्यावधिक ज्ञान र सीपबारे अवगत गराई कार्यक्षमता र दक्षतामा बृद्धि गरी शिक्षकहरूको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि आवश्यकता अनुसार पुनर्ताजगी (Refresher) तालिमको व्यवस्था गरिने छ ।

जननेता मदन शिक्षालाई समाजको विकास र अग्रगतिमा प्रयोग गर्नको निम्ति व्यापक सम्भावनाहरूलाई उजागर गर्न सक्ने, प्रत्येक व्यक्तिमा अन्तरनिहित सामर्थ्य र प्रतिभा प्रस्फुटन गराउन सक्ने, राष्ट्रिय एकताको भावनालाई मुखरित गर्न सक्ने, वैज्ञानिक, जनमुखी, व्यावसायिक र रोजगारमूलक शिक्षाको ढोका खोल्ने तथा प्रगतिशील, राष्ट्रिय र जनवादी संस्कृति निर्माणको आधार बनाउन सक्ने बनाउनुपर्छ भन्नेमा सङ्कल्पित हुनुहुन्थ्यो भन्ने कुरा उहाँका शिक्षासम्बन्धी अवधारणाहरूबाट स्पष्ट देखिन्छ । त्यसैगरी प्रत्येक व्यक्तिमा स्वावलम्वी, आत्मनिर्भर र आत्मविश्वासी एवं सिर्जनात्मक क्षमता विकास गर्ने र श्रमप्रतिको आदरभाव एवं सामाजिकीकरणतर्फ लैजाने शिक्षाले देशको विकासमा योगदान गर्न सक्ने कुरा उहाँ रचनाहरूबाट प्राप्त गर्न सकिन्छ । यसरी नै शिक्षाको बिस्तार र विकासले सामाजिक परिवर्तनको अभियानलाई सहज तुल्याउँछ । आमूल सामाजिक परिवर्तनले मुलुकको आर्थिक विकासलाई सुनिश्चितता प्रदान गर्दछ । त्यसैले शिक्षा विस्तार एवं विकास प्रक्रियाको अभियानलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्दछ भन्ने सोच जननेताको देखिन्छ ।

**निष्कर्ष**

शिक्षाको उचित बिस्तार र विकास बिना देश र जनताको उन्नति सम्भव छैन । यस सत्यलाई गम्भीर रूपले आत्मसात गरेर मुलुक र जनताको भलो चाहने हरेक राष्ट्र र राष्ट्रका सरकारले शिक्षाको समुचित विकासको लागि राष्ट्रिय शिक्षा नीति तर्जुमा गरेका हुन्छन् । देश सुहाउँदो, व्यवहारिक, वैज्ञानिक र जनमुखी शिक्षा प्रणाली लागू गरेका मुलुकहरूले सफलता हासिल गरेका दृष्टान्तहरू प्रशस्त मात्रामा छन् । हाम्रो देशमा समेत मुलुक सुहाउँदो शिक्षा नीति तर्जुमा गरी शिक्षाको विकास गर्न र गुणस्तर बृद्धि गर्न भनी विभिन्न आयोगमार्फत राष्ट्रिय शिक्षा नीति तर्जुमा हुँदै आएको छ । खास-खास अवधिमा राष्ट्रिय शिक्षा नीतिमा परिवर्तनसमेत गरिएको छ । तर, त्यसले साकार रूप लिन सकेको छैन । अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF), विश्व बैङ्क (WB), एशियाली विकास बैङ्क (ADB) जस्ता साम्राज्यवादको चङ्गुलमा परेका दातृ संस्थाहरूद्वारा राखिने गलत शर्तहरूलाई निशर्त पालना गरेर शैक्षिक क्षेत्रमा लगानी भित्र्याउँनाले हाम्रो देशका शिक्षा नीति, शैक्षिक कार्यक्रम र शैक्षिक गतिविधिहरू नियन्त्रित र पराधिन बन्दै छन् । फलतः शिक्षा क्षेत्र दिन दुई गुना रात चार गुना निजीकरण र व्यापारीकरणतर्फ उन्मुख छ । शिक्षा व्यापारिक वस्तुमा रूपान्तरित हुँदैछ । जसको कारणले न्यून आयस्रोत भएका जनताका छोराछारीहरूका निम्ति शिक्षा आकाशको फल आँखा तरी मर सावित हुँदैछ । सबैले पढ्न पाउने अधिकारको हनन् भैरहेको छ ।

नव-औपनिवेशिक शिक्षा प्रणाली हाम्रो देशका निम्ति अभिशाप सिद्ध भैसकेको छ । यसको विकल्पमा वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक जनवादी शिक्षा प्रणाली स्थापना गर्नु चुनौतिपूर्ण कार्य हुँदाहुँदै पनि त्यो सम्भव छ । यसको निम्ति आमूल सामाजिक परिवर्तनको दिशा र कामलाई जति बढी तीब्र र साकार पार्न सकिन्छ, त्यति नै चाँडो त्यसलाई प्राप्त गर्न सकिन्छ । यी कामहरू सम्पादन गर्न मार्गदर्शन गर्ने नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त- जनताको बहुदलीय जनवाद हामीसँग छ ।

**सन्दर्भ सामाग्रीः**

मदन भण्डारीका संकलित रचनाहरू भाग १-५, मदन-आश्रित स्मृति प्रतिष्ठान, २०६९ ।

■

# जनताको बहुदलीय जनवादी कार्यक्रम र पर्यावरण



✍ युवराज बास्कोटा 'यज्ञ'*

यतिबेला हामी प्रकृतिप्रदत्त पर्यावरण वा वातावरणीय सन्तुलनमा आएको गिरावटबाट एकदमै प्रभावित भएका छौं। अहिलेलाई यो बाढीपहिरोको रूपमा प्रकट भइरहेको छ। पर्यावरणीय सन्तुलनसँगसँगै विकास भएको जीव, जीवकोष र यसमा पनि मानव र मानव सभ्यता : विकास वा विनाश ? बारे यथोचित चर्चा हुनु अन्य कतिपय विषयवस्तुहरूभन्दा वाञ्छनीय हुन्छ। सर्वत्र मानवहितको पक्षमा निर्विघ्नतापूर्वक वकालत गर्ने हाम्रो सैद्धान्तिक–वैचारिक कार्यक्रम एवं मार्गदर्शक सिद्धान्त– जनताको बहुदलीय जनवादी क्रान्तिको कार्यक्रमले विकास वा विनाशतर्फ लम्कँदै गरेको पर्यावरणबारे के भन्छ ? पर्यावरणमा निर्भर रहँदै सर्वप्रथम संयुक्त राष्ट्रसङ्घले ल्याएको वातावरणीय कार्यक्रम सन् १९८३– 'हाम्रो साझा भविष्य' कस्तो छ ? मसिनो अध्ययन हुन/गर्न आवश्यक छ। र, आवश्यकताअनुसार यी विधाहरूमा तदनुरूपका विषय क्षेत्रहरूलाई समृद्ध गर्न जरुरी हुन्छ।

* *लेखक, प्रवासी नेपाली सङ्घ भारतका महासचिव तथा नेकपा (एमाले) विदेश विभागका सदस्य हुनुहुन्छ।*

**पर्यावरणको अर्थ**

सामान्यतया पर्यावरणको अर्थः– परि+आवरण। परि अर्थात् चारैतिर/चारैतिरबाट, आवरण अर्थात् ढाकेको/ढाकिएको भन्ने नै हो।

यस्तो स्थिति वा परिस्थितिको प्रभाव जुन कुनै पनि प्राणी र उसको विकासका लागि चारैतिरबाट असर परेको अवस्था हुन्छ भने यो उसका लागि पर्यावरण हो। पर्यावरण सबै कुराको मिश्रित वा सम्मिलित अवस्था हो, जसलाई हामी अनुभूति गर्न सक्छौं। जस्तो– जल, स्थल, वायु, मानिस, पशु, वृक्ष, पहाड, नदीनाला, विभिन्न प्रकारका भूदृश्य आदि सबै पर्यावरण हुन्।

पर्यावरण प्रकृति हो । प्राकृतिक वरदान हो । वातावरण यसको प्रभाव हो । पर्यावरणको सन्तुलन बिग्रँदै जाँदा वातावरण स्वतः बिग्रन्छ। राम्रो वातावरण निर्माणका लागि पर्यावरण यसको पहिलो शर्त हो । यद्यपि, यदाकदा अहिले आएर सुन्दरताका लागि भए पनि बोटविरुवा लगाउने र वातावरण बनाउने काम हुँदै आएको छ । यसो भएकोले पनि होला ! कहिलेकाँही पर्यावरण र वातावरणलाई एकैनासे ढङ्गले उस्तैउस्तै गरी बुझ्ने बुझाउने प्रचलन विकास भएको पाइन्छ।

अर्थात्, पर्यावरण भौतिक वातावरणको द्योतक हो। हिजोआजको प्रचुर यान्त्रिक र औद्योगिक युगमा पर्यावरण बिलए हुँदै गएको छ र प्रदूषण व्यापक भइरहेको छ। प्रयोगका हिसाबले हामीकहाँ यसको प्रचुरता नहोला ! तर, वायुको सहजताले यसको प्रदूषणलाई जहाँतहीं पुऱ्याइदिएको छ। जसरी शक्तिसम्पन्न मुलुकहरूले गरेको कार्बनडाइअक्साइडको उत्सर्जनले हाम्रो हिमश्रृङ्खला प्रभावित बनाएको छ। हिउँका ढिस्काहरू गल्न थालेका छन्। यस प्रकारको प्रदूषणको अर्थहीन बोझ एसिया र यसमा पनि दक्षिण एसियाका हामी निरपराध मानिसहरूले बढी बोक्नुपरेको छ। यद्यपि, यो आफैमा पर्यावरणीय प्रकृति र मानव

सहअस्तित्वविरोधी प्रवाह हो । यसले मूलतः पानी, वायु र माटोलाई असर पार्छ । प्रकारान्तमा आएर मानिसलाई मात्र नभएर अन्य एककोषीय वा बहुकोषीय जीवधारीलाई पनि उसको सामान्य जीवनयापनमा समेत कठिनाइ ल्याउँछ । कमजोर कपियत जीवन त जीवन–मरणको दोसाँधमा हुन्छन् । यो प्रदूषण प्रवाहकै कारणले हो ।

प्रदूषण पनि मूलतः पर्यावरणीय समस्या हो । यो कुनै एक देशकाल परिस्थितिमा मात्र होइन, विश्वव्यापी समस्या बनिसकेको छ । पशुपक्षी, बोटबिरुवा र मानिसले यसको असर प्रत्यक्ष खेपिरहेको हुन्छ र छ । खास गरी उद्योगका क्षेत्रहरूबाट र मोटरगाडीबाट हुने बढ्ता उत्सर्जन, बोटबिरुवाको निर्मम वनको फाडनी र काँटछाँट नै प्रदूषणको मुख्य समस्या हो । कारखाना, बिजुलीघर र मोटरगाडीमा प्रयोग हुने खनिज इन्धनको अन्धाधुन्ध प्रयोग, यसलाई जलाउँदा निस्कने कार्बन मोनोअक्साइड, कार्बनडाइअक्साइड, मिथेन, नाइट्रसअक्साइड आदि ग्यासले प्रकृति विषादियुक्त बनाउँदै छ । यसले वायुमण्डलको तापमानसमेत वृद्धि गर्दै छ र मौसममा अकल्पनीय परिवर्तन ल्याउँदै छ ।



विज्ञहरूका अनुसार प्रति एकदशक १.३ डिग्री सेल्सियस तापमान बढ्दै गइरहेको छ । तापमान यही रफ्तारमा बढ्दै गयो भने यहाँ आश्रित जीवजन्तुको हालत के होला ? रूख, बोटबिरुवा उम्रेलान् कि नउम्रेलान् ! पर्यावरणको सन्तुलन कस्तो होला ? मानिसमा यसको कस्तो असर पर्ला ? पर्यावरण बिग्रियो भने कुपोषण र विषाणुजनित रोगले मानिसलाई कुन हालतमा पुऱ्याउला ? जलवायु परिवर्तनले प्रत्येक वर्ष औसत ५० लाख नयाँ–नयाँ प्रकृतिका रोगबाट स्वस्थकर मानिस अचानक बिरामी पर्दै आएका छन् । यसको ५० प्रतिशतभन्दा बढी रोगीको रोग बेलैमा अनुसन्धान हुन नपाएर वा समयमा उपचार नपाएर मृत भएका छन् । यस्ता ग्यासहरूको उत्सर्जनले पृथ्वीको वायुमण्डलीय तापमान लगातार बढाउदै लगेको छ । यसले अर्कोतर्फ समुन्द्रको तापमान पनि बढाएको छ । बिज्ञहरूका अनुसार यही सय वर्षभित्र वायुमण्डलमा ३ देखि ६ डिग्री सेल्सियससम्म तापमान बढेको छ । यसरी लगातार तापमान बढ्दा हिमश्रृङ्खलाहरू पग्लदै झर्न लागेका छन् । अहिले हिमश्रृङ्खलाहरू काला ढिस्कासरह बन्न पुगेका छन् । हिमश्रृङ्खलाहरू पग्लदा समुन्द्रको जल सतहमन्दा माथि उठेको छ । १ देखि ३ मिलीमिटरका दरले प्रतिवर्ष समुद्रसतह बढ्दै आएको छ । यसरी सामुद्रिक जलस्तर लतागार बढ्दै गयो भने सामुद्रिक सतहभन्दा एकदमै नजिकमा अवस्थित भू–भागहरू खास गरी मालद्वीप र बङ्गलादेशजस्ता मुलुकहरू डुब्न सक्छन् । मौसममा बदलावको स्थिति विकास हुनसक्छ । एकातिर यी केही मुलुकहरू डुब्ने र अर्कोतिर केही क्षेत्रहरूमा सुक्खा हुने, कहीं आँधी–तुफानहरू आउने र कहीं भयङ्यकर ठूल्ठुलोस्तरमा मनसुन हुने हुन्छ । यो स्थिति कहाँ पुगेर थिग्रेला वा ठहरावमा रहला ? सहजै अनुमान लगाउन सकिन्छ ।

यस मानेमा पनि अहिले पर्यावरण आमचासोको विषय बनेको छ । स्वच्छ र प्रदूषण–मुक्त पर्यावरण मानिसको खोजी र सरोकारको विषय बनेको छ । यसबारे प्रकट हुने विषयगत साझा दायित्वप्रति मानिस यति धेरै सजग भइसकेको छैन । सजग गराउनु र सतर्कता ल्याउनु सम्बन्धित सबै राजनीतिक–सामजिक शक्ति र अन्य क्षेत्रमा क्रियाशील जिम्मेवारहरूको समेत दायित्व हो ।

आदिम समाज र यसपछि पनि निकै लामो समयसम्म पृथ्वीमा जङ्गलको सर्वव्यापकता थियो । यही ऋषि–मुनिहरू आश्रय लिन्थे । पापकर्म वा पापालोकका नाममा सही, तर यसको आसपास सिकार खेल्न पाइन्थ्यो । जङ्गली जनावरहरू निर्भयताका साथ घुम्थे, रमाउँथे । विभिन्न कारणले गाउँघर र बागबगैँचाको सामीप्यता हुन्थ्यो । यसको अभावमा बोटबिरुवा लगाइन्थ्यो । यसमा विभिन्न प्रकारका चराचुरुङ्गीहरू पाइन्थे । यसले प्रकृति र जीव विकासको प्रक्रियाबीच परस्परतामा निर्भर पर्यावरणलाई बचाएको थियो । मानिसको पर्यावरणसँग गहिरो मित्रता थियो । तर, अहिले दुनियाँभरमा प्रति एकवर्ष १.१ करोड हेक्टर बराबर वन फाडनी गरिन्छ । यसबाट क्रमशः

हिजोको जस्तो पर्यावरणीय मैत्री मानव सभ्यतामा ह्रास आइरहेको छ ।



हामीले नै कुनै निश्चित जाति–प्रजातिको जनावार वा पशुपक्षीलाई मात्र होइन, यसको एकोहोरो दोहन गरेर आफ्नै लागि पनि बस्न अयोग्य बनाइरहेका छौं ।

## कसरी हुँदैछ पर्यावरण विनाश

विज्ञानका नयाँ–नयाँ खोज–अनुसन्धान, यान्त्रिकी औजारको प्रयोग, वन फँडानी, जीवहरूको सहअस्तित्व विनाश, रासायनिक पदार्थहरूबीच सम्मिश्रण र विस्फोट एवं वातावरण विनाशकारी औद्योगिकरणको तीव्र विकासले अहिले पर्यावरण बिग्रँदै छ । पर्यावरण मात्र होइन, मुख्यतः चार किसिमले सगम्र प्रकृति प्रदूषित भइरहेको छ । अथवा, जीवकोषमा पर्ने असरका अतिरिक्त प्रकृतिमा मुख्यतः यी ४ किसिमले पर्यावरण विनाश भइरहेको छ । प्रकृति प्रदूषित भइरहेको छ । १) भूमि प्रदूषण, २) जल प्रदूषण, ३) वायु प्रदूषण र ४) ध्वनि प्रदूषण ।

उद्योगधन्दाका नाममा वन्यक्षेत्रको व्यापक ढङ्गले फँडानी हुँदैछ । जीवजन्तुहरू विलुप्त हुँदै छन् । कल–कारखानाबाट निस्केको विषपूर्ण ग्यासले वायुमण्डललाई विषमय बनाइदिँदै छ । कारखानाबाट निस्केको व्यर्थ पदार्थजन्य पानीले नदीनाला र माटोलाई प्रदूषित गर्दै आएको छ । परिणामतः मानव निर्मित विकारलाई आहार बनाउने जीवकोषको विनाश भइरहेको छ । यसले क्रमशः मानिसको स्वास्थ्यमा पनि प्रतिकूल असर पार्दै आएको छ । अब मानिस आफैमा बुद्धिमतापूर्वक बाँच्न सक्ने प्राणी हुँदाहुँदै पनि यान्त्रिक विज्ञानलगायतका क्षेत्रमा उसले उठाएका निर्लट्टपूर्ण कदम र तदनुरुपका कामले गर्दा वातावरण बिग्रँदै गएको छ । पर्यावरण सम्पन्न प्राकृतिक स्नहेबाट मानिस क्रमशः ठगिँदै र टाढिँदै गएको छ । प्रदूषित वातावरणलाई सामना गर्न सक्ने सामर्थ पनि मानिसमा छैन । पछाडि फर्केर पर्यावरणीय मानव सभ्यतातर्फ जान पनि सक्दैन । अन्ततः मानिस विकासका नाममा विनाशतर्फको यात्रा तय गर्दै छ ।

हामी हिमाल, पहाड र कैयौं नदीनालाका सम्पन्न देशका देशवासी भए पनि औद्योगिक क्रान्ति गर्ने विकसित र विकासोन्मुख देशले फालेको कार्बनडाइ-अक्साइडका कारण हिमश्रृङ्खलाका हिउँ पनि पग्लँदै झर्न बाध्य छन् । अक्सिजनको शुद्धता पनि यही पग्लँदै गरेको बर्फको बहावमा बगिरहेको छ । विकासको नाममा आज मानिसले प्रकृतिको जे–जति विनाश गरेको छ, यसको कारण मानिस आफै बाँच्न नसक्ने प्रदूषित प्रकृति निर्माण हुँदै गएको छ ।

हाम्रो जस्तो कृषि प्रधान देशमा भूमि, जल, वायुजस्ता कुरा प्रदूषित भए भने ठूलो हाहाकार सिर्जना स्थितिलाई कसैले रोक्न सक्दैन । अशिक्षा, गरिबी, बेरोजगारी, अभावजस्ता आधारभूत समस्याग्रस्त अधिकांश नागरिकको चेतना र सामर्थभन्दा टाढाको यो प्रदूषणले उठ्नै नसक्ने गरी ढाक्यो भने उन्मुक्ति पाउन निकै गाह्रो पर्ने सुनिश्चित छ ।

## सैद्धान्तिक मार्गदर्शनको पहिलो आधार

'नेपाल भूपरिवेष्टित छ । देशको प्रगति र विकासका निम्ति यो एउटा प्रतिकूल र बाधा बनेको छ । तर, यो नियतिको रूपमा छ र यसमा परिवर्तन सम्भव छैन । यसले छिमेकीहरूसँग मित्रतापूर्ण सम्बन्ध राखेर आफ्नो विकास निर्माण गर्नु अनिवार्य बनाएको छ । वैदेशिक दासत्व र पराधीनता हामीलाई स्वीकार्य छैन र शत्रुता हाम्रो चाहना होइन । त्यसकारण हामी समानता र पारस्परिक लाभमा आधारित पञ्चशीलको सिद्धान्तअनुरूप मित्रतापूर्ण सम्बन्ध विकास गरेर यो प्रतिकूलतामा विजय हासिल गर्न चाहन्छौं । तर, यो आफ्नो देशको जनतालाई शोषण उत्पीडन गर्ने र विदेशी शक्तिसामु घुँडा टेक्ने प्रतिक्रियावादी वर्ग र राजनीतिक शक्तिबाट सम्भव छैन । यसबाहेक प्राकृतिक स्रोत सम्पदामा हाम्रो देश धनी छ र जनता इमान्दार र परिश्रमी छन् । सामन्ती तथा साम्राज्यवादी शोषणलाई समाप्त पार्ने जनताको श्रम, सीप र प्रतिभालाई विकास

निर्माणमा सञ्चालन गर्न र प्राकृतिक स्रोत सम्पदालाई राष्ट्रिय हितमा उपयोग गर्ने प्रगतिशील विकासको दिशा अवलम्बन गर्ने हो भने नेपाल विश्वकै एउटा सुन्दर, समृद्ध र सुखी देश बन्न सक्ने कुरामा कुनै शङ्का गर्नु पर्दैन ।'– *नेपाली क्रान्तिको कार्यक्रम– जनताको बहुदलीय जनवाद– २.१ ।*

आजभन्दा २१–२२ वर्ष पहिले नेपाली क्रान्तिको नवीन मार्क्सवादी कार्यक्रमिक संस्करण– जनताको बहुदलीय जनवादी क्रान्तिको अवधारणा अपरिहार्य ढङ्गले विकास भइरहँदा आजजस्तो प्रकृति, पर्यावरण र पर्यावरणीय सन्तुलन बिग्रेको थिएन नै । तथापि, सर्वत्र मानव हित र मानवनिर्मित वस्तुको प्रयोगसँगै मानव विकासको पक्षमा समकालीन एवं विद्यमान पर्यावरणीय सन्तुलनलाई बचाउन र बनाउन जनताको बहुदलीय जनवादी क्रान्तिको कार्यक्रमले उत्तिकै महत्व दिएको माथिको अंशबाट प्रस्ट हुन्छ ।

**पछिल्लो समयमा आएर त सर्वहारा–श्रमजीवी वर्गाश्रित जनताको सङ्गठित दरिलो तागतलाई भिन्न–भिन्न जाति–गोत्र–भाषा–धर्म–संस्कृति–सम्प्रदाय आदिको नाममा धावा बोल्दै विकसित मानव पर्यावरणीय सभ्यातालाई समेत तोड्ने काम भइरहेको यदाकदा पाइन्छ ।**

समाजको आधारभूत भौतिक विकास बिना समाजवाद प्राप्तिको भविष्य अन्योलमा रहने कुराको सुनिश्चितता गर्ने जनताको बहुदलीय जनवादी कार्यक्रमले जीव र जीवविकासको खोज अनुसन्धानलाई मात्रात्मक विकासबाट गुणात्मक विकास, परिवर्तन एवं रूपान्तरणका लागि समाजलाई झक्झकाइरहेको हुन्छ । मानव सभ्यताले पूर्ण समाज नै उसको पहिलो घरको रूपमा प्रतिबिम्बित गर्दै आएको छ । सामाजिक र सांस्कृतिक हिसाबले प्रकृति र प्राकृतिक पर्यावरणसँग मानिसको अन्योन्याश्रित सम्बन्ध रहेको कुरा जनताको बहुदलीय जनवादी क्रान्ति, जो आफैमा सामाजिक क्रान्तिको समेत कार्यक्रम हो, ले पटक–पटक पुष्टि गरेको छ । पर्यावरण र पर्यावरण सन्तुलनका बीच हुर्केका मानवीय सभ्यताहरूले नेपाली समाज पूर्ण रहेकोले पुँजीवादी जनवादी क्रान्तितर्फ अग्रसर गराउँदै जनताको जनवादी व्यवस्था स्थापनार्थ यसलाई राष्ट्रिय हितमा अधिकतम प्रयोग गर्न सक्दा नेपाल विश्वको दुर्लभ भूखण्ड बन्ने कुराको परिकल्पना जनताको बहुदलीय जनवादी क्रान्तिले प्रस्टताका साथ अघि सारेको छ, एउटा पृथक् अवधारणा विकास गरेको छ ।

सामन्तवादविरोधी पुँजीवादी क्रान्तिको नेतृत्व गरेका युरोप, अमेरिका र कतिपय पश्चिमा मुलुकहरूले प्रकृति पर्यावरणीय सन्तुलनसँग मानव सभ्यताको विकास गर्दै आएका सस्याना अन्य कतिपय मुलुकहरूको अधीनस्थ रहेका प्राकृतिक, भौतिक एवं जैविक सम्पदामाथि जबरजस्त हस्तक्षेप गरेका कारण जमिनमाथिको स्वामित्व असमान छ । बजार व्यवस्थापन असमान छ । अर्थतन्त्र असमान छ । बितरण प्रणाली असमान छ । यहाँ रहेका कैयौं विविधतामाथि साम्राज्यवादी गिद्धेदृष्टिकोण बलशाली बनेर प्रकट भएको छ । प्रकृतिप्रेमी आदिम समाजवादी समाजदेखि अहिलेसम्मको सामाजिक व्यवस्थापन अत्यन्तै हिंस्रक शैलीमा तहसनहस भएको इतिहास अध्ययनबाट प्रस्ट हुन्छ ।

यहीबाट क्रमशः एकपक्ष प्राकृतिक पर्यावरणको समीपमा आश्रित रहने र अर्को पक्ष प्रकृतिको बलपूर्वक दोहन एवं निर्ममतापूर्ण विनाशमा लाग्ने गरेको पाइन्छ । पर्यावरण सन्तुलन वा यसको बिघटनसँगसँगै दुनियाँमा सर्वहारा–श्रमजीवी जनताको वर्ग र पुँजीवादी क्रान्तिको एकछत्र विकासले यसैलाई मरणासन्न बनाएको विद्यमान अवस्थापछि एकलौटी मुनाफा आर्जन गर्दै हैकम कायम गरेको साम्राज्यवादी शक्तिहरूबीच द्वि–ध्रुवीय टकराव जारी छ । पछिल्लो समयमा आएर त सर्वहारा–श्रमजीवी वर्गाश्रित जनताको सङ्गठित दरिलो तागतलाई भिन्न–भिन्न जाति–गोत्र–भाषा–धर्म–संस्कृति–सम्प्रदाय आदिको नाममा धावा बोल्दै विकसित मानव पर्यावरणीय सभ्यातालाई समेत तोड्ने काम भइरहेको यदाकदा पाइन्छ ।

### सैद्धान्तिक मार्गदर्शनको दोस्रो आधार

'जमिनको आकार, उर्वरा शक्ति र भू–बनौटको आधारमा प्रगतिशील भूमिकर प्रणालीको विकास गरी लागू गर्ने र जमिनको प्रकृति, माटो र हावापानी आदिको आधारमा देशका विभिन्न भू–भागमा खाद्यान्न नगदेबाली, पशुपालन र फलफूलको विकासमा योजनाबद्ध रूपले अघि बढ्दै कृषिको आधुनिकीकरण

गर्ने र कृषिक्षेत्रलाई कुटिर एवं आधुनिक उद्योग स्थापना, प्रवर्द्धन र विकासमा योगदान पुऱ्याउने किसिमले विकास गर्ने, कृषिक्षेत्रलाई उद्योग, व्यापार र अन्य सेवा क्षेत्रसँग एकाकार गर्न र ग्रामीण क्षेत्रलाई आत्मनिर्भर बनाउन एकीकृत ग्रामीण विकास कार्यक्रम लागू गर्ने, देशको वनजङ्गल र अन्य प्राकृतिक स्रोत विनाशलाई रोकी वनजङ्गलको विकास र संवर्द्धन गर्ने र वातावरण अथवा पर्यावरणको संरक्षण गर्ने' कुराको ग्यारेण्टि जनताको बहुदलीय जनवादी क्रान्तिको कार्यक्रमले गरेको छ । – *नेपाली क्रान्तिको कार्यक्रम– जनताको बहुदलीय जनवाद– ३.१० ।*

यसरी हेर्दा प्रकृतिप्रदत्त पर्यावरण एवं वातावरणीय आधारहरू – मानव, जीवजन्तु, सौर्य–उर्जा, हावा–पानी, माटो, नदीनाला, समुद्र, पहाड, वनस्पति, आकाश आदिको सन्तुलनलाई मानव जीवनयापन र विकासका क्षेत्रमा उसको आवास, भोजन, लत्ताकपडा, शुद्ध खानेपानी, स्वस्थ्यकर जीवन, स्वस्थ्य सुविधा, सुरक्षा, स्वरोजगारमय वातावरण आदिको परस्परतासँग बुझ्न जबजले मार्गनिर्देश गरेको छ । यसले विकास र पर्यावरण संरक्षणलाई एकैसाथ लैजान प्रेरित गरेको छ । विकासको नियमलाई सामाजिक पक्ष, आर्थिक पक्ष र पर्यावरणीय पक्षबाट कार्यान्वयन गर्न प्रेरित गरेको छ । जनताको साझेदारीपूर्ण लगानीमा जनताद्वारा जनताका आवश्यकता पूरा गर्न ग्रामीण कृषि र कृषक उद्यमशीलतालाई बढावा दिएको छ ।

**बचाव/रोकथाम**

जनसङ्ख्या वृद्धिमा नियन्त्रण, वनजङ्गल विनाशको तत्काल रोकथाम, वैकल्पिक आधार निर्माण, प्राकृतिक र सांस्कृतिक सम्पदाको उचित संरक्षण, जैविक विविधताको संरक्षण, हरित अर्थतन्त्र र यसका विकासे योजना परियोजनाहरूको प्रभावकारी कार्यान्वयन, प्रदूषणरहित प्रविधिको विकास र प्रयोगमा जोड, मरुभूमितुल्य ठाउँहरूमा औद्योगिकीकरण, आणविक हातहतियार निर्माण र प्रयोगमा तत्काल रोकथाम, रासायनिक पदार्थको प्रयोगमा रोक, उपलब्ध जल बचाव र जल उपयोगिताका लागि यसको चक्रीयक्रम निर्माणजस्ता तत्काल आरम्भ गरिनुपर्ने कार्यायोजनले वातावरणलाई बचाउन र स्वच्छ बनाउन सक्छ र आजको विकसित मानव सभ्यता प्रकृति पर्यावरण मैत्रीय हुन्छ । पर्यावरण अध्ययन र कार्यान्वयनको विषयलाई प्राथमिक विषय निर्धारणले प्रकृतिमोह जगाउँछ, बढाउँछ र पर्यावरण सन्तुलित जनमैत्रीय वातावरण निर्माणमा व्यक्तिको भूमिका अपरिहार्यताको सर्वस्वीकार्य सिद्धान्तका रूपमा अभिवृद्धि गर्छ ।

हरित क्रान्ति, हरित पर्यावरण, हरित अर्थतन्त्र, हरित वातावरण आदिको बचाव हरियो रङ वा हरियो रङ्गिलो वस्तुको प्रयोगले मात्र होइन । प्रकृति आधारित हुनुपर्छ । कहिलेकाँही पर्यावरण अभाव देखिने मरुभूमि वा मरुभूमितुल्य जमिनमा पनि हरियोपन प्रकट हुन सक्छ । तर, यहाँ जीवकोषको विकास सम्भव हुँदैन । जीवकोषको विकासका लागि पर्यावरणीय सन्तुलन नै पहिलो सर्त हुन्छ । यसैले जननेता मदन भण्डारी भन्नुहुन्छ– सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्छ ।

मानव विकास र जैविक विविधता एकापसमा अन्तरसम्बन्धित हुने हुनाले मानिसको गाँसबास, जीवनशैली, सामाजिक गतिविधि, आर्थिक पक्षसँग यो विविधताको महत्त्व गाँसिएको हुन्छ । जनताको बहुदलीय जनवादले यस खालको विविधतालाई अमूल्य सम्पत्तिको रूपमा ग्रहण गर्न र यसको प्रयोगबाट हामीलाई गौरवान्वित हुन आधार प्रदान गर्दछ ।

फुर्सद निकालेर एकैछिन मनन गरौं त– पर्यावरण दूषित भयो भने यो धर्तीको के होला ? धर्ती हाम्रो साझा घर हो । पर्यावरण यसको छानो हो । तर, छानो नै उजाडियो भने यो घरको के होला ? मानव सभ्यतासँगै जीवकोषीय अस्तित्वमा आएका अन्य जीवजन्तु तथा वनस्पतिको के होला ? यो महान् राजनीतिक कार्यक्रमको प्रकाशमा सर्वत्र मानव हित सर्वोपरि पर्यावरणको रक्षा गर्नु हामी सबैको साझा दायित्व हो । नेपाली क्रान्तिको मौलिक एवं सामाजिक कार्यक्रम– जनताको बहुदलीय जनवादको इमान्दार कार्यान्वयन र पर्यावरण संरक्षण एवं वातावरण सन्तुलन निर्माणको पक्षमा आजैबाट जुटौं ।

**सन्दर्भ सामग्री :–**

नेपाली क्रान्तिको कार्यक्रम–जनताको बहुदलीय जनवाद ।

ICAPP विशेष सम्मेलनको घोषणा–पत्र र यहाँ प्रस्तुत सामग्री, सियान–चीन, २०१३ । ■

# मदन भण्डारी फाउण्डेशनका जिल्ला एकाइहरू

| क्र. सं. | जिल्ला | अध्यक्षको नाम | टेलिफोन नं. |
|---|---|---|---|
| १. | ताप्लेजुङ | सन्तोष चामलिङ्ग | ९८४२६६०७२७ |
| २. | पाँचथर | नरबहादुर गुरुङ्ग | ९७४२६३०३४४ |
| ३. | इलाम | अगम वान्तवा | ९८४२६२७५३३ |
| ४. | झापा | देवेन्द्र दाहाल | ९८५२६७०५७७ |
| ५. | तेह्रथुम | किशोरचन्द्र दुलाल | ९७४२००५०७७ |
| ६. | संखुवासभा | तुलसी न्यौपाने | ९८४२१००१११ |
| ७. | धनकुटा | दीपक बुढाथोकी | ९८४२२५६५८४ |
| ८. | उदयपुर | विमल कार्की | ९८४२८७१४०४ |
| ९. | खोटाङ्ग | राम दँगाल | ९७५३००४३४४ |
| १०. | सिन्धुली | कौशल कोइराला | ९७४४०२२७५४ |
| ११. | चितवन | जगन्नाथ थपलीया | ९८५५०५७२०५ |
| १२. | मकवानपुर | रघुनाथ खुलाल | ९८५५०६७७५९ |
| १३. | दोलखा | गोपाल न्यौपाने | ९७५४२०१५०१ |
| १४. | काठमाडौं | सानुकुमार श्रेष्ठ | ९८५१०१३४१७ |
| १५. | रसुवा | सुमन भट्ट | ९७४११८६७७५ |
| १६. | भक्तपुर | शशिजङ्ग थापा | ९८५१०६९१५८ |
| १७. | रामेछाप | प्रकाश कार्की | ९७४१०५८०३० |
| १८. | धादिङ्ग | खेम लोहनी | ९८५१०२२११७ |
| १९. | सिन्धुपाल्चोक | होमनारायण श्रेष्ठ | ९८५१००३३८८ |
| २०. | बाग्लुङ्ग | प्रेम लामिछाने | ९८५७६२०८४४ |
| २१. | पर्वत | प्रेम पौडेल | ९८४७७८२८२७ |
| २२. | दाङ्ग | शिवकुमार आचार्य | ९८४७८४६४४५ |
| २३. | बाँके | निरक गुरुङ्ग | ९८५८०२०५४६ |
| २४. | बर्दीया | हरी ज्ञवाली | ९८४८०४६५४८ |
| २५. | सुर्खेत | नवराज रावत | ९७४८०४१८३४ |
| २६. | दैलेख | रविन्द्र शर्मा | ९८४८०२६६०९ |
| २७. | जाजरकोट | लालबहादुर महतरा | ९७४८०५०८१४ |
| २८. | बाजुरा | पुरबहादुर रावत | ९८४९१५५७०५ |
| २९. | कैलाली | रामचन्द्र जोशी | ९८४८५५५९५६ |
| ३०. | डोटी | दुर्गा ओझा | ९८४८४७८९८८ |
| ३१. | अछाम | प्रकाश शाह | ९८४८६२२३७६ |
| ३२. | बझाङ | मानप्रसाद खत्री | ९७४१०७२६७५ |
| ३३. | दार्चुला | दीपक अवस्थी | ९८४८७२७५११ |
| ३४. | बैतडी | दामोदर भण्डारी | ९७४९५०३६३६ |
| ३५. | कंचनपुर | बीरबहादुर बुढाथोकी | ९८५८७५०४४६ |
| ३६. | डडेल्धुरा | पठान सिं बोहरा | ९८४८८०६६१६ |
| ३७. | कालीकोट | धीरबहादुर बम | ९८४८३७५५३४ |

पछाडि फर्केर हेर्दा

# आजको दिशाबोधका लेखकहरू

मदन भण्डारी फाउन्डेसनद्वारा वार्षिक रूपमा असार १४ गते प्रकाशित हुने आजको दिशावोधका अङ्क १ देखि अङ्क ६ सम्म सामग्री उपलब्ध गराउनुहुने महानुभावहरूको नामावली यसप्रकार रहेको छ। २०६१ मा अङ्क १ प्रकाशित भएको थियो जसमा केपी शर्मा ओली, वामदेव गौतम, प्रदिप गिरी, गुरु बराल, कमल थापा, चित्रबहादुर के.सी., विमलेन्द्र निधी, चक्रप्रसाद बाँस्तोला, विराज भण्डारी र स्वाभिमान आचार्यले सामाग्रीहरू उपलब्ध गराउनुभएको थियो। २०६५ मा अङ्क २ प्रकाशित भएको थियो सो अङ्कमा माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली, शंकर पोखरेल, कनकमणि दीक्षित, टंक कार्की, शम्भू थापा, सुशिल प्याकुरेल, विद्यादेवी भण्डारी, नरहरी आचार्य, स्वनाम, हृदयेश त्रिपाठी, दमननाथ ढुंगानाले उपलब्ध गराउनु भएका सामाग्रीहरू प्रकाशित भएका थिए। यसैगरी सामयिक हुने ठानी हामीले जननेता मदन भण्डारीको रचना पनि समावेश गरेका थियौं। २०६६ मा अङ्क ३ प्रकाशित भएको थियो र सो अङ्कमा झलनाथ खनाल, माधवकुमार नेपाल, के.पी. शर्मा ओली, गुरू बराल, घनश्याम भूसाल, रामेश्वर फुयाल, गोपाल थपलिया, गरिमा शाह, लोककृष्ण भट्टराई, प्रा. चिरञ्जीवी शर्मा, महिन सुब्वा, चैतन्य शर्मा, गणेश वि.के., इन्द्रलाल सापकोटा, पदमबहादुर पौडेल, मिहिर ठाकुर, शिबमाया तुम्बाहाङफे, हेमनाथ पौडेल, अम्बिकाप्रसाद निरौला, नेत्रप्रसाद पौडेल, सुधिर साह, नविना लामा, प्रेमचन्द्र राई, जयराम थापा र रमा आले मगरका लेख रचनाहरू प्रकाशित भएका थिए।

२०६७ मा अङ्क ४ प्रकाशित भएको थियो र त्यस अङ्कमा माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली, प्रदिप नेपाल, विद्यादेवी भण्डारी, गुरु बराल, देवराज घिमिरे, खगराज अधिकारी, हिक्मत कार्की, विष्णु रिमाल, सुवोधराज प्याकुरेल, गोमा देवकोटा, प्रेम दगाल, डोरमणी पौडेल, प्रा. चिरन्जीवी शर्मा, रामेश्वर फुयाल, राजेन्द्र राई, गोकुल बाँस्कोटा, प्रा.डा. गणेशमान गुरुङ्ग, देवप्रकाश त्रिपाठी, रमेश सिलवाल, कर्णबहादुर थापा, राजेन्द्रमान श्रेष्ठ, माधव ढुंगेल, सुवास देवकोटा, युवराज घिमिरे, विशाल भट्टराई र भेषराज अधिकारी का लेख रचनाहरू प्रकाशित भएका थिए। २०६८ मा अङ्क ५ प्रकाशित भएको थियो जसमा माधवकुमार नेपाल, केपी शर्मा ओली, प्रदीप ज्ञवाली, शंकर पोखरेल, छविलाल विश्वकर्मा, देवराज घिमिरे, रमेश सिलवाल, प्रदीप नेपाल, सत्यनारायण मण्डल, रामप्रसाद पराजुली र यादवप्रकाश लामिछानेका लेख रचनाहरू प्रकाशित भएका थिए। २०६९ मा सबैभन्दा पछिल्लो अङ्क ६ प्रकाशित भएको थियो र यसमा विद्यादेवी भण्डारी, झलनाथ खनाल, माधवकुमार नेपाल, केपी शर्मा ओली, मोदनाथ प्रश्रित, प्रदिप ज्ञवाली, छविलाल विश्वकर्मा, बेदुराम भुषाल, सुवोधराज प्याकुरेल, बद्रीविशाल पोखरेल, भेषराज अधिकारी र लालबाबु यादवका लेख रचनाहरू प्रकाशित भएका थिए। यस अङ्कमा सामयिक हुने ठानी जननेता मदन भण्डारीको लेख पनि प्रकशित भएको थियो।


■


# प्रकाशित अङ्कहरु



दिशाबोध
मदन स्मारिका


दिशाबोध
मदन स्मारिका २०६५


आजको
दिशाबोध
मदन स्मारिका


आजको
दिशाबोध


आजको
दिशाबोध


आजको
दिशाबोध

## गतिविधिहरू

# मदन भण्डारी

## राष्ट्रिय पुरस्कार-२०६८ वितरण




काठमाडौं । नेपालको लोकतान्त्रिक तथा वामपन्थी आन्दोलनका विशिष्ट धरोहर एवं जनताको बहुदलीय जनवादका प्रणेता जननेता मदन भण्डारीको स्मृतिमा स्थापित **मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०६८** वितरण समारोह २०६९ साल चैत्र २६ गते मदन भण्डारी फाउन्डेसनको आयोजनामा काठमाडौंमा सम्पन्न भयो ।

प्रमुख अतिथिको रूपमा मन्त्रीपरिषद्का अध्यक्ष सम्माननीय खिलराज रेग्मीको उपस्थिति थियो भने विशेष अतिथिको रूपमा नेकपा (एमाले) का वरिष्ठ नेता क. केपी शर्मा ओलीको उपस्थिति रहेको थियो । कार्यक्रमलाई प्रमुख अतिथि तथा विशेष अतिथिले सम्बोधन गर्दै पुरस्कृत संस्थालाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

पुरस्कार छनौटबारे वरिष्ठ साहित्यकार एवं पुरस्कार छनौट समितिका प्रमुख मोदनाथ प्रश्रितले मन्तव्य प्रकट गर्नुभएको थियो । यसैगरी मदन भण्डारी राष्ट्रिय पुरस्कार कोषका संयोजक प्रदिप ज्ञवालीले पुरस्कार कोषका बारेमा स्पष्ट पार्नुभएको थियो । पुरस्कार सहिद स्मारक विकास समितिलाई प्रदान गरिएको र उक्त समितिका अध्यक्ष डोरमणी पौडेलले

पुरस्कार तथा प्रमाण–पत्र प्रदान गरिएको थियो । नेपाल प्रज्ञा प्रतिष्ठानका कूलपति बरागी काइलाले बधाई तथा शुभकामना प्रकट गर्नुभएको थियो । सम्मान–पत्र मदन भण्डारी फाउन्डेसनका सचिव भेषराज अधिकारीले वाचन गर्नुभएको थियो ।

Madan Bhandari Foundation
मदन भण्डारी फाउण्डेशन

# प्रशंसा-पत्र

श्री डोरमणि पौडेलज्यू,
**हेटौंडा-११, मकवानपुर ।**

**नेपालको लोकतान्त्रिक तथा वामपन्थी आन्दोलनमा यहाँको निष्ठापूर्ण योगदान, निर्वाचित नगर-प्रमुखको रूपमा हेटौंडा नगरपालिकालाई सुन्दर, स्वच्छ र हरियालीयुक्त नमूना नगरी बनाउन एवम् स्थानीय स्तरमा लोकतान्त्रिक अभ्यास तथा स्वशासनको परिकल्पनालाई व्यवहारिक रूप दिन खेल्नु भएको उत्कृष्ट भूमिका एवम् जनस्तरबाट साधन स्रोतको परिचालन गरी हेटौंडामा मुलुककै आकर्षक शहीद स्मारक निर्माण गरी राष्ट्रको गौरवगाथा, शहीदहरूका आदर्श एवम् सामाजिक-आर्थिक रूपान्तरणमा प्रस्तुत गर्नुभएको दृष्टान्तका लागि यो प्रशंसा पत्र प्रदान गरिएको छ ।**

**यहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**

| मोदनाथ प्रश्रित | प्रदीप ज्ञवाली | विद्यादेवी भण्डारी | खिलराज रेग्मी |
|---|---|---|---|
| संयोजक | संयोजक | अध्यक्ष | अध्यक्ष |
| पुरस्कार छनौट समिति | मदन भण्डारी राष्ट्रिय पुरस्कार कोष | मदन भण्डारी फाउण्डेशन | मन्त्रिपरिषद्, नेपाल सरकार |

२६ चैत्र, २०६९, काठमाडौं



*शहिद स्मारक हेटौंडामा जननेता मदन भण्डारीको पूर्णकदको शालिक*

Madan Bhandari Foundation
मदन भण्डारी फाउण्डेशन

# मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०६८

## सम्मान-पत्र

श्री शहीद स्मारक विकास समिति
**हेटौँडा ।**

नेपालको राष्ट्रिय स्वतन्त्रता र सामाजिक मुक्तिका निम्ति सञ्चालित देशभक्तिपूर्ण युद्ध, लोकतान्त्रिक तथा वामपन्थी आन्दोलन र सामाजिक रूपान्तरणको अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने १२ जना शहीदहरूको एउटै ढुङ्गामा स्मारक निर्माण, जननेता मदन भण्डारीको पूर्ण कदको प्रतिमासहित मदन वाटिका स्थापना, इतिहासका विभिन्न कालखण्डमा सञ्चालित आन्दोलनहरूको प्रतीकात्मक चित्रसहितको शहीद स्मृति स्तम्भ निर्माण, शहीदहरूका बारेमा अध्ययन-अनुसन्धान गर्न शहीद ग्यालरी स्थापना, सामाजिक आन्दोलनका विशिष्ट व्यक्तित्व रूपचन्द्र बिष्टको सम्मानमा 'थाहा' स्तम्भको निर्माण एवम् निर्माणाधीन प्रजातान्त्रिक पार्क आदिका माध्यमबाट नेपालको गौरवगाथा, शहीदहरूको आदर्श तथा सामाजिक परिवर्तनको सन्देश सम्प्रेषणमा उल्लेखनीय भूमिका निर्वाह गरेकोमा साथै बाल उद्यान, चिडिया घर, भ्यु टावर, नर्सरी तथा पिकनिक स्थल आदिका माध्यमबाट वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन एवम् जनस्तरबाट सामाजिक कार्यको अनुकरणीय दृष्टान्त स्थापना गरेकोमा संस्थाको उच्च मूल्याङ्कन गर्दै **श्री शहीद स्मारक विकास समिति**, हेटौँडालाई जननेता मदन भण्डारीको स्मृतिमा मदन भण्डारी फाउण्डेशनद्वारा स्थापित रू. १,००,०००/- (एक लाख) नगद राशी सहितको **मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०६८** अर्पण गरिएको छ । संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

| मोदनाथ प्रश्रित | प्रदीप ज्ञवाली | विद्यादेवी भण्डारी | खिलराज रेग्मी |
|---|---|---|---|
| संयोजक | संयोजक | अध्यक्ष | अध्यक्ष |
| पुरस्कार छनौट समिति | मदन भण्डारी राष्ट्रिय पुरस्कार कोष | मदन भण्डारी फाउण्डेशन | मन्त्रिपरिषद्, नेपाल सरकार |

२६ चैत्र, २०६९, काठमाडौं

कार्यक्रममा डोरमणी पौडेलले मन्तव्य प्रकट गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसनका अध्यक्ष विद्यादेवी भण्डारी र सञ्चालन महासचिव हिक्मत कार्कीले गर्नुभएको थियो । स्मरण रहोस् **मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०६७** वरिष्ठ कलाकारहरू मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई संयुक्त रूपमा प्रदान गरिएको थियो ।




**मदन-आश्रित स्मृति दिवश सम्पन्न**

कालीकोट। मदन-आश्रित स्मृति दिवश ३ जेठ २०७० को सन्दर्भमा मदन भण्डारी फाउन्डेसनको आयोजनामा 'जननेता मदन भण्डारी र जनताको बहुदलीय जनवाद' विषयक विचार गोष्ठी सदरमुकामस्थित जिल्ला विकास समितिको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रमको प्रमुख अतिथि मदन भण्डारी फाउण्डेसनका तुलाराज विष्ट हुनुहुन्थ्यो। विचार गोष्ठीमा प्रमुख अतिथि विष्टलगायत मदन भण्डारी स्पोर्टस एकेडेमीका केन्द्रीय सदस्य नगेन्द्र शाही, नेकपा (एमाले) जिल्ला कमिटीका उपाध्यक्ष कमरेड विश्वराज वम, अखिल नेपाल महिला संघकी केन्द्रीय सदस्य विजया विष्ट, नेपाल बार एसोसिएसन कालीकोट जिल्ला बारका अध्यक्ष अधिवक्ता हिक्मतबहादुर विष्ट, जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद तिवारी, नेकपा-माओवादीका केन्द्रीय सदस्य धनजीत शाही, एनेकपा माओवादीका क्षेत्रीय व्यूरो सदस्य दान सहकारी, नेपाली काँग्रसेका महासमिति सदस्य भूपेन्द्रजङ्ग शाही आदिले आ-आफ्नो विचार प्रकट गर्नुभएको थियो। कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसन कालीकोटका अध्यक्ष धीरबहादुर बम र सञ्चालन नेकपा (एमाले) कालीकोट जिल्ला कमिटीका उपसचिव कमलबहादुर शाहीले गर्नुभएको थियो।

**मदन जयन्तीको अवसरमा विचारगोष्ठी**

कालीकोट। जननेता मदन भण्डारीको जन्मजयन्तीको अवसरमा १४ असार १०६९ मा मदन भण्डारी फाउन्डेसन कालीकोट एकाइ र नेपाल बुद्धिजीवी परिषद् कालीकोटको संयुक्त आयोजनामा '२१ औं शताब्दीमा जनताको बहुदलीय जनवाद र जननेता मदन भण्डारी' विषयक विचारगोष्ठी सम्पन्न भएको छ। प्रमुख अतिति मदन भण्डारी फाउन्डेसनका तुलाराज विष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विष्ट, नेकपा (एमाले) जिल्ला कमिटीका कमरेड विश्वराज वम, मदन भण्डारी स्पोर्टस एकेडेमीका केन्द्रीय सदस्य नगेन्द्र शाही, अखिल नेपाल महिला संघकी केन्द्रीय सदस्य विजया विष्ट, मदन भण्डारी फाउन्डेसन कालीकोटका सदस्य हंसबहादुर शाही लगायतले आ-आफ्नो विचार प्रकट गर्नुभएको

थियो । नेपाल बुद्धिजीवी परिषद् कालीकोटका अध्यक्ष तुलाराम पाण्डेको अध्यक्षता र नेकपा (एमाले) जिल्ला कमिटीका उपाध्यक्ष विश्वराज वमको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।



*शहिद स्मारक हेटौंडा*

## मदन जयन्तीको सन्दर्भमा विचार गोष्ठी

डोटी । जननेता मदन भण्डारीको ६१ औं जन्म जयन्तीको सन्दर्भमा मदन भण्डारी फाउन्डेसन डोटी जिल्लाको आयोजनमा २०६९ असार १४ गते '२१ औं शताब्दीमा जनताको बहुदलीय जनवादको सान्दर्भिकता' विषयक विचार गोष्ठी सदरमुकामस्थित फेकोफनको सभाहलमा सम्पन्न भएको छ। विचार गोष्ठीमा पूर्व सभासद् हर्कबहादुर सिं, नेकपा एमालेका चक्र मल्ल, नारद मलासी आदिले आ-आफ्नो विचार राख्नुभएको थियो । कार्यक्रम मदन भण्डारी फाउन्डेसनका जिल्ला अध्यक्ष दुर्गा ओझाको अध्यक्षता र सचिव कल्पना मडैको सञ्चालनमा भएको थियो। कार्यक्रममा फाउन्डेसनका जिल्ला सदस्य मन्जु मलासीले स्वागत मन्तव्य प्रकट गर्नुभएको थियो ।

## जिल्ला भेला

धनकुटा । मदन भण्डारी फाउन्डेसन जिल्ला कार्यसमितिको आयोजनामा २०६९ चैत्र १५ गते जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र साधारण सदस्यहरूको विस्तारित जिल्ला भेला फाउन्डेसनका केन्द्रीय सदस्य एवं पूवाञ्चल संयोजक देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त भेलामा नेकपा (एमाले) धनकुटाका अध्यक्ष राजेन्द्र राई, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य टिकाराम चेम्जोङ्ग लगायतले वोल्नु भयो । उक्त भेलाको अध्यक्षता फाउन्डेसनका जिल्ला अध्यक्ष दिपक बुढाथोकी र कार्यक्रमको सञ्चालन सचिव होमबहादुर बस्नेतले गर्नु भएको थियो । भेलामामदन भण्डारी र जवज सम्बन्धी अन्तरक्रियाभएको थियो ।

## फाउन्डेसनको जिल्ला कार्यालय उद्घाटन

धनकुटा । मदन भण्डारी फाउन्डेसनको जिल्ला कार्यालय धनकुटाको उद्घाटन नेकपा (एमाले) का बरिष्ठ नेता क.माधवकुमार नेपालद्धारा २०६९ चैत्र १६ गते धनकुटा जिल्ला धनकुटा नगरपालिका वडा नं. ७ मा एक समारोहका बीच भयो । उक्त अवसरमा नेता नेपालले मदन भण्डारी फाउन्डेसनको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो ।

## सार्वजनिक वहस कार्यक्रम सम्पन्न

धनकुटा । मदन भण्डारी फाउण्डेशन धनकुटा र मदन-आश्रित प्रतिष्ठान धनकुटाको संयुक्त आयोजनामा २० औं मदन–आश्रित स्मृति दिवसको अवसरमा २०७० जेष्ठ ४ गते भ्रष्टाचार र सामाजिक बहिस्करण सम्बन्धी सार्वजनिक बहस कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रम मदन भण्डारी फाउण्डेशन पूर्वाञ्चल सदस्य गोपाल गुरागाईंको अध्यक्षतामा सम्पन्न भयो। उक्त कार्यक्रममा स्वागत मन्तव्य जिल्ला सदस्य सकुन्तला वस्नेतले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन मदन भण्डारी फाउन्डेसनका जिल्ला अध्यक्ष दिपक बुढाथोकी र सचिव होमबहादुर वस्नेतले गर्नुभएको थियो। उक्तकार्यक्रममा भ्रष्टाचारविरुद्धका थप कार्यक्रम अगाडि बढाउने निर्णयसमेत गरेको थियो ।

## छैठौं गणतन्त्र दिवस कार्यक्रम

धनकुटा । मदन भण्डारी फाउण्डेशन धनकुटा र मदन-आश्रित प्रतिष्ठान धनकुटाको संयुक्त संयोजनमा तयार भएको भ्रष्टाचारविरुद्ध नागरिक सङ्कल्प संहिता २०७० धनकुटालाई २०७० जेठ ११ गते प्रमुख जिल्ला अधिकारी सहित सरोकारवालाहरूको बैठकले अन्तिम रुप प्रदान गर्‍यो । उक्त ११ बुँदे भ्रष्टाचारविरुद्ध नागरिक सङ्कल्प संहिता २०७० धनकुटालाई गणतन्त्र दिवसको अवसरमा मदन भण्डारी फाउन्डेसनका पूर्वाञ्चल सदस्य गोपाल गुरागाँईले वाचन गरी सार्वजनिक गर्नुभएको थियो। उक्त सङ्कल्प संहितालाई विभिन्न राजनीतिक पार्टीका प्रमुख एवम् प्रतिनिधिहरू, क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरिक्षक, प्राध्यापक, वकिल, कर्मचारी, बुद्धिजीवी, नागरिक

समाजका विभिन्न व्यक्तित्वले हस्ताक्षर गरी प्रतिबद्धता जाहेर गर्नु भएको थियो ।

**महिला भलिवल प्रतियोगिता**

धनकुटा । मदन भण्डारी स्पोर्टस एकेडेमी, धनकुटाले २०६९ असोज १५-१८ सम्म पूर्वाञ्चल स्तरीय महिला भलिबल प्रतियोगीता सम्पन्न गऱ्यो । उक्त कार्यक्रमको उद्घाटन मदन भण्डारी फाउन्डेसनका पूर्वाञ्चल सदस्य गोपाल गुरागाँईले गर्नु भएको थियो । उद्घाटन कार्यक्रमको सभापतित्व स्पोर्टस एकेडेमी जिल्ला अध्यक्ष टीकाप्रसाद घिमिरे, सञ्चालन सचिव नारायण घिमिरे र स्वागत मन्तव्य सदस्य ध्रुव दाहालले गर्नुभएको थियो भने समापन कार्यक्रमको प्रमुख आतिथ्यता मदन भण्डारी फाउन्डेसनका संरक्षक के.पी. शर्मा ओलीले गर्नुभएको थियो । समापन कार्यक्रमको अध्यक्षता फाउन्डेसनका जिल्ला अध्यक्ष दीपक बुढाथोकी, कार्यक्रम सञ्चालन स्पोर्टस एकेडेमीका जिल्ला अध्यक्ष टीकाप्रसाद घिमिरे, स्वागत मन्तव्य कोषाध्यक्ष क्रिश्टिना भण्डारीले गर्नुभएको थियो । प्रतियोगीतामा जम्मा ८ वटा टिमले भाग लिएकोमा उदयपुर टिम प्रथम, धनकुटा टिम दोस्रो र संखुवासभा टिम तृतीय भएका थिए । प्रतियोगितामा विजयी प्रथमलाई रु.५०,०००।- दोस्रोलाई रु. २५,०००।- सहित विभिन्न विधामा प्रथम हुनेलाई कप, मेडल, ट्रफी र प्रमाण–पत्र वितरण गरिएको थियो ।

**जिल्ला कार्यालय उद्घाटन**

सिन्धुपाल्चोक । मदन भण्डारी फाउन्डेसन जिल्ला कार्य समिति, सिन्धुपाल्चोकको आयोजनामा मदन जयन्तीको अवसरमा फाउन्डेसनको जिल्ला कार्यालय १४ असार २०६९ मा उद्घाटन भयो । फाउन्डेसनका केन्द्रीय उपाध्यक्ष गुरु बरालले एक समारोहका बीच कार्यालयको उद्घाटन गर्नुभएको थियो । नेकपा (एमाले) केन्द्रीय लेखा आयोगका सदस्य सुरेश नेपाल र फाउन्डेसनका केन्द्रीय सदस्य विपिनराज निरौला अतिथि रहेको सो कार्यक्रम समितिका संयोजक माधव पाण्डेको अध्यक्षतामा सम्पन्न भएको थियो ।

**साधारण सभा सम्पन्न**

सिन्धुपाल्चोक । मदन भण्डारी फउण्डेशन सिन्धुपाल्चोकको जिल्ला भेला २०७० असार १ गते सदरमुकाम चौतारामा सम्पन्न भएको छ । भेलाको उद्घाटन मदन भण्डारी फाउन्डेसनका केन्द्रीय अध्यक्ष विद्यादेवी भण्डारीले गर्नुभएको थियो । भेलामा नेकपा (एमाले) का पोलिटब्यूरो सदस्य मुकुन्द न्यौपानेले सम्वोधन गर्नुभएको थियो । भेलालाई नेकपा एमालेका केन्द्रीय लेखा आयोगका सदस्य शुरेस नेपाल, एमालेका वैकल्पिक केन्द्रीय सदस्य शेरबहादुर तामाङ, एमाले नेता सुवास कर्माचार्य, पार्टी पूर्व जिल्ला अध्यक्ष हस्त पण्डित, लगायत धर्मकृष्ण श्रेष्ठ, एमालेका जिल्ला अध्यक्ष झम्क नेपाल, विद्यार्थी नेता नवराज पौडेलले सभामा शुभकामना मन्तव्य प्रकट गर्नुभएको थियो । साधारण सभाले अध्यक्षमा होमनारायण श्रेष्ठलाई निर्वाचित गरेको छ । त्यसैगरी सभाले उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमश शम्भु सापकोटा, शशिनाथ आचार्य र सञ्चमाया स्याङ्वो चुनिनुभएको छन् । २७ सदस्यीय कमिटीको सदस्यहरूमा रामचन्द्र बस्नेत, बालकुमारी सापकोटा, डम्बर थापा, एसोधा धिताल, रुद्रबहादुर नेपाल, उद्धबप्रसाद अधिकारी, रामबहादुर सुनार, नानीकाजी थापा, देवी अधिकारी, रोहित श्रेष्ठ, विक्रम सुन्दाश, निता लामा, तिलक राउत, सकुन्तला माझी, चन्द्रबहादुर थामी, विजयकृष्ण श्रेष्ठ, बलिन्द्र रायमाझी, अशोक चौलागाई, बालकृष्ण देउजा, शिवप्रसाद नेपाल, ठाकुर कुइकेल, भिमसेन रायमाझी र बालकृष्ण आचार्य चुनिनुभएको छ । त्यस्तै भेलाले पूर्वअध्यक्ष माधव पाण्डेको संयोजकत्वमा १२ सदस्यीय सल्लाहकार समिति पनि चयन गरेको छ । समितिका सदस्यहरूमा सोम सापकोटा, जगन्नाथ आचार्य, धर्मकृष्ण श्रेष्ठ, हस्त पण्डित, फुल्मु शेर्पा, टपेन्द्र तिमल्सीना, हेमगङ्गा मोक्तान, राजेन्द्र भट्टराई, राजेन्द्र खत्री, नारायण गिरी र मेघनाथ सापकोटा चुनिनुभएको छ । आयोजक कमिटीका संयोजक माधव पाण्डेको अध्यक्षतामा सम्पन्न प्रथम साधारण सभाको सञ्चालन होमनारायण श्रेष्ठले गर्नुभएको थियो भने सोम सापकोटाले स्वागत गर्नुभएको थियो ।

**स्पोर्टस् एकेडेमी जिल्ला शाखा पुर्नगठन**

झापा । मदन भण्डारी स्पोर्टस् एकेडेमी झापाको जिल्ला भेला ०६९ असार १० गते मदन भण्डारी फाउण्डेसन झापाको सभाहल बिर्तामोडमा सम्पन्न भयो । मदन भण्डारी फाउण्डेसन झापाका अध्यक्ष देवेन्द्र दाहालको प्रमुख आतिथ्यतामा एकेडेमी झापाका अध्यक्ष डिल्ली घिमिरेको अध्यक्षतामा भेला सम्पन्न

भएको थियो । सो भेलाले डिल्ली घिमिरेको अध्यक्षतामा २१ सदस्यीय नयाँ शाखा कमिटी पुनर्गठन गरेको छ । पुनर्गठित शाखाको उपाध्यक्षहरूमा विमल खतिवडा र ज्ञानेन्द्र राई, सचिवमा चन्द्र प्रसाई, सहसचिवमा गङ्गा खड्का, कोषाध्यक्षमा कृष्ण कनाल र सहकोषाध्यक्षमा डम्बर यादव सर्वसम्मत चयन हुनुभएको छ । यसरी नै सो कमिटीका सदस्यहरूमा अनिता कन्दङ्वा, होमनाथ दुलाल, राजकुमार श्रेष्ठ, राम चाम्लीङ्ग, दिपक बराल, बविता गुरुङ्ग, विमल श्रेष्ठ, प्रविण मावो, रोशन थोप्रा, चन्द्र सुव्वा, पुण्य सिग्देल, भीमराज केशी र तारा राई रहनुभएको छ । नवनिर्वाचित शाखा कमिटीलाई प्रमुख अतिथि दाहाल, मदन भण्डारी फाउण्डेसन झापाका सचिव चिन्तन पाठक, पूर्वाञ्चल क्षेत्रीय कमिटी सदस्य शिव ढुङ्गेल, नेकपा एमाले झापाका सदस्य कमरेड देवकुमार राई लगायतले शुभकामना तथा बधाई मन्तव्य व्यक्त गर्नु भएको थियो । सो भेलाको सञ्चालन चन्द्र प्रसाईले गर्नु भएको थियो ।

### मदन जयन्तीको अवसरमा रक्तदान सम्पन्न

झापा । मदन भण्डारी फाउण्डेसन झापाको आयोजनामा ६१ औं मदन जयन्तीको अवसरमा ०६९ असार १४ गते रक्तदान कार्यक्रम बिर्तामोडमा सम्पन्न भयो । रक्तदान कार्यक्रम व्यवस्थापन समितिका संयोजक एवम् फाउण्डेसन सचिव चिन्तन पाठकको अध्यक्षतामा तथा नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य हरिचरण शिवाकोटीको प्रमुख आतिथ्यतामा सम्पन्न सो रक्तदान कार्यक्रममा १ सय १४ जना रक्तदाताले रक्तदान गर्नुभएको छ ।

रक्तदान कार्यक्रममा बक्ताहरूले रक्तदान जस्तो महत्त्वपूर्ण कार्यक्रम आयोजना गरेर मानवीय सेवाको क्षेत्रमा फाउण्डेसन झापा शाखाले उत्कृष्ट काम गरेको बताउनु भयो । नेपाली जनताका नेता मदन भण्डारीको ६१ औं जन्म जयन्तीको अवसरमा उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्दै बक्ताहरूले जननेता मदनले देखाएको शान्तिपुर्ण रूपान्तरणको बाटोबाट नेपाली क्रान्ति पुरा गर्नुपर्ने बताउनु भयो । यसरी बिचार व्यक्त गर्नेहरूमा नेकपा (एमाले) राष्ट्रिय प्रतिनिधी परिषद सदस्य कमरेड बिष्णु प्रसाई, अनेमसंघकी नेतृ मेनका काफ्ले, युवा संघ नेपालका केन्द्रीय सदस्य राजु कार्की, अनेरास्ववियुका केन्द्रीय सदस्यहरू टिकाराम मंग्राती र असारु राजवंशी, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष गणेश पोखेल, नेपाल शिक्षक युनियन झापाका अध्यक्ष नारायण गौतम लगायत हुनुहुन्थ्यो । यसैबीच नेपाल रेडक्रस सोसाईटी झापाले रक्तदान गर्ने संस्थाहरूमा जिल्लाको दोस्रो स्थान ओगट्न सफल भएकोमा मदन भण्डारी फाउण्डेसन झापालाई सम्मान गरेको छ । फाउण्डेसनले आ.ब ०६८/०६९ मा १ सय १४ जनालाई रक्तदान कार्यक्रममा सहभागी गराएर जिल्लाको दोस्रो स्थान प्राप्त गरेको हो । सोसाइटीको ०६९ माघ २७ गते सम्पन्न साधारण सभाको उद्घाटन समारोहमा सम्मान पत्र र मायाको चिनो प्रदान गरी सम्मान गरिएको छ ।

### फाउण्डेसनको साधारण सभा सम्पन्न

झापा । मदन भण्डारी फाउण्डेसन झापाको प्रथम जिल्ला अधिबेशन तथा साधारण सभा ०६९ असोज ६ गते बिर्तामोडमा सम्पन्न भयो । फाउण्डेसनका संरक्षक एवम् नेकपा (एमाले) का बरिष्ठ नेता कमरेड केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा सम्पन्न सो अधिवेशनको पानसमा दीप प्रज्ज्वलन गरी प्रमुख अतिथि ओली र विशेष अतिथि नेकपा एमाले पोलिटव्यूरो सदस्य एवम् केन्द्रीय प्रचार विभाग प्रमुख कमरेड प्रदिप ज्ञावलीले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । फाउण्डेसन झापा स्थापनाको ३ बर्षको छोटो अवधीमा नै जनताको बिचमा भरोसा योग्य संस्थाको रूपमा स्थापित भएकोमा फाउण्डेसन झापालाई प्रमुख अतिथि कमरेड ओलीले बधाई ज्ञापन गर्नु भयो । जननेता मदन भण्डारीले प्रतिपादन गर्नु भएको नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादको दिशाबाट मुलुक अगाडि बढेको बताउनु भयो । समारोहमा विशेष अतिथि कमरेड ज्ञवालीले जनताको बहुदलीय जनवादको सार्न्दभिकतामाथि प्रकाश पार्दै अधिबेशन सफलताको शुभकामना व्यक्त गर्नुभयो । अधिवेशनको उद्घाटन समारोहमा नेकपा एमाले केन्द्रीय सदस्य तथा फाउण्डेसनका केन्द्रीय उपाध्यक्ष गुरु बराल, एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य एवम् फाउण्डेसनका केन्द्रीय सदस्य देवराज घिमिरे, नेकपा एमाले केन्द्रीय अनुसाशन आयोगका सदस्य एवम् झापा जिविसका पुर्व सभापति अर्जुन राई, नेपाली कांग्रेसका नेता सुधिर शिवाकोटी, एनेकपा माओबादीका सिपी कडरिया, मेची बहुमुखी क्याम्पस भद्रपुरका प्रमुख उमानाथ ओली, नेपाल बार एसोसिएसन झापाका

अध्यक्ष अधिवक्ता टंक उप्रेती, गैर सरकारी संस्था महासंघ झापाका अध्यक्ष रुद्र सिटौला, जिल्ला शिक्षा कार्यालय झापाका उद्धव बिष्ट, जिला विकास समिति झापाका जय तिम्सिना, पूर्व सभासद दिपक कार्कीलगायत वक्ताहरूले अधिवेशन सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। मदन भण्डारी फाउण्डेसन झापाका अध्यक्ष देवेन्द्र दाहालको अध्यक्षतामा सम्पन्न सो समारोहको सञ्चालन सचिव चिन्तन पाठकले गर्नु भएको थियो ।

उद्घाटनपछि सम्पन्न बन्द सत्रले कार्यप्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गर्नुका साथै देवेन्द्र दाहालको नेतृत्वमा फाउन्डेसनको नयाँ नेतृत्व सर्वसम्मत रूपमा निर्वाचित गरेको छ। उपाध्यक्षमा खोदनाथ चापागाईं, सचिवमा चिन्तन पाठक र कोषाध्यक्षमा सोमनाथ पोर्तेल निर्वाचित हुनुभएको छ। ३१ सदस्यीय सो कमिटीको अन्य सदस्यहरूमा विष्णु प्रसाई, देवकुमार राई, राजु कार्की, मिना उप्रेती, डिल्ली घिमिरे, हरिशरण शिवाकोटी, तेजबहादुर कन्दङ्वा, नगेन्द्र संग्रौला, असारु राजबंशी, टिकाराम मंग्राती, बसन्त बानियाँ, प्रेम गिरी, हरि राजवंशी, दिपक कार्की, राधाकृष्ण खनाल, बद्री भट्टराई, रोमनाथ ओली, मेनुका काफ्ले, माधब बिद्रोही, बेनु शिवाकोटी, शुभलक्ष्मी राई, लक्ष्मीकुमार राई, शिब ढुङ्गेल, सुमित्रा भण्डारी, नारायण गौतम, शोभा भण्डारी र अम्बिका खनाल रहनु भएको छ। यसरी नै अधिवेशनले घनश्याम अधिकारीको संयोजकत्वमा लेखा समिति गठन गरेको छ। सो समितिको सदस्यहरूमा तुलसा खरेल, कमल गुरागाई, राजीव घिमिरे र होमबहादुर थापा रहनु भएको छ। चालु आ.ब को लेखा परीक्षकमा मोहन शिवाकोटीलाई नियुक्ति गरिएको छ ।

### २० औं मदन-आश्रित दिवस सम्पन्न

झापा। मदन भण्डारी फाउन्डेसन झापाको आयोजनामा २० औ मदन आश्रित स्मृति दिवसको सन्दर्भमा २०७० जेठ ३ गते अतिथि सदन बिर्तामोडमा प्रवचन कार्यक्रम सम्पन्न भयो। फाउन्डेसन झापा शाखाका अध्यक्ष देवेन्द्र दाहालको अध्यक्षतामा सम्पन्न "नेपालको राजनीतिमा मदन-आश्रितको योगदान" विषयक प्रवचन कार्यक्रममा नेकपा एमाले राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य मेनुका काफ्ले, नेपाली कांग्रेस झापाका सदस्य हस्त परियार, नेकपा-माओवादीका होमचन्द्र घिमिरे, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष गणेश पोखेल, गैर सरकारी संस्था महासंघ झापाका अध्यक्ष रुद्र सिटौला, पेशागत महासंघ झापाका अध्यक्ष भीम नेपाल, झापा उद्योग बाणिज्य संघका अध्यक्ष उमेश डालमीया, नेपाल बार एसोसियसन झापाका उपाध्यक्ष अधिवक्ता चुडामणि पराजुली, प्रेस युनियन केन्द्रीय सदस्य कृष्ण हुमागाई, नेपाल बुद्धिजीवि परिषद् झापाका लिलाप्रसाद अधिकारी, मुक्ति समाज नेपाल मेची अञ्चल सचिव छविलाल विश्वकर्मालगायत बक्ताहरूले मदन आश्रितप्रति श्रद्धाञ्जली अर्पणसहित आ-आफनो बिचार व्यक्त गर्नुभयो। फाउन्डेसन झापाका सचिव चिन्तन पाठक र कोषाध्यक्ष सोमनाथ पोर्तेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष खोदनाथ चापागाईले गर्नु भएको थियो ।

### अभियानलाई स्वागत

झापा। मुलुकमा व्याप्त जातीय विभेद र छुवाछुत अन्त्यका लागि सामाजिक संस्थाहरूले सञ्चालन गरेको सामुहिक अभियानको टोलीलाई मदन भण्डारी फाउन्डेसन झापाको सभाकक्षमा ०६९ भाद्र २९ गते स्वागत कार्यक्रम सम्पन्न भयो। फाउन्डेसनका झापा सचिव चिन्तन पाठकले अबिर र खादा लगाई अभियानका सहभागीहरूलाई स्वागत गर्नुभयो। सो कार्यक्रममा सचिव पाठकसहित झापाका नागरिक अभियन्ताहरू बिष्णु खरेल, टिकाराम मंग्राती, दिपक दास लगायतले अभियान सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

### श्रमशिविर सम्पन्न

बाजुरा। १९ औं मदन आश्रित स्मृति दिवस ३ जेठ २०७० को अवसरमा खानेपानी मर्मतको निम्ति एक दिने श्रमशिविर सञ्चालन भएको छ। उक्त श्रम शिविरको उद्घाटन समारोह जुगाडा गा.बि.स. वडा नं. ९ स्थित चोयाकोट माध्यमिक बिद्यालयमा सम्पन्न भयो। कार्यक्रमको प्रमुख अतिथि नेकपा (एमाले) बाजुरा जिल्ला कमिटीका प्रचार विभाग प्रमुख तथा सचिवालय सदस्य क. जनक बोहरा हुनुहुन्थ्यो। कार्यक्रममा जिल्ला खानेपानीका सवइन्जिनियर हंशबहादुर थापा, अनेरास्ववियु, बाजुराका अध्यक्ष क.जंग बिश्वकर्मा, अनेरास्ववियु, प्रा.क.चोयाकोट मा.बि. का पदाधिकारी तथा सदस्यहरू तथा लक्ष्मी बचत तथा ऋणसहकारी

संस्था जुगाडा ९ का पदाधिकारीलगायत सम्पूर्ण बचत कर्ताहरू उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसन बाजुराका सदस्य क. राम बहादुर बानियाँले गर्नुभएको थियो।

**बजार सरसफाइ कार्यक्रम सम्पन्न**

बाजुरा। मदन भण्डारी फाउन्डेसनको संयोजनमा र युवा संघ नेपाल र अनेरास्ववियुको सक्रियतामा २०६९ भाद्र १२ गते सदरमुकाम मार्तडी बजारमा




सरसफाई कार्यक्रम सम्पन्न भएको छ। बजार सरसफाई कार्यक्रमको उद्घाटन नेकपा (एमाले) जिल्ला कमिटी सचिव तथा मदन भण्डारी फाउन्डेसन बाजुराका सल्लाहकार संयोजक क.बलदेव रेग्मीले झाडु लगाएर गर्नुभएको थियो भने सरसफाई कार्यक्रममा पार्टीका सचिवालय सदस्य लगायत जिल्ला कमिटीका सदस्यहरूले पनि साथ दिनुभएको थियो।

**दोस्रो मदन-आश्रित स्मृति रनिङकप फुटवल प्रतियोगिता २०६९ सम्पन्न**

बाजुरा। मदन मण्डारी फाउन्डेसन केन्द्रीय कमिटीका अध्यक्ष, नेकपा(एमाले) केन्द्रीय कमिटीका उपाध्यक्ष तथा पूर्वरक्षामन्त्री विद्यादेवी भण्डारीले २०६९ साल कार्तिक १५ देखि २२ गतेसम्म सञ्चालित दोस्रो मदन-आश्रित स्मृति रनिङ्गकप फुटबल प्रतियोगतिको जनप्रकाश उच्च माध्यमिक बिद्यालयको खेलमैदान कोल्टी, बाजुरामा उद्घाटन गर्नुभएको थियो। उद्घाटन समारोहको अध्यक्षता मदन भण्डारी फाउन्डेसन बाजुराका अध्यक्ष पूर्णबहादुर रावतले गर्नुभएको थियो। कार्यक्रममा विशिष्ट अतिथिको रूपमा नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य एवं भेरी अञ्चल कमिटी संयोजक कमरेड देवराज भार र नेकपा (एमाले) केन्द्रीय कमिटीका सदस्य एवं अखिल नेपाल खेलकूद महासंघका संयोजक कमरेड कर्णबहादुर थापा हुनुहुन्थ्यो।



कार्यक्रमको अतिथिको रूपमा क.मोहनसिंह राठोर मदनभण्डारी फाउन्डेसन केन्द्रीयसदस्य एवम् सेती संयोजक, क.प्रकाश शाह नेकपा (एमाले) अध्यक्ष बाजुरा, क.लाल बहादुर थापा, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य, नेकपा एमाले, राष्ट्रिय प्रतिनिधी परिषद सदस्य तथा अखिल नेपाल महिला संघ केन्द्रीय सदस्य क.बसुन्धरा रोकाया, क.हिक्मत बहादुर शाही, नेकपा एमाले सेती अञ्चल समन्वय कमिटी सदस्य, नेपाली काँग्रेस पार्टी प्रतिनिधी राम बहादुर बोहरा, नेकपा (एमाओवादी) प्रतिनिधि शस्तराम बिष्ट, नेकपा (एमाले) बाजुरा जिल्ला कमिटी उपाध्यक्ष क.रंगमान शाही, संगठन बिभाग प्रमुख क.काली बहादुर शाही, प्रचार बिभाग प्रमुख क.जनक बोहरा, सचिवालय सदस्य क.रामलाल कार्की, क. मनबहादुर बिष्ट, क.धनबहादुर बि.क. लगायत सदस्य जनक बिष्ट, काँशी बि.क., काँशि नेपाली, प्रतापे आउजी, जंग बिष्ट, जंग गिरी, नन्दबहादुर रोकाया, हरि रोकाया, अनेमसंघ कैलालीका अध्यक्ष क.कमल शर्मा, बाजुराका अध्यक्ष क. मनदेवी ओली, अनेरास्वबियु केन्द्रीय सदस्य क. नरेश रोकाया, नेपाली सेना रणशेर 'ख' गुल्मका प्रमुख मधुसुधन केसी, जिल्ला बिकास प्राविधिक कार्यालयका इन्जिनियर गणेश गिरी, कुन्ना चौकी इन्चार्ज प्रहरी निरीक्षक मदन गिरी पिसविन बाजुराका कार्यालय प्रमुख कृष्णनाथ योगी, नेपाल नागरीक उड्डयन कोल्टीका कार्यालय प्रमुख बालकुमार सिंह लगायत हुनुहुन्थ्यो। कार्यक्रममा जनगायक, लोकगायक तथा चर्चित म्यूजिक एरेन्जर क. बिनोद बाजुराली र चर्चित बाजुराली युवा जन गायक दिवाङ्गत क. दशरथ शाहीलगायत अनेरास्वबियु जनप्रकाश उच्च मा. वि. प्रा. क. का कलाकारहरूको बेजोड साङ्गितिक प्रस्तुती रहेको थियो। प्रमुख अतिथि भण्डारी तथा विशिष्ठ अतिथि कमरेडहरू देवराज भार र कर्णबहादुर थापाले उद्घाटन समारोहलाई सम्बोधन गर्नु भएको थियो। फुटबल प्रतियोगितामा जम्मा १५ वटा क्लवहरू सहभागी रहेका थिए भने एउटा क्लव कालीकोटबाट समेत सहभागी भएको थियो। प्रतियोगितमा नतिजालाई आफ्नो पक्षमा पार्न पहिलो टुर्नामेन्टको बिजेता साइनिङ्ग स्टार 'ए' क्ल्व नै सफल भयो भने उप बिजेता पनि यथावत स्थान कायम गर्दै रानीवन स्पोर्ट युथ फुटवल क्लव नै कायम रहन गयो। सान्त्वनास्वरुप तृतीय स्थान कायम गर्न कालीकोटको अतिथि टिम सफल रहयो। समापन कार्यक्रमको प्रमुख अतिथि नेकपा (एमाले) बाजुराका पूर्व अध्यक्ष कमरेड प्रकाश शाह हुनुहुन्थ्यो भने कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसन बाजुराका अध्यक्ष पूर्णबहादुर रावतले गर्नुभएको थियो। कार्यक्रमका बिशिष्ट अतिथिहरूमा क. बलदेव रेग्मी, नेकपा एमाले जिल्ला कमिटी सचिव एवम् सल्लाहकार संयोजक मदनभण्डारी फाउन्डेसन बाजुरा, जनकराज गिरी पूर्व भूमिसुधार सहायक मन्त्री तथा नेपाली कांग्रेस महासमिति सदस्य हुनुहुन्थ्यो। त्यसैगरी अतिथिहरूमा नेकपा एमाले सचिवालय सदस्य क.अज बहादुर मल्ल, जनक बोहरा, जनक बिष्ट, अनेरास्वबियु केन्द्रीय सदस्य क.नरेश रोकाया, नेपाली कांग्रेसका महासमिति सदस्य पदम गिरी, एनेकपा माओवादीका प्रतिनिधि कनक रोकाया, नेपाली सेना रणसेर 'ख' गुल्मका प्रमुख मधुसुधन केसी, रेडियो बाजुराका स्टेसन म्यानेजर तुलाराम जैशी लगायत हुनुहुन्थ्यो। उद्घाटन तथा समापन कार्यक्रम र सेमिफाइनलका सबै गेमहरूको रेडियो बाजुरा र चुलीमालिका एफ.एम. कालिकोटले प्रत्यक्ष प्रसारण गरेका थियो।

## जेष्ठ नागरिक प्रतिनिधि विदाई कार्यक्रम

बाजुरा। अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा 'मनमोहन स्मृति प्रतिष्ठान' केन्द्रीय कार्यालयको आयोजनामा २०६९ साल असोज १४ र १५ गते काठमाडौंमा सम्पन्न भएको जेष्ठ नागरिक सम्मेलनमा भागलिन बाजुराबाट काठमाडौंमा जाने प्रतिनिधिहरूलाई ढाकाटोपी लगाएर २०६९ साल असोज ११ गते नेकपा (एमाले) बाजुराको पार्टी कार्यालयमा एक अभिनन्दन कार्यक्रमको आयोजना गरी बिदाई गरियो। कार्यक्रमको प्रमुख अतिथि नेकपा (एमाले) बाजुराका अध्यक्ष कमरेड लालबहादर थापा हुनुहुन्थ्यो भने कार्यक्रममा अध्यक्षता मदन भण्डारी फाउन्डेसन बाजुराका अध्यक्ष पूर्णबहादुर रावत हुनुहुन्थ्यो।

कार्यक्रमका अतिथिहरूमा क.बलदेव रेग्मी, नेकपा एमाले जिल्ला कमिटी बाजुराका सचिव, प्रचार विभाग प्रमुख क.जनक बोहरा, नेपाल राष्ट्रिय शिक्षक संगठनका राष्ट्रिय परिषद सदस्य क.तुला बहादुर थापा, अनेरास्वबियु बाजुराका अध्यक्ष क.जंग बि.क., कोषाध्यक्ष क.सीता थापा, युवा संघ नेपाल बाजुराका जिल्ला कमिटी सदस्य क.रन्दिप बुढा लगायत हुनुहुन्थ्यो। भेलामा सहभागी हुने जेष्ठ नागरीक प्रतिनिधिहरूमा क.गोरख बहादुर खड्का पाण्डुसैन ४, क. आइते कामी पाण्डुसैन ५, क. धन बहादुर रावल( हजारी) मार्तडी ५, क. पुतली देवी खाती ब्रमतोला ९, क. हर्क ब. थापा बाह्रबिस ६ हुनुहुन्थ्यो। क. गणेश बोहरालाई जेष्ठ नागरीकहरूको सहयोगीका रूपमा पठाइएको थियो।

### २० औं मदन-आश्रित स्मृति दिवस सम्पन्न

बाजुरा। २० औं मनद आश्रित दिवसको सन्दर्भमा मदन भण्डारी फाउन्डेसन बाजुरा, मदन भण्डारी स्पोर्ट एकेडेमी बाजुरा र नेकपा(एमाले) ब्रमतोला गाउँ कमिटीको संयुक्त आयोजनामा 'मदन-आश्रित स्मृति' जिल्ला व्यापी खुल्ला भलिवल तथा देउडा प्रतियोगिता २०७० साल जेठ ३-५ गतेसम्म सञ्चालित भयो। कार्यक्रमको उद्घाटन जेठ ३ गते पशुपति उच्च माध्यमिक विद्यालयको खेलमैदानमा भएको थियो।



उक्त कार्यक्रमको प्रमुख अतिथि नेकपा (एमाले) बाजुराका अध्यक्ष कमरेड लालबहादुर थापा, विशिष्ट अतिथि क.बसुन्धरा रोकाया नेकपा एमाले राष्ट्रिय प्रतिनिधि परिषद सदस्य एवम् अखिल नेपाल महिला संघ केन्द्रीय सदस्य तथा अतिथिहरूमा नेकपा एमाले जिल्ला कमिटीका पदाधिकारी एवं पार्टीको दोस्रो पूर्ण बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरू हुनुहुन्थ्यो। कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसन बाजुराका अध्यक्ष पूर्णबहादुर रावत र सञ्चालन मदन भण्डारी स्पोर्टस् एकेडेमी बाजुराका अध्यक्ष राम बहादुर बानियाँले गर्नुभएको थियो। भलिबल प्रतियोगितको पहिलो पुरस्कार नगद रु रु. १०,०००।- (रु. दश हजार मात्र), दोस्रो पुरस्कार रु.७,०००।- (रु.सात हजार मात्र), तेस्रो पुरस्कार रु.५,०००।- (रु.पाँच हजार मात्र) रहेको थियो। साथमा मेडल तथा प्रमाणपत्र पनि रहेको थियो। यसैगरी देउडा प्रतियोगिताको प्रथम पुरस्कार रु.२५००। (रु.दुइहजार पाँच सय मात्र), द्वितीय पुरस्कार रु.२०००।- (रु. दुई हजार मात्र) रहेको थियो। भलिवल प्रतियोगितमा प्रथम ब्रमतोला गाउँ कमिटी ए, द्वितीय बाजुरा क्याम्पस र तृतीय ब्रमतोला गाउँ कमिटी बि. भएका थिए। समापन कार्यक्रमको प्रमुख अतिथि क.चन्द्र बहादुर थापा नेकपा , एमाले सचिवालय सदस्य बाजुरा र अतिथिहरू क. जनक बोहरा संगठनबिभाग प्रमुख, प्रचार बिभाग अमर खड्का हुनुहुन्थ्यो। कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसन बाजुराका अध्यक्ष पूर्णबहादुर रावत हुनुहुन्थ्यो। उद्घाटन कार्यक्रमको प्रत्यक्ष प्रसारण रेडियो बाजुराले गरेको थियो।

### विरामीलाई फलफूल वितरण

कैलाली। मदन भण्डारी फाउन्डेसन कैलाली जिल्ला एकाइको संयोजनमा मदन आश्रित स्मृति दिवश जेठ ३, २०७० मा सेती अंचल अस्पतालका विरामीहरूलाई फलफूल वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ। एकाइ अध्यक्ष रामचन्द्र जोशीको अगुवाइमा सञ्चालित फलफूल वितरण कार्यक्रममा फाउन्डेसनका पदाधिकारी तथा सदस्यहरू र स्थानीयवासीको संलग्नता रहेको थियो।

### अन्तरक्रिया कार्यक्रम

रामेछाप। मदन भण्डारी फाउन्डेसन रामेछाप एकाइ र नेकपा (एमाले) जिल्ला कमिटी रामेछापको संयुक्त आयोजनमा मदन आश्रित स्मृति दिवश जेठ ३, २०७० को अवसरमा नेपाली राजनीतिमा जननेता मदन भण्डारीको योगदान विषयक एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नेकपा (एमाले) का स्थानीय नेता तथा कार्यकर्ता, मदन भण्डारी फाउन्डेसनका सदस्यहरू, स्थानीय बुद्धिजीवि, सरकारी

कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको अध्यक्षता नेकपा (एमाले) जिल्ला कमिटीका उपाध्यक्ष क. प्रेमबहादुर तामाङ्गले गर्नुभएको थियो भने सञ्चालन मदन भण्डारी फाउन्डेसन रामेछाप एकाइका अध्यक्ष प्रकाश कार्कीले गर्नुभएको थियो ।

**नमुना गाउँसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न**

उदयपुर। मदन भण्डारी फाउन्डेसन उदयपुर एकाइको आयोजनामा २०६९ साल माघ ११ गते गते सदरमुकाममा रामपुर गाउँ विकास समितिलाई नमुना गाउँ बनाउने बारेमा मदन भण्डारी फाउन्डेसन केन्द्रीय कमिटीका उपाध्यक्ष गुरु बरालको प्रमुख आतिथ्यतामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उदयपुर जिल्ला विकास समितिको सभा हलमा सम्पन्न भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, प्रहरी, कर्मचारी, स्थानीय बुद्धिजीवी, फाउन्डेसनका पदाधिकारी लगायतको उपस्थिति रहेको थियो। नमूना गाउँ बनाउने प्रक्रियाका बारेमा विभिन्न उपसमितिहरू निर्माण भएका र ती उपसमितिहरूले आफ्नो प्रतिवेदन तयार पार्ने कार्य भैरहेको छ। यस प्रक्रियाका लागि जि.वि.स.ले दुई थान कम्प्युटर पनि उपलब्ध गराएको छ। अन्तरक्रिया कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसनका जिल्ला अध्यक्ष विमल कार्की र सञ्चालन जसबहादुर कार्कीले गर्नुभएको थियो ।

**मदन-आश्रित स्मृति दिवशमा विचार गोष्ठी सम्पन्न**

दोलखा। मदन भण्डारी फाउन्डेसन दोलखा एकाइको आयोजना मदन आश्रित स्मृति दिवशको सन्दर्भमा २०७० साल जेठ ३ गते जनताको बहुदलीय जनवाद विषयक विचार गोष्ठीको आयोजना चरिकोटमा भयो। विचारगोष्ठीमा नेकपा (एमाले) जिल्ला कमिटीको अध्यक्ष क. ईश्वरचन्द्र पोखरेल, पार्टी जिल्ला कमिटीका पूर्व अध्यक्ष कं पार्वत गुरुंग, मदन भण्डारी फाउन्डेसन दोलखा एकाइका गोपाल न्यौपाने आदिले मन्तव्य प्रकट गर्नुभएको थियो। कार्यक्रमको अध्यक्षता फाउन्डेसन जिल्ला एकाइका सदस्य नरबहादुर श्रेष्ठ, स्वागत भरत के सी एकाइ सदस्य र सञ्चालन सदस्य तथा पार्टी जिल्ला सचिव भरत दुलालले गर्नुभएको थियो ।

**शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न**

दोलखा। मदन भण्डारी फाउन्डेसन दोलखा एकाइको आयोजनामा नववर्ष २०७० को अवसरमा बैशाख १ गते चरिकोटमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा मदन भण्डारी फाउन्डेसनका पदाधिकारी तथा सदस्यहरू, नेकपा एमालेका नेता तथा कार्यकर्ताहरू, बुद्धिजीवी, समाजसेवी र सर्वसाधारण उपस्थित भएर नववर्षको शुभकामना आदान प्रदान गर्नुभएको थियो ।

**अन्तरक्रिया कार्यक्रम**

काठमाडौं। मदन भण्डारी फाउन्डेसन कला साहित्य प्रतिष्ठानको आयोजनामा २०६९ साल असोज १९ गते नेपाल बार एसोसिएशनको सभा हल काठमाडौंमा वर्तमान अवस्थामा सामाजिक साँस्कृतिक रूपान्तरणको सवाल विषयक एक समीक्षात्मक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि मदन भण्डारी फाउन्डेसनका संरक्षक तथा नेकपा एमालेका वरिष्ठ नेता क. के.पी. शर्मा ओली हुनुहुन्थ्यो। समीक्षात्मक कार्यक्रममा मदन भण्डारी फाउन्डेसन कला साहित्य प्रतिष्ठानका केन्द्रीय सदस्य टंक उप्रेतीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भेन सो कार्यपत्र उपर टिप्पणी प्रस्तुत भएको थियो। कार्यक्रमको अध्यक्षता मदन भण्डारी कला साहित्य प्रतिष्ठानका अध्यक्ष प्रा. कृष्ण थापा, सञ्चालन सचिव माधव प्रधान र स्वागत कोषाध्यक्ष गायत्री विष्टले गर्नुभएको थियो ।

**'आजको दिशावोध' समिक्षात्मक भेला**

काठमाडौं। मदन भण्डारी फाउन्डेसनद्वारा हरेक वर्षको असार १४ गते मदन स्मारिकाको रूपमा प्रकाशित हुँदै आएको 'आजको दिशावोध'का बारेमा समीक्षा गर्न २०७० साल जेठ ११ गते मदन भण्डारी कलेजको बैठक कक्ष विनायकनगर, काठमाडौंमा एक भेलाको आयोजना गरियो। उक्त भेलामा विद्यादेवी भण्डारी, प्रदीप ज्ञवाली, डा. कमलकृष्ण जोशी, डा. यादवप्रकाश लामिछाने, सुवोधराज प्याकुरेल, अनिल पौडेल, प्रा.डा. जीवेन्द्रदेव गिरी, चैतन्य शर्मा, प्रा. चिरञ्जीवी शर्मा, श्यामकुमार वस्नेत, डा. प्रेमसागर चापागाई, कृष्णप्रासद पराजुली, सुवास देवकोटा, तीर्थ कोइराला, पुरुषोत्तम दाहाल, विष्णु प्रभात, कुन्दन अर्याल, खेमचन्द्र ढकाल, लोकनाथ भण्डारी, कर्णबहादुर थापा, हिक्मत कार्की, युवराज बास्कोटा, भेषराज अधिकारी, डा. राजकुमार पोखरेल र चिन्तामणी भट्टराईको उपस्थिति रहेको थियो। भेलामा उपस्थित

सबैले फाउन्डेसनको वार्षिक प्रकाशन आजको दिशाबोधलाई जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादलाई समृद्ध पार्न आजको दिशाबोधले महत्त्वपूर्ण भूमिका निभाइरहेको र यस प्रकाशनलाई लोकप्रिय, गुणस्तरीय र समयसापेक्ष बनाउनका निम्ति गहकीला र महत्त्वपूर्ण सुझावहरू दिनुभएको थियो। मदन भण्डारी फाउन्डेसनका अध्यक्ष विद्यादेवी भण्डारीले सहभागीहरूलाई स्वागत गर्दै प्राप्त सुझावलाई सृजनात्मकरूपले व्यवहारमा उतार्न फाउन्डेसन लागिपर्ने कुरा अवगत गराउनु भयो। भेलाको अध्यक्षता ग्रहण गर्नुभएका नेकपा (एमाले) पोलिटव्युरो सदस्य तथा प्रचार विभाग प्रमुख प्रदीप ज्ञवालीले प्राप्त सुझावहरू उपर टिप्पणी गर्दै सुझावहरूलाई फाउन्डेसनले पूँजीकृत गर्दै कार्यान्वयन तहमा लैजानुपर्ने विचार प्रकट गर्नुभयो। कार्यक्रमको सञ्चालन फाउन्डेसनका सचिव भेषराज अधिकारीले गर्नुभएको थियो।

### लोकदोहोरी तथा एकल गायन प्रतियोगिता सम्पन्न

रसुवा। मदन भण्डारी फाउन्डेसन रसुवा जिल्ला एकाइको आयोजनामा मदन आश्रित स्मृति दिवश जेठ ३ गते २०७० मा जिल्ला स्तरीय खुल्ला लोकदोहरी र एकल गायन प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिताको शीर्षक 'नेपालको राजनीतिमा मदन भण्डारी' रहेको थियो। लोकदोहरीतर्फ १८ वटा समूह र एकल गायनमा १४ जनाले प्रतिस्पर्धामा भाग लिएका थिए। लोकदोहोरीमा अम्बीका न्यौपानेको समूह प्रथम भएको थियो। प्रथम, दोस्रा, तेस्रा र सान्त्वना स्वरूप सात, पाँच, तीन र दुईहजार नगद र प्रमाणपत्र पुरस्कारस्वरूप प्रदान गरिएको थियो यसैगरी एकल गायनमा सीता गजुरेल प्रथम हुनुभएको थियो। यस प्रतियोगितामा प्रथम, दोस्रा, तेस्रा र सान्त्वनालाई तीन, दुई, एक हजार र पाँच सय र प्रमाणपत्र पुरस्कारस्वरूप प्रदान गरिएको थियो। कार्यक्रमको प्रमुख अतिथि अखिल नेपाली महिला संघ केन्द्रीय कमिटीकी महासचिव थममाया थापा हुनुन्थ्यो भने नेकपा (एमाले) वागमती अचलका सदस्य क. विदुर सापकोटा लगायत अतिथिको रूपमा उपस्थित हुनुभएको थियो। कार्यक्रमको अध्यक्ष फाउन्डेसनका जिल्ला अध्यक्ष सुमन भट्ट, स्वागत फाउन्डेसनका शैक्षिक विभाग प्रमुख विष्णु पौडेल र सञ्चालन फाउन्डेसनका सचिव सुष्मा न्यौपानेले गर्नुभएको थियो। कार्यक्रम कालिकास्थानमा सम्पन्न भएको थियो। प्रतियोगिको निर्णायक मण्डलमा रामकुमार देवकोटा, झम्क न्यौपाने र दावा लामा हुनुहुन्थ्यो।

### निवन्ध प्रतियोगिता सम्पन्न

बाग्लुङ्ग। मदन भण्डारी फाउन्डेसन बाग्लुङ्ग एकाइ र नेकपा (एमाले) जिल्ला कमिटी बाग्लुङ्गको संयुक्त आयोजनामा मदन आश्रित स्मृति दिवशको सन्दर्भमा २०७० साल जेठ ३ गते विद्यामन्दीर उच्च मा. वि. बाग्लुङ्ग नगरपालिका वडा नं. २ मा जनताको बहुदलीय जनवाद हिजो, आज र भोलि विषयक निवन्ध प्रतियोगिता सञ्चालन गरियो। प्रतियोगितामा रामबहादुर जि. सी. प्रथम, डिल्ली आचार्य दोस्रो र हिरा के.सी. तेस्रो हुनुभएको थियो।

### विचार गोष्ठी सम्पन्न

इलाम। मदन भण्डारी फाउन्डेसन इलाम जिल्ला एकाइको आयोजनमा मदन आश्रित स्मृति दिवश जेठ ३, २०७० को सन्दर्भमा सदरमुकाममा विचारगोष्ठी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा फाउन्डेसनका सचिव नवराज शङकरले जवजको सान्दर्भिकताका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा नेकपा (एमाले) जिल्ला कमिटी सचिव कमरेड गणेश बराल लगायतले कार्यपत्रउपर टिप्पणी प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको अध्यक्षता फाउन्डेसनका जिल्ला अध्यक्ष अगम वान्तवाले गर्नुभएको थियो।

### एकल चित्रकला प्रदर्शनी

इलाम। मदन भण्डारी फाउन्डेसन इलाम जिल्ला एकाइको व्यवस्थापनमा कलाकार सुभाष श्रेष्ठले इलाम उच्च माध्यमिक विद्यालयको प्रांगणमा एकल चित्रकला प्रदर्शनी गर्नुभएको थियो। चालीस थान चित्रहरू प्रदर्शनीमा राखिएको उक्त कार्यक्रममा नारी चेतना, प्राकृतिक सौन्दर्य, विभिन्न जातिका भेषभुषा र अनुहार झल्काउने चित्रहरू राखिएको थियो। प्रदर्शनीको उद्घाटन मूर्तिकार विक्रम श्रीले गर्नुभएको उक्त कार्यक्रममा नेकपा (एमाले) जिल्ला कमिटीका सचिव कं गणेश बराल र नेपाली कांगेस जिल्ला समितिका सचिव खगेन्द्र देवानले शुभकामना मन्तव्य प्रकट गर्नुभएको थियो। कार्यक्रमको अध्यक्षता फाउन्डेसनका जिल्ला

अध्यक्ष अगम वान्तवा, स्वागत महेश वस्नेतले गर्नुभएको थियो भने सञ्चालन सचिव नवराज सडकरले गर्नुभएको थियो ।

**अन्तरक्रिया तथा विचार गोष्ठि**

मकवानपुर । मदन भण्डारी फाउन्डेसन मकवानपुरले जननेता मदन भण्डारीको जन्म जयन्तीको अवसरमा २०६९ असार १४ गतेका दिन 'जनताको वहुदलिय जनवाद र मदन भण्डारी' विषयक एक दिने विचार गोष्ठी सम्पन्न गरेको छ । उक्त विचार गोष्ठीमा मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य छवीलाल विश्वकर्माको प्रमुख आतिथ्य रहेको थियो भने फाउन्डेसनका अध्यक्ष श्रीचन्द्र शर्माको अध्यक्षता रहेको थियो । नारायणी यातायात व्यवसायिक संघको सभाकक्षमा सञ्चालन भएको कार्यक्रममा १२४ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका केशव काफ्ले ले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नेकपा माओवादिका जिल्ला सेक्रेटरी इन्द्र बहादुर परियारले टिप्पणी गर्नु भएको थियो । त्यस्तै फाउन्डेसनका केन्द्रीय सदस्य एवं क्षेत्रिय संयोजक डोरमणि पौडेल, नेकपा एमालेका कमरेडहरू रामेश्वर राना, कृष्ण दाहाल, अनन्त पौडेलले मन्तव्य राख्नु भएको थियो ।

**फाउन्डेशनको प्रथम साधारण सभा**

मकवानपुर । २०६९ साल पौष १३ गते नेकपा (एमाले) का केन्द्रीय सदस्य तथा युवा नेता जगन्नाथ खतिवडाको प्रमुख अतिथ्यमा तथा श्रीचन्द्र शर्माको अध्यक्षतामा मदन भण्डारी फाउन्डेशन मकवानपुरको प्रथम साधारण सभा सम्पन्न भएको छ । उक्त साधारण सभाले रघुनाथ खुलालको अध्यक्षतामा ६ स्थान पछि थप गर्ने गरी २९ सदस्यीय जिल्ला कार्यसमितिको चयन सर्वसम्मतिले गरेको छ । सभाले पदाधिकारी सहित ११ जनाको कार्य सम्पादन समितिसमेत निर्माण गरेको छ । उक्त साधारण सभामा ६३ जना साधारण सदस्यहरूको उपस्थिति रहेको थियो ।

**रक्तदान कार्यक्रम**

मकवानपुर । मदन भण्डारी फाउन्डेसन मकवानपुरले सहिद दिवस २०६९ को अवसरमा जिल्ला विकास समिति मकवानपुरको आयोजनामा सहिद सप्ताह मनाउने क्रममा मिति २०६९ माघ १४ गते हेटौंडाको बुद्ध चोकमा विहान ८ वजे देखि रक्तदान कार्यक्रम सञ्चालन गरेको थियो । फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले आफ्नो रगत दान गरेर शुभारम्भ गरिएको कार्यक्रममा ५२ जना दानवीरहरूले रक्तदान गरेका थिए । उक्त कार्यक्रममा संयोजनको भुमिका फाउन्डेसनका कोषाध्यक्ष लक्ष्मण भण्डारीले गर्नु भएको थियो । कार्यक्रममा आवश्यक फलफूल तथा जुसको व्यवस्था फाउन्डेसनले गरेको थियो भने रगत प्याकिङ्ग, पाकेट तथा प्राविधिकको व्यवस्था नेपाल रेडक्रस सोसाइटी मकवानपुरले गरेको थियो ।

**संघ संस्थाहरूसँग समन्वय तथा परिचयात्मक गोष्ठी**

मकवानपुर । मदन भण्डारी फाउन्डेसन मकवानपुर जिल्ला समितिको कार्ययोजना अनुसार ७ माघ २०६९ का दिन हेटौंडाको दर्शन पाटी प्यालेसको हलमा समन्वय तथा परिचयात्मक गोष्ठी सम्पन्न गरियो । साधारण परिचयको आदान प्रदान पछि सुरु गरिएको कार्यक्रमको अध्यक्षता मकवानपुर फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले गर्नु भएको थियो भने फाउन्डेसनका केन्द्रीय सदस्य डोरमणि पौडेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव वलराम फुयालले र सहभागीहरूलाई स्वागत सदस्य कमल कुमार विश्वकर्माले गर्नु भएको थियो । कार्यक्रममा फाउन्डेसनका निवर्तमान अध्यक्ष श्रीचन्द्र शर्माले मदन भण्डारीको जीवनी वारे चर्चा गर्नु भएको थियो । कार्य तालिका अनुसार झण्डै ३० मिनेट लामो जननेता मदन भण्डारीको वृत्त चित्र प्रदर्शन गरिएको थियो भने मदन भण्डारी फाउन्डेसन के हो र के का लागि यो गठन गरिएको हो सो वारे फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले प्रस्तुत गर्दै सहभागिहरूसँग सल्लाह सुझावहरू माग्नु भएको थियो । उक्त कार्यक्रममा जिल्ला विकास समिति मकवानपुरका स्थानीय विकास अधिकारी भुवन प्रकाश विष्ट, नेकपा (माले) का जिल्ला सचिव भिमसेन महत लगायत विभिन्न राजनैतिक दलका प्रतिनिधि तथा साना उद्योग व्यवसायिक महासंघका प्रतिनिधिहरूले आ-आफ्नो सुझाव मन्तव्य समेत राखी अन्त्यमा फाउन्डेसनका केन्द्रीय सदस्य डोरमणि पौडेलले सम्पूर्ण सहभागी एवं अतिथिहरूलाई धन्यवाद दिनुभएको थियो ।

**युवाहरूका लागि नेतृत्व विकाश तालिम**

मकवानपुर । मदन भण्डारी फाउन्डेसन

मकवानपुरको आयोजना तथा हेटौंडा नगरपालिकाको आर्थिक सहयोगमा हेटौंडा नगरका विभिन्न वडास्थित टोल विकास संस्थाका युवा सदस्यहरूलाई २ दिने नेतृत्व विकास तालिम सञ्चालन गरी सम्पन्न गरिएकोछ। उक्त तालिम कार्यक्रममा महिला र पुरुष गरि ६० जना युवा युवतीहरूको सहभागिता रहेको थियो। सहभागी संख्या बढी भएको हुँदा २ चरणमा मिति ३–४ चैत्र २०६९ मा ३० जना र ५–६ चैत्र २०६९ मा ३० जनाको तालीम कार्यक्रम नारी सिप सृजना केन्द्र हुप्र चौरको सृजना संगम तालिम केन्द्रमा सम्पन्न गरेको थियो। उक्त तालिम कार्यक्रममा हेटौंडा नगरपालिकाका समाज विकास अधिकृत ध्रुव भुजेल र मकवानपुर फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालको प्रत्यक्ष अनुगमन तथा सल्लाह सुझावमा कार्यक्रम सञ्चालन गरिएको थियो। साधारण औपचारिकताबाट कार्यक्रमको सुरुवात गरिएता पनि सहजकर्ताहरू सम्पूर्ण सेसनहरू अनौपचारिकबाट नै सञ्चालन गरिएको थियो। दुई चरणको चार दिने तालिम कार्यक्रममा विजय सिग्देल, रामजी अधिकारी, जुनेली श्रेष्ठ र कमल श्रेष्ठले सहजीकरण गर्नु भएको थियो भने आशाकाजी श्रेष्ठले सहयोगीको रूपमा कार्य गर्नु भएको थियो। उक्त दुई दिने कार्यक्रममा नगर प्रमुख मुरारी वस्तीले प्रमाण पत्र वितरण गर्नु भएको थियो भने अन्तिम दिन मकवानपुर फाउन्डेसनका निवर्तमान अध्यक्ष श्रीचन्द्र शर्मा तथा केन्द्रीय सदस्य एवं क्षेत्रीय संयोजक डोरमणि पौडेलको गरिमामय उपस्थितिले सहभागिहरूलाई आनन्दित र हौसला दिएको थियो।

### अनुगमन तथा फिल्ड भ्रमण

मकवानपुर। मदन भण्डारी फाउन्डेसन मकवानपुरले यस जिल्लाभित्र मदन भण्डारीको नामसँग जोडिएका संरचनाहरू कहाँ के कस्तो अवस्थामा रहेका छन् भनी अभिलेख तयार गर्नका लागि तीन जनाको सर्वेक्षण टोली निर्माण गरी कार्य थालनी गरिएको छ।

### खाद्य सामग्री तथा फलफूल वितरण कार्यक्रम

मकवानपुर। २० औं मदन-आश्रित स्मृति दिवस २०७० जेष्ठ ३ को अवसरमा मदन भण्डारी फाउन्डेसन मकवानपुरले मकवानपुरमा क्रियाशील वृद्धवृद्धा आश्रम तथा सडक वालवालिकाको संरक्षणमा संचालित मामा घर परियोजनामा विभिन्न व्यवसायी तथा दानवीरहरूसँग आर्थिक सहयोग जुटाई खाद्य सामाग्री तथा फलफुल वितरण गर्ने कार्य सम्पन्न भयो। उक्त कार्यक्रममा मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य डोरमणि पौडेल र मकवानपुर फाउन्डेसनका पदाधिकारी तथा सदस्यहरू समेत विभिन्न आश्रमहरूमा पुगी फाउन्डेसनको वारेमा चर्चा गर्दै उक्त सामग्रीहरू वितरण गर्ने कार्यक्रम सम्पन्न गरिएको थियो। स्थानीय पत्रकारहरू समेत रहेको टोलीमा कार्यक्रम सञ्चालन सह-सचिव आशाकाजी श्रेष्ठले गर्नु भएको थियो भने सामाग्री वितरण पदाधिकारी एवं केन्द्रीय सदस्यहरूले गर्नुभएको थियो।

### खुल्ला कविता प्रतियोगिता

मकवानपुर। मदन-आश्रित स्मृति दिवस २०७० को अवसरमा मदन भण्डारी फाउन्डेसन मकवानपुरले गत सालझैं यसवर्ष पनि साहित्यिक कार्यक्रमको आयोजना गर्‍यो। २०७० जेष्ठ ४ गते मदन स्मृति भवनको सभा हलमा आयोजीत खुल्ला कविता प्रतियोगिता मदन-आश्रितको जीवनी, योगदान तथा सामाजिक रूपान्तरण विषयमा आधारित थिए। प्रतियोगिताको संयोजन तथा व्यवस्थापन जन साहित्यिक मञ्च मकवानपुरले गरेको थियो। मकवानपुर फाउन्डेसनका सचिव वलराम फुयालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको अध्यक्षता मकवानपुर फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले गर्नु भएको थियो। अध्यक्षको कविताबाट सुरुवात भएको प्रतियोगिताको प्रमुख अतिथिमा फाउन्डेसनका केन्द्रीय सदस्य डोरमणि पौडेलको कविताबाट समाप्ती गरिएको थियो। (कार्यक्रमको उद्धेश्य तथा मदन आश्रितको जीवनी वारेमा फाउन्डेसन मकवानपुरका निवर्तमान अध्यक्ष श्रीचन्द्र शर्माले प्रष्ट पार्नु भएको थियो। प्रतियोतिामा २२ जना कवि कवयित्रीहरूले सहभागिता जनाउनु भएको थियो भने १६ अप्रतियोगि कविताहरू मकवानपुरका साहित्य सर्जक स्रष्टाहरूले वाचन गर्नु भएको थियो। कार्यक्रममा मकवानपुर फाउन्डेसनका सह-सचिव आशाकाजी श्रेष्ठले मदन भण्डारीको सम्झनामा मदन भण्डारीलाई चरीको संज्ञा दिंदै ***चरीले वनमा गाउन छाड्यो रे, मन मेरो विरहमा जल्न थाल्यो रे*** भन्ने गीत गाएर दर्शकहरूको मन जित्न सफल हुनु भएको थियो। उक्त प्रतियोगिताको निर्णायकमण्डलमा मकवानपुरका वरिष्ट साहित्यकार तुलसी थापा, प्रगतिशील लेखक संघका केन्द्रीय सदस्य साहित्यकार

निमेष निखिल र साहित्य समीक्षक घनश्याम घिमिरे रहनु भएको थियो। कार्यक्रमको मध्य भागमा आई पुग्दा नेकपा (एमाले) जिल्ला अध्यक्ष कमरेड रामेश्वर रानाले जनताको बहुदलीय जनवाद र मदन भण्डारी वारेमा मन्तव्य व्यक्त गर्नु भएको थियो भने फाउन्डेशनलाई आर्थिक सहयोग गर्नुहने १३ जना सहयोगीहरूलाई सम्मान स्वरूप कदर पत्र प्रदान गरिएको थियो। अन्त्यमा सम्पूर्ण सहभागिहरूलाई प्रमाण-पत्र वितरण गरिएको थियो भने विजयीहरूलाई नगदसहित प्रमाण पत्र प्रदान गरएको थियो। प्रतियोगितामा कवि उमेश तिमिल्सिना प्रथम, कवि मकर वियस द्वितीय, कवियत्री भावना सापकोटा तृतीय, कवी दिपज्योति थापा सान्त्वना र कवयीत्री दिक्षा निरौलाले उत्कृष्ठ स्थान हासिल गर्नुभएको थियो। उहाँहरूलाई नगद पुरस्कार क्रमशः दुई हजार, एकहजार पाँचसय, एकहजार, पाँच सय र पाँचसय रूपैयाँ प्रदान गरिएको थियो।

### क्रिकेट प्रतियोगिता

सुर्खेत। मदन भण्डारी स्पोर्टस एकेडेमी सुर्खेत एकाइ र ऋषि स्मृति प्रतिष्ठानको संयुक्त आयोजनामा क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ। २०६९ साल कार्तिक १ गते उद्घाटन समारोहपछि कार्तिक ५ गतेसम्म प्रतियोगिता सम्पन्न भएको थियो भने सोही दिन पुरस्कार वितरण कार्यक्रम पनि सम्पन्न भएको थियो। कालीन्चोक क्रिकेट मैदानमा सञ्चालित प्रतियोगितामा एघार वटा टिमले भाग लिएका थिए। उद्घाटन मदन भण्डारी फाउन्डेसनका जिल्ला अध्यक्ष तथा नेकपा (एमाले) जिल्ला कमिटीका अध्यक्ष क. नवराज रावतले गर्नुभएको थियो। विजयी प्रथम, दोस्रो र तेस्रो हुने टिमलाई क्रमशः पच्चीस, बीस र दश हजार नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। पुरस्कार वितरण समारोहको प्रमुख अतिथि बालकृष्ण वि.सी. हुनुहुन्थ्यो भने कार्यक्रमको अध्यक्षता ऋषि स्मृति प्रतिष्ठानका अध्यक्ष डण्डी शर्माले गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन मदन भण्डारी फाउन्डेसनका जिल्ला सचिव तेजविक्रम वस्नेतले गर्नुभएको थियो।

### अन्तरक्रिया कार्यक्रम

बैतडी। मदन आश्रित स्मृति दिवश जेठ ३, २०७० को अवसरमा मदन भण्डारी फाउन्डेसनको आयोजनामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा फाउन्डेसनका सदस्यहरू, स्थानीय बुद्धिजीवी, नेकपा एमाले विभिन्न जनसंगठनका स्थानीय नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो। प्रमुख अतिथि मदन भण्डारी फाउन्डेसन केन्द्रीय समितिका सदस्य तथा बैतडी जिल्ला अध्यक्ष दामोदर भण्डारी हुनुहुन्थ्यो भने कार्यक्रमको अध्यक्षता नेकपा (एमाले) जिल्ला कमिटीका सचिव क. लीलाधर भट्ट, सञ्चालन चक्र कार्कीले गर्नुभएको थियो।

### मदन भण्डारी फाउन्डेसन डे २०६९

काठमाडौं। २०६९ को मदन जयन्ती तथा मदन भण्डारी फाउन्डेसन डेको सन्दर्भमा असार १४ गते मदन भण्डारी फाउन्डेसनको आयोजनामा काठमाडौंको राष्ट्रिय सभा गृहमा एक विचार गोष्ठी सम्पन्न भएको थियो। देशका प्रमुख राजनीतिक दलका वरिष्ठ नेताहरूद्वारा कार्यक्रममा विचार प्रस्तुत भएको थियो।

### कम्प्युटर प्रदान

दाङ। केन्द्रीय कार्यसमितिको तर्फबाट दाङमा रहेको मदन भण्डारी मेमोरियल विद्यालयलाई केही कम्प्युटरहरू उपहारस्वरूप प्रदान गरिएको छ। मदन भण्डारी फाउण्डेशनका केन्द्रीय सदस्य देवराज घिमिरेले विद्यालयमै पुगेर कम्प्युटर हस्तान्तरण गर्नु भएको थियो। कार्यक्रममा फाउण्डेशनका केन्द्रीय सदस्य विपिन निरौला समेत सहभागि हुनुहुन्थ्यो।

### फाउन्डेसनको झापा जिल्ला सम्मेलन सम्पन्न

झापा। २०६९ असोज ५ गते मदन भण्डरी फाउन्डेसनको प्रथम झापा जिल्ला अधिवेशन सम्पन्न भयो। उक्त अधिवेशनले देवेन्द्र दाहालको अध्यक्षतामा जिल्ला कार्यसमिति चयन गरेको थियो। अधिवेसनमा फाउन्डेसनका संरक्षक के.पी. शर्मा ओली, नेकपा एमाले का प्रचार विभाग प्रमुख प्रदिप ज्ञवाली, फाउन्डेसनका केन्द्रीय सदस्य देवराज घिमिरे आदिको उपस्थिति रहेको थियो।

### झापामा रक्तदान कार्यक्रम सम्पन्न

मदन भण्डारी फाउन्डेसन झापाको आयोजनामा मदन जयन्तीको अवसरमा २०६९ साल असार १४ गते बिर्तामोडमा रक्तदान कार्यक्रम सम्पन्न भयो। रक्तदान कार्यक्रममा १ सय १४ जनाले रक्तदान गर्नुभएको थियो।

## खेलाडी सम्मान कार्यक्रम

आइ.सी.सी. डिभीजन - ३ क्रिकेट प्रतियोगिताका विजेताहरूको सम्मानमा मदन भण्डारी स्पोर्टस एकेडेमीले २०७० साल बैशाख २ गते काठमाडौंमा एक सम्मान समारोहको आयोजना गर्‍यो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएका नेपाल सरकारका पूर्व उपप्रधान तथा परराष्ट्रमन्त्री के.पी. शर्मा ओलीले खेलाडीहरूलाई सम्मान गर्नु भएको थियो ।

कार्यक्रमको अध्यक्षता स्पोर्टस एकेडेमीका अध्यक्ष रमेश सिलवालले गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन एकेडेमीका बचन देउजाले गर्नुभएको थियो । कार्यक्रममा विशेष अतिथिको रुपमा मदन भण्डारी फाउण्डेशनका अध्यक्ष विद्यादेवी भण्डारी र अतिथिहरू नेकपा एमाले केन्द्रीय सदस्य कृष्णगोपाल श्रेष्ठ, रामेश्वर फुयाँल, सानु श्रेष्ठ र ध्रुवबहादुर प्रधान, क्रिकेट टिमका म्यानेजर ताराविक्रम शाह, राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव युवराज लामा, नेपाली क्रिकेट टिमका कप्तान पारस खड्कालगायतको उपस्थिति रहेको थियो । हिसानका महासचिव युवराज शर्माले खेलाडीहरूलाई सान्तवना स्वरुप नगद पुरस्कार प्रदान गर्नु भएको थियो । कलाकारहरू बद्री पंगेनी र राजा राजेन्द्रले आफ्नो प्रस्तुती प्रस्तुत गर्नुभएको थियो ।






**स्पोटर्स एकेडेमीको जिल्ला भेला सम्पन्न**

मदन भण्डारी स्पोर्टस एकेडेमी झापाको जिल्ला भेला २०६९ साल असार १० गते मदन भण्डारी फाउन्डेसन झापाको तालिम हल बिर्तामोडमा सम्पन्न भयो। मदन भण्डारी फाउन्डेसन झापाका अध्यक्ष देवेन्द्र दाहालको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले आगामी कार्यकालका लागि डिल्ली घिमिरेको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ ।

**भेला सम्पन्न**

दैलेख । जननेता मदनकुमार भण्डारीको ६१ औं जयन्तीको अवसरमा मदन भण्डारी फाउन्डेसन, दैलेखले मुलुकको समसामयिक राजनीतिक विषयमाथि बिभिन्न पार्टी र पार्टीसम्बद्ध जनसङ्गठनहरूको उपस्थितिमा सघन छलफल कार्यक्रमको आयोजना गरेको थियो ।

**भेला सम्पन्न**

सुर्खेत । मदन भण्डारी फाउन्डेसन, जिल्ला कार्यसमिति सुर्खेतले ६१ औं मदन जयन्तिको सन्दर्भ पारेर नेपाली राजनीति क्षितिजमा मदन भण्डारीको उदय, नेपाली कम्युनिष्ट आन्दोलनले लिएको बाटो र आजका चुनौतीहरूजस्ता विषयमा आधारित प्रशिक्षणात्मक अगुवा कार्यकर्ता भेला सम्पन्न गरेको छ। सुर्खेत पार्टी कार्यालय प्राङ्गणमा कार्यक्रम सम्पन्न भएको थियो ।

**छलफल कार्यक्रम सम्पन्न**

बर्दीया । जननेता मदनकुमार भण्डारीको ६१ औं जन्मजयन्तीको अवसरमा मदन भण्डारी फाउन्डेसन, बर्दियाले समसामयिक राजनीतिक विषयउपर छलफल कार्यक्रम सञ्चालन गरेको थियो। बर्दियास्थित एमाले पार्टी कार्यालय सभागृहमा आयोजित कार्यक्रममा फाउन्डेसनका केन्द्रीय सदस्यहरू कृपासुर शेर्पा र दामोदर अर्यालको उपस्थिति रहेको थियो ।

■